# बुद्धकालीन नेपाली विश्वकोश

## विषयगत सूची क्रम


१. बुद्धकालीन ब्राह्मण भाग-१
२. बुद्धकालीन ब्राह्मण भाग-२
३. बुद्धकालीन ब्राह्मण भाग-३
४. बुद्धकालीन गृहस्थीहरू भाग-१
५. बुद्धकालीन गृहस्थीहरू भाग-२
६. बुद्धकालीन गृहस्थीहरू भाग-३
७. बुद्धकालीन राजपरिवार भाग-१
८. बुद्धकालीन राजपरिवार भाग-२
९. बुद्धकालीन राजपरिवार भाग-३
१०. बुद्धकालीन परिव्राजकहरू भाग-१
११. बुद्धकालीन परिव्राजकहरू भाग-२
१२. बुद्धकालीन परिव्राजकहरू भाग-३
१३. बुद्धकालीन महिलाहरू भाग-१
१४. बुद्धकालीन महिलाहरू भाग-२
१५. बुद्धकालीन श्रावक-चरित भाग-१
१६. बुद्धकालीन श्रावक-चरित भाग-२
१७. बुद्धकालीन श्रावक-चरित भाग-३
१८. बुद्धकालीन श्रावक-चरित भाग-४
१९. बुद्धकालीन श्रावक-चरित भाग-५
२०. बुद्धकालीन श्रावक-चरित भाग-६
२१. बुद्धकालीन श्राविका-चरित भाग-१
२२. बुद्धकालीन ब्रह्मादिदेव भाग-१
२३. बुद्धकालीन ब्रह्मादिदेव भाग-२
२४. बुद्धकालीन ब्रह्मादिदेव भाग-३
२५. बुद्धकालीन प्रेतकथा
२६. बुद्धकालीन विमानकथा
२७. बुद्ध जीवनी, अनुरुद्ध स्थविर, सम्राट अशोक, बुद्धशासनको सङ्क्षेप इतिहास


१४

बुद्धकालीन नेपाली विश्वकोश

आचार्य डा. भिक्षु अमृतानन्द

वीर-पूर्ण पुस्तक संग्रहालय

Dhamma.Digital

१४

विषयगत : बुद्धकालीन महिलाहरू (भाग-२)

आचार्य डा. भिक्षु अमृतानन्द

The Pali Tipitaka Publication House Nepal

*प्रकाशक*

वीर-पूर्ण पुस्तक सङ्ग्रहालय

Downloaded from http://dhamma.digital/

…यस्तै गरी साहित्यलाई माध्यम बनाएर हेर्नथाल्दा पनि मागधि साहित्यको तत्कालीन शैली प्राचीन भए पनि विभिन्न ठाउामा मनोवैज्ञानिकताको साथै रोचकपूर्ण तरिकाले विभिन्न उपाय र साधनद्वारा मानिसको प्रवृत्तिलाई सत्मार्गतिर डोऱ्या( उने ठूलो प्रयासको निमित्त ठाउा र अवस्था हेरी प्रायः सरल तथा कतै तार्किक कतै क्लिष्ट, कतै व्यास र कतै दार्शनिक शै लीलाई आधार बनाई मानिस सबै एक हुन् र कसैले कसैको भे दभाव नगरी सबैको उन्नतिमा सबै साधक बन्नुपर्छ भन्ने कुरालाई आज हौसला दिन धार्मिकताको जलप लगाइएको छ र जसले मानव कल्याणको निमित्त मरिमेट्ने छ त्यसले यस लोकमा मात्र होइन परलोक पनि सुधार्छ भन्ने कुरालाई मात्र होइन इहलोकदेखि स्वर्गलोकसम्म पुग्न सक्ने बाटो पनि देखाइ दिएको छ।

– वटुकृष्ण "भूषण" एम. ए.

## आचार्य भिक्षु अमृतानन्द महास्थविरको संक्षिप्त परिचय

आचार्य भिक्षु अमृतानन्द महास्थविरको जन्म वि.सं. १९७५ पौषमा लुम्बिनी अञ्चल पाल्पा, तानसेन, भिमसेन टोलको एक शाक्यकुलमा भएको हो। वि.सं. १९९२ मा भारतको कुशीनगरमा वहाले ऊ. चन्द्रमणी महास्थविरसाग प्रव्रज्यात्व ग्रहण गर्नुभएको हो। बि.सं. १९९३ मा धर्मप्रचारार्थ भोजपुर जानुहुादा वहाा जेलमा पनि पर्नुभयो। जेलबाट मुक्त भएपछि बुद्धधर्म अध्ययनको निमित्त वहाा बर्मा र श्रीलंका जानुभयो।

सन् १९४० जनवरी २५ का दिन वहाले श्रीलंकामा श्री पैलेने वज्रज्ञान महानायक महास्थविरको आचार्यत्वमा उपसम्पदा (पूर्ण भिक्षुत्व) पाउनु भएको हो। सन् १९४२ को अन्त्यतिर वहाा काठमाडौं आउनु भई नेपालमा बुद्धधर्म प्रचार गर्ने कार्यमा संलग्न हुनुभयो।

सन् १९५० मा श्रीलंकामा भएको प्रथम बिश्व बौद्ध सम्मेलनमा नेपालको नेतृत्व गर्नुका साथै धेरै अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनहरु लगायत अनेक शान्ति सम्मेलनहरुमा पनि वहाले नेतृत्व गर्दै आउनु भएको छ। यूरोप, अमेरिका, स्क्याण्डिनेविया र दक्षिणपूर्वी एशियाका अनेक मुलुकहरुका साथै रुस, चीन, मंगोलिया आदि अनेक साम्यवादी देशहरुमा भ्रमण गनुभएको छ।

सन् १९५१ मा वहाले "अखिल नेपाल भिक्षु महासंघ", सन् १९५२ मा स्वयम्भूस्थित "आनन्दकुटी विद्यापीठ" र सन् १९७३ मा "आनन्दकुटी विहार गुठी" को स्थापना गर्नुभएको हो।

सन् १९७६ मा वहालाई श्रीलंकाका बुद्धिष्ट एकेडेमी अफ सिलोनले "साहित्य चक्रवर्ती" र सन् १९७९ मा भारतको नालन्द पालि महाविद्यालयले "विद्यावारिधी" उपाधि प्रदान गरिएको छ।

सन् १९८४ मा श्रीलंकाका स्याम, अमर तथा रामाञ्ञ निकायहरुले संयुक्त रूपमा वहालाई "महानायक" भन्ने श्रेष्ठपदबाट विभूषित गरेका थिए भने "त्रिपिटक विशारद", "त्रिपिटक विशारद शासक जोतक" तथा "सिरिधम्मरक्खितवंसालंकार धम्मकित्तिसिरि" भन्ने जस्ता पद्वीहरुबाट पनि वहाा विभूषित हुनुहुन्छ।

वहाले नेपालभाषा, नेपाली र अंग्रेजीमा गरी ६ दर्जन बढी पुस्तकहरु लेख्नु भएका थिए र वहााको निधन वि.सं. २०४७ भाद्र ५ गते भएको थियो।

Downloaded from http://dhamma.digital/

वीर–पूर्ण स्मृति ग्रन्थमाला : ३९

१४

# बुद्धकालीन नेपाली विश्वकोश

## Nepali Encyclopedia of Buddha's Time

Volume - XIV

विषयगत : बुद्धकालीन महिलाहरू (भाग–२)

आचार्य डा. भिक्षु अमृतानन्द

प्रकाशन प्रमुख

दुण्डबहादुर वज्राचार्य

प्रकाशक परिवार

अशोकरत्न वज्राचार्य

अनूनरत्न वज्राचार्य

Downloaded from http://dhamma.digital/

प्रकाशक : वीर-पूर्ण पुस्तक सङ्ग्रहालय

प्रथम आवृत्ति : बु.सं. २५६२, ने.सं. ११३९,
वि.सं. २०७५, इ.सं. २०१९

© सर्वाधिकार : आनन्दकुटी विहार (संस्था)
स्वयम्भू, काठमाडौं

२७ वटा सेटको मूल्य : रु. १०,०००/-

## प्रथम संस्करणको सङ्क्षिप्त इतिवृति


| | | |
|---|---|---|
| ग्रन्थ | : | बुद्धकालीन महिलाहरु भाग-२ |
| प्रकाशक | : | आनन्दकुटी विहार गुठी |
| प्रकाशन मिति | : | बुद्धाब्द २५२६ (वि.सं. २०३९) |
| प्रथमावृति | : | १००० प्रति |
| मुद्रक | : | नेपाल प्रेस |
| सन्देश | : | श्री ५ महाराजाधिराज वीरन्द्र वीर विक्रम शाहदेव |
| प्रकाशकीय | : | तीर्थनारायण मानन्धर |
| Preface | : | Bhikkhu Amritananda |
| भूमिका | : | वटुकृष्ण "भूषण" |
| प्राक्कथन | : | भिक्षु अमृतानन्द |


Downloaded from http://dhamma.digital/



**आचार्य डा. अमृतानन्द महास्थविर**

जन्म : वि.सं. १९७५ पौष ५ (1918 Dec. 20)

दिवंगत : वि.सं. २०४७ भाद्र ५ (1990 Aug. 21)

Downloaded from http://dhamma.digital/

प्र. जि. का. दर्ता नं. ०१/३१
Govt. Regd. No. 01/031

# आनन्द कुटी विहार
ANANDA KUTI VIHAR
Swayambhu, G.P.O. Box 3007, Kathmandu, Nepal

## शुभकामना सन्देश

अतिपूज्य गुरुवर दिवंगत डा. भिक्षु अमृतानन्द महानायक महास्थविरज्यूले दुई दशक लामो अथक प्रयासले नेपाली भाषामा सुरचित ...नेपाली बौद्ध साहित्य भण्डार□ लाई धनी बनाउादै आनन्दकुटी विहार (गुठी) संस्थाले प्रकाशनमा ल्याई बौद्ध साहित्यमा ज्ञानको भण्डारण गरी "बुद्धकालीन ग्रन्थमाला" को रूपमा आफ्नो कृतित्व छोडेर जानुभएकोमा उहााको उक्त अतुलनीय योगदानलाई कदर गर्दै अझ व्यापक बनाउनु पर्ने सुविचारसहित "बुद्धकालीन नेपाली बिश्वकोश" को रूपमा पुनः प्रकाशनमा ल्याउन प्रकाशन प्रमुख श्री दुण्डबहादुर वज्राचार्यबाट आनन्दकुटी विहारलाई अनुरोध भए बमोजिम यथास्थितिमा "बुद्धकालीन नेपाली बिश्वकोश" को रूपमा ...बुद्धकालीन ग्रन्थमाला□ पुनः प्रकाशन गर्न दिने सहमति प्राप्त गरी हाल उक्त "बुद्धकालीन नेपाली बिश्वकोश" प्रकाशनमा ल्याउन लागेकोमा म सहित सम्पूर्ण आनन्दकुटी विहार परिवारलाई धर्मप्रीतिको अनुभव भएको छ ।

उक्त महान् कार्यले बुद्ध जन्मभूमि नेपालमा बुद्ध शिक्षालाई मात्र नभई नेपाली बौद्ध साहित्यमा समेत ठूलो टेवा पुग्न गई नेपाल

Downloaded from http://dhamma.digital/

र नेपालीको ज्ञानमा थप उचाइ थपिने छ । बुद्ध उपदेश संग्रहीत प्रमाणित ग्रन्थ ...त्रिपिटक□ लाई सहज रूपमा जान्न र अन्तर्गत तथ्यलाई बुझ्न पनि मार्गप्रशस्त गरिएको यस "बुद्धकालीन नेपाली बिश्वकोश" ले नेपाली प्रकाशन भण्डारमा बहुमूल्य निधिको रूपमा परिभाषित हुनेछ ।

अतः बहुमूल्य निधिलाई नेपाली र बिश्वसामु पुनः उजागार गरी यसको महत्वलाई प्रदर्शित गर्न लागेकोमा तपाईं सहित प्रकाशक परिवार साधुवादका पात्र हुनुहुन्छ ।

पुनः प्रकाशित यस "बुद्धकालीन नेपाली बिश्वकोश"ले सम्पूर्ण पाठकवर्गलाई ज्ञान लाभ होस्, जीवन सार्थक तुल्याउन सकोस् भन्ने कामनासहित प्रकाशन परिवारलाई पुनः सफलताको लागि शुभकामना व्यक्त गर्दछु ।

भवतु सब्ब म□लं □

Dhamma.Digital

Dharmamurti.

भिक्षु धर्ममूर्ति महास्थविर
सदस्य सचिव एवं कार्यवाहक विहार प्रमुख
आनन्दकुटी विहार (संस्था)

Downloaded from http://dhamma.digital/

*Homage to the Buddha, the Supreme Enlightened One.*

# PREFACE

On the 15th Sep. 1973 the book entitled the "Lay-women of the Buddha's time" part one and the fourth collection in its series was published. Since 1972 upto the present 18 volumes of books on the "Buddha's time" under different titles have been published. After publishimg the eighteenth volume, I went to Sri Lanka for my health treatment. Having stayed 13 months in foreign lands of Sri Lanka and Thailand, I returned to Kathmandu on 13th June, 1981, and started again translating the books on the "Buddha's time" as planned and programmed earlier. Prior to it the "Dhammapada with short Stories" Part I was published.

This volume which is the nineteenth in its series and the Second Part of the "Lay-women of the Buddha's time" consists of altogether 35 Sutras of 19 characters while the

Downloaded from http://dhamma.digital/

First Part includes 10 characters contained in 37 Sutras collected so far. For the convinience of the readers the names of the characters given here have been arranged in alphabetical order (Devanagari Script) from "A" onward. So far I cluld fond only 35 Sutras that deal with these 19 lay-women in the course of my research. They come :-

(1) Eleven from Anguttaranikaya, (2) one from Udanapali, (3) two from Therigathapali, (4) one from Theri Apadanapali, (5) one from Dighanikayapali, (6) four from Dhammapadapali, (7) two from Jatakapali, (8) two from Parajikapali, (9) one from Pacittiyapali, (10) one from Majjhimanikayapali, (11) two from Mahavaggapali, (12) one from Vimanavatthupali and (13) five from Samyuttanikayapali.

30 of these Sutras are taken from the Suttapitaka and 5 from the Vinayapitaka. I have presented here the translations of all these Sutras. Moreover, I have also given an introduction of each of these characters based on informations I found in the Pali Text and the Commentaries. This, I believe, would be of some help to the readers.

I have been able to find only 72 Sutras in the Tripitaka Pali literature concering these 29 lay-women of whom 10 are included in the First Part and 19 in this

Downloaded from http://dhamma.digital/

volume. I have not come accross any Sutras in Tripaitaka Pali Text, that deal with the lay-women other than those mentioned above.

The mention of the following 12 lay-women's names– (1) Paduma*, (2) Sutana, (3) Manuja, (4) Uttara, (5) Mutta, (6) Khema, (7) Ruci, (8) Bimbi, (9) Tissa, (10) Tissamata, (11) Sona and (12) Sonayamata is frequently made in the Samannavaggo of Atthakanipata in Anguttara Nikaya, but no separate Sutras dealing with them are found. A list of these names is found in the Commentary too. For comparision :–

| A. Atthakanipata p. 428 : | AA. Atthakanipata p. 791 : |
|---|---|
| 1. Bojjha Upasika | 1. Bojjha Upasika |
| 2. Sirima | 2. Sirima Upasika |
| 3. Paduma | 3. Paduma Upasika |
| 4. Sutana | 4. Sutana Upasika |
| 5. Manuja | 5. Manuja Upasika |
| 6. Uttara | 6. Uttara Upasika |
| 7. Mutta | 7. Mutta Upasika |
| 8. Khema | 8. Khema Upasika |

* Dr. Malalasekara has mention on his Dictionary of Pali Proper Names I. P. 136 as Candapaduma, wife of the Mandaka.

Downloaded from http://dhamma.digital/

9. Ruci
10. Cundi
11. Bimbi
12. Sumana
13. Mallika
14. Tissa
15. Tissamata
16. Sona
17. Sonayamata
18. Kana
19. Kanamata
20. Uttara Nandamata
21. Visakha Migaramata
22. Khujjuttara Upasika
23. Samavati Upasika
24. Suppavasa Koliyadhita
25. Suppiya Upasika
26. Nakulamata Gahapatani

9. Ruci Upasika
10. Cundi Rajkumari
11. Bimbi Upasika
12. Sumana Rajkumari
13. Mallikadevi
14. Tissa Upasika
15. Tissaymata Upasika
16. Sona Upasika
17. Sonayamata Upasika
18. Uttara Nandamata
19. Visakha Migaramata
20. Khujjuttara Upasika
21. Samavati Upasika
22. Suppavasa Koliyadhita
23. Suppiya Upasika
24. Nakulamata Gahapatani

Besides the list of names given above some other names of the lay-women are also found here and there in the Tripitaka Pali literature. They are as follows :-

(1) Asoka in the Dutiyaginjakavasatha Sutra of S. IV. p. 305, (2) Kangodha Sakya in Kaligodha Sutra of

Downloaded from http://dhamma.digital/

S. IV. p. 338, (3) Sujata in the Ginjakavasatha Sutra of S. IV. p. 303, (4) Kucchimati queen in Bodhirajakumara Sutra of M. II. p. 343, (5) Punnika maid-slave in the Subha Sutra of M. II. p. 473, (6) Gopika, Sakyan daughter in Sakkapannha Sutra of D. II. p. 202, (7) Salavati in Jivakavatthu of M. p. 286, (8) Aloma in Aloma Vimanavatthu p. 63, (9) Revati in Revati Vimana Vatthu p. 77, (10) Ubbarikumari in Ubbari Petavatthu p. 173, (11) Uttaramatu in Uttaramatu Petavatthu p. 169. (12) Nanda in Nanda Petavatthu p. 152, (13) Revati in Revati Petavatthu p. 217, and (14) Serini in Serini Petavatthu p. 18. Besides these, there are many other names of lay-women found in the Commentaries, the research of which does not come within the work on the "Buddha's time".

The 35 Sutras relating to the 19 lay-women given in this volume are as follows :–

1. AMBAPALI GANIKA

| | Page[1] : | Page : |
|---|---|---|
| 1. Mh. | 286 : Jivakavatthu, Civarakkhandhakam | R.[2] 268 |

---

1. References given here are to the pages of Pali Text, Nagari Edition of Nalanda, India.

2. R. refers to the pages of the Pali Text Society, Roman Editions, London.

Downloaded from http://dhamma.digital/

2. Mh. 246 : Ambapalivatthu, Bhesajjakkhandhakan R. 231
3. Thig. 438 : Ambapali Therigatha R. 147
4. ThiAp. 290 : Ambapali Theri Apadana

2. KANAMATA

5. Pa. 112 : Catutimasatimapacittyam R. 79
6. Dh. 24 : Panditavaggo, No. 82 R. 20

3. KALIGODHA SAKYA

7. S. IV. 338 : Kaligodha Suttam R. 396

4. CINCAMANAVIKA

8. J. I. 246: Mahapaduma Jatakam
9. J. I. 27: Bandhanamokkha Jatakam
10. Dh. 34: Lokavaggo, No. 176 R. 40

5. CUNDA RAJAKUMARI

11. A. II. 301: Cunda Suttam R. II. 35

6. CULLASUBHADDA

12. Dh. 45 : Pakinnakavaggo, No. 304 R. 67

7. BOJJHA UPASIKA

13. A. III. 356: Bojjha Suttam, Uposathavaggo R.IV. 259

Downloaded from http://dhamma.digital/

8. MALLIKA DEVI

14. S. I. 73 : Mallika Suttam, Kosalasamyuttam R. 79

15. M. II. 252 : Piyajatika Suttam R. 20

16. S. I. 85: Mallika Suttam, Kosalasamyuttam R. I. 86

17. A. II. 216: Mallikadevi Suttam, Mahavaggo R. II. 202

18. A. II. 321: Kosala Suttam, Mundarajavaggo R. III. 57

9. (BANDHULA) MALLIKA

19. Vv. 56: Mallika Vimanavattu R. 34

10. MIGASALA UPASIKA

20. A. III. 62: Migasala Suttam, Dhammikavaggo R. III. 347

21. A. IV. 209: Migasala Suttam, Akamkhavaggo R. V. 137

11. ROHINI KHATTIYA KANNA

22. Dh. 38: Kodhavaggo, No. 221 R. 50

12. VELUKANTAKI NANDAMATA

23. A. III. 200: Nandamata Suttam, Mahayannavaggo R. IV. 63

Downloaded from http://dhamma.digital/

24. A. III. 51 : Dana Suttam, Devatavaggo R. III. 336

25. S. II. 196 : Ekadhity Suttam, Labhasakkara Samyuttam R. II. 236

26. A. I. 81: Ayacanavaggo R.88

### 13. SADDHA UPASIKA

27. P. 49: Vinitavatthu, Pathamaparajika R. 39

### 14. SUJATA GHARASUNHA

28. A. III. 223: Bhariya Suttam, Abyakatavaggo R. IV. 91

### 15. SUNDARI PARIBAJIKA

29. U. 113: Sundari Suttam, Meghiyavaggo R. 43

30. J. I. 79: Manisukara Jatakam No. 285

### 16. SUPABBA UPASIKA

31. P. 49: Vinitavatthu, Pathamaparibajika R. 39

### 17. SUBHADDA DEVI

32. D. II. 114: Mahasudassana Suttam R. 189

Downloaded from http://dhamma.digital/

18. SUMANA RAJAKUMARI

33. A. II. 229: Sumana Suttam, Sumanavaggo R. 32

34. Thig. 406: Vuddhapabbajita Sumanatherigatha R. 125

19. SUCIMUKHI PARIBBAJIKA

35. S. II. 453: Sucimukhi Suttam, Sariputta Samyuttam R. III. 238

I am very much indebted to Mr. Batu Krishana 'Bhusan' M. A. lecture in Tribhuvan University, who has been continuously cooperating and helping in editing and publishing the language of compilation works on the "Buddha's times"– the works which were started in 1972. Similarly, my heartfelt thanks go to venerable Kumara Kasyapa who has taken pains as before in preparing thle preliminary listing of the names from final proofs. I must also thank Mr. Khadga Bahadur Upasaka for his tireless daily labour in taking the proof to and from the printer. Further, I cannot but give my thanks to Ananda Kuti Vihara Trust for taking keen interest from the beginning to the present in publishing the books on the 'Buddha's Time', and there by rendering a great service to enriching the Nepali literature.

Downloaded from http://dhamma.digital/

In the preface given earlier I have said that it takes life long time to complete the complition works of the books on the 'Buddha's Time.' After this present volume, the "Buddhakalina Sravaka Carita" part II will be in the line of publication. This book will mainly deal with the Sutras related with the venerable Sariputta, the chief disciple of the Buddha. The collection on the 'lay-women' is concluded with this volume.

For the convince of the readers, I have given index at the end of this book including the words of foot-notes.

"Ciran Titthatu Saddhammo"

**Bhikkhu Amritananda**

Dhamma.Digital

Ananda Kuti Vihara,
Kathmandu,Nnepal.
July 20, 1982
Phone : 14420

Downloaded from http://dhamma.digital/

List of Abbreviation:

A. = Anguttaranikaya
Itv. = Itivuttaka
J. = Jataka
Thig.= Therigatha
ThiAp. = Theriapadana
D. = Dighanikaya
Dh. = Dhammapada
P. = Parijika
Pa. = Pacittiya
M. = Majjhimanikaya
Mh. = Mahavaggo
Vv. = Vimanavatthu
S. = Samyuttanikaya
(Nalanda Publication)

Downloaded from http://dhamma.digital/

# प्रकाशकीय

मानवसमाजलाई अज्ञानरूपी अन्धकारबाट उज्यालोतर्फ डोऱ्याउने महामानव भगवान् बुद्धको शिक्षा संसारमा अतुलनीय रहेको छ । विश्वले उहााको योगदानको महत्त्व राम्ररी बुझ्केको छ ।

विश्वलाई हाम्रो मुलुकले दिन सक्ने एकमात्र विरल साधन भनेको मानवीय उत्कृष्ट ज्ञानको अमूल्य धरोहर खजाना – बुद्धशिक्षा : धम्म नै हो । विश्वका प्रमुख भाषामा यसको प्रचार हुनु आवश्यक छ । यी विशुद्ध निर्मल ज्ञान (प्रज्ञा) को प्रचार जति हाुदै जानेछ त्यति नै आदिमकालदेखिका मानवीय त्रास, पराधीनता र दास प्रवृत्तिबाट मुक्त हुनगई विद्यमान विकृति र विसङ्गतिजन्य कुसंस्कार र धर्मका नाममा रहेका अन्धभक्ति, पूजा कर्मकाण्ड आदि संस्कृतिको अन्त्य भई मानवीय विकास हुनेछ र भौतिक एवं आध्यात्मिक दुइटै क्षेत्रमा भरपूर विकास हुनेछ । साथै आफूमा सम्यकदृष्टि उत्पन्न हुनेछ । आजको युगमा भगवान् बुद्धको ज्ञानबेगर जीवन निरर्थक छ ।

**अत्तदीप भव** अर्थात् आ□नो मालिक आफै बन । अर्को कोही छैन भनी आफूले आफैलाई मुक्तिको उद्घोष गर्न सक्ने गरी त्यस्तो पवित्र सन्देश बोकी हामी विगत चार दशकदेखि निरन्तर यस क्षेत्रमा संलग्न छौा । यस वर्ष नेपालपुत्र भगवान् बुद्धको मूल वचन सङ्गृहीत पालि त्रिपिटकलाई देवनागरी लिपिमा प्रथमपल्ट प्रकाशन गर्नपूर्व हामीले पनि सबै नेपालीमा त्रिपिटक वाङ्मय सम्बन्धी केही ज्ञान बाााड्न आवश्यकता ठहऱ्यायौा । यसकारण पहिलो प्राथमिकतामा पालि त्रिपिटक ग्रन्थ प्रकाशन गर्ने पवित्र कामलाई स्थगित गरी प्रस्तुत ग्रन्थसेट निकाल्नमा लागेका हौं ।

बुद्धभूमि नेपालका निवासीहरूको हकमा यसरी धार्मिक दासताबाट मुक्त हुने बुद्धशिक्षा, बुद्धज्ञान र तत्सम्बन्धी अभ्यास हुनु बेस हो । बुद्धको ख्याति सर्वत्र लोकप्रिय छह तथापि त्यो हालसम्म

Downloaded from http://dhamma.digital/

औपचारिकतामा मात्र सीमित छ । यहाा मरेपछि स्वर्ग जान पाइने धर्म साधनका रूपमा तीव्र प्रचार भइरहेको पाइन्छ । उहााको उपदेश पालिभाषामा रहेको कारण यथार्थ सत्य कुरो बुझ्न हामीमा यथार्थ ज्ञानको अभाव छ भने सबैले बुझ्न सक्ने नेपालीमा यस्ता साधन उपलब्ध नहुनु पनि एउटा कारण हो। यही कुरो दृष्टिगत गरी आचार्य डा. अमृतानन्द महास्थविरको असाधारण बृहत कृतिलाई यसपालि विशेष प्राथमिकता दिई **बुद्धकालीन नेपाली विश्वकोश**को नामाङ्कन गरी प्रकाशन गर्न लागेका हौा ।

बुद्धकालीन ग्रन्थका पूर्ववर्ती प्रकाशनगृह आनन्दकुटी विहार गुठीका अध्यक्ष श्रद्धेय भिक्षु मैत्री महास्थविरका सामु उपर्युक्त प्रस्ताव राख्यौा । उहाालगायत गुठीबाट पनि हाम्रो प्रस्तावलाई स्वीकार गरी प्रकाशन गर्न हामीलाई अनुमति दिनुभयो । हामी अध्यक्षज्यूलगायत सकल सदस्यहरूप्रति हार्दिक आभारी छौा । यसका साथै, शुभेच्छा सन्देशको सम्बोधन गर्नु भएवापत विहार गुथिका सदस्य-सचिव एवं कार्यवाहक विहार प्रमुख भिक्षु धर्ममूर्ति महास्थविरज्यूप्रति पनि कृतज्ञ छौा ।

आचार्य डा. भिक्षु अमृतानन्द महास्थविरका पुस्तकलाई एक आदर्श ग्रन्थ मान्दै यसमा प्रयुक्त प्रस्तुती अर्थात् शैली, भाषा, अनुवाद, पाठ्यसामाग्री र अनुक्रमणीकालगायत कुनै कुरोमा पनि हेरफेर गर्न आवश्यक ठानेनौा । यसलाई स्क्यानि□ गरी जस्ताको तस्तै प्रकाशन गर्ने योजना भएपनि पुस्तक छपाई गर्दागर्दै कुनै-कुनै बुद्धकालीन पुस्तकहरूको छपाईमा केही स्पष्ट नभएको कारण बीचमा आएको समस्या समाधान गर्न आनन्दकुटी विहारबाटै उपलब्ध सफ्ट कपीबाट काम चलाउन परेको छ । यसका लागि सम्बन्धित सबैमा हार्दिक कृतज्ञता प्रकट गर्दछौं । प्रेससम्बन्धी दीपक र बिनोद दुई दाजुभाइको सहयोग सम्झनलायक छ । उहााहरूबाट यस किसिमको सहयोग प्राप्त नभएको भए पाठकवर्गले यति छिटो यस्तो बृहत् ग्रन्थ पढ्न पाउनु सम्भव थिएन ।

Downloaded from http://dhamma.digital/

आ□नो साधनामा लाग्न अनुकूल वातावरण मिलाई पारिवारीक सहयोग जुटाइदिने श्रीमती ज्ञानीशोभा शाक्य वज्राचार्यलाई धन्यवाद छ । स्नेही छोरी सुश्री मनिका वज्राचार्यलाई पनि धन्यवाद छ, जसले प्रूफलगायत अन्य आवश्यक सहयोग जुटाइ दिइन् ।

विगत चार दशकदेखिको हाम्रो परिकल्पनामा सहभागी हुादै त्रिपिटक प्रकाशन गर्दै आएका भतिजा अशोकरत्न बज्राचार्यको संलग्नता स्मरणीय छ । हामी यहाासम्म पुग्नमा उनका साथै दिव□त दाजु पवित्रबहादुर बज्राचार्य र दिदीज्यू सुश्री हेरादेवी बज्राचार्यको उदार सहयोग उल्लेख्य छ । यसमा छोरा अनूनरत्न बज्राचार्यले समेत साथ दिएकोमा ज्याादै हर्षित छौं । यसरी बृहत् योजनाको प्रकाशन कार्य हाम्रा आफ्नै साधन र स्रोतले गरेका छौा । हामीले कसैबाट वा कुनै स्वदेशी वा विदेशी व्यक्ति अथवा सङ्घसंस्था वा सरकारको सहयोग बेगर सम्पन्न गर्न लागेका छौा । यस्ता मूल ग्रन्थको प्रचार प्रसार कार्यमा पाठकवर्गको सहयोगको आशा गरेका छौं ।

अन्तमा, बुद्ध र बुद्धधर्मको ज्ञानको आधारमा मानवका रूपमा स्वतन्त्र रूपले बााच्ने कलाको बौद्ध संस्कृतिलाई सा□पा□ रूपमा बुझ्न पाठकवर्गलाई यसबाट यथेष्ट सहयोग प्राप्त हुनेछ । विद्यार्थी, शिक्षक, शोधार्थी, जिज्ञासु, योजनाकार, देश-निर्माता, अभियन्ता, नेतालगायत बौद्धिक समुदायका लागि आफ्नो ज्ञानमा वृद्धि गर्न अद्वितीय साधन उपलब्ध हुनेछ । अन्तमा, धर्मप्रति आस्था र श्रद्धा भएका महानुभाव एवं विज्ञजनलाई पनि आ-आफ्ना धर्म र दर्शनसम्बन्धी चिन्तन, मनन र पूजनमा औपचारिकतामा मात्र सीमित नराखी बुद्धको यथार्थ मौलिक ज्ञान स्पर्श गर्दै मनुष्य जीवन सफल तुल्याउन यसबाट प्रेरणा प्राप्त होस् भनी शुभकामना टक्राउाछौा । साधु ।

प्रकाशक एवं प्रमुख योजनाकार
**दुण्डबहादुर वज्राचार्य**
अध्यक्ष, वीर-पूर्ण पुस्तक संग्रहालय

Downloaded from http://dhamma.digital/

# भूमिका–

पूर्ववर्ति मानव समाज भित्रकै विभिन्न विषयहरूलाई आधार मानी आफ्नो व्यक्तिगत सुख त्यागी सामाजिक उन्नतिको निमित्त गरेको योगदान सम्बन्धी इतिहासको पाना मानव समाज भित्रै बसेर पढ्दा एकातिर हर्ष र प्रेरणाको उद्गम श्रोत नै भेटिएको अनुभव हुन्छ भने **अर्कोतिर** मानव समाजस्थित विभिन्न सत्कृत्यरूपी वृक्षलाई नै उखेलेर फाल्ने प्रयास पनि सोही समाज भित्रै सिर्जना भइदिएकाले अशान्ति, कलह, धूर्त्याइँ, फट्याइँ र षड्यन्त्र आदि जस्ता विरोधी पक्षहरूले खुट्टा घुमाउने मौका पाएका हुन् जुन कुराको आजसम्म पनि प्रवलताको बाटो अवलम्बन गर्नेतिर विमुख गराउन सकिएको छैन भन्नेतिर मन फर्काउन बाध्य हुनुपर्दा मुटु थिचेर विचार गर्नुपर्ने अवस्था आइपरेको छ र अनि परेको छ– काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य जस्ता आन्तरिक दुष्ट शत्रुहरूको निर्मूल पार्ने बलिष्ट योजनाको उद्गम श्रोत फेला पार्न ।

सकभर मानिसका उक्त छ ओटा शत्रुहरूको अस्तित्व नै मेटाई मानव समाजबाट गल हत्याउनको निमित्त अतिप्राचीन र प्राचीन विद्वान्हरूले यस विचाररूपी प्रवाहलाई प्रवाहित गरिराखेका हुन् जसको

Downloaded from http://dhamma.digital/

क्रमिकता आजसम्म पनि टुङ्गिएको छैन । यसैको निमित्त तत्कालीन दार्शनिक, मनोवैज्ञानिक, धार्मिक, साहित्यक तथा समाज शास्त्री विद्वान् र विवेकीहरूले नै साहित्य, कला, संस्कृति र मनोविज्ञान तथा धर्म र दर्शन आदि विभिन्न प्रकारका साधनहरू प्रयोगात्मक रूपमा ल्याए जसबाट सफलताको चुलीमा चढ्न सक्ने श्रेणी तयार नपारेको होइन पारेको थियो तर आज आएर यसैको नाममा आन्तरिक रूपबाट शोषण गर्ने प्रवृत्तिको परम्परातिर निन्दो चर्चो गर्दा ठूलोदेखि सानासम्मले ऱ्याल चुहाउँदै आएको कुरा आज मात्र होइन बुद्धभन्दा पनि धेरै अघिकै सयमदेखि क्रमशः देखिंदै आएको अनुभव हुन्छ। भनाइको तात्पर्य यो हो कि– देश र समाजको मात्र होइन यावत् प्राणीको कल्याणको निमित्त राजादेखि रंकसम्म सबैले जुन जुन विषयलाई अमोघ अस्त्र बनाएका थिए तिनै तिनै विषयले आज फितलोपनको रूप देखाउँदै आइरहेको छ । यसैलाई यथार्थ ज्ञानद्वारा वलिष्ट पार्ने प्रयासमा अन्य विभिन्न बुद्धकालीन संग्रहहरूले जस्तै प्रस्तुत 'बुद्धकालीन महिला भाग-२' का विभिन्न चरित्रहरूले पनि निकै योगदान गर्न सक्ने प्रत्यक्ष मार्गदर्शन गराउनुको साथै तत्कालीन केही स्त्री चरित्रहरूले समाजको आँखामा छारोहोली आफ्नो साथसाथै परस्वार्थ पूर्तिको निमित्त गर्न खोजिएका दुष्प्रयासको फलद्वारा पश्चात्तापरूपी भुमरीमा अलमलिई यता न उता भएकालाई सहि मार्ग निर्देशन गर्ने बुद्धको सत्प्रयासले पाएको सफलता र दृष्ट मनोवृत्तिले अभिप्रेरित व्यक्तिहरूमा भएको असत्प्रवृत्तिलाई हटाई सद्प्रवृत्ति प्रदान गर्ने बोद्धिक यन्त्र-योजनको समारम्भको साथै ठूला र साना, धनी र गरीब, स्वधर्म र परधर्म, दान र हेला, बुद्धि र विवेक,

Downloaded from http://dhamma.digital/

त्याग र लोभ, इहलोक र परलोक, ब्रह्मचर्य र वासना, उपकार र पाप जस्ता विभिन्न विषयहरू धार्मिक, दार्शनिक, मनोवैज्ञानिक तथा यथार्थादि विश्लेषणद्वारा समाज र स्थितिलाई प्राकृतिकरूपमा समावेश गराई– 'सर्वे भवन्तु सुखिन' लाई नै मुख्य लक्ष बनाई पञ्चशील तथा अष्टशील सम्बन्धी सामान्य पाठ पढाई प्राणीमात्र एक हुन् भन्ने खँदिलो भावनामा भावुक भई एकले अर्कालाई आफू जस्तै ठानोस् भन्ने सिद्धान्तको सहनाई बुद्धद्वारा बजाइएको छ र सारांशमा यस्तो प्रतिध्वनि सुनिन्छ कि–

कोधं जहे विप्प जहेय्य मानं,
सञ्ञोजनं सब्बमतिक्कमेय्य ।
तं नामरूपस्मि असज्जमानं,
अकिञ्चनं नानु तपन्ति दुःक्खा । (पृ. १६३ रोहिणी क्षत्रीकन्या)

अर्थात्– क्रोध र अभिमान नगर, सबैसंयोजनबाट मुक्त होऊ र म यस्तो हुँ भन्ने घमण्डमा न अल्झ । यसलाई पालन गर्न सकेमा न त कुनै प्रकारका दुःखहरू आइपर्छन् न त कुनै तापले तापित हुनु पर्दछ ।

यसैलाई पनि मानवले मुख्य मन्त्र ठानेर यस अनुरूप आचरण गर्नसके अशान्ति, कलह, द्वेष र वैरभाव जस्ता मनुष्य शत्रुहरूले सातो उडने थियो र अनि हुने थियो यो पृथ्वी नै स्वर्ग । यसैलाई आधार मानेर प्रस्तुत संग्रहले विभिन्न विचार र श्रेणीका मानिसहरूको वरिपरि चक्कर मारिरहेको छ ।

Downloaded from http://dhamma.digital/

यसैको प्रसंगमा यस संग्रहमा समावेश भएका महिला चरित्रहरूको सामान्य क्रियाकलापतिर सिंहावलोकन गर्दा– सूत्रपिटकबाट ३० र विनयपिटकबाट ५ सूत्र समेत जम्मा ३५ सूत्र अन्तरगत विभिन्न प्रकारका मुख्य भूमिका खेल्ने १९ महिला पात्रहरूले प्रतिनिधित्व गरेको देखिएको २०२८ सालदेखि नै यस विषयमा परिश्रम गर्दै आउनु भएका आचार्य भिक्षु अमृतानन्द महास्थविरज्यूद्वारा मागधि (पालि) भाषाबाट राष्ट्र भाषा नेपालीमा रूपान्तरित तथा संग्रहित प्रस्तुत 'बुद्धकालीन महिला' भाग-२ को विषय वस्तुहरू माथि गौण गरी सारांशमा हेर्दा– महिलाहरूको चारित्रताले एकातिर देवीको रूप प्रदर्शन गराएको छ भने अर्कातिर निर्दयी मात्र होइन मात्र होइन पराकाष्ठा पुगेको वेश्याप्रवृत्ति जस्ता राक्षसी प्रवृत्तिले राम्ररी स्थान जमाएको मात्र होइन आफ्नो इन्द्रासनको निमित्त इन्द्रले अप्सराहरूलाई धेरै ठाउँमा हतिरयारको रूपमा प्रयोग गरेभैंm निजी स्वार्थको निमित्त विभिन्न सुन्दरी पात्रहरूलाई हतियारको रूपमा प्रयोग गरेको देखिन्छ भने अनि देखिन्छ पूर्वजन्मको संस्कारको आधारमा आफ्नै अगाडि दर्जनौं छोरा र लोग्नेको मृत्युभन्दा धर्म नै ठूलो मान्ने सिद्धान्त। यति मात्र होइन छोरा छोरी लोग्ने स्वास्नीको सम्बन्ध त केवल दुइ दिनको घामछाँया जस्तो मात्र नाता हो भनी पारिवारिक जीवनसँग सम्बन्धित घनिष्टतासँग कुनै प्रयोजनै नराखी यस विषयमा दुःखसम्म प्रकट नगर्ने देखि लिएर पारिवारिक वियोगमै आफ्नो जीवनडुङ्गा डुवाइदिन खोज्नेहरूको राम्रो पृष्टभूमि पनि यहीं तयार भएको देखिन्छ भने कामुकता धर्मावलम्बीको ढोंड रची आत्मसन्तुष्टको बाटो पहिल्याउन खोज्ने केटीहरूको पनि यहाँ खाँचो

Downloaded from http://dhamma.digital/

छैन भन्ने दृश्य पनि त्यत्तिकै टढकारैसँग देखिन्छ जति बुद्धले शान्ति स्थापनको आधारमा समाज र देश कल्याणको निमित्त विभिन्न परिस्थिति र समय हेरी कपिलवस्तु, श्रावस्ती, वैशाली, कलन्दकनिवाप, राजगृह र कुशिनगर आदि विभिन्न स्थानमा बसेर उपदेशरूपी झण्डाको फर्फर ाहटको साथै बुद्धत्व प्राप्ति देखि परिनिर्वाणसम्मका विभिन्न सामाजिक, वैयक्तिक, राजनैतिक, धार्मिक आदिसँग संमिश्रण विभिन्न घटना र प्रयासहरू । यति मात्र होइन कुप्रवृत्तिका जति पनि पात्रहरूको निम्त्रि अन्तिम समयसम्म डटेर सामना गरेको बुद्धको प्रयासले जतातातै सफलता पाएको छ ।

यसैले प्रस्तुत संग्रहरूपी नाट्य मञ्चमा कुनै पूर्वन्जम र परजन्मको इतिहास गाँसिएका र कुनै यसै जन्मको मात्र कार्य परम्पराको आधार लिएर अभिनेतृको रूपमा देखा परेका स्त्रीपात्रहरूको बुद्धोपदेश भन्दा अगाडि र पछाडिको दिनचर्यासँग सम्बन्धित चारित्रिक दृश्य अवलोकन गर्दै जानेक्रममा नियालेर हेर्न थाल्दा–

सर्बप्रथम पूर्वजन्ममा १० हजार वर्षसम्म अत्यन्त रूपवति गणिकाको रूपमा जीवन यापन गरी काश्यप बुद्धको पालामा गरेको ब्रह्मचर्य पालनाको प्रभावले देवलोकमा जन्मी सुखानुभव गर्न पाएता पनि अरूलाई घृणा गर्नाको कारणले नै यस जन्ममा औपतातिक योनिमा जन्मी सामान्य पुरुषको त कुरै भएन राजा र राजकुमार जस्ता विलासीहरूलाई पनि वशीभूत गराउने शारीरिक गठन र लावण्यताले

Downloaded from http://dhamma.digital/

सुभूषित हुनुको साथै वेश्यावृत्तिबाटै धनाढ्य भएपनि 'यो जवानी क्षणिक मात्र हो' भन्ने ज्ञानानुभूति भएपछि विरक्तिई बुद्धोपदेशद्वारा ज्ञान प्राप्ति पश्चात् आफ्नो श्री सम्पत्ति बुद्धलाई नै अर्पण गरीपछि अरहत्नी भएकी वैशालीवासी अम्बपालि गणिका, यस्तै अति सुन्दरी मात्र होइन चतुऱ्याई तथा स्त्री चरित्रमा समेत अनन्या हुनुको साथै अन्य धर्मावलम्बीहरूको काने खुशी र आडमा प्रारम्धिक अवस्थैको बुद्धधर्मलाई असहाय गराउन खोज्ने षड्यन्त्रमा मुख्य हतियारको रूपमा चिनिए पछि आफ्नो भण्डाफोर भएको कुरालाई सहन बाध्य भएको पूर्वजन्म तथा परजन्म सम्बन्धी कार्यकलापको इतिहास गाँसीएकी श्रावस्तीवासी चिञ्चा माणविका, कामुकतापूर्ण वासनाले भरिपूर्णा तथा यौवनमत्ता श्रावस्तीवासी श्रद्धा उपासिका र श्रद्धा उपासिकाकै जस्तो शील स्वभाव र व्यवहार गर्ने राजगृह निवासिनी सुपब्बा उपासिका जस्ता स्त्रीहरू देखिन्छन् भने अर्कोतिर राजगृहको अन्धकविन्दमा बुद्धलाई गरेको ठूलो सम्मान सहन नसकी अन्य धर्मावलम्बीहरूले बुद्धलाई कलंकित बनाउन गरेको षड्यन्त्रको दुष्प्रयासमा हतियार बनेकी सुन्दरी परिब्राजिकाको चहल पहल पनि कम्ति देखिन्न । यस्तै रूपवान् सारिपुत्र महास्थविरलाई स्त्रीचरित्रद्वारा छेडपेच गरी जिस्क्याउने र पछि बुद्धसँग भएको छलफलको प्रभावले प्रभावित भई बुद्धधर्मकै प्रचारमा सक्रीय हुने राजगृहवासिनी सूचिमुखी परिब्राजिका, काणमाताले छोरीको निम्ति कोसेलीको रूपमा पकाउन लागेको रोटी बारम्बार भिक्षुलाई दान दिंदाको कारणले भनेको समयमा यिनकी छोरी घरजान नपाई लोग्नेको सौताहाली छोरीको घर बिग्रेता पनि

Downloaded from http://dhamma.digital/

छोरीको घर भन्दा बुद्धधर्म नै ठूलो मान्ने र पछि बुद्धोपदेशद्वारा स्रोतापन्ना हुने श्रावस्तीवासिनी काणमाता, गरीब मालीकी छोरीले बुद्धलाई रोटी प्रदान गर्नाको फलद्वारा प्रसेनजित कोसल राजाकी पटरानी भई बस्ने सौभाग्य पाउने पूर्वजन्म र यस जन्मको इतिहास गाँसिएकी श्रावस्तीवासिनी मल्लिकादेवी, खानदानी कुलमा जन्मे पनि विभिन्न बुद्धोपदेशद्वारा, बुद्ध, धर्म, संघ आदि चार धर्म युक्ता तथा स्रोतापन्ना कपिलवस्तुवासिनी कालीगोधा शाक्य, 'पञ्चशील प्राप्त गर्ने व्यक्ति सुगतिमा पुग्दछ' भन्ने कुरा कतिसम्म सत्य हो ? भनी वेणुवनस्थित कलन्दक निवापमा आराम गरिरहनु भएका बुद्धसँग प्रश्न गर्ने ५०० रथ दाइजो पाएकी बिम्बिसार राजाकी छोर तथा बुद्धकी प्रमुख उपासिकामध्ये गनिएको चुन्दी राजकुमारी, पूर्वजन्ममा सुमना नामक फूलले ढाकी पालेलाई झुक्याई विपश्वी बुद्धलाई यागु दान दिई यस जन्ममा आफ्नो नाम सुमना नै रहोस् भनी प्रार्थना गर्ने तथा ५०० रथ दाइजो पाएकी र बुद्धोपदेश पछि स्रोतापन्ना हुने तथा बुद्धसँग विभिन्न विषयमा छलफल गर्ने कोशल राजाकी जेठी महारानीकी छोरी हुनुको साथै बुद्धकी प्रमुख उपासिकामध्ये एक मानिएकी सुमना राजकुमारी, प्राणी हिंसा, अदिन्नादान, अब्रह्मचर्य र मृषावाद आदि नगर्ने बौद्ध दर्शन अनुसारको 'अष्टाङ्ग उपोसथ धर्म' जेतवनाराममा बुद्धद्वारा श्रवण गर्ने बुद्धकी प्रमुख उपासिकामध्येकै बोज्झा उपासिका, कुशिनगरस्थित मल्ल राजाका छोरासँग विवाह गरे पनि धेरै समयसम्म बाँझी रहेकी र पछि बुद्धको कृपादृष्टिद्वारा १६ पटकसम्म जुम्ल्याहा छोरा पाई अन्त्यमा बुद्ध परिनिर्वाण हुँदा महालता पसाधन नामक अमूल्य वस्त्र (आभरण)

Downloaded from http://dhamma.digital/

ओढाइ दिनाको कारणले मृत्युपछि त्रयस्त्रिंसलोकमा उत्पन्न हुने बुद्धकी प्रमुख उपासिकामध्ये (बन्धुल) मल्लिका, साकेत नगरवासी कालक श्रेष्टीको छोरासँग विवाह गर्ने श्रावस्तीका अनाथपिण्डिककी माहिली छोरी चूल सुभद्रा, पहिले कसैलाई पनि मानिस नगन्ने तथा घरका मानिसलाई समते नटेर्ने स्वभाव भएकी र बुद्धोपदशे पछि स्रोतापन्न हुने अंग देशका धनञ्जय सेठकी छोरी तथा अनाथपिण्डिककी बुहारी सुजाता (बुहारी), प्रायः बत्तीसै लक्षणले युक्ता तथा ८४ हजार स्त्री परिवारको सम्पन्ना तथा बुद्धपरिनिर्वाणकै समयकी कुशीनगरवासी चक्रवर्ती महासुद्धर्शन राजाकी पटरानी सुभद्रादेवी, साधुक गाउँस्थित सकृदागामी पुराण स्थपतिकी छोरी जसले आनन्द महास्थविरलाई माध्यम बनाई 'ब्रह्मचारी र अब्रह्मचारीको गति कसरी एकै हुन्छ ?' भन्ने प्रश्नको उत्तर बुद्धद्वारा थाहापाउन खोज्ने मिगसाला उपासिका, पूर्वजन्ममा गरेको क्रोधको कारणले यसजन्ममा निस्केको चर्मरोगलाई दाजु अनुरुद्ध स्थविरको निर्देशन अनुसार १० हजार पर्ने आफ्नो गहना बेची आसन शाला बनाई बुद्धलाई दान गरेपछि मात्र उक्त रोग निर्मूल भएकोले नै बुद्धधर्मानुयायी बन्ने रोहिणी क्षत्री कन्या र आफ्नै सामन्ने अनाहकमै छोरालाई मार्दा पनि कुनै शोक चिन्ह नभेटिएकी तथा सारिपुत्र मौद्गल्यायनलाई दान गर्न स्थायीरूपमा रहिरहने १२१४ भकारी धान वैश्रवण महाराजाबाट प्राप्त गर्ने तथा बुद्धद्वाराउपमाको रूपमा अति प्रशंसित दक्षिणागिरि स्थित (उज्जैन) वेलुकण्टक नगरवासिनी वेलुकण्टकी नन्दमाता जस्ताहरूको चरित्रले कतै रोमाञ्चपूर्ण घटना देखाएकोछ भने कतै अन्याय र षडयन्त्रले

Downloaded from http://dhamma.digital/

भरिपूर्ण चरित्रको लुछाचुडी भएको भेटिए कतै दान र श्रद्धा जस्ता विषय बाहुल्यताले मनलाई निकै आनन्द प्रदान गर्दछ । जसको मुख्य नायक जताबाट जसरी हेरे पनि गौतम बुद्ध नै देखिन्छन् र अनि देखिन्छन् गृहस्थी जीवनदेखि लिएर धार्मिक जीवनको इतिवृत्ति सहित पूर्वजन्म, परजन्म र यस जन्मको धार्मिक मूल्याङ्कनको साथै आफ्ना विभिन्न कार्यकलापको उचित फल भोग जस्ता सामान्य संकेतहरू ।

यसरी यिनीहरूको नाटकीय ढाँचाको दृश्य हेर्दै जाँदा– साहित्य कला र संस्कृतिरूपी पुष्प गुच्छाद्वारा उपदेशै उपदेशका माला गाँसिएको छ र जसलाई पहिरने धनी र गरीब, विवेकी र अविवेकी, साधु र चोर, सत्यवादी र फटाहा, देवता र मनुष्य, ठूला र साना, महात्मा र श्रमण आदि सबैले 'मुण्ड मुण्ड बुद्धि कुण्ड कुण्ड पानी' भनेझैं कुनै न कुनै रूपमा बुद्ध धर्मलाई माध्यम् बनाएर गरेको कर्म अनुसारको फलले सन्तोषको सास मात्र फेरका देखिंदैनन् आफ्नो जीवन सुधार्नुको साथै परलोक सुधार्ने मौका पनि राम्ररी पाएका छन् भन्ने कुराको पुष्टि पनि उक्त मञ्चको दृश्यले दर्शक वृन्दलाई दिलाएको छ र अनि सबैको कान ठाडो पार्न पर्ने गरी सुरिलो कण्डले गाउँदै यसरी सुनाएको छ–

न अन्तलिक्खे न समुद्दमज्झे,<br>
न पब्बतानं विवरं पविस्स ।<br>
न विज्जति सो जगतिप्पदेसो,<br>
यत्थट्ठितो मुञ्चेय्य पापकम्मा' ति । (पृ. २१२ सुन्दरी परिब्राजिका)

Downloaded from http://dhamma.digital/

अर्थात्– (आकाश, समुद्र र गुफा जस्ता जुनसुकै ठाउँमा गई लुके (बसे) पनि आफूले गरेको पापको फलबाट कोहि पनि बच्न सक्तैन ।)

यसैलाई माध्यम बनाएर जन्म लिएको प्रस्तुत संग्रहमा जताबाट जसरी विचार गरे पनि अन्त्यमा आएर सानाले मात्र होइन जस्तोसुकै शक्तिसम्पन्न वा धनसम्पन्न भएकाले पनि कर्म अनुसारको फल नभोगी सुख पाउँदैनन् भन्ने कुरामा गएर अडान लिएको छ ।

हुन पनि भौतिक सम्पन्नताले परिपूर्ण धनाढ्य वा शक्तिशाला भएको आडमा सच्चा धर्म प्राप्त गर्न सकिदैन । यसको प्राप्तिको निमित्त धर्मरूपी धन र शक्तिको निकै नै खाँचो पर्दछ । अन्यथा सम्भव हुँदो रहेनछ भन्ने कुरालाई चक्रवर्ति महासुदर्शन राजा भनौं वा यिनकै पटरानी सुभद्रादेवीका ८४ हजार नगर, दरबार, स्त्री तथा कुटागार आदिले सबै सम्पन्न भएजस्तै राजा बिम्बिसार, प्रसेनजित कोशल तथा लिच्छवी कुमार आदि जतिसुकै सम्पन्नवान् भए पनि अन्त्यमा कतैबाट सुख नपाई बुद्धधर्मको अनुयायी बनेपछि मात्र सन्तोषको सास फेरेका हुन् भन्ने कुरालाई यस संग्रहले एकातिर राम्रैसँग संगालेर राखेको छ भने अर्कोतिर भौतिक सम्पन्नताले लत्याएर विपन्न अवस्थामा पुऱ्याइएका पात्रहरूलाई हाम्रो आँखाले देखे पनि धार्मिक सम्पन्नताले भने निकै नै धनवान् जस्ता देखिने काणमाता जस्ताको चरित्रले पनि कम महत्वपूर्ण भूमिका खेलेको छैन । भनाइको तात्पर्य यो हो कि धर्मको अगाडि धन भन्ने वस्तु निकै नै तुच्छ रहेछ भनेर पुष्ट्याइ गरेर देखाउने पात्रहरू नै जताततै देखिएका छन् ।

Downloaded from http://dhamma.digital/

यसरी हेर्दै जाँदा ठूलो वा सानो जुनसुकै व्यक्ति होओस् उसले पनि पापको फल नभोगी सुख पाउँदो रहेनछ भन्ने विषयतिर चासो राख्न थाल्दा पनि बुद्धलाई आच्छु आच्छु पारी समाजको अगाडि शीर नुहाउन पर्ने अवस्थाको वातावरण सिर्जना गर्न बुद्धले आफूलाई पेट बोकाएको आरोप लगाउँदै हिडेको चिञ्चामाणविकाको भण्डाफोर मूसारूपी इन्द-द्वारा भएको घटना पनि कम हाँसो उठ्दो छैन भने स्वयं बुद्धले पनि पूर्वजन्ममा नन्दश्रावकलाई झूटो आरोप लगाई गालि गर्दाको फल यस जन्ममा भोग्नु परेको कुरालाई राम्ररी नै सकारेका छन् भने अर्कोतिर पूर्वजन्ममा मूनाली धूर्त भई जन्मदा बोधिसत्वलाई स्त्रीको आरोप लगाएको फलले यस जन्ममा आफूलाई सुन्दरी परिब्राजिकाले 'बुद्धसँग मेरो लसपस छ' भनी लगाएको दोषलाई पनि बुद्धले नै अङ्कित गरेका छन्। यसरी स्वयं बुद्धदेखि लिएर राजा प्रजा सबैले कर्म अनुसारको फल नभोगी सुख नपाउने कुरा राम्ररी अवलोकन गराउने प्रयास जारी हुनुको साथै न्यायिक यन्त्र निष्पक्ष हुने शुद्ध इतिहास कहिल्यै देख्न नपाइने कुराको पुष्ट्याइँ पनि न्यायालयका अधिकारीहरूको षड्यन्त्रद्वारा मारिएको सुयोग्य बन्धुल सेनापतिद्वारा पुष्टिएको छ भने अर्कोतिर सबै विषयलाई यथार्थरूपमा छानबिन गरी प्रसाशन यन्त्र चलाउन सक्ने व्यक्ति नै राजा हुन्छ भन्ने राज लक्षणको विषय पनि चिञ्चामाणविकाकै प्रसंगमा हेर्न पाइन्छ अनि पाइन्छ वासना पूर्तिको लागी परस्त्री हरण गर्ने निन्दित योजनाको चाँजो पाँजो।

यसै गरी यसलाई सामाजिक दृष्टिकोणले मात्र हेर्दै जाने हो भने पनि पारिवारिक जीवनदेखि लिएर सारा समाजकै मनोवृत्ति मात्र

Downloaded from http://dhamma.digital/

**होइन** – दाजु र भाइ, दिदी र बहिनी, बाबु र छोरा, लोग्ने र स्वास्नी, राजा र प्रजा, कर्मचारी र सामान्य जनता आदिको चरित्र यसरी उतारिएको छ जुन हिजो आजको समाजमा पनि दुर्लभ छैन भन्न सकिने ठाउँ प्रशस्तै छन् भने पौराणिककालको सामाजिक चित्रण पनि त्यति नै पाइन्छ जसको अनुकरणको आभाष यहाँबाट भएको प्रतीत हुने कुरालाई शिवधनु उठाउने रामको अगाडि एकहजार जनाले उठाउनु पर्ने धनुको प्रयोग गर्ने बन्धुल सेनापतिको पुरुषार्थ यहाँ देख्न पाइन्छ भने अर्कोतिर अग्निपुराणमा वर्णित शकुन्तलालाई घर पठाउँदा कण्वऋषिले दिएका अर्ति जस्तै घर जाँदा बाबुबाट १० अर्ति लिने चूल सुभद्राले पुष्ट्याइ गरेको छ र अनि छोरीभन्दा बढी चाहना छोराको हुन्छ भन्ने मानिसको आन्तरिक मनोभावनालाई यसले प्रदर्शन गरे पनि छोरी छोरीले भरिएको प्रस्तुत संग्रहमा छोरीको स्थानले विशिष्टता पाएको छ। छोरा सम्बन्धी जति पनि विषयहरू यहाँ प्रस्तुत भएका छन् ती छोरीहरूकै घटना क्रमभित्र देखा पर्न बाध्य भएका पुरुषहरूको मात्र विविध क्रियाकलाको प्रदर्शन भएको हो। अन्यथा छोरीको रजाइँमा छोराको अस्तित्व फिका भएको कुरालाई पुष्टयाइँ गर्न थाल्दा सर्वप्रथम "आफूभन्दा प्रिय वस्तु अरू कोही छैन" भनी राजालाई भन्न समर्थ हुन सकेकी मल्लिकाको कथनबाट केही हदसम्म पुष्टिएको छ र अनि पुष्टिएको छ यस संग्रहकै शीर्षकबाट। यसो हुँदा हुँदै पनि स्त्रीको विरोधमा यहाँ आवाज नउठेको होइन उठेको छ भन्ने कुरालाई– स्त्री षडयन्त्रकारी हुनुको साथै परपुरुष मात्र होइन आवश्यक वा इच्छा लागे पशुसँग पनि संसर्ग गर्न थाल्दा रहेछन् भनेर वेइजत गर्न खोजेको विषय

Downloaded from http://dhamma.digital/

पनि यहीं समावेश भएको छ। जे होस् यहाँ प्रायः जसो समाजभित्रै घटने घटनाको प्रतिनिधित्व सकभर हुन गएको कुरालाई कार्यकै आधारमा स्त्री र पुरुषहरूका प्रकारको वर्गीकरण पनि उत्तिकै रोचक र हिजो आजकै समाजसँग मिल्दा जुल्दा रहेछन् भन्ने विषयतिर मन र आँखा दौडाउँदा बधक, चोरनी मालिकनी, आमा र दासी जस्ता उपमाले हामीलाई बोधगम्य गराएको छ।

यस्तै गरी साहित्यलाई माध्यम बनाएर हेर्नथाल्दा पनि मागधि साहित्यको तत्कालीन शैली प्राचीन भए पनि विभिन्न ठाउँमा मनोवैज्ञानिकताको साथै रोचकपूर्ण तरिकाले विभिन्न उपाय र **साधनद्वारा मानिसको** प्रवृत्तिलाई सन्मार्गतिर डोऱ्याउने ठूलो प्रयासको निमित्त ठाउँ र अवस्था हेरी प्रायः सरल तथा कतै तार्किक कतै क्लिष्ट, कतै व्यास र कतै दार्शनिक शैलीलाई आधार बनाई मानिस सबै एक हुन् र कसैले कसैको भेदभाव नगरी सबैको उन्नतिमा **सबै साधक बन्नुपर्छ भन्ने कुरालाई आज हौसला दिन धार्मिकताको जलप लगाइएको छ र जसले** मानव कल्याणको निमित्त मरिमेटने छ त्यसले यस लोकमा मात्र होइन परलोक पनि सुधार्छ– भन्ने कुरालाई निम्न गाथाले केही हदसम्म पुष्टिगरेको मात्र होइन इहलोकदेखि स्वर्गलोकसम्म पुग्न सक्ने बाटो पनि देखाइ दिएको छ। जस्तै–

आयुना यसमा चेव वण्णेन च सुखेनच,
सब्बे भोग परिब्बुल्हो पेच्च धम्मे पमोदती'ति ॥

(पृ. २५७–सुमना राजकुमारी)

Downloaded from http://dhamma.digital/

अर्थात्– आयु, वर्ण, यश र सुखद्वारा अग्रगामी बन्नुको साथै अर्को जन्ममा पनि स्वर्ग पुग्न पाइन्छ । भनाइको तात्पर्य यो हो कि निस्वार्थरूपमा सामाजिक उन्नतिको निमित्त दिलोज्यान दिने व्यक्ति नै यस जन्ममा सबै विषयले परिपूर्ण भई जीवनान्तर पछि पनि ऊ सुपुजित नै रहन्छ र स्वर्गप्राप्ति पनि गर्दछ भन्ने कुरालाई बौद्ध संस्कृतिको आधारमा विश्लेषण गरेर देखाएको छ र यसप्रकारका जनशक्ति उत्पादन गर्ने ठूलो कारखाना नै तयार पार्ने योजनाको तर्जुमा भएको प्रतीत हुन्छ । यसरी हेर्दै जाँदा–

"परोपकार पुण्याय पापाय परपीडनम् ।"

भन्ने सिद्धान्तलाई चरितार्थ गराएको मात्र होइन सवलीकृत पनि गराएको कुरालाई माथिकै गाथाको आधारमा अध्ययन गर्न सकिन्छ । यसैले बुद्ध दर्शन भनौं वा धर्म केवल बुद्धकै लागि मात्र नभएर विश्व मानवकै साझा सम्पत्ति हो भन्ने कुरालाई पनि संग्रहले संग्रहीत गरी यथाशक्य प्रयोगात्मक रूपमा देखाउने योजनाको श्रीगणेश गरेको छ । अनि बुद्धोपदेशको अगाडि जस्तोसुकै हुँ भन्नेको पनि दाल गल्दैन भन्नेतिर पनि सबैको मनलाई आकर्षित पार्ने पृष्टभूमि तयार पार्ने तरखरतिर पनि कम लम्केको देखिंदैन ।

यहाँका बहुचर्चित महिलाहरूमा बुद्धका प्रमुख उपासिकाहरूमध्ये चुन्दी राजकुमारी, सुमना राजकुमारी, (बन्धुल) मल्लिका र वेलुकण्टकी नन्दमाताहरू बुद्धका दाहिने हात जस्ता देखिन्छन् भने स्रोतापन्ना भएका काणमाता, कालीगोधा शाक्य र सुजाता (बुहारी) हरू बुद्ध धर्म बाहेक

Downloaded from http://dhamma.digital/

जीवन मुक्तहुने अर्को बाटो फेला पार्न सक्तैनन् । यस्तैगरी सामान्य उपासिकाहरूको रूपमा देखिएका रोहिणी क्षत्री कन्या, मल्लिकादेवी, चूलसुभद्रा, सुभद्रादेवी र मिगसाला उपासिकाहरू पनि बुद्ध धर्मको उत्थानमा टेवादिने सदस्याहरूभित्रै परेका कुरा यिनीहरूको सक्रीयताले बताएको देखिन्छ भने अम्बपालि गणिका, चिञ्चा माणविका, श्रद्धा उपासिका, सुपब्बा उपासिका, सुन्दरी परिव्राजिका र सूचीमुखी जस्ता कामवासनाभन्दा ठूलो अरू केही नदेख्नेहरू पनि बुद्धोपदेशरूपी प्रयोगशालामा आएपछि मानसिक र बौद्धिक परिवर्तन भएका यिनीहरूको चर्तिकला पनि कम घतिलो देखिन्न ।

यिनै प्रमुख १९ चरित्रहरूको आधार लिई दुइसय पैंसट्ठी (२६५) पृष्ठको अनुहार लिएर आएको प्रस्तुत संग्रहरूपी कलेवरले बुद्धलाई (राजा शुद्धोदनका छोरा सिद्धार्थ गौतम) मुख्य नायक मान्दा मान्दैको प्रसंगमा यिनी बाहेक मिगसाला उपासिकाको सन्दर्भमा झुलुक्क झुल्केका आनन्द महास्थविर, सूचीमुखीको प्रसंगमा आफ्नो व्यक्तित्व देखाउन उत्सुक देखिएका सारिपुत्र र आफ्नै बहिनी रोहिणी क्षत्री कन्यालाई बुद्धमुखी बनाइ छाड्ने अनुरुद्ध महास्थविरहरू पनि यहीं झण्डै झण्डै उप-नायकको रूपमा चिहाउन आइपुगेका छन् । यसैको प्रसंगमा बुद्ध परिनिर्वाणको हाराहारीमै उपासिकाको रूपमा देखा परेका सुभद्रा र (बन्धुल) मल्लिकादेवीहरूले पनि अन्तिम कौशल देखाउने मौका पाएका छन् ।

जे होस्, यसरी प्रस्तुत संग्रहतिर सिंहावलोकन गर्दा माथिका

Downloaded from http://dhamma.digital/

विभिन्न पात्रहरूलाई दिइएका– चोरी, हिंसा, मृषावाद, छलकपट आदि जस्ता अमानवीय तत्वलाई परित्याग गरी– सहयोग, परोपकार, सहनशीलता र त्याग परायणता जस्ता मानवीय धर्म (कर्तव्य) सम्बन्धी विभिन्न सदुपदेशहरूमध्ये पनि औल्याउन खोज्दा देखिने खास उपदेश मल्लिकाको प्रसंगमा कोशल राजालाई बुद्धले सम्झाएको निम्नगाथा यस संग्रहको सारमध्येको सार हो भन्ने कुरा बुझ्न उति बढी मनन गरिरहनु पर्दैन। जस्तै–

सब्बा दिसा अनुपरिगम्म चेतसा,
ने वज्झगा पियतरमत्तना क्वचि।
एवं पियो पुथु अत्ता परेसं,
तस्मा न हिंसे परमत्तकामो'ति ॥ (पृ. ९७–मल्लिकादेवी)

अर्थात् जसरी जताबाट हेरे पनि आफूभन्दा बढी प्यारो सन्सारमा कोही पनि हुन सक्तैन। जसरी आफूलाई आफै प्यारो लाग्छ त्यसरी नै अरूलाई पनि आफै समान सम्झी अरूलाई दुःख र पीडा दिने कामको साथै हिंसा आदि नगर्नू।

यस्तै यस्ता विषयहरूको प्रदर्शन गराउँदा गराउँदै अन्त्यमा "दानद्वारा नै सबैको उपकार हुन्छ" भन्ने विषयमा आएर यस संग्रहले जसरी लामो विश्राम लिने मनसाय प्रकट गरेको छ त्यसरी नै अनुवादक तथा संग्रहकर्ताज्यू, यहाँको भाषा आदि र बुद्धकालीन महिलाहरूकै विषयका सम्बन्धहरूमा पनि मैले यहाँ उल्लेख नगरेका बाँकी कुराहरू

Downloaded from http://dhamma.digital/

२०३०।५।२७ मा लेखिएको “बुद्धकालीन महिलाहरू” भाग एक (१) संग्रह चार (४) को भूमिकामा अभिव्यक्त गरिसकेका हुनाले मेरो यो अन्य विषयतिरभन्दा बढी सामाजिक विषयतिर विशेष ढल्केको छोटो समीक्षात्मक भूमिकाले पनि अहिलेलाई हतार हतार गरेर यहीं विश्राम लिएको छ।

– वटुकृष्ण “भूषण” एम्. ए.

विजयेश्वरी, स्वयम्भू
काठमाडौं (नेपाल)
२०३९।४।४

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# प्राक्कथन

२७५।२०३० सालमा "बुद्धकालीन महिलाहरू" भाग-१, संग्रह-४ प्रकाशित भएको थियो। २०२८ सालदेखि आजसम्मका बीचमा विभिन्न शीर्षकका बुद्धकालीन संग्रहहरू १८ वटा प्रकाशित भैसकेका छन्। १८ रौं संग्रह प्रकाशित भैसकेपछि स्वास्थ्योपचारको लागि श्रीलंकामा गएको थिएँ। लंमा र थाइलैण्डमा गरी जम्मा १३ महीना जति विदेशमा बसी गत सन् १९८१ जूनको १३ तारिखको दिन काठमाडौं फर्किसकेपछि पुनः पूर्वनिर्धारित कार्यक्रमानुसार बुद्धकालीन ग्रन्थ अनुवाद गर्ने काम शुरु गर्न थालें र यस अघि "संक्षिप्त कथासहित धम्मपद" भाग-१ पाठकवर्गको सामुन्ने प्रस्तुत गरिसकेको छु।

यस बुद्धकालीन महिलाहरू" भाग-२, संग्रह-१९ मा जम्मा १९ पात्रका ३५ सूत्रहरू संग्रहित छन्। पहिलो भागमा १० पात्रका ३७ सूत्रहरू संग्रहित छन्। पाठकवर्गको सुविधाको लागि यसमा समावेश भएका पात्रहरूका नाम-क्रम अकारादि क्रमले लेखिदिएको छु। उन्नाइसजना महिलाहरूका (उपासिकाहरूका) सम्बन्धमा जम्मा ३५ सूत्रहरू मेरो खोजमा प्राप्त भएका छन्। ती हुन्–

Downloaded from http://dhamma.digital/

(१) अङ्गुत्तरनिकायबाट ११, (२) उदानपालिबाट १, (३) थेरी-गाथापालिबाट २, (४) थेरीअपदानपालिबाट १, (५) दीघनिकायपालिबाट १, (६) धम्मपदपालिबाट ४, (७) जातकपालिबाट ३, (८) पाराजिकापालिबाट २, (९) पाचित्तियपालिबाट १, (१०) मज्झिमनिकायपालिबाट १, (११) महावग्गपालिबाट २, (१२) विमानवत्थुपालिबाट १ तथा (१३) संयुत्तनिकायपालिबाट ५ ।

यी सूत्रहरूमध्ये सूत्रपिटकबाट ३० र विनयपिटकबाट ५ छन् । यी सबै सूत्रहरूको अनुवाद यसमा प्रस्तुत गरेको छु । यसको अलावा प्रत्येक पात्रको सम्बन्धमा मूलपालि तथा अट्ठकथामा खोजी गरी उनीहरूको इतिवृत्ति परिचयको रूपमा लेखिदिएको छु । जो पाठकहरूको निमित्त उपयोगी हुनेछ भन्ने विश्वास गरेको छु ।

पहिलो भागका १० जना र यसका १९ जना गरी जम्मा २९ जना महिलाहरूका सम्बन्धमा ७२ सूत्रहरू त्रिपिटक पालिसाहित्यमा पाइएका छन् । यसभन्दा अधिक त्रिपिटक मूलपालिमा कतै कुनै सूत्र उपलब्ध हुन सकेन ।

अङ्गुत्तरनिकाय, अट्ठकनिपातको सामञ्ञवग्गमा उल्लिखित उपासिकाहरूको नामावलीको सूचि मध्ये (१) पदुमा[1], (२) सुतना,

१. यी पदुमलाई डा. मललसेकरले आफ्नो पालिसञ्ञा नाम कोश II. पृ. १३६ मा मेण्डक सेठकी पत्नी चन्दपदुमा भनी उल्लेख गरेका छन् ।

Downloaded from http://dhamma.digital/

(३) मनुजा, (४) उत्तरा, (५) मुत्ता, (६) खेमा, (७) रूची, (८) बिम्बी, (९) तिस्सा, (१०) तिस्समाता, (११) सोणा तथा (१२) सोणायमाता भन्ने १२ जनाको सम्बन्धमा कुनै सूत्र पाइँदैन । यो नामावली अङगुत्तर अट्ठकथामा पनि उल्लेख भएको छ। तुलनाको निमित्त–

अं. नि. अ**ट्ठ**कनिपात पृ. ४२८ : अं. अ. क. अ**ट्ठ**कनिपात पृ. ७९१ :

| | |
|---|---|
| (१) बोज्भा उपासिका | (१) बोज्भा उपासिका |
| (२) सिरिमा | (२) सिरिमा उपासिका |
| (३) पदुमा | (३) पदुमा उपासिका |
| (४) सुतना | (४) सुतना उपासिका |
| (५) मनुजा | (५) मनुजा उपासिका |
| (६) उत्तरा | (६) उत्तरा उपासिका |
| (७) मुत्ता | (७) मुत्ता उपासिका |
| (८) खेमा | (८) खेमा उपासिका |
| (९) रुची | (९) रुची उपासिका |
| (१०) चुन्दी | (१०) चुन्दी राजकुमारी |
| (११) बिम्बी | (११) बिम्बी उपासिका |
| (१२) सुमना | (१२) सुमना राजकुमारी |
| (१३) मल्लिका | (१३) मल्लिकादेवी |
| (१४) तिस्सा | (१४) तिस्सा उपासिका |
| (१५) तिस्समाता | (१५) तिस्सायमाता उपासिका |

Downloaded from http://dhamma.digital/

| | |
|---|---|
| (१६) सोणा | (१६) सोणा उपासिका |
| (१७) सोणायमाता | (१७) सोणायमाता उपासिका |
| (१८) काणा | (१८) उत्तरा नन्दमाता |
| (१९) काणमाता | (१९) विशाखा मिगारमाता |
| (२०) उत्तरा नन्दमाता | (२०) खुज्जुत्तरा उपासिका |
| (२१) विसाखा मिगारमाता | (२१) सामावती उपासिका |
| (२२) खुज्जुत्तरा उपासिका | (२२) सुप्पवासा कोलियधीता |
| (२३) सामावती उपासिका | (२३) सुप्पिया उपासिका |
| (२४) सुप्पवासा कोलियधीता | (२४) नकुलमाता गहपतानी |
| (२५) सुप्पिया उपासिका | |
| (२६) नकुलमाता गहपतानी | |

उपर्युक्त नाम-सूचिको अलावा त्रिपिटक पालिसाहित्यमा यत्रतत्र उल्लेख भएका उपासिकाका नामहरू यस प्रकार भेट्टिएका पाइन्छन्– असोका भन्ने उपासिकाको नाम सं. नि. IV. पृ. ३०५ : दुतिय गिञ्जकावसथ सूत्रमा, कालिगोधा भन्ने शाक्यनीको नाम सं. नि. IV. पृ. ३३८ : कालिगोधा सूत्रमा, सुजाता भन्ने उपासिकाको नाम सं. नि. IV. ३०३ : पठम गिञ्जकावसथ सूत्रमा, कुच्छिमति भन्ने रानीको नाम म. नि. II. पृ. ३४३ : बोधिराजकुमार सूत्रमा, पुण्णिका दासीको नाम म. नि. II. पृ. ४७३ : सुभ सूत्रमा, गोपिका भन्ने शाक्यपुत्रीको नाम दी. नि. IV. पृ. २०२ : सक्कपञ्ह सूत्रमा, सालवती उपासिकाको नाम महा. व. पा. पृ. २८६ : जीवकवत्थुमा, अलोमा भन्ने

Downloaded from http://dhamma.digital/

उपासिकाको नाम विमा. व. पा. पृ. ६३ : अलोमा विमानमा, रेवती भन्ने उपासिकाको नाम विमा. व. पा. पृ. ७७ : रेवती विमानमा, उब्बरी कुमारीको नाम पेत. व. पा. पृ. १७३ : उब्बरी पेतवत्थुमा, उत्तरामातु भन्ने स्त्रीको नाम पेत. व. पा. पृ. १६९ : उत्तरमातु पेतवत्थुमा, नन्दा भन्ने उपासिकाको नाम पेत. व. पा. पृ. १५२ : नन्दा पेतवत्थुमा, रेवती भन्ने स्त्रीको नाम पेत. व. पा. पृ. २१७ : रेवती पेतवत्थुमा तथा सेरिणी भन्ने महिलाको नाम पेत. व. पा. पृ. १८ : सेरिणी पेतवत्थुमा पाइन्छन्। यसको अतिरिक्त अट्ठकथाहरूमा धेरै उपासिकाहरूका नामहरू भेट्टिन्छन्। जसको खोजीको काम "बुद्धकालीन" परिधि भित्र आउँदैन।

यस संग्रहमा उल्लिखित १९ जना महिलाहरूको सम्बन्धमा पाइएका ३५ सूत्रहरू यसप्रकार हुन्–

१. अम्बपाली गणिका

| | | पृष्ठ[1]: |
|---|---|---|
| १. महा. व. पा. | पृ. २८६ : जीवकवत्थु, चीवरक्खन्धकं | ८ |
| २. महा. व. पा. | पृ. २४६ : अम्बपालीवत्थु, भेसज्जक्खन्धकं | १० |
| ३. थेरी. गा. पा. | पृ. ४३८ : अम्बपाली थेरगाथा | १४ |
| ४. थेरी. अप. दा. पा. | पृ. २९० : अम्बपालीथेरी अपदानं | १८ |

२. काणमाता

| | | |
|---|---|---|
| ५. पाचि. पा. | पृ. ११२ : चतुतिंसतिमपाचित्तियं | २६ |
| ६. धम्म. प. पा. | पृ. २५ : पण्डितवग्गो गा. नं. ८२ | २९ |

१. यसै पुस्तकको पृष्ठ।

Downloaded from http://dhamma.digital/

३. कालिगोधा शाक्य

७. सं. नि. IV. पृ. ३३८ : कालिगोधसुत्तं, सोतापत्तिसंयुत्तं ३१

४. चिञ्चा माणविका

८. जा. पा. I. पृ. २४६ : महापदुम जातकं नं. ४७२ ४१
९. जा. पा. I. पृ. २७ : बन्धनमोक्ख जातकं नं. १२० ४४
१०. धम्म. प. पा. पृ. ३४ : लोकवग्गो गा. नं. १७६ ४५

५. चुन्दी राजकुमारी

११. अं. नि–५ पृ. ३०१ : चुन्दीसुत्तं, सुमनवग्गो ४८

६. चूलसुभद्रा

१२. धम्म. प. पा. पृ. ४५ : पकिण्णकवग्गो, गा. नं. ३०४ ६५

७. बोज्भा उपासिका

१३. अं. नि–८ पृ. ३५६ : बोज्भसुत्तं, उपोसथवग्गो ६६

८. मल्लिकादेवी

१४. सं. नि. I. पृ. ७३ : मल्लिकादेवीसुत्तं, कोसलसंयुत्तं ९६
१५. म. नि. II. पृ. ३५२: पियजातिकसुत्तं ९९
१६. सं. नि. I. पृ. ८५ : मल्लिकासुत्तं, कोसलसंयुत्तं १११
१७. अ. नि–४ पृ. २१६ : मल्लिकादेवीसुत्तं, महावग्गो ११३
१८. अ. नि–५ पृ. ३२१ : कोसलसुत्तं, मुण्डराजवग्गो ११९

Downloaded from http://dhamma.digital/

९. (बन्धुक) मल्लिका

| | | | | |
|---|---|---|---|---|
| १९. | विमा. व. पा. | पृ. ५६ : | मल्लिकाविमानवत्थु | ९६ |

१०. मृगशाला उपासिका

| | | | | |
|---|---|---|---|---|
| २०. | अ. नि–६ | पृ. ६२ : | मिगसालासुत्तं, धम्मिकवग्गो | १४० |
| २१. | अ. नि–१० | पृ. २०९ : | मिगसालासुत्तं, आकङ्खवग्गो | १४७ |

११. रोहिणी क्षत्री कन्या

| | | | | |
|---|---|---|---|---|
| २२. | धम्म. प. पा. | पृ. ३८ : | कोधवग्गो, गा. नं. २२१ | १६३ |

१२. वेलुकण्टकी नन्दमाता

| | | | | |
|---|---|---|---|---|
| २३. | अ. नि–७ | पृ. २०० : | नन्दमातासुत्तं, महायञ्ञवग्गो | १७३ |
| २४. | अं. नि–६ | पृ. ५१ : | दानसुत्तं, देवतावग्गो | १८० |
| २५. | सं. नि. II. | पृ. १९६ : | एकधीतुसुत्तं, लाभसक्कारसंयुत्तं | १८४ |
| २६. | अं. नि–२ | पृ. ८१ : | आयाचनावग्गो | १८६ |

१३. श्रद्धा उपासिका

| | | | | |
|---|---|---|---|---|
| २७. | पारा. पा. | पृ. ४९ | विनितवत्थु, पठमपाराजिकं | १८८ |

१४. सुजाता (बुहारी)

| | | | | |
|---|---|---|---|---|
| २८. | अ. नि–७ | पृ. २२३ : | भरियासुत्तं, अब्याकतवग्गो | १९३ |

Downloaded from http://dhamma.digital/

१५. सुन्दरी परिब्राजिका

२९. उदा. पा. पृ. ११३ : सुन्दरीसुत्तं, मेघियवग्गो २२१
३०. जा. पा. पृ. ७९ : मणिसूकर जातकं नं. २८५ २२६

१६. सुब्बा उपासिका

३१. पारा. पा. पृ. ४९ : विनीतवत्थु, पठमपाराजिकं २२९

१७. सुभद्रादेवी

३२. दी. नि. पा. II. पृ. १४४ : महासुदस्सन सूत्रबाट २३५

१८. सुमना राजकुमारी

३३. अ. नि–५ पृ. २९९ : सुमनसुत्तं, सुमनवग्गो २५३
३४. थेरी. गा. पा. पृ. ४०६ : वुड्ढपब्बजित सुमनाथेरीगाथा २५९

१९. मृगशाला उपासिका

३५. सं. नि. II. पृ. ४५३ : सूचिमुखीसुत्तं, सारिपुत्तसंयुत्तं २६२

x x x

२०२८ सालदेखि शुरु गरिएको यस बुद्धकालीन ग्रन्थहरू सम्पादनको कार्यमा निरन्तर सहयोग दिंदै आइरहनु भएका प्राध्यापक श्री वटुकृष्ण 'भूषण' एम. ए. ले यस पुस्तकको भाषा पनि संशोधनका

Downloaded from http://dhamma.digital/

साथ प्रूफ हेर्नुमा ठूलो मद्दत गर्नु भएकोमा उहाँप्रति म सारै आभारी छु। त्यस्तै गरी आयुष्मान् कुमार काश्यपले पनि झर्को नमानी अघि अघि जस्तै नामावली आदिको प्रारम्भिक शब्दहरू लेखिदिनु भएकोमा उहाँ प्रति पनि मेरो हार्दिक धन्यवाद छ। त्यस्तै गरी श्री खड्गबहादुर उपासकलाई हार्दिक धन्यवाद ज्ञापन गरेको छु जसले अल्छी नमानी दिनुहुँ झैं प्रेसमा गई प्रूफ ल्याउने लैजान सेवा गरेका छन्। आनन्दकुटी विहार गुठीलाई पनि धन्यवाद नदिई बस्न सक्दिन जसले बुद्धकालीन ग्रन्थमाला प्रकाशन गर्ने काममा ठूलो अभिरुचि राखी गुठी स्थापना भएदेखि अहिलेसम्म प्रकाशन गर्दै नेपाली साहित्यको ठूलो सेवा गरेको छ।

अघि अघिको आफ्नो प्राक्कथनमा मैले व्यक्त गरिसकेको छु कि बुद्धकालीन ग्रन्थहरू सम्पादन गर्ने काम सम्पूर्ण गर्नको लागि जीवनभर लाग्ने छ। यस संग्रहपछि "बुद्धकालीन श्रावकचरित" भाग–२ को प्रकाशनतिर ध्यान राख्ने छु। यसमा भगवान बुद्धका अग्रश्रावक हुनु भएका सारिपुत्र महास्थविरको सम्बन्धमा संग्रह गर्नेछु। महिलासंग्रह समाप्ति यसै संग्रहबाट भएको छ।

x x x

यस प्राक्कथनलाई अंग्रेजीमा तयार पारिदिएकोमा आयुष्मान् सुशोभन भिक्षुलाई र भूमिका लेखिदिनु भएकोमा प्रा. श्री वटुकृष्ण 'भूषण' लाई पनि धन्यवाद सहित कृतज्ञता ज्ञापन गरेको छु।

Downloaded from http://dhamma.digital/

पाठकहरूको सुविधाको लागि ग्रन्थको पादटिप्पणी समेतलाई ध्यानमा राखी ग्रन्थको अन्तमा, नामावली, शब्दावली तथा गाथा-सूची राखिदिएको छु ।

"चिरं तिट्ठतु सद्धम्मो"

– भिक्षु अमृतानन्द

आनन्दकुटी विहार, स्वयम्भू
काठमाडौं, नेपाल ।
श्रावण ५, २०३९
फो. नं. १४४२०

Downloaded from http://dhamma.digital/

## मूल ग्रन्थहरू–

(१) अङ्गुत्तरनिकायपालि I, II, III, IV
(२) इतिवुत्तकपालि
(३) जातकपालि I
(४) थेरीगाथापालि
(५) थेरीअपदानपालि
(६) दीघनिकायपालि II
(७) धम्मपदपालि
(८) पाराजिकपालि
(९) पाचित्तियपालि
(१०) मज्झिमनिकायपालि II
(११) महावग्गपालि
(१२) विमानवत्थुपालि
(१३) संयुत्तनिकायपालि

(नालन्दा प्रकाशन)

Downloaded from http://dhamma.digital/

## सहायक ग्रन्थहरू–

अङ्गुत्तरनिकाय १, २, ६, ७, १० (नालन्दा प्रकाशन)
अङ्गुत्तरनिकायट्ठकथा I, II, (हेवावितारण प्रकाशन)
अपदानट्ठकथा I, II
इतिवुत्तकट्ठकथा (नालन्दा प्रकाशन)
उदानट्ठकथा (हेवावितारण प्रकाशन)
जातकट्ठकथा I, II (सीलानन्दत्थेर)
जातकट्ठकथा III, IV, V, VI, VII (हेवावितारण प्रकाशन)
थेरगाथाट्ठकथा (हेवावितारण प्रकाशन)
थेरीगाथट्ठकथा (हेवावितारण प्रकाशन)
दीघनिकायपालि I, II, III (नालन्दा प्रकाशन)
दीघनिकायट्ठकथा (हेवावितारण प्रकाशन)
दीघनिकायटीका (सोमावती हेवावितारण प्रकाशन)
धम्मपदट्ठकथा (बुद्धदत्तमहाथेर)
पाचित्तियपालि (नालन्दा प्रकाशन)
बुद्धवंसपालि (नालन्दा प्रकाशन)
बुद्धकालीन महिलाहरू (आ.कु.वि. गुठी प्रकाशन)
बुद्धकालीन राजपरिवार भा–१, (आ.कु.वि. गुठी प्रकाशन)
बुद्धकालीन गृहस्थीहरू भा–१, २ (आ.कु.वि. गुठी प्रकाशन)

Downloaded from http://dhamma.digital/

बुद्धकालीन श्राविका चरित भा–१, (आ.कु.वि. गुठी प्रकाशन)
बुद्धकालीन ब्राह्मण भा–२, (आ.कु.वि. गुठी प्रकाशन)
मज्झिमनिकायट्ठकथा III, (हेवावितारण प्रकाशन)
मज्झिमनिकायपालि II (नालन्दा प्रकाशन)
मनोरथपूरणी II (हेवावितारण प्रकाशन)
विमानवत्थु अट्ठकथा (हेवावितारण प्रकाशन)
संयुत्तनिकायपालि I, II, III, IV (नालन्दा प्रकाशन)
संयुत्तनिकायट्ठकथा I, II, III (हेवावितारण प्रकाशन)
समन्तपासादिका I, II (नालन्दा प्रकाशन)
सुत्तनिपातपालि (नालन्दा प्रकाशन)
सुत्तनिपातट्ठकथा II (नालन्दा प्रकाशन)
अभिधानप्पदीपिका (स्वामी द्वारिकादास शास्त्री)
अभिधानप्पदीपिका (वासकडुवे सुभूतिथेर)
अट्ठकथासूची I, II, III (एम्. डि. गुणसेन प्रकाशन)
शब्दार्थ-कौस्तुभ (चतुर्वेदी द्वारिकाप्रसाद शर्मा)
The Pali Text Society's Pali-English Dictionary.

Downloaded from http://dhamma.digital/

## संकेत-शब्दको अर्थ–

अ. क. = अट्ठकथा ।

अं. नि. अ. क. = अङ्गुत्तरनिकायट्ठकथा ।

अं. अ. क. = अङ्गुत्तरनिकायट्ठकथा ।

अं. नि–१ = अंगुत्तरनिकाय एककनिपात ।

अप. दा. अ. क. = अपदानअट्ठकथा ।

अप. दा. पा. = अपदानपालि ।

इति. वु. पा. = इतिवुत्तकपालि ।

इति. वु. अ. क. = इतिवुत्तकट्ठकथा ।

उदा. अ. क. = उदानट्ठकथा ।

जा. पा. = जातकपालि ।

जा. अ. क. = जातकट्ठकथा ।

थेरी. गा. पा. = थेरीगाथापालि ।

थेरी. अप. पा. = थेरीअपदानपालि ।

थेर. गा. अ. क. = थेरगाथा अट्ठकथा ।

दी. नि = दीघनिकायपालि ।

दी. नि. अ. क. = दीघनिकायट्ठकथा ।

दी. नि. टी. = दीघनिकायटीका ।

धम्म. प. पा. = धम्मपदपालि ।

Downloaded from http://dhamma.digital/

धम्म. प. अ. क. = धम्मपदट्ठकथा ।

पाचि. पा. = पाचित्तियपालि ।

पारा. पा = पाराजिकपालि ।

बु. गृ. भा–१ = बुद्धकालीन गृहस्थीहरू भाग–१

बु. रा. भा–१ = बुद्धकालीन राजपरिवार भाग–१

बु. ब्रा. भा–१ = बुद्धकालीन ब्राम्हण भाग–१

बु. म. भा–१ = बुद्धकालीन महिलाहरू भाग–१

बु. श्रावि. च. भा–१ = बुद्धकालीन श्राविकाचरित भाग–१

बु. वं. पा. = बुद्धवंसपालि ।

म. नि. = मज्झिमनिकाय ।

म. नि. अ. क. = मज्झिमनिकायट्ठकथा ।

महा. व. पा. = महावग्गपालि ।

मनो. र. पू. = मनोरथपूरणी ।

विमा. व. पा. = विमानवत्थुपालि ।

विमा. व. अ. क. = विमानवत्थु अट्ठकथा ।

सं. नि. = संयुत्तनिकायपालि ।

सं. नि. अ. क. = संयुत्तनिकायट्ठकथा ।

सम. पा. = समन्तपासादिका ।

सुत्त. नि. पा. = सुत्तनिपातपालि ।

सुत्त. नि. अ. क. = सुत्तनिपातट्ठकथा ।

D. P. P. I, II = Dictionary of Pali-Proper Names.

Downloaded from http://dhamma.digital/

# त्रि-पिटक सूची

## सुत्तपिटक

१. दीघनिकाय
२. मज्झिमनिकाय
३. संयुत्तनिकाय
४. अङ्गुत्तरनिकाय
५. खुद्दकनिकाय
   १. खुद्दकपाठ
   २. धम्मपद
   ३. उदान
   ४. इतिवुत्तक
   ५. सुत्तनिपात
   ६. विमानवत्थु
   ७. पेतवत्थु
   ८. थेरगाथा
   ९. थेरीगाथा
   १०. जातक
   ११. निद्देस
      क. महानिद्देस
      ख. चूलनिद्देस
   १२. पटिसम्भिदामग्ग
   १३. अपदान
   १४. बुद्धवंश

## विनयपिटक

१. पाराजिकापालि
२. पाचित्तियपालि
(सुत्तविभ□)
३. महावग्गपालि
४. चूलवग्गपालि
(खन्धक)

## अभिधम्मपिटक

१. धम्मस□णि
२. विभ□
३. धातुकथा
४. पुग्गलपञ्ञत्ति
५. कथावत्थु
६. यमक

Downloaded from http://dhamma.digital/

# विषय–सूची


| विषय : | पृष्ठ : | पृष्ठ : |
|---|---|---|
| १. **अम्बपाली गणिका** | १–२० | |
| परिचय | | १ |
| पूर्वकथा | | १ |
| अम्बपालीको बुद्धसँग भेट | | ३ |
| अम्बपाली भिक्षुणी भइन् | | ४ |
| अम्बपाली शब्दहरू | | ६ |
| १– बैशालीमा अम्बपाली गणिका | | ८ |
| २– अम्बपालीको आम्रबन दान | | १० |
| ३– अम्बपालीको अनित्यभावना | | १४ |
| ४– अम्बपालीको पूर्वकथा | | १८ |
| २. **काणमाता** | २१–२९ | |
| परिचय | | २१ |
| १– रोटी दानको कारणले पतिसँग वियोग | | २६ |
| २– निर्मल चित्त | | २९ |


Downloaded from http://dhamma.digital/

| विषय : | पृष्ठ : | पृष्ठ : |
|---|---|---|
| ३. **कालिगोधा शाक्य** | ३०–३३ | |
| परिचय | | ३० |
| १– अचल प्रसन्नता | | ३१ |
| ४. **चिञ्चा माणविका** | ३४–४५ | |
| परिचय | | ३४ |
| १– महापदुम जातक | | ४१ |
| २– बन्धनमोक्ख जातक | | ४४ |
| ३– मृषावाद ठूलो पाप हो | | ४५ |
| ५. **चुन्दी राजकुमारी** | ४६–५१ | |
| परिचय | | ४६ |
| १– बुद्धको शरणमा जानेले सुगति पाउँछ | | ४८ |
| ६. **चूलसुभद्रा** | ५२–६५ | |
| परिचय | | ५२ |
| चूलसुभद्राको विवाह | | ५२ |
| दश अर्ति | | ५४ |
| बुद्धलाई निम्तो | | ५७ |
| १– सत्पुरुष हिमाल जस्तै देखिन्छ | | ६५ |
| ७. **बोज्भा उपासिका** | ६६–७५ | |
| १– अष्टाङ्ग उपोसथ | | ६६ |
| दिव्य-आयु | | ७० |


Downloaded from http://dhamma.digital/

| विषय : | पृष्ठ : | पृष्ठ : |
|---|---|---|
| ८. **मल्लिकादेवी** | ७६–१२४ | |
| परिचय | | ७६ |
| अग्रमहिषीपद | | ७६ |
| मल्लिका र प्रसेनजित् कोशल | | ७८ |
| मल्लिकादेवीकी छोरी | | ८८ |
| धर्मश्रवणमा अभिरूची | | ८९ |
| १– आफूभन्दा प्यारो अरू कोही छैन | | ९६ |
| २– प्रेमबाट शोक उत्पन्न हुन्छ | | ९९ |
| जेवाडेको सहमति | | १०० |
| कोशल राजासँग कुराकानी | | १०२ |
| ३– नारी पनि पुरुषभन्दा श्रेष्ठ हुनसक्छे | | १११ |
| ४– स्त्री कसरी कुरूपा हुन्छे | | ११३ |
| ५– मल्लिकादेवीको मृत्यु | | ११९ |
| ९. (**बन्धुल**) **मल्लिका** | १२५–१३७ | |
| परिचय | | १२५ |
| बन्धुल सेनापतिकी भार्या | | १२५ |
| पति वियोग | | १२९ |
| बुद्धको अन्तिम पूजा | | १३१ |
| १– त्रयस्त्रिंश देवलोकमा मल्लिका | | १३५ |


Downloaded from http://dhamma.digital/

| विषय : | पृष्ठ : | पृष्ठ : |
| --- | --- | --- |
| १०. **मृगशाला उपासिका** | १३८–१५७ | |
| परिचय | | १३८ |
| १– व्यक्ति प्रमाण हुन सक्तैन | | १४० |
| २– लोकमा दशप्रकारका मानिसहरू छन् | | १४७ |
| ११. **रोहिणी क्षत्री कन्या** | १५८–१६३ | |
| परिचय | | १५८ |
| १–क्रोध नगर | | १६३ |
| १२. **बेलुकण्टकी नन्दमाता** | १६४–१८६ | |
| परिचय | | १६४ |
| भिन्नाभिन्नै नन्दमाताहरू | | १७२ |
| १– सप्त आश्चर्य गुणहरू | | १७३ |
| २– षडङ्गपूर्ण-दान | | १८० |
| ३– मापदण्ड | | १८४ |
| ४– आयाचना | | १८६ |
| १३. **श्रद्धा उपासिका** | १८७–१८८ | |
| परिचय | | १८७ |
| १– अन्धभक्ति | | १८८ |

Downloaded from http://dhamma.digital/

| विषय : | पृष्ठ : | पृष्ठ : |
|---|---|---|
| १४. **सुजाता** (**बुहारी**) | १८९–२०० | |
| परिचय | | १८९ |
| १– सातप्रकारका भार्याहरू | | १९३ |
| १५. **सुन्दरी परिव्राजिका** | २०१–२२७ | |
| परिचय | | २०१ |
| भगवानको लाभसत्कार | | २०१ |
| अन्य तीर्थियहरूको ईर्ष्या | | २०३ |
| सुन्दरीको हत्या | | २०७ |
| बुद्धको अधिक लाभ | | २१० |
| कर्मको अवशेष भाग | | २१३ |
| विभिन्न सुन्दरी नामहरू | | २१८ |
| १–सुन्दरीको हत्या | | २२१ |
| २–मणिसूकर जातक | | २२६ |
| १६. **सुपब्बा उपासिका** | २२८–२३० | |
| परिचय | | २२८ |
| १– मुग्ध श्रद्धा | | २२९ |
| १७. **सुभद्दादेवी** | २३१–२३९ | |
| परिचय | | २३१ |
| विभिन्न सुभद्दा नामहरू | | २३३ |
| १– महासुदर्शनलाई हेर्न गइन् | | २३५ |


Downloaded from http://dhamma.digital/

| विषय : | पृष्ठ : | पृष्ठ : |
|---|---|---|
| १८. **सुमना राजकुमारी** | २४०–२५९ | |
| परिचय | | २४० |
| पूर्वकथा | | २४० |
| वर्तमान कथा | | २४३ |
| विभिन्न सुमनाहरू | | २४८ |
| १–दानद्वारा सबैको उपकार हुन्छ | | २५३ |
| २– तिमी निवृत भयौ | | २५९ |
| १९. **सूचिमुखी परिव्राजिका** | २६०–२६५ | |
| परिचय | | २६० |
| १– सूचिमुखी परिव्राजिका | | २६२ |
| नामावली | | २६७ |
| शब्दावली | | २८२ |
| गाथा-सूची | | ३०८ |


Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

# बुद्धकालीन महिलाहरू

(भाग–२)

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# १. अम्बपाली गणिका

## परिचय

### पूर्वकथा

सिखि बुद्धको पालामा उहाँको धर्ममा प्रव्रजितभई भिक्षुणी भएकी शीलवति एउटी भिक्षुणी थिइन् । एकदिन भिक्षुणीहरूका साथ चैत्य वन्दना गरी प्रदक्षिणा गरिरहेको बेलामा अघिल्तिर हिडिरहेकी एक भिक्षुणीको हाछ्यूँ गर्दा नाकबाट सिंगान खसी चैत्यको प्रांगणमा पऱ्यो । उनी अरहन्त थिइन् । उनले सिंगान खसेको देखिनन् । उनको पछि पछि हिडिरहेकी सो भिक्षुणीले सिंगान देखेर “कस्ति गणिका होलिन्, यस्तो ठाउँमा सिंगान फ्याक्ने !” भनी गालि गरिन् । भिक्षुणी भावमा बस्दा उनलाई गर्भवासमा सारै घृणा लाग्दथ्यो र ओपपातिक (. औपपातिक) भावतिर उनको मन निकै गएको थियो ।

Downloaded from http://dhamma.digital/

# वर्तमान कथा

त्यसै चित्तको प्रभावद्वारा अन्तिम आत्मभावमा उनी बैशाली नगरको एक आँपको रुखको फेदमा ओपपातिका[1] भई उत्पन्न भइन् । अनि एउटा बगैंचेले देखेर उनलाई लग्यो। आँपको रुखको फेदमा उत्पन्न भएकी हुनाले उनको नाम 'अम्बपाली' भन्ने राखिदियो । क्रमशः उनी अत्यन्त रूपवती हुँदै आइन् । समय बित्दै गएपछि उनैको कारणलाई लिएर वैशालीवासी लिच्छवी कुमारहरूको बीचमा झगडा भयो । अनि न्यायाधीशले "सबैको लागि होस्" भन्ने हेतुले उनलाई गणिका घोषित गरी वैशाली नगरमा राखिदियो भन्ने कुरा अम्बपाली थेरी अट्ठकथा (पृ. १६३) मा उल्लेख भएको छ ।

त्यसताका बैशाली नगर कस्तो थियो भन्ने कुरा यसैमा अनुदित "अम्बपाली गणिका" भन्ने शीर्षकले प्रष्ट गरेको छ । मगध नरेश बिम्बिसारले वैशालीकी अम्बपाली गणिकाको बयान सुनेको **कुरा पनि यसै सूत्रमा** उल्लेख भएको छ । उनको बयान सुनेर तरुण बिम्बिसार राजा कामाभिभूत भए। अनि छद्मभेष लिई केही मानिसहरूका साथ वैशाली नगरमा गई **अम्बपाली गणिकासाग एक रात सहवास गरेका थिए। यस सहवासबाट** अम्बपाली गणिकाले विमल भन्ने छोरा

१. जन्म हुने योनि चारवटा छन् जस्तै–(१) अण्डज-योनि, (२) जलाबुज-योनि, (३) संसेदज-योनि र (४) ओपपातिक-योनि। यसबारे हेर्न लेखकको बु. प्रे. पृ. ३ देखि ।

Downloaded from http://dhamma.digital/

पाएकी थिइन् । पछि उनी बुद्धशासनमा प्रव्रजित भई विमल कोण्डञ्ञ नामले अरहत् भए[1] ।

## अम्बपालीको बुद्धसाग भेट

धेरै दिन पछि अर्थात बुद्धको अन्तिम समयतिर अम्बपाली गणिकाले बुद्धसँग भेटेको कुरा महापरिनिब्बानसुत्तमा[2] र महावग्गपालि, भेसज्जक्खन्धमा[3] उल्लेख भएको पाइन्छ । जुन सूत्रको अनुवाद यसै संग्रहको "अम्बपालीको आम्रवन दान" भन्ने शीर्षकमा गरेको छु । यस दर्शन भेटमा अम्बपाली गणिका भगवानप्रति प्रसन्न भई आफ्नो आम्रवनमा बुद्ध सहित भिक्षुसङ्घलाई भोजन दान दिएकी मात्र होइनन् आफ्नो आम्रवन समेत बुद्धलाई प्रदान गरेकी थिइन् भन्ने कुरा तल अनुदित उक्त सूत्रमै समुल्लेख भएको छ । उनैले रोपेर बनाइराखेको निजि उदद्यान यो आम्रवन वैशाली नगरमै थियो भन्ने कुरा संयुत्तनिकाय अट्ठकथा (भाग ३, पृ. १४८) अम्बपाली सुत्तवण्णनाले र थेरीगाथा अट्ठकथा (पृ. १६३) अम्बपाली थेरीगाथा वण्णनाले समुल्लेख गरेका छन् । भगवानको उपदेशद्वारा प्रभावित भई अम्बपालीले आफ्नो आम्रवनमा विहारहरू (= घरहरू) बनाई बुद्ध

---

१. थेर. गा. अ. क. I. पृ. १४६: विमलकोण्डञ्ञत्थेरगाथावण्णना ।

२. दी. नि. II. पृ. ७६.

३. पृ. २४६.

Downloaded from http://dhamma.digital/

सहित भिक्षुसङ्घलाई प्रदान गरेको कुरा पनि त्यसै ग्रन्थमा उल्लेख भएको पाइन्छ।

भगवानको दर्शनार्थ आम्रवनमा अम्बपाली जाँदा भगवानसँग बसिरहेका, भरखरै प्रव्रजित भएका नौला नौला पाँचशय भिक्षुहरूको[१] स्मृति (=होस) अम्बपालीलाई देखेर विचलित नहोस् भन्नको लागि उहाँले विशेषरूपले काय-वाक्चित्तमा होस (=स्मृति) थातमा राखी बस्नको निमित्त सतिपट्ठानको कुरा बताउनु भएको थियो[२]। यस कथनबाट यो अनुमान लगाउन सकिन्छ कि अम्बपाली गणिका कति राम्री होलिन् जसले गर्दा भरखरै प्रव्रजित भएका भिक्षुहरूको मन विचलित हुन सक्ने। यस्तै प्रसंगमा आनन्द स्थविरले पनि "पस्सचित्तकतं बिम्बं..." आदि भनी भिक्षुहरूलाई उपदेश गर्नुभएको कुरा थेरगाथा अट्ठकथामा[३] उल्लेख भएको **पाइन्छ।**

## अम्बपाली भिक्षुणी भइन्

यसपछि अम्बपाली गणिका विरक्त भएर आफ्नो पुत्र आयुष्मान् विमल कोण्डञ्ञको धर्मकथा सुनी प्रव्रजित भएकी थिइन्[४]। प्रव्रजित भएपछि विपश्यना ध्यान सहित आफ्नो शरीरको अनित्यता

१. दी. नि. टी. पृ. ३८९: अम्बपालिगणिकावत्थुवण्णना।

२. दी. नि. अ. क. I पृ. ३७७: महापरिनिब्बानसुत्तवण्णना।

३. आनन्दत्थेरगाथावण्णना पृ. १२९.

४. थेरी. गा. अ. क. पृ. १६३: अम्बपालीथेरीगाथावण्णना।

Downloaded from http://dhamma.digital/

माथि विचारगरी संसारको अनित्यतामा ध्यानराखी, दुःख र अनात्म भन्ने कुरा थाहापाई अन्तमा अरहन्त भइन्[1]।

कुन प्रकारले उनले आफ्नो शरीरमा अनित्यताबारे विचार गरेकी थिइन् भन्ने कुरा अगाडि अनुदित "अम्बपालीको अनित्य भावना" भन्ने शीर्षकको मूल सूत्रमै प्रष्ट भएको छ। अरहन्त भइसकेपछि आफ्नो दिव्यचक्षु तथा पूर्वानुस्मृति ज्ञानद्वारा अघि अघिका जन्ममा आफूले के के गरेर आएकी थिइन् भन्ने कुरा अगाडि अनुदित "अम्बपालीको पूर्वकथा" ले प्रष्ट पारेको छ। यस अनुसार अम्बपाली थेरीले "फुस्स बुद्ध[2]" का पालासम्मको कुरा बताएकी छिन्।

x x x

१. थेरी. गा. अ. क. पृ. १६६: अम्बपालीथेरीगाथावण्णना।

२. बु. बं. पा. पृ. ३६०, वर्तमान बुद्धभन्दा अघि सातवां बुद्ध 'फुस्सबुद्ध' हुनु भएको थियो।

Downloaded from http://dhamma.digital/

# अम्बपाली शब्दहरु

(१) अम्बपालीवग्ग – यो सं. नि. IV. पृ.१२२ को सतिपट्ठानसंयुत्तको पहिलो वर्ग हो।

(२) अम्बपालीसुत्तं – यो सं. नि. IV. पृ. १२२, सतिपट्ठानसंयुत्तको पहिलो सूत्र हो। यस सूत्रमा संक्षेपरूपले चार सतिपट्ठानको कुरा बताइएको छ।

(३ अम्बपालीवनसुत्तं – (अम्बपालिसुत्तं) यो सूत्रमा सारिपुत्र र अनुरुद्ध स्थविरको बीचमा प्रश्नोत्तर भएको कुरा छ। सारिपुत्र स्थविरले अनुरुद्ध स्थविरसँग "तपाई कुन चाहि ध्यानमा धेरै बस्नु हुन्छ" भनी सोध्दा अनुरुद्ध स्थविरले "चारसतिपट्ठानमा" भनी बताउनु भएको छ। सं. नि. IV. पृ.२५७.

(४)अम्बपालीबन– यो बन अम्बपाली गणिकाको निजि उदचान बन हो। यो वैशाली नगरमै थियो। पछि यो बन बुद्ध सहित भिक्षुसङ्घलाई दान दिएकी थिइन्। परिनिर्वाण हुनको लागि कुशीनगर जाँदा भगवानबुद्ध यस बनमा जानुभई केही दिन बस्नु भएको थियो। (दी. नि. II. पृ. ७८; महा. व. पा. पृ. २४८) यस बनमा उहाँले अनित्यताको बारेमा **उपदेश गर्नु भई ...सत्तसुरियसुत्तं को देशना गर्नु भएको थियो।**

Downloaded from http://dhamma.digital/

(अं. नि-७, पृ.२३०) अम्बपालीले आँपको रुख रोपेको बन भएको हुनाले यस बनलाई 'अम्बपालीबन' भनिएको हो । (सं. नि .अ. क. III. पृ. १४८: अम्बपालिसुत्तवण्णना, अम्बपालिवग्गो ।)

x x x

Downloaded from http://dhamma.digital/

मूल सूत्र-

## १– बैशालीमा अम्बपाली गणिका

त्यसबखत बुद्ध भगवान राजगृहको बेणुवनस्थित कलन्दक निवापमा बस्नु भएको थियो[१] ।

त्यस समय वैशाली नगर समृद्ध, उन्नत, बहुजनाकीर्ण तथा सुभिक्ष थियो। सातहजार सातशय सात (७,७०७) प्रासादहरू, सातहजार सातशय सात (७,७०७) कूटागार (= घर) हरू, सातहजार सातशय सात (७,७०७)आरामहरू (=उदचानहरू) र सातहजार सातशय सात ( ७,७०७)पोखरीहरू थिए । अम्बपाली (अम्ब्रपाली) गणिका अभिरूपा, दर्शनीया, प्रासादिका तथा परम रूपवती थिइन्। उनी नाच गान र बाजा बजाउनमा सिपालु थिइन्। इच्छुक मानिसहरू रातको पचास कार्षापण (त्यस समयको रूपैयाँ) दिएर उनकहाँ जान्थे। यसले गर्दा वैशाली नगर अत्यन्त चहकिलो देखिन्थ्यो ।

त्यस समय राजगृहका ब्यापारीहरू (नेगमो) केही कामले वैशालीमा गए । अनि राजगृहका ब्यापारीहरूले वैशाली नगर सुसमृद्ध, उन्नत, बहुजनाकीर्ण तथा सुभिक्ष भएको देखे । सातहजार सातशय सात प्रासादहरू, सातहजार सातशय सात कूटागारहरू,

---

१. महा. व. पा. पृ. २८६: जीवकवत्थु, चीवरक्खन्धकं, अ. क. III. पृ. ११८१.

Downloaded from http://dhamma.digital/

सातहजार सातशय सात आरामहरू र सातहजार सातशय सात पोखरीहरू पनि देखे। अभिरूपा, दर्शनीया, प्रासादिका तथा परमरूपवती अम्बपाली गणिकालाई पनि देखे। उनी नाच, गान तथा बाजा बजाउनमा सिपालु छिन् भन्ने कुरा पनि थाहापाए। इच्छुक मानिसहरू रातको पचास कार्षापण दिएर उनीकहाँ जाने कुरा पनि थाहापाए। यसले गर्दा वैशाली नगर अत्यन्त चहकिलो देखिन्थ्यो भन्ने कुरा पनि बुझे।

अनि वैशालीमा गर्नुपर्ने काम सिध्याएर राजगृहका ब्यापारीहरू पुनः राजगृहमा फर्केर गए। उनीहरू जहाँ मगध राजा सेनीय बिम्बिसार थिए त्यहाँ गए। त्यहाँ गई मगध राजा सेनीय बिम्बिसारसँग यस्तो विन्तिगरे–

“हे देव ! वैशाली नगर सुसमृद्ध, उन्नत, बहुजनाकीर्ण तथा सुभिक्ष छ। त्यहाँ सातहजार सातशय सात प्रासादहरू, सातहजार सातशय सात कूटागारहरू, सातहजार सातशय सात आरामहरू तथा सातहजार सातशय सात पोखरीहरू पनि छन्। अभिरूपा, दर्शनीया, प्रासादिका तथा परमरूपवती अम्बपाली गणिका पनि छिन्। उनी नाच, गान तथा बाजा बजाउनमा सिपालु छिन्। इच्छुक मानिसहरू रातको पचास कार्षापण दिई उनकहाँ जान्छन्। यसले गर्दा वैशाली नगर अत्यन्त चहकिलो देखिन्छ। हे देव ! हामीले पनि गणिका खडागरे बेशहुने छ।”

x x x

Downloaded from http://dhamma.digital/

मूल सूत्र-

## २– अम्बपालीको आम्रवन दान

अम्बपाली गणिकाले "भगवान वैशालीमा आइपुग्नु भई मेरै आम्रवनमा[1] बसिरहनु भएको छ" भन्ने खबर सुनीन्[2]। अनि अम्बपाली गणिका असल असल रथहरू तयार पार्न लगाई असल असल रथमा चढेर वैशालीमा गई आफ्नो आराममा गइन् । जहाँसम्म रथबाट जानसक्ने हो त्यहाँसम्म रथमा गई (त्यसपछि) रथबाट ओर्ली पैदल नै जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एक छेउमा बसिन् । एक छेउमा बसेकी अम्बपाली गणिकालाई भगवानले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नु भयो । अनि भगवानको धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित भएकी अम्बपाली गणिकाले भगवानलाई यस्तो विन्ति गरिन्– "भन्ते ! भगवानले भिक्षुसङ्घ सहित भोलिको भोजन स्वीकार गर्नुहोस् ।" तूष्णीभावद्वारा

---

१. महा. व. पा. पृ. २४६: अम्बपालीवत्थु, भेसज्जक्खन्धकमा चाहिं 'कोटिग्राममा' भनी उल्लेख भएको छ ।

२. दी.नि.पा. II. पृ.७६: अम्बपाली गणिका, महापरिनिब्बानसुत्तबाट; अ.क. II. पृ.३७७; महा.व.पा.पृ.२४६ अम्बपालीवत्थु, भेसज्जक्खन्धकं ।

Downloaded from http://dhamma.digital/

भगवानले स्वीकार्नु भयो। अनि भगवानले स्वीकार्नु भएको कुरा बुझी अम्बपाली गणिका आसनबाट उठी भगवानलाई अभिवादन र प्रदक्षिणा गरी निस्किन्।

"भगवान वैशालीमा आउनु भई वैशालीकी अम्बपालीको बनमा बसिरहनु भएको छ" भन्ने खबर वैशालीवासी लिच्छवीहरूले सुने। अनि असल असल रथहरू तयार पार्न लगाई असल असल रथमा बसी लिच्छवीहरू वैशालीमा गए। त्यसमध्ये नीलो लेप, नीला वस्त्रहरू, नीला आभूषणहरू लगाएका केही लिच्छवीहरू नीला नीला देखिन्थे; त्यसमध्ये पहेँलो लेप, पहेँला वस्त्रहरू, पहेँला आभूषणहरू लगाएका केही लिच्छवीहरू पहेँला पहेँला देखिन्थे; त्यसमध्ये रातो लेप, राता वस्त्रहरू, राता आभूषणहरू लगाएका केही लिच्छवीहरू राता राता देखिन्थे; त्यसमध्ये सेतो लेप, सेता वस्त्रहरू, सेता आभूषणहरू लगाएका केही लिच्छवीहरू सेता सेता **देखिन्थे। अनि अम्बपाली** गणिकाले तरुना तरुना लिच्छवीहरूको रथलाई आफ्नो रथले-रथको अवयावयवलाई रथको अवयावयवले, चक्कालाई चक्काले, जुवालाई जुवाले ठक्कर ख्वाइन्। अनि ती लिच्छवीहरूले अम्बपाली गणिकालाई यस्तो भने– "हे अम्बपाली! किन तरुना तरुना लिच्छवीहरूको रथलाई ठक्कर ख्वाएकी?"

"आर्य पुत्र हो! त्यस्तैगरी मैले भगवानलाई भिक्षुसङ्घ सहित भोलिको भोजनद्वारा निम्तो गरेकी छु।"

"हे अम्बपाली! त्यो भोजन एक लाखले हामीलाई देऊ।"

Downloaded from http://dhamma.digital/

"आर्य पुत्र हो ! जनपद सहित यो वैशाली नगर मलाई दिए पनि म दिने छैन ।"

अनि ती लिच्छवीहरूले "यो अम्बकाय (= स्त्री) ले जिती, यो अम्बकायले जिती" भन्दै औंला भाँच्नथाले । अनि ती लिच्छवीहरू जहाँ अम्बपाली बन हो त्यहाँ गए । भगवानले टाढैबाट ती लिच्छवीहरू आइरहेका देख्नुभयो । देखेर भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो– "भिक्षु हो ! जो भिक्षुले त्रयस्त्रिंश (देवताहरू) देखेको छैन उसले यो लिच्छवी परिषद् हेर; भिक्षु हो ! लिच्छवी परिषद् हेर; भिक्षु हो ! लिच्छवी परिषद्-लाई त्रयस्त्रिंश (देव परिषद्) झैं सम्झेर लेऊ (उपसंहरथ) ।" अनि ती लिच्छवीहरू जहाँसम्म रथबाट जानसक्ने हो त्यहाँसम्म रथमा गई (त्यसपछि) रथबाट ओर्ली पैदल नै जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका ती लिच्छवीहरूलाई भगवानले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नुभयो । अनि भगवानको धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित भएका ती लिच्छवीहरूले भगवानसँग यस्तो विन्तिगरे– "भन्ते ! भिक्षुसङ्घ सहित भगवानले भोलिको भोजन स्वीकार गर्नुहोस् ।" अनि भगवानले ती लिच्छवीहरूलाई यस्तो भन्नुभयो– "लिच्छवी हो ! भोलिको निमित्त मैले अम्बपालीको भोजन स्वीकार गरिसकें ।" अनि ती लिच्छवीहरूले "अम्बकायले जिती, अम्बकायले जिती" भन्दै औंला भाँच्न थाले । अनि भगवानको भाषणलाई अभिनन्दन र अनुमोदन गरी

Downloaded from http://dhamma.digital/

आसनबाट उठी भगवानलाई अभिवादन र प्रदक्षिणा गरी ती लिच्छवीहरू गए ।

त्यस रात बितेपछि अम्बपाली गणिकाले आफ्नो आराम (बगैंचा) मा प्रणीत खादय भोज्यहरू तयार पार्न लगाई भगवानलाई– "भन्ते ! भोजनको समय भयो, भोजन तयार छ" भनी सूचना दिन पठाइन् । भगवान पूर्वाण्ह समयमा चीवर पहिरी, पात्रचीवर ग्रहण गरी भिक्षुसङ्घ सहित जहाँ अम्बपाली गणिका बस्ने ठाउँ हो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभई बिच्छ्याइराखेको आसनमा बस्नुभयो । अनि अम्बपाली गणिकाले बुद्ध सहित भिक्षुसङ्घलाई प्रणीत खादय भोज्यहरू आफ्नै हातले सन्तर्पित, सम्प्रवारित गरिन् । अनि भगवानले भोजन सिध्याई भिक्षापात्रबाट हात झिकिसकेपछि एक होचो आसन लिई अम्बपाली गणिका एक छेउमा बसिन् । एक छेउमा बसेकी उनले भगवानलाई यस्तो विन्ति गरिन्– "भन्ते ! यो आराम (बगैंचा) बुद्ध प्रमुख भिक्षुसङ्घलाई चढाउँछु ।" भगवानले आराम स्वीकार्नु भयो । त्यसपछि अम्बपाली गणिकालाई भगवानले धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नुभई आसनबाट उठी जानुभयो[१] ।

x x x

१. महा. व. पा. पृ. २४८: लिच्छवीवत्थु, भेसज्जक्खन्धकमा "महावनमा जानुभयो" भनी उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital/

मूल सूत्र–

## ३– अम्बपालीको अनित्य भावना[1]

१– “मेरो कपालको घुंघुरे रौं भ्रमरको वर्ण जस्तै कालो थियो, अहिले साणवाक जस्तै त्यो जराजीर्ण भयो । सत्यवादी बुद्धको वचन अन्यथा छैन[2] ।”

२– “अत्तर तथा सुगन्धित फूल राख्ने बट्टा जस्तै मेरो टाउको फूलले भरिएर सधैं बासना आउँथ्यो, अब बाख्राको रौं झैं त्यो गन्हाएको छ । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।”

३– “राम्ररी रोपिएको बन झैं काइयोले कोरिएको मेरो कपाल सुशोभित थियो, अब त्यो ठाँउ ठाउँमा खुइलिन थाल्यो । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।”

४– “चित्रकारले चट्ट पारेर खिचेको धर्सो जस्तै मेरो आँखिभौ अति सुन्दर थियो, अब त्यो खुम्चिएर गयो । सत्यवादी बुद्धको वचन अन्यथा छैन ।”

---

१. थेरी. गा. पा. पृ. ४३८: अम्बपाली थेरीगाथा, अ. क. पृ. १६२.

२. “कालका भमरवण्णसादिसा, वेल्लितग्गा मम मुद्धजा अहुं । ते जराय साणवाक सदिसा, सच्चवादीवचनं अनञ्ञथा ॥” थेरी. गा. पा. पृ. ४३८: अम्बपालीथेरीगाथा ।

Downloaded from http://dhamma.digital/

५– "तेजिला सुन्दर मणि जस्तै मेरा नीला आँखा लाम्चा थिए, अब त्यो जीर्ण भएर नराम्रो देखियो। सत्यवादी बुद्धको वचन अन्यथा छैन।"

६– "मणि जस्तै प्रभास्वर भई तेजिला भएका मेरा नेत्र नीलवर्ण थिए, अब ती जराले जर्जरित भई नराम्रो भैसके। सत्यवादी बुद्धको वचन अन्यथा छैन।"

७– "अभिनव बैंशमा मुखको अनुहारसंग मिल्ने गरी उच्च भएको मेरो कोमल नाक अति राम्रो थियो, अब जरताको कारणले गर्दा त्यो नराम्रो भयो। सत्यवादी बुद्धको वचन अन्यथा छैन।"

८– "चिप्लो गरी चटक्कपारी राम्ररी बनाएको चूरी जस्तै मेरा कानहरू अति राम्रा थिए, अब ती खुम्चिएर लत्रक्क भएर झुण्डिए। सत्यवादी बुद्धको वचन अन्यथा छैन।"

९– "सेता पद्मकमल वर्ण जस्तै मेरा दाँतहरू अघि राम्रा थिए, अब जरताको कारणले गर्दा पहेँला थोता भए। सत्यवादी बुद्धको वचन अन्यथा छैन।"

१०– "बनमा उडेर हिड्ने कोकिल चराको मधुर स्वर जस्तै अघि मधुर स्वरले म कुरा गर्थे, जरताको कारणले गर्दा दाँत थोता भएकाले अब त्यो स्वर अमधुर भयो। सत्यवादी बुद्धको वचन अन्यथा छैन।"

Downloaded from http://dhamma.digital/

११– "शंख जस्तो गोल परेको मेरो गर्दन अघि राम्रो थियो, अब जरताले गर्दा त्यो नराम्रो भयो। सत्यवादी बुद्धको वचन अन्यथा छैन।"

१२– "खापाको चुकुल जस्तै गोल परेका मेरा यी दुइवटा हातहरू राम्रा थिए, अब जरा जर्जरताले गर्दा मासु सुकेर ती खुम्चेर गए। सत्यवादी बुद्धको वचन अन्यथा छैन।"

१३– "सुवर्ण औंठी लगाएका मेरा हात अघि राम्रा थिए, **अब जरा जीर्णताले गर्दा** ती जरा जस्तो भए। सत्यवादी बुद्धको वचन अन्यथा **छैन।**"

१४– "गोलो पुष्ट परेर माथि उठेका मेरा दुइवटा स्तनहरू अघि राम्रा देखिन्थे, अब पानी राख्ने छालाको थैला जस्तै गरी झोलिएका छन्। सत्यवादी बुद्धको वचन अन्यथा छैन।"

१५– "काञ्चनको फलेक जस्तै अघि मेरो यो काय शोभायमान थियो, अब जरताले गर्दा त्यो खुम्चेर गयो। सत्यवादी बुद्धको वचन अन्यथा छैन।"

१६– "हात्तीको सूँढ जस्तै यी मेरा तिघ्रा अघि सुन्दर थिए, अहिले जरताले गर्दा ती बाँस जस्तै भए। सत्यवादी बुद्धको वचन अन्यथा छैन।"

Downloaded from http://dhamma.digital/

१७– "सुवर्ण भूषण भूषित मेरो जङ्घा अघि राम्रो थिए, अहिले त्यो तिलको बोट जस्तै सुकेर गयो। सत्यवादी बुद्धको वचन अन्यथा छैन।"

**१८– "सिमलको भुवा जस्तै कोमल मेरा पैताला अघि राम्रा थिए। अहिले जरताको कारणले गर्दा ती फुटेर खुम्चेका छन्। सत्यवादी बुद्धको वचन अन्यथा छैन।"**

१९– "जरा जर्जरता बहु दुःखले बास गरेको यो मेरो शरीर अब लिउन उप्केको पुरानो घर जस्तै भइसक्यो। सत्यवादी बुद्धको वचन अन्यथा छैन[1]।"

X X X

---

१. "एदिसो अहु अयं समुस्सयो, जज्जरो बहुदुक्खानमालयो।
सोपलेपपतितो जरा घरो, सच्चवादीवचनं अनञ्ञथा'ति॥"
थेरी. गा. पा. पृ. ४३९: अम्बपालीथेरीगाथा।

Downloaded from http://dhamma.digital/

मूल सूत्र-

## ४– अम्बपालीको पूर्वकथा[1]

१– "फुस्स बुद्धको पालामा म क्षत्री कुलमा जन्मेकी उहाँकी बहिनी थिएँ[2] ।"

२– "उहाँको धर्म सुनी प्रसन्न चित्त लिएर मैले महादान दिएँ र रूपसम्पत्ति प्रार्थना गरें ।"

३– "यहाँबाट एकतीस कल्प अघि लोकाग्र हुनु भएका सिखि बुद्ध उत्पन्न हुनुभयो ।"

४– "त्यसबखत अरुणपुरको ब्राह्मण कुलमा म जन्मेकी थिएँ । त्यसबखत एक क्षीणास्रवी भिक्षुणीलाई अभिशाप गरेकी थिएँ ।"

५– "वेश्याले दुश्चरित्र गरे झैं जिनशासनलाई दूषण गर्ने मैले यसरी आक्रोश गरें र त्यस पापले दरुण नरकमा महा दुःखानुभव गरें ।"

६– "त्यहाँबाट च्युतभई मनुष्यलोकमा जन्मी तपस्विनी भएँ ।"

१. थेरी. अप. दा. पा. II. पृ. २९० : अम्बपालीथेरीअपदानं ।

२. "यो रंसिफुसितावेलो, फुस्सो नाम महामुनि ।
तस्साहं भगिनी आसिं, अजायिं खत्तिये कुले ॥"
थेरी.अप.दा.पा.II. पृ.२९०. अम्बपालीथेरीअपदानं ।

Downloaded from http://dhamma.digital/

७– "दशहजार जन्मसम्म गणिका भएँ। अन्त्यत: विषालु विष खाएको जस्तै म त्यस पापबाट मुक्त हुन सकिन।"

८– "काश्यप बुद्धको पाला**मा ब्रह्मचर्य** पालन गरें। त्यस कर्मको प्रभावले देवलोकमा उत्पन्न भएँ।"

९– "अन्तिम जन्ममा म औपपातिका भई आँपको रुखको शाखाको बीचमा जन्में। त्यसैले मलाई अम्बपाली भनिएको हो[1]।"

१०– "कोटी प्राणीहरू सहित म जिनशासनमा प्रव्रजित भएँ। बुद्धको औरस पुत्री भई मैले अचल स्थान प्राप्त गरें।"

११– "हे महामुनि ! ऋद्धि, दिव्यश्रोत, **परचित्तज्ञान मेरो बशमा छ।**"

१२– "दिव्यचक्षुलाई परिशुद्ध पारी पूर्वेनिवास ज्ञान जानेकी छु। मेरा सबै आस्रवहरू क्षीण भैसके। अब मेरो पुनर्भव छैन।"

१३– "बुद्ध श्रेष्ठको प्रभावद्वारा अर्थ, धर्म, निरुक्ति, प्रतिभाण ज्ञान पनि निर्मलरूपले मैले पाएकी छु।"

१४– "सबै क्लेशहरूलाई भष्म पारिसकें, सबै भवहरू विनाश गरि सकें र अब म बन्धन चुँडाली बस्ने हात्ती जस्तै **अनास्रवी भई बसेकी छु।**"

१. " पच्छिमे भवे सम्पत्ते, अहोसिं ओपपातिका।
अम्बसाखन्तरे जाता, अम्बपालीति तेनहं॥"
थेरी. अप. दा. पा. II. पृ. २९० : अम्बपालीथेरीअपदानं।

Downloaded from http://dhamma.digital/

१५– "बुद्धको समक्ष मेरो स्वागत छ। तीन विदया प्राप्त गरी मैले बुद्धशासन पुरा गरेकी छु।"

१६– "चार प्रतिसम्भिदा, आठ विमोक्ष तथा षडभिज्ञालाई साक्षात् गरी मैले बुद्धशासन पुरा गरेकी छु[1]।"

---

१. "पटिसम्भिदा चतस्सो, विमोक्खा पि च अट्ठिमे।
छलभिञ्ञा सच्छिकता, कतं बुद्धसासनं॥"
थेरी. अप. दा. पा. II पृ. २९१ : अम्बपालीथेरीअपदानं।

Downloaded from http://dhamma.digital/

# २. काणमाता

## परिचय

श्रावस्तीको एक ठाउँमा एउटी स्त्रीकी एउटी अभिरूपिणी छोरी थिइन् । उनी सारै राम्री थिइन् । उनलाई जजसले हेर्छ उउसको मन रागान्धताले गर्दा अन्धो जस्तै हुने भएकोले सो केटीको नामै 'काणा' भन्ने रहन गयो र उनकी आमालाई 'काणमाता' भन्न थाले[१] । पछि काणालाई उनकी आमाले श्रावस्तीको एक गाउँको पुरुषलाई दिइन्[२] ।

एकदिन काणा आफ्नो माइतीघरमा गइन् । केही दिन पछि उनका पतिले उनलाई बोलाउन पठायो । काणाकी आमाले छोरीलाई खालि हात पठाउनु ठिक छैन भनी रोटी पकाउन थालिन् । त्यस समयमा उनको दैलोमा भिक्षु आएको देखेर रोटी दान गरिन् । सो भिक्षु गएर अर्को भिक्षुलाई भन्यो । सो पनि त्यहाँ आयो । यसरी आए आएका

१. सम. पा. II पृ.८३९ : चतुतिंसतिमपाचित्तियं ।

२. पाचि. पा. पृ. ११२ : चतुतिंसतिमपाचित्तियं ।

Downloaded from http://dhamma.digital/

भिक्षुलाई दान दिंदा दिंदै पकाएको रोटी सिद्धियो । त्यसदिन छोरीलाई पठाइनन् । यस्तै किसिमले दुइ तीन दिन बित्यो । उता काणाको लोग्नेले फेरी खबर पठाउँदा "अब आइन भने अर्की बिहे गर्नेछु" भनी खबर पठाए । यस बखत पनि पकाएको रोटी भिक्षुहरूलाई दिदा दिंदै सिद्धियो । खालिहात पठाउन नचाहेकी काणमाताले छोरीलाई त्यसदिन पनि पठाइनन् । पछि सो पुरुषले अर्की स्त्री ल्यायो । अनि यो खबर सुनेर काणाले देखे देखेका भिक्षुलाई "यिनीहरूले गर्दा मेरो घरबास नाश गरिदिए" भन्दै गालि गर्न थालिन् । भिक्षुहरू त्यो बाटो भएर हिड्न सकेनन् । यो खबर सुनेर शास्ता, एकदिन बिहानपख काणमाताको **घरमा जानुभयो । काणमाताले भगवान आउनु भएको देखेर वन्दना गरी आसनमा बसाली यागु र** अरू खादच पदार्थ उहाँलाई प्रदान गरिन् । प्रदान गरेको बिहानको भोजन गरिसक्नु भएपछि भगवानले "काणा कहाँ छे ?" भनी सोध्नुभयो । उनकी आमाले "तपाईलाई देखेर चुपलागी रोएर बसिरहेकी छे" भनी भनिन् ।

"किन रोइरहेकी त ?"

"भन्ते ! यो भिक्षुहरूलाई गालि गर्छे । त्यसैले तपाईलाई देखेर चुपलागी एक छेउमा बसी रोइरहेकी छे ।"

शास्ताले उनलाई बोलाउन लगाई "काणे ! किन मसित केही नबोली रोइरहेकी ?" भनी सोध्नुहुँदा उनकी आमाले भएभरको कुरा सुनाइन् । अनि काणमातासँग भगवानले सोध्नुभयो "काणमाते !**के त मेरा श्रावकहरूले तिमीले** दिएको मात्र लिएकि नदिएको पनि लिए त ?"

Downloaded from http://dhamma.digital/

"भन्ते ! दिएको मात्र लिनुभएको हो ।"

अनि भगवानले काणाको मुख ताकेर– "यदि भिक्षा माग्दै जाँदा तिम्रो दैलोमा आएकालाई तिम्री आमाले रोटी दिइन् भने यसमा मेरा श्रावकहरूको के दोष छ त ?"

अनि उनकी आमा भन्दछिन्–

"भन्ते ! आर्यहरूको दोष छैन। यसैको दोष हो" भनी शास्तालाई वन्दना गरी क्षमा मागिन् । शास्ताले उनलाई आनुपूर्विकथा[1] सुनाउनुभयो। काणा स्रोतापन्ना भइन्[2]।

शास्ता फर्केर जानुभएको बेलामा राजप्रांगणको बाटो भई जानुभयो । प्रसेनजित् कोशल राजाले देखेर "भणे ! शास्ता गइरहनु भएको जस्तो लाग्छ, होइन ?" भनी सोध्दा " देव ! हो" भनी भनेपछि "त्यसोभए जाऊ, वन्दनार्थ म आउँदैछु भनी शास्तामा निवेदन गर" भनी मानिस पठाए। अनि प्रांगणमा उभिइरहनु भएका शास्तालाई वन्दना गरी राजाले "भन्ते ! कहाँ गएर आउनु भएको ?" भनी सोधे।

"महाराज ! काणमाताको घरमा ।"

"भन्ते ! किन नि ?"

---

१. आनुपूर्विकथा भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. म. भा–१. पृ. १० मा उल्लेख भएको छ।

२. धम्म. प. अ. क. पृ. ३५८ : काणमातावत्थु, पण्डिवग्गो ।

Downloaded from http://dhamma.digital/

"काणाले भिक्षुहरूलाई गालि गर्छिन्, त्यसैले गएको ।"

"भन्ते ! के उनलाई गालि नगर्ने पार्नुभयो त ?"

"हो, महाराज ! भिक्षुहरूलाई गालि नगर्ने मात्र बनाएको होइन लोकोत्तर कुटुम्बको मालिकनी पनि बनाइदिएँ ।"

"भन्ते ! तपाईले उनलाई लोकोत्तर कुटुम्बको मालिकनी बनाइ दिनुभयो भने म लौकिक कुटुम्बको मालिकनी बनाइ दिनेछु" भनी वन्दना गरी फर्केर गई डोली पठाई काणालाई बोलाउन लगाई णले अलंकृत गरी जेठी छोरीको स्थानमा राखी "मेरी छोरीलाई पोषण गर्न सक्नेले उनलाई लैजाऊ" भनी भने। अनि एक मन्त्रीले "देव ! तपाईकी छोरीलाई म पोषण गर्नेछु" भनी लिएर गई "आफ्नो इच्छानुसार पुण्यकर्म **गर" भनी भने । त्यहादेखि काणाले ठूलो प्रमाणले दान दिने कार्य गरिन्**[१] **।"**

एकदिन धर्मसभामा यस्तो कुरा चल्यो– "अघि भिक्षुहरूलाई गालिगर्ने काणा भगवानको सतसंगतले गर्दा श्रद्धासम्पन्ना मात्र भएकी होइनन् बल्कि उनको उपस्थानद्वारा अहिले उपस्थान गर्नुपर्ने कुनै भिक्षु पनि रहेनन्। अहो ! शास्ताको महान गुण ! "त्यसै समयमा भगवान बुद्ध त्यहाँ आइपुग्नु भयो र भगवानले "के कुरा गरिरहेका छौ ?" भनी सोध्दा उनीहरूले सो कुरा बताएपछि भगवानले "भिक्षु हो ! अहिले **मात्र होइन अघि पनि काणालाई मैले विनीत बनाएको थिए" भनी**

१. धम्म. प. अ. क. पृ. ३५८–५९ : काणमातावत्थु, पण्डितवग्गो ।

Downloaded from http://dhamma.digital/

बब्बुक जातक[1] को कुरा सुनाउनु भई “भिक्षु हो ! अतीतमा पनि उनको चित्त स्वच्छ र शुद्ध पोखरीको पानी जस्तै निर्मल भएको थियो” भन्नुहुँदै “यथापि रहदो गम्भीरो...” भन्ने अगाडि अनुदित धम्मपदको गाथा भन्नुभयो ।

x x x

Dhamma.Digital

१. जा. अ. क. I-II. पृ. ३५३, नं. २२८.

Downloaded from http://dhamma.digital/

मूल सूत्र–

## १– रोटी दानको कारणले पतिसाग वियोग

त्यस समय बुद्ध भगवान श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवन विहारमा बस्नुभएको थियो[1]।

त्यसबखत काणमाता उपासिका श्रद्धालु तथा प्रसन्न थिइन्। काण भन्ने गाउँको एक पुरुषसँग उनको विवाह भएको थियो। एकदिन काणा केही कामले माइतीघरमा गइन्। त्यसपछि काणाको स्वामीले उनकहाँ दूत पठायो– "काणे ! आऊ, काणाको आगमन चाहन्छु।" त्यसपछि काणमाता उपासिकाले (स्वामीका छेउ) खाली हात कसरी जा भनौं भन्ने विचारगरी रोटी पकाउन थालिन्। रोटी पकाई सिद्धिएको बेलामा एक पिण्डचारिक भिक्षु काणमाता उपासिकाको घरमा आयो। काणमाता उपासिकाले सो भिक्षुलाई रोटी दिन लगाइन्। सो भिक्षु गई अर्को भिक्षुलाई भन्यो अर्को भिक्षु पनि आयो। उसलाई पनि रोटी दिन लगाइन्। सो भिक्षु गई अर्को भिक्षुलाई भन्यो। ऊ पनि आयो र उसलाई पनि रोटी दिन लगाइन्। पकाइराखेको रोटी जम्मै सिद्धियो।

दोस्रो पटक पनि काणाको स्वामीले उसकहाँ दूत पठायो–

---

१. पाचि. पा. पृ. ११२ : चतुत्तिंसतिमपाचित्तियं, अ. क. II पृ. ८३९.

Downloaded from http://dhamma.digital/

"काणे ! आऊ, काणाको आगमन चाहन्छु।" दोस्रो पटक पनि काणमाता उपासिकाले खालीहात कसरी जा भनौं भन्दै रोटी पकाउन थाली। रोटी पकाई सिद्धिएको बेलामा एक पिण्डचारिक भिक्षु काणमाता उपासिकाको घरमा आयो। काणमाता उपासिकाले सो भिक्षुलाई रोटी दिन लगाइन्। सो भिक्षु गई उसले अर्को भिक्षुलाई भन्यो । अर्को भिक्षु पनि आयो । उसलाई पनि रोटी दिन लगाइन् । सो भिक्षु गई उसले पनि अर्को भिक्षुलाई भन्यो । ऊ पनि आयो र उसलाई पनि रोटी दिन लगाइन्। पकाइराखेको रोटी सबै सिद्धियो।

तेस्रो पटक पनि काणाको स्वामीले उसकहाँ दूत पठायो– "काणे ! आऊ, काणाको आगमन चाहन्छु। यदि काणा आउँदैन भने मैले अर्को प्रजापति ल्याउनेछु।" तेस्रो पटक पनि काणमाता उपासिकाले खालीहात कसरी जा भनौं भन्दै रोटी पकाउन थालिन्। रोटी पकाई सिद्धिएको बेलामा एक पिण्डचारिक भिक्षु काणमाता उपासिकाको घरमा आयो। काणमाता उपासिकाले सो भिक्षुलाई रोटी दिन लगाइन्। सो भिक्षु गई उसले अर्को भिक्षुलाई भन्यो। अर्को भिक्षु पनि आयो। उसलाई पनि रोटी दिन लगाइन्। सो भिक्षु गई उसले पनि अर्को भिक्षुलाई भन्यो। ऊ पनि आयो र उसलाई पनि रोटी दिन लगाइन् । पकाइराखेको सबै रोटी सिद्धियो । अनि काणाको स्वामीले अर्की प्रजापति ल्यायो । त्यो पुरुषले **अर्की प्रजापति ल्यायो भन्ने कुरा काणाले पनि सुनिन् । उनी रोएर बसिन् ।**

Downloaded from http://dhamma.digital/

भगवान बुद्ध पूर्वाण्ह समयमा चीवर पहिरी **पात्र-चीवर ग्रहणगरी जहाा काणमाता** उपासिकाको घर हो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि बिच्छ्याइराखेको आसनमा बस्नुभयो। काणमाता उपासिका पनि जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँगई भगवानलाई अभिवादन गरी एक छेउमा बसिन्। एक छेउमा बसेकी काणमाता उपासिका**सँग** भगवानले (यस्तो) सोध्नुभयो-

"काणे ! किन रोइरहेकी ?"

अनि काणमाता उपासिकाले भगवानलाई भएभरको जम्मै कुराहरू सुनाइन्। भगवानले काणमाता उपासिकालाई धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्साहित तथा सम्प्रहर्षित पारी **आसनबाट उठी फर्कनुभयो।**

Downloaded from http://dhamma.digital/

मूल सूत्र-

## २- निर्मल चित्त

"यथा पि रहदो गम्भीरो, विप्पसन्नो अनाविलो ।
एवं धम्मानि सुत्वान, विप्पसीदन्ति पण्डिता[१] ।"

अर्थ-

"अगाध तथा निर्मल पोखरीको पानी निर्मल भए जस्तै पण्डितहरूको चित्त धर्मश्रवणको प्रभावद्वारा स्वच्छ र निर्मल हुन्छ ।"

---

१. धम्म. प. पा. पृ. २५, गा. नं. ८२; अ. क. ३५८, पण्डितवग्ग ।

Downloaded from http://dhamma.digital/

# ३. कालिगोधा शाक्य

## परिचय

त्यसबखत कपिलवस्तु नगरमा सबभन्दा जेठी तथा वयस्क भएकी गोधा नामक शाक्य थिइन् । काली भएकीले उनलाई सबैले 'काली' भन्दथे। उनको नाम 'गोधा' थियो। तर पछि गएर उनलाई सबैले 'कालीगोधा' भन्नथाले भनी मनोरथपूरणीले (भा–१, पृ. १०९) उल्लेख गरेको छ । यी कालीगोधा शाक्यलाई उदानअट्ठकथा (पृ. १११) ले मार्गफल प्राप्त गर्नुको साथै बुद्धशासनलाई राम्ररी बुझ्नसक्ने भनी उल्लेख गरेको छ । भद्दिय राजा उनका छोरा हुन् भन्ने कुरा अंगुत्तरनिकाय, एतदग्गपालि (पृ. २३) ले र थेरगाथापालि (पृ. ३५४) ले उल्लेख गरेका छन् ।

एक समय भगवान बुद्ध कपिलवस्तुमा बसिरहनु भएको बेलामा कालीगोधाको निवासस्थानमा गई उहाँले धर्म साकच्छा गर्नु भएको थियो भन्ने कुरा अगाडि अनुदित मूलसूत्रबाट देखिन्छ । यस सूत्रमा उनले पाएका धर्मज्ञानको बारेमा भगवानले प्रशंसा गर्नुभएको छ ।

x x x

Downloaded from http://dhamma.digital/

मूल सूत्र-

## १- अचल प्रसन्नता

एक समय भगवान शाक्य जनपदको कपिलवस्तुको न्यग्रोधाराममा बस्नुभएको थियो[1]। अनि भगवान पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी जहाँ कालिगोधा शाक्य उपासिकाको निवासस्थान हो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि बिच्छ्याइराखेको **आसनमा बस्नुभयो। अनि कालिगोधा शाक्य** उपासिका जहाँ भगवान **हुनुहुन्थ्यो त्यहाा गइन्। त्यहाा पुगेपछि** भगवानलाई अभिवादन गरी एक छेउमा बसिन्। एक छेउमा बसेकी कालिगोधा शाक्य उपासिकालाई भगवानले यसो भन्नुभयो–

"गोधे ! चार धर्महरूद्वारा युक्त भएकी आर्यश्राविका स्रोतापन्ना हुन्छे। अविनिपाती तथा निश्चित सम्बोधिपरायण पनि हुन्छे।" कुन चार भने ?–

"गोधे ! यहाँ आर्यश्राविका (१) बुद्धप्रति अचल-प्रसन्नताले सम्पन्न हुन्छे– 'उहाँ भगवान अरहत् हुनुहुन्छ, उहाँ भगवान सम्यक् सम्बुद्ध हुनुहुन्छ, उहाँ भगवान विदद्याचरणले सम्पन्न हुनुहुन्छ, उहाँ भगवान सुगत हुनुहुन्छ, उहाँ भगवान लोकविद् हुनुहुन्द्ध, उहाँ भगवान

---

१. सं. नि. IV. पृ. ३३८ : कालिगोधसुत्तं, सोतापत्तिसंयुत्तं।

Downloaded from http://dhamma.digital/

अनुत्तर हुनुहुन्छ, उहाँ भगवान पुरुष दम्य सारथी हुनुहुन्छ, उहाँ भगवान देवमनुष्य शास्ता हुनुहुन्छ तथा उहाँ भगवान बुद्ध हुनुहुन्छ।' (२) धर्मप्रति अचल प्रसन्नताले सम्पन्न हुन्छे– 'भगवानको धर्म सु-आख्यात छ, भगवानको धर्म प्रत्यक्षकरणीय छ, भगवानको धर्म अकालिक (समयको प्रतिबन्ध नभएको अहिलेको अहिल्यै फलदिने) छ, भगवानको धर्म 'आऊ हेर' भनी भन्न योग्य छ, भगवानको धर्म औपनयिक (निर्वाणतिर लैजाने) छ तथा भगवानको धर्म विज्ञपुरुषद्वारा बोधनीय छ।' (३) सङ्घप्रति अचल प्रसन्नताले सम्पन्न हुन्छे– 'भगवानको श्रावकसङ्घ सु-प्रतिपन्न छ, भगवानको श्रावकसङ्घ ऋजुप्रतिपन्न छ, भगवानको श्रावकसङ्घ ज्ञेयमार्गमा प्रतिपन्न छ, भगवानको श्रावकसङ्घ उपयुक्तमार्गगामी छ र यिनै चार युगल (मार्ग र मार्गफलमा पुग्ने )–अर्थात् आठ पुद्गलहरू नै भगवानका श्रावकसङ्घ हुन् जो पूजनीय छन्, पाहुना बनाउन योग्य छन्, दक्षिणेय छन्, हातजोरी नमस्कार गर्न योग्य छन् तथा लोकवासीकानिमित्त पुण्यक्षेत्र समान् छन्।' (४) मात्सर्य रहित भई त्यागिनी भई दानकार्यमा अग्रसर भई हात शुद्ध गरी याचक-पात्र भई तथा दानसंविभाजन कार्यमा रत भई घरमा बस्छे।"

"गोधे ! यिनै चार धर्महरूद्वारा युक्त भएकी आर्यश्राविका स्रोतापन्न हुन्छे, अविनीपाती तथा निश्चित सम्बोधिपरायणा पनि।"

"भन्ते ! भगवानले जुन चार स्रोतापन्न-अङ्गको उपदेश गर्नुभयो, यी चार धर्महरू ममा विदचमान छन् र ती धर्महरूमा आफू अन्तरगत

Downloaded from http://dhamma.digital/

भएकी पाउँछु । भन्ते ! म बुद्धप्रति अचल प्रसन्नताले युक्त छु– 'उहाँ भगवान अरहत् हुनुहुन्छ,...[1] तथा उहाँ भगवान बुद्ध हुनुहुन्छ ।' धर्मप्रति पनि अचल प्रसन्नताले युक्त छु–'भगवानको धर्म सु-आख्यात छ,...[2] तथा भगवानको धर्म विज्ञपुरुषद्वारा बोधनिय छ। सङ्घप्रति पनि अचल प्रसन्नताले युक्त छु– 'भगवानको श्रावकसङ्घ सु-प्रतिपन्न छ,...[3] तथा लोकवासीका निमित्त पुण्यक्षेत्र समान छ ।' भन्ते ! जे जति मेरो कुलगृहमा दिनलायक बस्तुहरू छन् ती जम्मैलाई मैले शीलवान् कल्याण धर्मीहरूबाट अलग गरेकी छैन'।"

"गोधे ! तिम्रोनिमित्त यो लाभ हो, यो सुलाभ हो । जो तिमी स्रोतापन्न-फलको कुरा ब्यक्त गर्छचौ ।"

---

१. माथि पृ. ३१ को (१) मा उल्लेख भए अनुसार दोहऱ्याई पढ्नू ।

२. माथि पृ. ३२ को (२) मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

३. माथि पृ. ३२ को (३) मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

Downloaded from http://dhamma.digital/

# ४. चिञ्चा माणविका

## परिचय

बुद्धत्व प्राप्तिको साथै भगवानको धर्म क्रमशः फैलिंदै गएपछि **धेरै श्रावकहरूले** आर्यभूमिमा प्रवेश गरिसकेपछि उहाँलाई धेरै लाभसत्कार प्राप्त हुन थाल्यो[1] । तीर्थियहरू लाभसत्कारबाट परिहानी भई सूर्यको अगाडि जुनकिरी जस्तै हुनथाले । अनि उनीहरू बाटामा बसेर "के, श्रमण गौतम मात्र बुद्ध हुन् र ? हामी पनि बुद्ध हौं; उनलाई दिएको दानको फल मात्र महान हुन्छन् र ? हामीलाई दिएको दानको फल पनि महान नै हुन्छ; त्यसैले हामीलाई पनि दान देऊ" भनी कराउँदथे । यसरी कराउँदा पनि लाभसत्कार पाउन नसकेपछि गुप्तरूपमा भेला भई "कसरी मानिसहरूको बीचमा बुद्धको अपयश फैलाई उनको लाभ-सत्कारलाई हानी गर्न सकिनेछ" भनी उनीहरूले सल्लाह गरे ।

---

१. अप. दा. अ. क. पृ. ९७ को भनाए अनुसार यसरी लाभ हुन थालेको यमकप्रातिहार्य देखाएर त्रयस्त्रिंश भवनबाट संकस्स नगरमा आइसक्नु भएपछि हो ।

Downloaded from http://dhamma.digital/

त्यस समय श्रावस्ती नगरमा अति सुन्दरी तथा शरीरबाट तेज समेत निस्कने, अप्सरा जस्ती चिञ्चा माणविका भन्ने **परिब्राजिका थिई । अनि त्यहाा कठोर** भाषी एक परिब्राजकले "चिञ्चा माणविकाद्वारा श्रमण गौतमको अपयश फैलाई उनको लाभसत्कारमा हानी पुऱ्याइदिनु पर्छ" भनी भन्यो । त्यहाँ भेला भएकाले "यो बडो राम्रो उपाय हो" भनी स्वीकारे । एकदिन सो माणविका तीर्थिय आराममा आई वन्दना गरी एक छेउमा उभिई । तीर्थियहरू उसँग केही बोलेनन् । उसले "**आर्य हो  मेरो के दोष छ र** मसँग किन केही बोल्नु हुन्न ?" भनी तीन पटकसम्म वन्दना गरी सोध्दा पनि उनीहरूले केही भनेनन् । चौथो पटक "आर्य हो ! मेरो के दोष छ र मसँग तपाईहरू किन केही बोल्नु हुन्न ?" भनी सोध्दा "भगिनी ! श्रमण गौतमले हामीलाई दुःख कष्ट दिएर हाम्रो लाभसत्कार हानी गरिरहेको थाहा छैन ?" भनी भने ।

"आर्य हो ! थाहाछैन । यसमा मैले के गर्नुपऱ्यो त ?"

"भगिनी ! सक्छ्यौ भने तिमीले अपवाद फैलाई उनको लाभसत्कार विनाश पारिदेऊ ।"

"आर्यहो ! हुन्छ, बेश छ । यो काम मेरो जिम्मा भयो । यसमा तपाईहरू निश्चिन्त रहनुहोस् ।"

यति भनी स्त्री लीलामा पटु भएकी ऊ धर्मश्रवण गरी जेतवनबाट मानिसहरू फर्कने बेलामा रातो वस्त्र लगाई हातमा फूल तथा धूप लिई जेतवनतिर जाने गर्थी । मानिसहरूले "यसबेला कहाँ जाँदैछ्यौ ?" भनी सोध्दा उसले "जहाँ गए पनि तिमीहरूलाई किन

Downloaded from http://dhamma.digital/

चाहियो र !” भनी जवाफ दिई जेतवन भित्र गए जस्तो गरी जेतवन समीपको तीर्थियाराममा बसी भोलि बिहान सबेरै मानिसहरू जेतवनमा जाने बेलामा विहारबाट निस्केको जस्तो गरी ऊ बाहिर निस्कन्थी। अनि मानिसहरूले “कहाँबाट आएकी ?” भनी सोध्दा “जहाँबाट आए पनि तिमीहरूलाई किन चाहियो र !” भन्ने जवाफ दिई ऊ जान्थी। यस्तै प्रकारले आउने जाने गर्दा गर्दै पछि मानिसहरूले सोध्दा उसले “श्रमण गौतमसँग गन्धकुटीमा बसेर आएकी हुँ” भन्न थाली। यस कुराले पृथग्जनमानिसहरूको मनमा आशंका पैदा गरिदियो। यस्तै प्रकारले आउने जाने गर्दा गर्दै तीन चार महीनापछि पेटमा कपडाले बेरी गर्भिणी जस्ती भई माथिबाट रातो पछ्यौरा ओढी जेतवनतिर जाने बेलामा अन्धमूर्ख मानिसहरूको अगाडि “श्रमण गौतमको कारणले म गर्भिणी भएँ” भन्न थाली। आठ नौ महिना पछि पेटमा काठको टुक्रा बाँधी, माथिबाट रातो पछ्यौरा ओढेर ज्यूमा मुग्रोले ठोक्न लगाई ज्यू फूलेको जस्तो गराई थाकेको जस्तो अनुहार पारी संध्या समयमा भगवान बुद्ध अलंकृत धर्मासनमा बसी परिषद्लाई धर्मदेशना गरिरहनु भएको बेलामा धर्मसभामा गई एक छेउमा उभिई। अनि उसले भनी–

“महाश्रमण ! महाजनहरूलाई धर्मोपदेश त गर्नुहुन्छ; तपाईको स्वर मधुर छ; तपाईको दाँत टम्म मिलेको छ। म चाहि तपाईको कारणले गर्भिणी भएर अब गर्भ पनि परिपूर्ण हुन लागिसक्यो। तैपनि मेरो निमित्त तपाईले न प्रसूतिको प्रबन्ध गर्नुभयो, न त घ्यू र सखर आदिको बन्दोबस्त। स्वयं गर्नु नभए पनि उपस्थाकहरूमध्ये कोशल

Downloaded from http://dhamma.digital/

राजा, अनाथपिण्डिक अथवा विशाखा आदिलाई भनेर गराउन पर्थ्यो । अभिरमण गर्न भने जान्नुहुन्छ तर गर्भवती प्रति गर्नुपर्ने कर्तव्य भने जान्नु हुन्न ।" गुहुको डल्लोले चन्द्र मण्डललाई दाग लगाउने कोशिस गरे झैं परिषद्को बीचमा कुर्ली । धर्मदेशना रोकेर सिंह जस्तै निर्भीक भई तथागतले– "भगिनी ! तिमीले भनेको कुराको सत्यता र असत्यता सम्बन्धी कुरा म र तिमी मात्र जान्दछौ" भनी भन्नुभयो ।

"हो, महाश्रमण ! तपाईले र मैले मात्र जानेका छौ भन्ने कुरा कसलाई थाहा छैन र !"

त्यस बखत शक्र देवेन्द्रको आसन पनि तात्यो । अनि उनले विचार गर्दा चिञ्चा माणविकाले तथागतलाई झूटो आरोप लगाइरहेको बुझी "यो कुरा यहीं टुंग्याइदिनेछु" भनी चारजना देवपुत्र लिएर शक्र आए । पेटमा बाँधेको पटुका एकै पटक छिन्नेगरी मूसाको रुपमा आएका देवताहरूले काटिदिए । पहिरी राखेको वस्त्र बतासले पल्टाइदियो । पेटमा राखेको काठको टुक्रा उसको खुट्टामाथि खस्यो । दुइटै खुट्टामा घाउ भयो । अनि मानिसहरूले "धिक्कारहोस् तँ चण्डालनीलाई ! तथागतलाई झूटो आरोप लगाउँछे !" भन्दै उसको टाउकोमा थुकी, लट्ठी आदि लिएर उसलाई जेतवनबाट बाहिर धपाइदिए । अनि भगवानको चक्षुपथबाट नदेखिने बित्तिकै महापृथ्वी फाटेर ऊ पृथ्वीभित्र खसी । अवीचिबाट ज्वाला उठेर आयो । कुलपरम्पराको कम्बलले ओढे जस्तै गरी ऊ अवीचिमा उत्पन्न भई । लाभसत्कार सम्मानबाट अन्यतीर्थिहरूको झन् परिहानी भयो । दशबल बुद्धको लाभसत्कार झन् झन् बढ्नथाल्यो ।

Downloaded from http://dhamma.digital/

भोलिपल्ट धर्मसभामा कुरा चल्यो–

“आवुसो ! अनन्त हुनु भएका अग्रदक्षिणेय्य सम्यक्सम्बुद्ध प्रति चिञ्चा माणविकाले झूटो आरोप लगाउँदा ऊ विनाश भई ।”

भगवान आउनुभई “भिक्षु हो ! के कुरा गरी बसेका हौ ?” भनी सोध्नुहुँदा उनीहरूले उक्त कुरा बताएपछि उहाँले– “भिक्षु हो ! अहिले मात्र होइन अघि पनि ममाथि झूटो आरोप लगाई यसको विनाश भएको थियो” भन्नुहुँदै महापदुम जातकको कुरा बताउनु भयो[1] । जसको अनुवाद अगाडि गरिदिएको छु । अर्को एक समयमा पनि त्यस्तै कुरा भैरहेको बेलामा भगवानले ‘बन्धनमोक्ख’ जातकको देशना गर्नुभएको थियो । जसको अनुवाद अगाडि गरिदिएको छु । यसै प्रसंगमा भगवानले “भिक्षु हो ! जसले वचन सत्यतालाई त्यागी असत्यताको शरण लिन्छ उसले यो लोकमा गर्न नसक्ने पाप केही छैन” भनी भन्नुहुँदै “एकं धम्मं अतीतस्स...” भन्ने गाथा भन्नुभयो । जसको अनुवाद अगाडि गरिदिएको छु ।

अतीत समयमा बोधिसत्व मुनालि भन्ने धूर्तभई शूद्र कुलमा जन्मेका बेलामा सुरभि भन्ने प्रत्येकबुद्धलाई देखेर एक्कासि “दुश्शीली

---

१. धम्म. प. अ. क. पृ. ५३४ : चिञ्चा माणविकावत्थु, लोकवग्गो; जा. अ. क. IV. पृ. १८२ : महापदुम जातक, नं. ४७२; इति. वु. अ. क. पृ. १०८ : मुसावादसुत्तं; अप. दा. अ. क. पृ. ९७; बुद्धापदान अट्ठकथा ।

Downloaded from http://dhamma.digital/

पापधर्मी" भनी गालि गरेको कर्मको अवशेष भागको कारणले गर्दा[1] चिञ्चा माणविकाद्वारा यसरी झूटो आरोप सुन्न परेको हो भन्ने कुरा अपदानपालि ६ (पृ.३७४) मा यसरी उल्लेख भएको छ-

१. "सब्बाभिभुस्स बुद्धस्स, नन्दो नामासि सावको ।
तं अब्भक्खाय निरये, चिरं संसरितं मया ॥ "

२. "दसवस्ससहस्सानि, निरये संसरिं चिरं ।
मनुस्सभावं लद्धाहं, अब्भक्खानं बहुं लभिं ॥"

३. "तेन कम्मावसेसेन, चिञ्चामानविका ममं ।
अब्भाचिक्खि अभूतेन, जनकायस्स अग्गतो ॥"

अर्थ-

१- "सबै क्लेशलाई जित्नु भएका बुद्धका नन्द (नन्त) भन्ने श्रावक थिए । उनलाई झूटो आरोप लगाई गालि गरेको फलद्वारा धेरै समयसम्म नरकमा घुमे ।"

२- "दशहजार वर्षसम्म नरकमा यताउता घुमी मनुष्यभावमा आउँदा मैले धेरै झूटा आरोपहरू सुन्न पऱ्यो ।"

३- "उही कर्मको अवशेष भागको कारणले गर्दा चिञ्चा माणविकाले मलाई सभाको बीचमा झूटो आरोप लगाई ।"

---

१. अप. दा. अ. क. पृ. ९५ : बुद्धापदान, अट्ठकथा ।

Downloaded from http://dhamma.digital/

यस्तै कुरा उदानट्ठकथा सुन्दरीसुत्त वण्णनाले पनि उल्लेख गरेको छ[१] ।

पहिलेको जन्ममा चिञ्चा माणविका कहाँ कहाँ, के के भई जन्मेकी थिई भन्ने कुरा वानरिन्द जातक[२], चुल्लपदुम जातक[३], संसुमार जातक[४], सुवण्ण कक्कट जातक[५], वेसन्तर जातक[६], बन्धनमोक्ख जातक[७] तथा महापदुम जातक[८] आदिमा पाइन्छन् ।

x x x

१. उदा. अ. क. पृ. १८४.
२. जा. अ. क. I-II. पृ. २०८, नं. ५७.
३. जा. अ. क. I-II. पृ. ४६१, नं. १९३.
४. जा. अ. क. I-II. पृ. ४८६, नं. २०८.
५. जा. अ. क. III. पृ. २०९, नं. ३८९.
६. जा. अ. क. VII. पृ. ५२७, नं. ५४७.
७. जा. अ. क. I-II. पृ. ३२६, नं. १२०.
८. जा. अ. क. IV. पृ. १८८, नं. ४७२.

Downloaded from http://dhamma.digital/

मूल सूत्र-

## १- महापदुम जातक

१- "स्यानो वा ठूलो अर्काको दोषलाई नदेखिकन तथा प्रत्यक्ष रूपले आफैले नबुझिकन पृथ्वीको राजाले दण्ड दिन हुन्न[1] ।"

२- "हे राजन् ! जसले राम्ररी नजानिकन दण्ड दिन्छ उसले जात्यान्धले झिंगासहितको खाना खाए झैं तथा कण्टकलाई निले जस्तै हुन्छ ।"

३- "अदण्डनीयलाई दण्ड दिने, दण्डनीयलाई दण्ड नदिने र अन्धाले समविषम मार्ग नजानेको जस्तो हो ।"

४- "जसले यी स्याना ठूला कारणहरूलाई बुझी अनुशासन गर्छ उसलाई राजा भन्न सकिन्छ ।"

५- "सारै मृदुताले वा सारै तीक्ष्णताले (= कठोरताले) आफूलाई महानतामा राख्न सक्दैन । त्यसैले यी दुवै कारणलाई विचार गर्नु सक्नुपर्छ ।"

---

१. "नादट्ठा परतो दोसं, अणुं थूलानि सब्बसो ।
इस्सरो पणये दण्डं, सामं अप्पटिवेक्खिय ॥"
जा. पा. I. पृ. २४६ : महापदुम जातकं, नं. ४७२, अ. क. IV. पृ. १८२.

Downloaded from http://dhamma.digital/

६– "अति मृदु हुँदा अरूले हेप्छन् र अति कठोर हुँदा बैरी बढ्छन् । यी दुवै कारणलाई बुझी बीचको बाटो लिनुपर्छ ।"

७– "रागी भएर पनि धेरै बोल्छ, दुष्ट भएर पनि धेरै बोल्छ । स्त्रीको कुरा सुनी राजाले पुत्रलाई हत्या गर्नुहुन्न ।"

८– "लोकका सबै मानिसहरू एकातिर छन् यो स्त्री एक्लै छे त्यसैले त्यसको कुरा सुन्ने छु। जाऊ, यसलाई (राजकुमारलाई) पर्वतबाट खसाल ।"

९– "ताल जत्रै अग्ला अनेक रुखहरू भएका गहिरो उत्रिन नसक्ने प्रपातबाट तिमीलाई खसालिएको थियो। **तैपनि किन नमरेका हौं ?"**

१०– "त्यहाँ बस्ने ठूलो फण भएको एक बलवान् नागले मलाई फणमा थापिलियो । त्यसैले म त्यहाँ मरिन ।"

११– "हे राजपुत्र ! अब तिमीलाई आफ्नै घरमा लैजाने छु । भद्दन्त ! यहाँ जङ्गलमा तिमी के गरी बस्छौ ? त्यहाँ गएर राज्य गर ।"

१२– "जस्तै बल्छी निलेकोलाई रगत सहित बल्छी झिकेर सुखी तुल्याउँछ त्यस्तै अब म आफूलाई सम्झन्छु ।"

१३– "केलाई तिमी बल्छी भन्छौ ? केलाई तिमी रगत सहित भन्छौ ? केलाई तिमी झिक्ने भन्छौ ? मेरा यी प्रश्नका उत्तर देऊ ।"

१४– "कामरागलाई बल्छी भन्छु, हात्ती घोडाहरूलाई रगत

Downloaded from http://dhamma.digital/

सहित भन्छु र आफूलाई झिक्ने भन्दछु।"

१५– "आमा चिञ्चा माणविका थिई, देवदत्त पिता थियो, आनन्द पण्डित नाग थियो, सारिपुत्र देवता थियो, राजपुत्र चाहिं म नै थिएँ– यसरी यो जातक धारण गर[1]।"

x x x

१. जा. पा. I. पृ. २४६–४७ : महापदुम जातकं, नं. ४७२.

Downloaded from http://dhamma.digital/

मूल सूत्र-

## २- बन्धनमोक्ख जातकं

"अबद्धा तत्थ बज्झन्ति, यत्थ बाला पभासरे ।
बद्धा पि तत्थ मुच्चन्ति, यत्थ धीरा पभासरे'ति[१] ॥"

अर्थ-

"बाल-मूर्खको कारणले गर्दा बाँधन नपर्नेलाई बाँधन लगाउँछ। धीर पण्डितको कारणले गर्दा बाँधिएकोलाई पनि मुक्त पारिन्छ।"

x x x

१. जा. पा. I. पृ. २७: बन्धनमोक्खजातकं, अ. क. I-II. पृ. ३२३, नं. १२०.

Downloaded from http://dhamma.digital/

मूल सूत्र-

## ३- मृषावद ठूलो पाप हो

"एकं धम्मं अतीतस्स, मुसावादिस्स जन्तुनो ।
वितिण्ण परलोकस्स, नत्थि पापं अकारियं[1] ॥"

अर्थ-

"एउटा धर्म (= सत्यवाचा) लाई छोडेर झूटो बोल्नेले र परलोकको विश्वास नगर्नेले यो लोकमा गर्न नसक्ने कुनै पाप छैन ।"

---

१. धम्म. प. पा. पृ. ३४, गा. नं. १७६, लोकवग्गो; अ. क. पृ. ५३५; यही गाथा इति. वु. पा. पृ. १९५ मा मुसावादसुत्तको नामले उल्लेख भएको छ । अ. क. पृ. १०९, एककनिपातो ।

Downloaded from http://dhamma.digital/

# ५. चुन्दी राजकुमारी

## परिचय

**अंगुत्तर अट्ठकथा**[1] अनुसार **चुन्दी राजकुमारी बिम्बिसार** राजाकी छोरी हुन् भन्ने कुरा प्रष्टसँग बुझिन्छ। यिनले आफ्ना बाबु **बिम्बिसार** राजाबाट पाँचशय रथहरू पाएकी थिइन्। त्यसताका जम्बुद्वीपमा आफ्ना बाबुबाट पाँचशय रथहरू पाउने कन्याहरू तीनजना मात्र थिए। जस्तै– **अंगदेशकी भद्रीय नगरवासी धनञ्जय** सेठकी छोरी **विशाखा**, **कोशल नरेश प्रसेनजित्की** छोरी **सुमना राजकुमारी** तथा यी **चुन्दी राजकुमारी**।

एकदिन **चुन्दी राजकुमारी** र आफ्ना दाइ **चुन्द** राजकुमारको बीच धर्मको बारेमा केही छलफल भएको थियो। उनले सुनाएको कुराको बारेमा प्रश्न सोध्ने विचारले प्रातः समयको खान-पान गरिसकेपछि आफ्ना पिता राजा **बिम्बिसारसँग** सोधी पाँचशय रथहरू तयार पार्न लगाई परिवारहरूका साथ सुगन्धित फूल तथा धूपहरू लिएर

१. II. प. ५९६: पञ्चकनिपात, सुमनसुत्तवण्णना।

Downloaded from http://dhamma.digital/

**चुन्दी राजकुमारी राजगृहको वेणुवन स्थित कलन्दक निवापमा** गएकी थिइन् । यिनको नाम **अंगुत्तरनिकाय, अट्ठकनिपातको सामञ्ञवग्गमा**[१], प्रमुख उपासिकाहरूको नामावलीमा पनि समावेश भएको छ । यिनले सोधेका प्रश्नका कुराहरू अगाडि अनुदित सूत्रमै प्रष्ट भएका छन् ।

x x x

१. पृ. ४२८.

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## १– बुद्धको शरणमा जानेले सुगति पाउँछ

एक समय **भगवान राजगृहको वेणुवनस्थित कलन्दकनिवापमा** बस्नुभएको थियो[1] ।

अनि **चुन्दी**[2] **राजकुमारी** पाँचशय रथसहित पाँचशय कुमारीहरूद्वारा परिवृत भई जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एक छेउमा बसिन् । एक छेउमा बसेकी **चुन्दी राजकुमारीले** भगवानसँग (यस्तो) विन्तिगरिन्—

"**भन्ते** ! हाम्रा दाइ **चुन्द राजकुमार** यसो भन्नुहुन्छ– 'चाहे स्त्री होस्, चाहे पुरुष होस्, जो बुद्धको शरणमा गई, धर्मको शरणमा गई, सङ्घको शरणमा गई प्राणीहिंसाबाट विरत हुन्छ, अदिन्नादानबाट विरत हुन्छ, काममिथ्याचारबाट विरत हुन्छ, मृषावादबाट विरत हुन्छ तथा सुरामेरय मदय प्रमादस्थानबाट विरत हुन्छ, ऊ शरीरछाडी मृत्युपछि सुगतिमा उत्पन्न हुन्छ, दुर्गतिमा हुन्न' ।"

---

१. अं. नि–५, पृ. ३०१: चुन्दीसुत्तं, अ. क. II. पृ.५९७.

२. **यी चुन्दी राजकुमारी बिम्बिसार राजाकी छोरी हुन् । हेर लेखकको बु. रा. पृ.७–८.**

Downloaded from http://dhamma.digital/

"**भन्ते** ! म भगवानसँग सोध्दछु कि– 'कस्ता शास्ता प्रति प्रसन्न हुने व्यक्ति कायछाडि मृत्युपछि सुगतिमा उत्पन्न हुन्छ र दुर्गतिमा हुन्न ? कस्तो धर्ममा प्रसन्न हुने व्यक्ति शरीरछाडि मृत्युपछि सुगतिमा उत्पन्न हुन्छ र दुर्गतिमा हुन्न ? कस्ता सङ्घप्रति प्रसन्न हुने व्यक्ति शरीरछाडि मृत्युपछि सुगतिमा उत्पन्न हुन्छ र दुर्गतिमा हुन्न ? कस्ता शील पालन गर्ने व्यक्ति शरीरछाडि मृत्युपछि सुगतिमा उत्पन्न हुन्छ र दुर्गतिमा हुन्न ?"

१– "**चुन्दी** ! जति अपाद, द्विपाद, चतुष्पाद, बहुपाद; रूपी, अरूपी, संज्ञी, असंज्ञी तथा नैवसंज्ञी नासंज्ञी सत्वहरू छन्– तिनीहरूमध्ये **तथागत अरहत् सम्यक् सम्बुद्ध अग्र** (= श्रेष्ठ) देखिनुहुन्छ । **चुन्दी** ! जो बुद्ध प्रति प्रसन्न हुन्छन्– उनीहरू अग्र (पुरुष) प्रति प्रसन्न भएका हुन्छन् । अग्र (पुरुष) मा प्रसन्न हुनेको विपाक पनि अग्र नै हुन्छ ।

२– "**चुन्दी** ! जति संस्कृत र असंस्कृत धर्महरू छन्– तिनीहरूमध्ये **वैराग्य** (धर्म) नै अग्र देखिन्छ । जस्तै– मदनिर्मद गर्ने, पिपासा हटाउने, आलय समुच्छेड गर्ने, संसारबाट मुक्त गर्ने र तृष्णाक्षय गर्ने (धर्म)– विराग निरोध नै निर्वाण हो । **चुन्दी** ! जो वैराग्य धर्ममा प्रसन्न हुन्छन्– उनीहरू अग्र (धर्म) मा प्रसन्न भएका हुन्छन् । अग्र (धर्म) मा प्रसन्न हुनेको विपाक पनि अग्र नै हुन्छ ।"

३– "**चुन्दी** ! जति सङ्घ र गणहरू छन्– तिनीहरूमध्ये तथागतको श्रावकसङ्घ नै अग्र (= श्रेष्ठ) देखिन्छ । जस्तै–चार

Downloaded from http://dhamma.digital/

युगल[1] पुरुषका आठ पुरुष पुद्‌गलहरू– यिनै भगवानका श्रावकसङ्घ हुन्। यिनीहरू आहु**नेय्य**, पाहु**नेय्य**, दक्षि**णेय्य**, अञ्जलिकरणीय छन् तथा लोकवासीकानिमित्त अनुत्तर पुण्यक्षेत्र पनि छन्। **चुन्दी** ! जो सङ्घमा प्रसन्न हुन्छन्– उनीहरू अग्र (सङ्घ) मा प्रसन्न भएका हुन्छन्। अग्रमा प्रसन्न हुनेको विपाक पनि अग्र नै हुन्छ।"

४– "**चुन्दी** ! जति शीलहरू छन्– तिनीहरूमध्ये **आर्यकान्त शील नै अग्र** देखिन्छ। जो अखण्ड, अछिद्र, दागरहित, क्रमसहित, स्वाधीन, विज्ञप्रशंसित, अपरामर्शित तथा समाधिसंवर्तनिक छ। **चुन्दी** ! जो आर्यकान्त शील परिपूर्णकारी हुन्छन्– उनीहरू अग्र (शील) परिपूर्णकारी हुन्छन्। अग्र (शील) मा परिपूर्णकारीको विपाक पनि अग्र नै हुन्छ।"

१– "अग्गतो वे पसन्नानं, सग्गं धम्मं विजानतं।
अग्गे बुद्धे पसन्नानं, दक्खिणेय्ये अनुत्तरे॥"

२– "अग्गे धम्मे पसन्नानं, विरागूपसमे सुखे।
अग्गे सङ्घे पसन्नानं, पुञ्ञक्खेत्ते अनुत्तरे॥"

---

१. 'चार युगल पुरुष' भनेको–स्रोतापत्ति मार्गमा लाग्ने, स्रोतापत्तिफल प्राप्त गर्ने, सकृदागामी मार्गमा लाग्ने, सकृदागामी फल प्राप्त गर्ने, अनागामी मार्गमा लाग्ने, अनागामी फल प्राप्त गर्ने र अरहत् मार्गमा लाग्ने तथा अरहत् फल प्राप्त गर्नेलाई भनिएको हो।

Downloaded from http://dhamma.digital/

३– "अग्गस्मिं दानं ददतं, अग्गं पुञ्ञं पवड्ढति ।
अग्गं आयु च वण्णो च, यसो कित्ति सुखं बलं ।"

४– "अग्गस्स दाता मेधावी, अग्गधम्मसमाहितो ।
देवभूतो मनुस्सो वा, अग्गप्पत्तो पमोदती'ति ॥"

**अर्थ—**

१– "अग्र (बुद्ध) प्रति प्रसन्न हुने, अग्र धर्म जान्ने तथा अनुपम दक्षिणेय प्रति अग्ररूपले प्रसन्न हुने"—

२– "तथा वैराग्य-उपशम-सुखरूपी अग्र धर्मप्रति प्रसन्न हुने, अनुत्तर पुण्यक्षेत्र समान अग्रसङ्घप्रति प्रसन्न हुने"–

३– "अग्र (बुद्ध) लाई दानदिने पुरुषलाई अग्र पुण्य प्रवर्धन हुन्छ। अग्र-आयु-वर्ण-यश-कीर्ति-सुख र बल पनि प्रवर्धन हुन्छ।"

४– "अग्रधर्म समादान गरी अग्रलाई दानदिने मेधावी देव वा मनुष्यलोकमा अग्रफल प्राप्तगरी आनन्दित हुन्छ।"

Downloaded from http://dhamma.digital/

# ६. चूलसुभद्रा

## परिचय

### चूलसुभद्राको विवाह

६ योजन[1] टाढा पर्ने **कोशल राज्यकै साकेत नगरवासी कालक**[2] श्रेष्ठीसँग बालक समयदेखि नै **अनाथपिण्डिकको** मित्रता थियो। यिनीहरू एउटै आचार्यकहाँ पढिरहेको बेलामा "हामीहरूका छोरा वा छोरी हुदाँ जसले छोरी माग्ने छ उसलाई दिनुपर्छ" भनी परस्पर वाचा गरेका थिए। पछि उनीहरू ठूला भएपछि दुवैजना आ-आफ्नो नगरका श्रेष्ठी भए।

---

१. बु. रा. भा–१, पृ. १५०.

२. अं. नि. अ. क. II. पृ. ४८२ : कालकारामसुत्तवण्णना, चतुक्कनिपात। धम्म. प. अ. क. पृ. ७०५ : चुल्लसुभद्दायवत्थुमा चाहिं 'उग्ग नगरको उग्ग श्रेष्ठीपुत्र' भनी उल्लेख भएको छ। तर

Downloaded from http://dhamma.digital/

एक समय **साकेत नगरवासी कालक सेठ**[1] ब्यापारको निमित्त पाचँशय गाडाहरूमा सामानहरू राखी **श्रावस्ती** गए । **श्रावस्तीमा** पुगेपछि उनी **अनाथपिण्डिक कहाँ** गए । अनि **अनाथपिण्डिकले चूलसुभद्रालाई** बोलाई "छोरी ! तिम्रा मित-बा **कालक सेठ** आइपुगेका छन् । उनी प्रति गर्नुपर्ने जम्मै कामको भार तिम्रो भयो; राम्ररी हेर विचार गर" भनी भने । "हुन्छ, हवस्" भनी सेठ आएदेखि उनले गर्नुपर्ने कामको हेरविचार गरिन् । खान-पान पनि आफैले तयार पारिन् । सुगन्ध, लेप तथा फूल आदि पनि आफैले तयार पारि दिन्छिन् । भोजनको समय भएपछि नुहाउने पानी आदि वस्तुहरू पनि ठीक पारी दिन्छिन् । **चूलसुभद्राको** शील-स्वभाव देखेर प्रभावित

---

छानबीन गर्दा यो कुरा चूलसुभद्राको नभई महासुभद्राको हुन गएको कुरा कुण्डधान स्थविरको वण्णना (अं. अ. क. I. पृ. १४६ : एककनिपातवण्णना) मा प्रष्टसँग उल्लेख भएको छ । चूलसुभद्रा साकेत नगरमा गएकी थिइन् भन्ने कुरा अंगुत्तरनिकायको कालकाराम सुत्तवण्णना र कुण्डधान थेरको वर्णनामा प्रष्टसँग उल्लेख भएको हुँदा मैले यहाँ धम्मपदट्ठकथाको कुरालाई भन्दा अं. अट्ठकथाको कुरालाई अनुशरण गरेको छु ।

१. धम्म. प. अ. क. पृ. ७०५ मा चूलसुभद्राको कथामा चाहिं उग्ग-नगरवासी उग्गसेठ भनेको ठाउँमा अं. अ. क. II. पृ. ४८२ को कुराको अनुशरण गरी मैले 'उग्ग' भन्ने ठाउँमा 'काल' र 'उग्गनगर' भन्ने ठाउँमा 'साकेत' नगर भनी लेखेको छु ।

Downloaded from http://dhamma.digital/

भएका **कालक सेठले** एकदिन **अनाथपिण्डिकसँग** सुख दुःखको कुराकानी गरिरहँदा अघि आचार्यकहाँ पढिरहेको बेलामा दुइजनाको बीचमा वाचा गरेको कुराको स्मरण दिलाई **कालक सेठले चूलसुभद्रालाई** आफ्नो छोराको लागि मागे[1]।

तर यिनी बुद्धमार्गी नभएकाले **अनाथपिण्डिकले** यस विषयमा बुद्धसँग परामर्श गरे । बुद्धले उनको उपनिश्रय सम्पत्ति देख्नुभई **अनाथपिण्डिकलाई** अनुमति दिनुभयो। भगवानको अनुमति सहित आफ्नी भार्या **पुण्यलक्षणासँग** पनि सल्लाह गरी, पछि उनको कुरा स्वीकारी **अनाथपिण्डिकले** उनलाई वचन दिए । अनि दिन पनि निश्चय गरी **अङ्गदेशका भद्रीय नगरवासी धनञ्जय सेठले** आफ्नी छोरी **विशाखालाई** झैं[2] महान सत्कारपूर्वक विवाह गरिदिए । छोरीलाई विदा दिनु भन्दा अगाडि **अनाथपिण्डिक श्रेष्ठीले धनञ्जय सेठले** झैं आफ्नी छोरी **चूलसुभद्रालाई** निम्न दश अर्ति पनि दिएका थिए ।

Dhamma.Digital

## दश अर्ति

"नानी सुभद्रे ! पतिकुलमा बस्नेले (१) भित्री आगो बाहिर नलैजानु, (२) बाहिरी आगो भित्र नल्याउनु, (३) दिनेलाई मात्र दिनु, (४) नदिनेलाई नदिनु, (५) दिनेलाई पनि नदिनेलाई पनि

---

१. धम्म. प. अ. क. पृ. ७०५ : चुल्लसुभद्दायवत्थु, पकिण्णकवग्गो ।

२. बु. म. भा–१, पृ. ३२ देखि हेर्नु ।

Downloaded from http://dhamma.digital/

दिनु, (६) सुखपूर्वक बस्नु, (७) सुखपूर्वक परिभोग गर्नु, (८) सुखपूर्वक सुत्नु, (९) अग्नि परिचर्या गर्नु तथा (१०) आन्तरिक देवतालाई नमस्कार गर्नु ।"

यसरी छोरीलाई अर्ति दिई सेठले आफ्नी छोरीको कुनै दोष हुन गएमा छानबीन गर्नकोनिमित्त आठजना कुटुम्बहरूलाई पनि जिम्मा लगाइ दिए । अनि विदादिने दिनमा बुद्ध सहित भिक्षुसङ्घलाई दान दिई बडो धुमधामका साथ विदा गरी पठाए[१] ।

यसरी विदा लिएर जानुभन्दा अगाडि **चूलसुभद्राले** बुद्धसँग "भन्ते ! म जाने कुलगृह मिथ्यादृष्टिक छ । यदि मैले त्यहाँ तपाईको सम्मान गराउने मौका पाएँ भने मानिसहरू पठाइरहँदा विलम्ब हुने भएकोले यस विषयमा भगवानले समय समयमा आवर्जन गरी हेर्नु भए बेश हुने छ" भनी प्रार्थना गरिन् । भगवानले आश्वासन दिनुभयो[२] । क्रमशः **साकेत नगरमा** पुग्दा ससुराहरूसँग नगरका मानिसहरू लिन आएपछि आफ्नो श्रीसम्पत्ति प्रकट पार्दै विशाखाले झैं[३] आफूलाई देखाउँदै खुला रथमा बसी नगर प्रवेश गरिन् । आए आएका मानिसहरूले दिएको

---

१. दश अर्तिको अर्थ चाहि लेखकको बु. म. भा–१, पृ. ४५ मा उल्लेख भएको छ । धम्म. प. अ. क. पृ. ७०६ : चुल्लसुभद्दायवत्थु, पकिण्णकवग्गो ।

२. अं. अ. क. II. पृ. ४८२ : कालकाराम सुत्तवण्णना, चतुक्कनिपात, उरुवेलवग्गो ।

३. बु. म. भा–१, पृ. ३९ मा हेर्नू ।

Downloaded from http://dhamma.digital/

कोसेली स्वीकारी पुनः उनीहरूलाई कोसेली पठाई सारा नगरवासीहरूलाई आफ्नो गुण देखाई सबैलाई प्रसन्न पारिन्[1]। "बुहारी आई" भनी घरका जहानहरूले मंगलोत्सव मनाउदै पाचँशय **अचेलक** (=नाङ्गा साधु) हरूलाई निम्तो गरे। अनि **चूलसुभद्राका** ससुराले "हाम्रा अरहन्तहरूलाई आएर वन्दना गर" भनी उनलाई बोलाउन पठाए। आर्यमार्ग फलमा प्रतिष्ठिता[2] **चूलसुभद्रा** "अरहन्त" भन्ने शब्द सुन्ने बित्तिकै सारै प्रसन्न भई "अहो मेरो लाभ !" भन्दै गइन्। अनि ती अशोभनीय नग्न साधुहरूलाई देखी "हे पिता ! जसको अभ्यन्तरमा न लज्जा छ र जसको बाहिर न भयछ– यस्ता पनि श्रमण हुन्छन् र !। यिनीहरू श्रमण होइनन्" भन्दै धिक्कार्दै, थुक्दै **चूलसुभद्रा** आफू बस्ने ठाउँमा फर्किन्। अनि **अचेलकहरूले** "महासेठ ! कहाँबाट तिमीले यस्ती अलक्षिनी ल्याएको ? के जम्बुद्वीपमा अर्की केटी छैन र ?" भन्दै सेठलाई परिभाष गरे। अनि उनले "आचार्य हो ! जानेर वा नजानेर गरे पनि यस विषयमा म सोधपूछ गर्नेछु" भनी **अचेलकहरूलाई** विदा दिई पठाए[3]।

---

१. धम्म. प. अ. क. पृ. ७०६ : चुल्लसुभद्दायवत्थु, पकिण्णकवग्गो।

२. चूलसुभद्रा स्रोतापन्ना थिइन्। धम्म. प. अ. क. पृ. ९४ : सुमनादेवीवत्थु, यमकवग्गो। अथवा बु. गृ. भाग–१, पृ. २६ मा हेर्नू।

३. अं. नि. अ. क. II. पृ. ४८२ : कालकारामसुत्तवण्णना, चतुक्कनिपात। धम्म. प. अ. क. पृ. ७०६ : ले चाहिं चूलसुभद्रालाई घरबाट निकाल्न लगाए भनी उल्लेख गरेको छ।

Downloaded from http://dhamma.digital/

## बुद्धलाई निम्तो

त्यसपछि **चूलसुभद्राकहाँ** गई "अम्मे ! किन त्यसो भनेकी ? किन अरहन्तहरूको अवहेलना गरेकी ?" भनी सोधे ।

"पिता ! अरहन्त भन्नेहरू यस्ता हुँदैनन्" भनी भनेपछि सेठले "त्यसोभए कस्ता हुन्छन् त ?" भनी सोध्दै यस्तो भने—

"किदिसा समणा **तुय्हं**, बाल्हं खो ते पसंससि ।
किं सीला किं समाचारा, तं मे अक्खाहि पुच्छितो'ति ॥"

**अर्थ—**

"तिम्रा श्रमणहरू कस्ता छन् त ? जसको तिमी खूब प्रशंसा गर्छ्यौ । तिनीहरूको शील स्वभाव कस्तो छ त ? यो प्रश्नको जवाफ देऊ ।"

उनी भन्छिन्—

१. "सन्तिन्द्रिया सन्त मानसा, सन्तं तेसं गतंठितं ।
ओक्खित्तचक्खू मितभाणी, तादिसा समणा मम ॥"

२. "कायकम्मं सुचि तेसं, वाचाकम्मं अनाविलं ।
मनोकम्मं सुबिसुद्धं, तादिसा समणा मम ॥"

३. "विमला सङ्खमुत्ताभा, सुद्धा अन्तर बाहिरा ।
पुण्णा सुद्धेहि धम्मेहि, तादिसा समणा मम ॥"

Downloaded from http://dhamma.digital/

४. "लाभेन उन्नतो लोको, अलाभेन च ओनतो ।
लाभालाभेन एकट्ठा, तादिसा समणा मम ॥"

५. "यसेन उन्नतो लोको, अयसेन च ओनतो ।
यसायसेन एकट्ठा, तादिसा समणा मम ॥"

६. "पसंसायुन्नतो लोको, निन्दाय च ओनतो ।
समा निन्दा पसंसासु, तादिसा समणा मम ॥"

७. "सुखेन उन्नतो लोको, दुक्खेनापि च ओनतो ।
अकम्पा सुखदुक्खेसु, तादिसा समणा ममा'ति ॥"

**अर्थ—**

१– "मेरा श्रमणहरूका इन्द्रिय तथा मन शान्त छन् । उनीहरू मितभाणी तथा संयत चक्षुका छन् । यस्ता मेरा श्रमणहरू हुन् ।"

२– "मेरा श्रमणहरूको कायकर्म परिशुद्ध छ, वचीकर्म निर्मल छ। मनः कर्म पनि सुविशुद्ध छ । यस्ता मेरा श्रमणहरू हुन् ।"

३– "मेरा श्रमणहरूका भित्र र बाहिर मोती र शंख जस्तै निर्मल छ, शुद्ध धर्मले परिपूर्ण छ । यस्ता मेरा श्रमणहरू हुन् ।"

४– "यो लोकमा मानिसहरू लाभद्वारा उफ्रिन्छन् र अलाभद्वारा चाउरिन्छन् तर मेरा श्रमणहरू त्यसबाट अविचलित छन् । यस्ता मेरा श्रमणहरू हुन् ।"

Downloaded from http://dhamma.digital/

५– "यो लोकमा मानिसहरू यशद्वारा नाक फुलाउँछन् र अयशद्वारा नाक खुम्च्याउँछन् तर मेरा श्रमणहरू त्यसमा तटस्थ रहन्छन्। यस्ता मेरा श्रमणहरू हुन् ।"

६– "यो लोकमा मानिसहरू प्रशंसाद्वारा उफ्रिन्छन् र निन्दाद्वारा ठुस्स पर्छन् तर मेरा श्रमणहरू त्यसमा समान रहन्छन् । यस्ता मेरा श्रमणहरू हुन् ।"

७– "यो लोकमा मानिसहरू सुखद्वारा नाक फुलाउँछन् र दु:खद्वारा नाक खुम्च्याउँछन् तर मेरा श्रमणहरू सुख-दु:खबाट कम्पित हुँदैनन् । यस्ता मेरा श्रमणहरू हुन्[1] ।"

अंगुत्तर अट्ठकथाले[2] चाहिं यसरी उल्लेख गरेको छ—

१. "सन्तिन्द्रिया सन्तमानसा, सन्ततेजा गुणमग्गसण्ठिता ।
ओक्खित्तचक्खु मितभाणी, तादिसा समणा मम ॥"

२. "वसन्ति वनमोगय्ह, नागो छेत्वाव बन्धनं ।
एकानिया अद्‌दुतिया, तादिसा समणा ममा'ति ॥"

**अर्थ—**

१– "मेरा श्रमणहरूका इन्द्रियहरू शान्त छन् र मन पनि शान्त

१. धम्म. प. अ. क. पृ. ७०७ : चुल्लसुभद्दायवत्थु, पकिण्णकवग्गो ।
२. II. पृ. ४८२ : कालकारामसुत्तवण्णना, चतुक्कनिपात ।

Downloaded from http://dhamma.digital/

छन्; उनीहरू मार्गफलरूपी गुणमा प्रतिष्ठत भई शान्त भएर पनि तेजिला छन् । उनीहरूको चक्षुरिन्द्रिय संयत छन् र उनीहरू मितभाणी छन् । यस्ता मेरा श्रमणहरू हुन् ।"

२– "बन्धन चुँडालेको हात्ती जस्तै उनीहरू जङ्गलमा एक्लै बस्छन् । यस्ता मेरा श्रमणहरू हुन् ।"

यसरी सुनाएर श्रेष्ठीको अगाडि बसी त्रिरत्नको गुण बखान गरिन् । उनको यो कुरा सुनी श्रेष्ठीले "त्यसोभए तिम्रा श्रमणहरूलाई हेर्न चाहन्छु, हामीलाई देखाउन सक्छचौ[1] ? तिम्रा श्रमणहरूलाई बोलाएर मंगलोत्सब गर्नेछु ।"

"कहिले गर्नुहुन्छ ?"

श्रेष्ठीले विचार गरेर– "केहीदिन पछि गर्नेछु भन्दा मानिस पठाई बोलाएर ल्याउन सक्छिन् । अत: भोलिनै गर्नेछु भनी भन्नुपऱ्यो" भनी "अम्मे ! भोलि नै गर्नेछु भने । अनि संध्या समयमा घरको माथिल्लो तलामा गई **जेतवनतिर** हेरी अत्यन्त भक्तिपूर्वक **बुद्धगुण** अनुस्मरणको साथै वन्दना र बुद्धको स्मरण गरी सुगन्धित फूलद्वारा "पाचँशय भिक्षुहरूका साथ भोलिकोनिमित्त म निम्तो गर्दछु; मेरो भोजन स्वीकार गर्नुहोस्" भनी आठ मुट्ठि सुमन-फूल **चूलसुभद्राले** आकाशमा फ्याकिन् । फूल गएर धर्मोपदेश गरिरहनु भएका बुद्धमाथि चँदुवा जस्तो भएर बस्यो । **शास्ताले** आवर्जन गर्नुहुँदा सो कारण

१. धम्म. प. अ. क. पृ. ७०७ : चुल्लसुभद्दायवत्थु, पकिण्णकवग्गो ।

Downloaded from http://dhamma.digital/

थाहापाउनु भयो। धर्मोपदेश सिद्धिएपछि **अनाथपिण्डिकले** भगवानलाई पाँचशय भिक्षुहरूका साथ भोलिकोनिमित्त निम्तो गरे । **शास्ताले अनाथपिण्डिकलाई** "मैले निम्तो स्वीकार गरिसकेको छु" भनी भन्दा उनले "भन्ते ! कस्को निम्तो स्वीकार्नु भएको छ ?" भनी सोध्दा उहाँले "श्रेष्ठी ! **चूलसुभद्राको**" भनी उत्तर दिनुभयो।

"भन्ते ! **चूलसुभद्राकहाँबाट** यहाँ कुनै मानिस आएको देख्दिन। ऊ त टाढा बस्छे।"

"गृहपति ! हो, ऊ टाढा बस्छे। तर श्रद्धासम्पन्न सत्पुरुषहरू जतिसुकै टाढा बसेता पनि हिमाल जस्तै देखिन्छन्[१]" भनी भन्नुहुँदै "**दूरे सन्तो पकासेन्ति हिमवन्तोव पब्बता**..." भनी गाथा भन्नुभयो । जसको अनुवाद अगाडि गरिदिएको छु।

"हुन्छ भन्ते ! **चूलसुभद्रालाई** संग्रह गर्नुहोस्" भनी **अनाथपिण्डिक** फर्केर गए।

अनि भगवानले **आनन्दलाई** "आनन्द ! साकेत जानेछु । पाँचशय भिक्षुहरूलाई सलाक[२] बाँडिदेऊ। तर षडभिज्ञलाभीहरूलाई मात्र देऊ" भनी भन्नुभयो । **आनन्द स्थविरले** त्यस्तै गर्नुभयो ।

१. अं. अ. क. II. पृ. ४८३ : कालकारामसुत्तवण्णना, चतुक्कनिपात; धम्म. प. अ. क. पृ. ७०९ : चुल्लसुभद्दायवत्थु, पकिण्णकवग्गो।

२. निम्तो जानको लागि दिइने 'कार्ड' जस्तो चिन्होलाई 'सलाक' भन्दछन्।

Downloaded from http://dhamma.digital/

सबैभन्दा पहिले सलाक ग्रहण गर्ने **कुण्डधान** स्थविर हुनुहुन्थ्यो। त्यसैले अंगुत्तर अट्ठकथा-एककनिपात वण्णनाले[1] यस्तो उल्लेख गरेको हो– "**चूलसुभद्राले** निम्तो गरेको दिनमा **तथागत साकेतमा** जानु हुँदा पनि पाँचशय भिक्षुहरूमध्ये सर्वप्रथम **कुण्डधान** स्थविरले सलाक लिनु भएको थियो।" **चूलसुभद्राले** जस्तै **महासुभद्राले** पनि निम्तो गरेकी थिइन्। उनी **उग्ग** नगरमा गएकी थिइन् भन्ने कुरा पनि उक्त वण्णनामा नै स्पष्टरूपले उल्लेख गरेको पाइन्छ।

रात परेपछि **चूलसुभद्राले** चिन्ता गर्न थालिन्– "भगवान बडो ब्यस्त हुनुहुन्छ। मेरो बारेमा आवर्जन गर्नुभयो वा भएन। के गर्ने होला?" यसरी चिन्ता गरिरहेको बेलामा उनलाई **वैश्रवण महाराजाले** "सुभद्रे ! तिम्रो निम्तो तथागतले स्वीकार्नु भएको छ" भन्ने आवाज सुनाएपछि अत्यन्त हर्षित भई भोजनको सरसामान जोरजाम गर्न थालिन्। भगवान पाँचशय षडभिज्ञ भिक्षुहरूका साथ **शक्र देवेन्द्रले** निर्माण गरेको कुटागारमा बसी आकाशमार्गद्वारा **साकेत नगर** जानुभयो। **चूलसुभद्राका** सासु ससुरा सहित घरका जहानहरू उनले बताए झैं घरको माथिल्लो तलामा बसेर भगवानको प्रतीक्षा गरी बाटो हेरिरहे। बडो दर्शनीय लीलाले भिक्षुहरू सहित भगवान आइपुग्नु भएको देखेर अत्यन्त प्रसन्न भई भगवानको स्वागत गरी बडो सम्मान र प्रसन्नतापूर्वक भगवान सहित भिक्षुहरूलाई भोजन गराए। यसरी भोजन गराई सिद्धिएपछि पटक पटक निम्तो गरी एक सप्ताहसम्म महादान

१. I. पृ. १४६ : कुण्डधानथेरको कथा।

Downloaded from http://dhamma.digital/

दिए। **शास्ताले** उनको मनोभाव अनुरूप उपदेश गर्नुभयो र **कालक सेठ** स्रोतापन्न भए। पछि उनले आफ्नो उदयान **शास्तालाई** प्रदान गरे। पछि त्यहाँ घरहरू पनि बनाइदिए। त्यसैले यो आरामको नाम '**कालकाराम**' भन्ने हुन गएको हो[1] । धम्मपदट्ठकथा अनुसार[2] **चूलसुभद्रा** प्रति अनुग्रहकोनिमित्त **शास्ताले** त्यस ठाउँमा **अनुरुद्ध** स्थविरलाई छाडनु भयो।

**जेतवन विहारको** निर्माणकार्य सिद्धिएपछि **राजगृहमा** भगवानलाई खबर पठाई भगवान बुद्ध **राजगृहबाट श्रावस्तीमा** आइपुग्नु भई **जेतवन विहारमा** प्रवेश गर्ने दिनमा विहारमहोत्सव तयार पारी भगवानलाई लिन जाँदा **अनाथपिण्डिकले** आफ्नो छोरालाई पाँचशय परिवारहरूको साथमा पठाए। रंगीचंगी पाँच वर्णका कपडा लगाएका आफ्नो परिषद्का साथ गई पाँचशय ध्वजाहरू समाती उनी भगवानको अघिल्तिर बसे। त्यसको पछाडितिर **महासुभद्रा र चूलसुभद्रा** आफ्ना पाँचशय कुमारीहरूका साथ पूर्ण घट लिएर बसे। त्यसको पछाडि **अनाथपिण्डिककी** भार्या सर्वालंकारले विभूषित भई पूर्ण-पात्र लिएका पाँचशय नारीहरूका साथ बसिन्। सबभन्दा पछिल्तिर **अनाथपिण्डिक** स्वयं चुनेको लुगा लगाई चुनेका लुगा लगाएका पाँचशय सेठहरूका साथ बसे। यस यात्रामा **प्रसेनजित कोशल**

---

१. अं. नि. अ. क. II. पृ. ४८३ : कालकारामसुत्तवण्णना, चतुक्कनिपात।

२. पृ. ७०८ : चुल्लसुभद्दायवत्थु, पकिण्णकवग्गो।

Downloaded from http://dhamma.digital/

राजाकी सातवर्षीय छोरी **सुमना राजकुमारी** पनि सम्मिलित भएकी थिइन् भन्ने कुरा अगाडिको **सुमना राजकुमारीको** कथामा उल्लेख भएको छ। अनि परिषद्लाई अघिल्तिर राखी महाभिक्षुसंघले परिवृत भई यात्राका साथ **लोकनायक भगवान** बुद्धले **जेतवन विहारमा** प्रवेश गर्नुभयो[१]।

**चूलसुभद्रा अनाथपिण्डिक** सेठकी माहिली छोरी हुन्। जेठी छोरीको नाम **महासुभद्रा** र कान्छी छोरीको नाम चाहिं **सुमनादेवी** थियो[२]।

x x x

१. जा. अ. क. I-II. पृ.७६ : निदानकथा; अप. दा. अ. क. पृ. ८१ : निदानकथा ।

२. बु. गृ. भा–१, पृ. २६.

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## सत्पुरुष हिमाल जस्तै देखिन्छ

"दूरे सन्तो पकासेन्ति, हिमवन्तो व पब्बतो ।
असन्तेत्थ न दिस्सन्ति, रत्तिं खित्ता यथा सरा[1] ॥"

**अर्थ—**

"हिमालय पर्बत टाढा भए पनि देखिने भैंं सत्पुरुषहरू टाढैबाट देखिन्छन्; रातको अन्धकारमा छोडेको बाण भैंं असत्पुरुषहरू टाढाबाट देखिदैनन् ।"

---

१. धम्म. प. पा. पृ. ४५, गा. नं. ३०४, अ.क. ७०५, पकिण्णकवग्गो ।

Downloaded from http://dhamma.digital/

# ७. बोज्भा उपासिका

**मूल सूत्र—**

## १– अष्टाङ्ग उपोसथ

त्यस समय **भगवान श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनारामा** बस्नु भएको थियो[1]।

अनि **बोज्भा** (= **बोध्या** ) **उपासिका** जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एक छेउमा बसिन् । एक छेउमा बसेकी **बोज्भा उपासिकालाई** भगवानले यस्तो भन्नुभयो—

“**बोज्भे** ! अष्टाङ्ग सम्पन्न भई उपोसथ-व्रत पालन गर्नेको फल महान हुन्छ, महानिसंस, महादद्योतक तथा महाविस्फार पनि । **बोज्भे** ! कसरी अष्टाङ्ग सम्पन्न भई उपोसथ-व्रत पालन गर्नेको फल महान हुन्छ र महानिसंस, महादद्योतक र महाविस्फार हुन्छ भने ?”—

---

१. अं. नि–८, पृ. ३५६ : बोज्भसुत्तं, उपोसथवग्गो ।

Downloaded from http://dhamma.digital/

१– '**बोज्झे** ! आर्यश्रावकले यस्तो विचार गर्छ– 'अरहन्तहरू जीवनभर प्राणीहिंसा छाडी प्राणीहिंसाबाट विरत रहन्छन्; दण्ड रहित, शस्त्र रहित, लज्जालु, दयालु तथा भूतप्राणीहरूप्रति हितानुकम्पी भई विहार गर्छन् । म पनि आज यो रात र यो दिन प्राणीहिंसा छाडी प्राणीहिंसाबाट विरत भई दण्ड रहित, शस्त्र रहित, लज्जालु, दयालु तथा भूतप्राणीहरूप्रति हितानुकम्पी भई विहार गर्छु । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूका अनुकरण गरेको छु र मेरो उपोसथ-व्रत पनि पालन भएको छ ।' यही पहिलो अङ्गले युक्त हुन्छ ।

२– 'अरहन्तहरू जीवनभर अदिन्नादान (= चोरी) छाडी अदिन्नादानबाट विरत हुन्छन्; दिएको मात्र ग्रहण गर्ने र दिएको मात्र प्रतीक्षा गर्ने भई शुद्धात्मभाव लिई बस्छन् । म पनि आज यो रात र यो दिन अदिन्नादान छाडी अदिन्नादानबाट विरत भएको छु; दिएको मात्र ग्रहण गर्ने दिएको मात्र प्रतीक्षा गर्ने भई शुद्धात्मभाव लिई बसेको छु । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण गरेको छु र मेरो उपोसथ-व्रत पनि पालन भएको छ ।' यही दोस्रो अङ्गले युक्त हुन्छ ।

३– 'अरहन्तहरू जीवनभर अब्रह्मचर्य छाडी मैथुन धर्मबाट विरत भई टाढा भई दूर भई ब्रह्मचारी भई बस्छन् । म पनि आज यो रात र यो दिन अब्रह्मचर्य छाडी मैथुनधर्मबाट विरत भई टाढाभई दूर भई, ब्रह्मचारी भएको छु । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण **गरेको छु र मेरो उपोसथ-व्रत** पनि पालन भएको छ ।' यही तेस्रो अङ्गले युक्त हुन्छ ।

Downloaded from http://dhamma.digital/

४– 'अरहन्तहरू जीवनभर मृषावाद छाडी मृषावादबाट विरत रहन्छन्; सत्यवादी, सत्यमा आधारित स्थीरवाचा, विश्वसनीय कुरा गर्ने तथा लोकलाई झुटो नबोल्ने भई बस्छन् । म पनि आज यो रात र यो दिन मृषावाद छाडी मृषावादबाट विरत भई सत्यवादी, सत्यमा आधारित स्थीरवाचा विश्वसनीय कुरा गर्छु तथा लोकलाई झुटो नबोल्ने भई बसेको छु । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण गरेको छु र मेरो उपोसथ-व्रत पनि पालन भएको छ ।' यही चौथो अङ्गले युक्त हुन्छ ।

५– 'अरहन्तहरू जीवनभर सुरामेरयमदच प्रमादस्थानलाई छाडी सुरामेरयमदच प्रमादस्थानबाट विरत हुन्छन् । म पनि आज यो रात र यो दिन सुरामेरयमदच प्रमादस्थानलाई छाडी सुरामेरयमदच प्रमादस्थानबाट विरत भएको छु । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण गरेको छु र मेरो उपोसथ-व्रत पनि पालन भएको छ ।' यही पाँचौ अङ्गले युक्त हुन्छ ।

६– 'अरहन्तहरू जीवनभर एक छाके हुन्छन् । रात पर्नु भन्दा अगाडि विकाल[१] भोजनबाट विरत रहन्छन् । म पनि आज यो रात र यो दिन एक छाके भएको छु । रात पर्नु भन्दा अगाडि विकाल भोजनबाट विरत भएको छु । यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण

१. मध्यान्ह पछि रात पर्नु भन्दा अगाडिको समयलाई 'विकाल' भन्दछन् । अं. नि. अ. क. I. पृ. ४३१.

Downloaded from http://dhamma.digital/

गरेको छु र मेरो उपोसथ-व्रत पनि पालन भएको छ।' यही छैठौं अङ्गले युक्त हुन्छ।

७– 'अरहन्तहरू जीवनभर नृत्य-गीत-वादय-विसूक-दर्शन र माला-गन्ध-विलेपन-धारण-मण्डन-विभूषणहरू छाडी नृत्य-गीत-वादय-विसूक-दर्शन, माला-गन्ध-विलेपन-धारण-मण्डन-विभूषणहरूबाट विरत हुन्छन्। म पनि आज यो रात र यो दिन नृत्य-गीत-वादय-विसूक-दर्शन र माला-गन्ध-विलेपन-धारण-मण्डन-विभूषणहरू छाडी नृत्य-गीत-वादय-विसूक-दर्शन र माला-गन्ध-विलेपन-धारण-मण्डन-विभूषणहरूबाट विरत भएको छु। यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण गरेको छु र मेरो उपोसथ-व्रत पनि पालन भएको छ।' यही सातौं अङ्गले युक्त हुन्छ।

८– 'अरहन्तहरू जीवनभर उच्चाशयन र महाशयन छाडी उच्चाशयन महाशयनबाट विरत भई होचो आसनमा शयन गर्छन्– खाट्मा वा तृणस्थरणमा। म पनि आज यो रात र यो दिन उच्चाशयन महाशयन छाडी उच्चाशयन महाशयनबाट विरत भई होचो आसनमा शयन गर्छु– खाट्मा वा तृणस्थरमा। यो अङ्गद्वारा पनि मैले अरहन्तहरूको अनुकरण गरेको छु र मेरो उपोसथ-व्रत पनि पालन भएको छ।' यही आठौं अङ्गले युक्त हुन्छ।'

"**बोज्झे** ! यसप्रकार अष्टाङ्ग सम्पन्नभई बसेको उपोसथ-व्रतको फल महान हुन्छ र महानिसंस, महादयोतक तथा महाविस्फार पनि।"

"**बोज्झे** ! कति महत्फल महानिसंस-महादयोतक तथा कति महाविस्फार हुन्छ भने ?– प्रसस्तरूपले सप्तरत्नहरू भरिपूर्ण भएका–

Downloaded from http://dhamma.digital/

**अङ्ग**[1], **मगध**, **काशी**, **कोशल**, **बृजी**, **मल्ल**, **चेतीय**, **वङ्ग**, **कुरु**, **पञ्चाल**, **मत्स्य**, **सूरसेन**, **अश्वक**, **अवन्ती**, **गन्धार**, **कम्बोज**[1] आदि यी सोह्र महाजनपदहरूको ऐश्वर्याधिपति भई कसैले राज्य गर्छ भने–त्यो राज्य, अष्टाङ्ग सम्पन्न उपोसथ-व्रतको अगाडि सोह्रभागको एकभाग पनि हुन्न। किनभने दिब्यसुखको अगाडि मानुषीय राज्य-सुख कृपण (= कौडी) समान हो।

## दिव्य-आयु

(१) "**बोज्झे** ! मनुष्यहरूको पचास (५०) वर्ष **चातुर्महाराजिक** देवहरूको एक दिन-रात हुन्छ। सोही रातको तीस रातले एक महीना हुन्छ। सोही महीनाले बाह्र महीनाको एकवर्ष हुन्छ। सोही वर्षले पाँचशय (५००) वर्षहरू **चातुर्महाराजिक** देवहरूको दिव्य-आयु प्रमाण हुन्छ। **बोज्झे** ! यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गरी शरीर छाडी मृत्युपछि **चातुर्महाराजिक** देवलोकमा उत्पन्न हुनसक्छ। यसै कारणलाई ध्यानमाराखी मानुषीय राज्य-सुखलाई दिव्य-सुखको अगाडि कृपण समान भनिएको हो।"

(२) "**बोज्झे** ! मनुष्यहरूको शय (१००) वर्ष **त्रयस्त्रिंश**

---

१–१. अङ्ग आदि कम्बोज देशहरू वर्तमान समयमा कहाँ कहाँ पर्छन् भन्ने कुरा लेखककै बु. म. पृ. १३३–३६ को पादटिप्पणीमा उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital/

देवहरूको एक दिन-रात हुन्छ। सोही रातको तीस रातले एक महीना हुन्छ। सोही महीनाले बाह्र महीनाको एक वर्ष हुन्छ। सोही वर्षले एकहजार (१,०००) वर्षहरू **त्रयस्त्रिंश** देवहरूको दिव्य-आयुप्रमाण हुन्छ। **बोज्भे** ! यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गरी शरीर छाडी मृत्युपछि **त्रयस्त्रिंश** देवलोकमा पनि उत्पन्न हुनसक्छ। यसै कारणलाई ध्यानमाराखी मानुषीय राज्य-सुखलाई दिव्य-सुखको अगाडि कृपण समान भनिएको हो।"

(३) "**बोज्भे** ! मनुष्यहरूको दुइशय (२००) वर्षहरू यामा देवहरूको एक दिन-रात हुन्छ। सोही रातको तीस रातले एक महीना हुन्छ। सोही महीनाले बाह्र महीनाको एकवर्ष हुन्छ। सोही वर्षले दुइहजार (२,०००) वर्षहरू यामा देवहरूको दिव्य-आयु प्रमाण हुन्छ। **बोज्भे** ! यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गरी शरीर छाडी मृत्युपछि यामा देवलोकमा पनि उत्पन्न हुनसक्छ। यसै कारणलाई ध्यानमाराखी मानुषीय राज्य-सुखलाई दिव्य-सुखको अगाडि कृपण समान भनिएको हो।"

(४) "**बोज्भे** ! मनुष्यहरूको चारशय (४००) वर्ष **तुषित** देवहरूको एक दिनरात हुन्छ। सोही रातको तीस रातले एक महीना हुन्छ। सोही महीनाले बाह्र महीनाको एक वर्ष हुन्छ। सोही वर्षले चारहजार (४,०००) वर्षहरू **तुषित** देवहरूको दिव्य-आयु प्रमाण हुन्छ। **बोज्भे** ! यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन

Downloaded from http://dhamma.digital/

गरी शरीर छाडी मृत्युपछि **तुषित** देवलोकमा पनि उत्पन्न हुनसक्छ। यसै कारणलाई ध्यानमाराखी मानुषीय राज्य-सुखलाई दिव्य-सुखको अगाडि कृपण समान भनिएको हो।"

(५) "**बोज्झे** ! मनुष्यहरूको आठशय (८००) वर्ष **निर्माणरति** देवहरूको एक दिनरात हुन्छ। सोही रातको तीस रातले एक महीना हुन्छ। सोही महीनाले बाह्र महीनाको एक वर्ष हुन्छ। सोही वर्षले आठहजार (८,०००) वर्षहरू **निर्माणरति** देवहरूको दिव्य-आयु प्रमाण हुन्छ। **बोज्झे** ! यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गरी शरीर छाडी मृत्युपछि **निर्माणरति** देवलोकमा पनि उत्पन्न हुनसक्छ। यसै कारणलाई ध्यानमाराखी मानुषीय राज्य-सुखलाई दिव्य-सुखको अगाडि कृपण समान भनिएको हो।"

(६) "**बोज्झे** ! मनुष्यहरूको सोह्रशय (१,६००) वर्ष **परनिर्मित वशवर्ती** देवहरूको एक दिनरात हुन्छ। सोही रातको तीस रातले एक महीना हुन्छ। सोही महीनाले बाह्र महीनाको एक वर्ष हुन्छ। सोही वर्षले सोह्र हजार (१६,०००) वर्षहरू **परनिर्मित वशवर्ती** देवहरूको दिव्य-आयु प्रमाण हुन्छ। **बोज्झे** ! यहाँ कुनै स्त्री वा पुरुष अष्टाङ्गयुक्त उपोसथ-व्रत पालन गरी शरीर छाडी मृत्युपछि **परनिर्मित वशवर्ती** देवलोकमा पनि उत्पन्न हुनसक्छ। यसै कारणलाई ध्यानमाराखी मानुषीय राज्य-सुखलाई दिव्य-सुखको अगाडि कृपण समान भनिएको हो।"

Downloaded from http://dhamma.digital/

(**पुनश्च :—**)

१– "पाणं न हञ्ञे न च दिन्नमादिये,
मुसा न भासे न च मज्जपो सिया ।
**अब्रह्मचरिया** विरमेय्य मेथुना,
रत्तिं न भुञ्जेय्य विकाल भोजना ॥"

२– "मालं न धारे न च गन्धमाचरे,
मञ्चे छमायं व सयेथ सन्थते ।
एतं हि अट्ठङ्गिकमाहुपोसथं,
बुद्धेन दुक्खान्तगुना पकासितं ॥"

३– "चन्दो च सुरियो च उभो सुदस्सना,
ओभासयं अनुपरियन्ति यावता ।
तमोनुदा ते पन अन्तलिक्खगा,
नभे पभासन्ति दिसाविरोचना ॥"

४– "एतस्मिं यं विज्जति अन्तरे धनं,
मुत्ता मणि वेलुरियं च भद्दकं ।
सिङ्गि सुवण्णं अथवा पि कञ्चनं,
यं जातरूपं हटकं ति वुच्चति ॥"

Downloaded from http://dhamma.digital/

५– "अट्ठङ्गुपेतस्स उपोसथस्स,
कलं पि ते नानुभवन्ति सोलसिं ।
चन्दप्पभा तारगणा च सब्बे ॥"

६– "तस्मा हि नारी च नरो च सीलवा,
अट्ठङ्गुपेतं उपवस्सुपोसथं ।
पुञ्ञानि कत्वान सुखद्रयानि,
अनिन्दितो सग्गमुपेन्ति ठानं'ति ॥"

**अर्थ—**

१– "प्राणीहिंसा नगर, अदिन्नादान (= चोरी) नगर, मृषाबाद नबोल र मदयपान पनि नगर । मैथुन छाडी अब्रह्मचर्यलाई त्यागिदेऊ । विकालमा तथा रातमा भोजन नगर ।"

२– "माला नलगाऊ, सुगन्ध पनि नलगाऊ, खाट्मा वा भुईमा सुत, यसैलाई अष्टाङ्गिक उपोसथ भन्दछन् भनी दुःखान्त गर्नु भएका बुद्धले प्रकाशित गर्नु भएको छ ।"

३– "राम्ररी देखिने चन्द्र-सूर्य दुबैले अन्धकार नाश गरी आभा-प्रकाश पारी चारैतिर विचरण गरी जतिसम्म आकाश उज्यालोपारी दिशानुदिशा तेजिलो पार्छन् ।"

४– "त्यसभित्र त्यस बीचमा जे जति मोती, मणी, वैदूर्षादि धनहरू छन्; जुन सुवर्ण तथा कञ्चनहरू अथवा सुन चाँदीहरू छन्"–

Downloaded from http://dhamma.digital/

५– “तिनीहरू– अष्टाङ्गिक उपोसथ-व्रतको अगाडि सोह्रभागमा एक भाग पनि पुग्न सक्दैनन् । न त चन्द्र-प्रभा सहित सबै तारा-गण नै ।”

६– “त्यसैले शीलवान् नरनारीहरूले अष्टाङ्गिक उपोसथ-व्रत पालन गर्न सक्नुपर्छ अनि सुखदायी पुण्यकार्य गरी अनिन्दित भई स्वर्गलोकमा पुग्न सक्छन् ।”

यो बोज्झा उपासिकाको नाम अंगुत्तरनिकायको[1] अट्ठकनिपातको सामञ्ञवग्ग सूत्रमा प्रमुख उपासिकाहरूको नामावलीमा समावेश भएको पाइन्छ ।

१. पृ. ४२८.

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# ८. मल्लिकादेवी

## प रि च य

### अग्रमहिषीपद

यी **मल्लिकादेवी श्रावस्तीवासी** एक गरीब तथा जेष्ठ मालाकारकी छोरी हुन् । सोह्रवर्षीय यी कुमारी अरू कुमारीहरूसँग दिनहुँ तीनवटा कुल्मासपिण्ड (= एक प्रकारको रोटी) फूलको टोकरीमा राखी उदद्यानमा जान्थिन् । एकदिन त्यस्तै प्रकारले गइरहेको बेलामा यिनले भिक्षुसङ्घ सहित शरीरबाट रश्मी निकाल्नु भई भगवान बुद्ध भिक्षाटन्को लागि नगरमा गइरहनु भएको देखिन् । अनि प्रसन्न भई यिनले आफ्ना रुक्खासुक्खा तीनवटा कुल्मासपिण्ड भगवानलाई चढाइन् । उहाँको पाउमा ढोगी एक छेउमा उभिइरहिन्[1] । **तथागतले** एक ठाउँमा बस्ने

---

१. सं. नि. अ. क. I. पृ. ११० : मल्लिकासुत्तवण्णना, कोसलसंयुत्तं; उदा. अ. क. पृ. १९२ : पियतरसुत्तवण्णना, सोणबग्गो; जा. अ. क. III. पृ. २८७ : कुम्मासपिण्डजातकं, नं. ४१५.

Downloaded from http://dhamma.digital/

संकेत दिनु भएपछि **आनन्द स्थविरले** चीवर बिच्छ्याइदिनुभयो। भगवानले उनको त्यो रोटी खानुभई मुसुक्क मुस्कराउनु भयो । अनि **आनन्द स्थविरले** मुस्काउनाको कारण सोध्नुभयो[1] । अनि भगवानले "आनन्द ! यिनले दिएको यो दानको प्रभावद्वारा यिनी आजै **प्रसेनजित्** कोशल नरेशकी अग्रमहिषी हुने छिन् "भनी बताउनु भयो । कुमारी पनि पुष्प उदयानमा गइन्[2] ।

त्यसै दिन **प्रसेनजित्** कोशल राजा **काशी** गाउँको कारणमा आफ्नो भाञ्जा **अजातशत्रुसँगको** लडाइमा पराजित भई भागेर **श्रावस्ती नगरतिर** आइरहेको बेलामा सेनाको प्रतीक्षा गर्न त्यो उदयानमा पसे। त्यसबखत **मल्लिका कुमारीले** गाइरहेको गीत स्वरमा आकर्षित भई घोडा त्यस तरफ लगे । पुण्यवती **मल्लिका** राजा देखेर भागेर नगई बडो विनीततापूर्वक घोडाको लगाम समातिन् । उनको शीलस्वभाव देखेर खुशी भएका राजाले उनीसँग विहे भएकी वा नभएकी भन्ने कुरा सोध्दा "नभएकी" भन्ने बुझेपछि घोडाबाट ओर्ली थकाई मार्नको निमित्त उनको काखमा लेटी केही छिन विश्राम गरी पछि उनलाई पनि घोडामा चढाई सेनाहरूका साथ नगर भित्र गई उनलाई उनको घरमा राखी उनको पितालाई धेरै श्रीसम्पत्ति दिई[3] पछि संध्या

---

१. उदा. अ. क. पृ. १९२; सं.नि. अ. क. I. पृ. ११०.
२. जा. अ. क. III. पृ. २८७; सं. अ. क. I. पृ. ११०; उदा. अ. क. पृ. १९२.
३. उदा. अ. क. पृ. १९२.

Downloaded from http://dhamma.digital/

समयमा राजदरवारबाट डोली पठाई महान सम्मानका साथ उनलाई राजदरबारमा लगी विशाल रत्नहरूको बीचमा राखी अभिषेक दिएर अग्रमहिषी बनाए[१]। त्यहाँदेखि उनी राजाको अति प्रिया रहेकी थिइन्। उनी पनि पञ्चकल्याण गुणले[२] युक्ता तथा पतिदेव थिइन् र बुद्धको परम भक्तिनी थिइन्। तीनवटा कुल्मासपिण्ड भगवानलाई दान दिई **मल्लिका कुमारी** उसै दिन अग्रमहिषी भइन् भन्ने कुरा सारा **श्रावस्तीमा** फैलियो[३]।

## मल्लिका प्रसेनजित् कोशल

जुन रूपले **प्रसेनजित्** कोशल राजाले **मल्लिकादेवीलाई** आफ्नी पटरानी बनाए सो कुरा माथि उल्लेख भइ नै सकेको छ। **मल्लिकादेवी** उनकी अति प्यारी थिइन्। **मल्लिकादेवी** बुद्धकी परम भक्तिनी थिइन् भन्ने कुरा भनिरहनु पर्ने होइन। बुद्धलाई कुल्मासपिण्ड प्रदान गरेको दिनैमा उनले अग्रमहिषी पद प्राप्त गरेको कारणले गर्दा नै उनको मनमा बुद्धप्रति अगाध श्रद्धा हुनु स्वाभाविक नै हो। **मल्लिकादेवी** राजाप्रति आत्मीय स्नेह राख्दथिन् भन्ने कुरा विभिन्न घटनाहरूको आधारमा

---

१. जा. अ. क. III. पृ. २८७ : कुम्मासपिण्डजातकं, नं. ४१५.

२. पञ्चकल्याण भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. श्रावि. च. भा–१, पृ. ४०० मा उल्लेख भएको छ।

३. जा. अ. क. III. पृ. २८७.

Downloaded from http://dhamma.digital/

अनुमान गर्न सक्छौं । साँच्चै भन्ने हो भने राजा प्रति उनी केवल सांसारिक प्रेम मात्र राख्दिनन् बल्कि पारमार्थिक रूपले पनि उनी एक शुभेच्छुक हुनुको साथै मैत्री मात्र होइन ठाडो मुखले कुरासम्म पनि गर्दिनन् र सबै व्यवहारमा सत्यवादी थिइन् र धूर्ता थिइनन् ।

एकदिन राजाको मनमा यस्तो कल्पना उठ्यो– "यी **मल्लिकादेवीलाई** मैले कस्तो ठाउँबाट कस्तो ठाउँमा राखिदिएँ । अतः यिनले मलाइभन्दा बढता प्यार अरू कसैलाई गर्दिनन् होली । यदि मैले यो कुरा सोधेको खण्डमा यिनले 'तपाईभन्दा बढता अरू कसैमाथि प्यार छैन' भनी भन्नेछिन् होली । यदि मसँग सोधे पनि म यस्तै भन्नेछु ।" एकदिन प्रासादमा बसी यी दुवैजना परस्पर प्रेमको कुरा गरिरहेका बेलामा राजाले **मल्लिकादेवीको** मुखबाट "आफूप्रति अत्यन्त प्यार छ" भन्ने कुरा सुन्ने इच्छाले "मल्लिके ! तिमीलाई आफूभन्दा प्यारो लाग्ने अरू कोही छ के ?" भनी सोधे । बुद्धिमति **मल्लिकाले** "यस्तो गहिरो प्रश्नको उत्तर मुख हेरेर बाहिर बाहिरैबाट दिनु ठीक छैन" भनी कुनै छक्का पञ्जा नगरी स्वाभाविकरूपले यथार्थताको कुरा बताउँदै– "महाराज ! यो संसारमा आफूभन्दा प्यारो अरू कोही छैन" भनी भनिन् र उनले पनि राजासँग यस्तै प्रश्न गर्दा राजाले पनि त्यस्तै जवाफ दिए । जुन कुरा अगाडि अनुदित पहिलो सूत्रमा उल्लेख भएको छ । **मल्लिकाको** उत्तर सुनी बाध्य भएर राजाले पनि "आफू बाहेक अरू प्यारो छैन" भन्ने जवाफ दिए[1] ।

---

१. उदा. अ. क. पृ. १९२ : पियतरसुत्तवण्णना, सोणवग्गो; सं. नि. अ. क. I. पृ. ११० : मल्लिकासुत्तवण्णना, कोसलसंयुत्तं ।

Downloaded from http://dhamma.digital/

मन्द बुद्धिको कारणले गर्दा राजा यस उत्तरबाट भित्री हृदयदेखि प्रसन्न भएका थिएनन् भन्ने कुरा राजाले **मल्लिकादेवीलाई** होच्याएर कुरा सुनाएको आधारबाट बुझ्न सकिन्छ। यति भएपछि राजाको मनमा यस्तो लाग्यो– "म चाहिं पृथ्वी मण्डलको राज्य चलाउने राजा हुँ। त्यसैले यिनले मलाई म बाहेक अरू प्यारो कोही छैन भनी भन्नुपर्थ्यो। यो नीच जातिकी वसली ! यतिका उच्चस्थानमा राखि दिएर पनि आफ्नो हीनताको कारणले गर्दा मेरै अगाडि 'आफूभन्दा प्यारो अरू कोही छैन' भन्छे। कत्तिकी निर्दयी होली !"

यति सोचेर होच्याउँदै **मल्लिकालाई** यसो भने– "त्रिरत्न प्यारो छ भनी तिमी भन्छयौ होइन ?"

**मल्लिकादेवी** भन्दछिन्– "देव ! आफ्नो स्वर्ग मोक्ष सुखको लागि मात्र त्रिरत्नलाई प्यारो भन्छु। किन्तु अरूभन्दा आफू नै प्रियतर हुन्छ।"

यदि राम्ररी विचार गर्ने हो भने यो लोकमा जसले "म तिमीलाई प्यारो गर्छु" भनी भन्दछ भने उसले आफ्नै निमित्त भन्दछ। छोरा चाहनेले "मलाई यसले बुढेसकालमा हेर्नेछ भनी; छोरी चाहनेले यसले मेरो कुल बृद्धि गर्नेछे भनी; स्वास्नी चाहनेले यसले मेरो खुट्टा मिच्नेछे भनी तथा अरू ज्ञातिबन्धु चाहनेले आ-आफ्नो स्वार्थलाई नै ध्यानमा राखी प्यारो गर्छ।" अतः आफ्नै निमित्त यो लोकवासीले अर्कालाई प्यारो गर्छ। यही नै उनको भनाइको अभिप्राय थियो।

Downloaded from http://dhamma.digital/

अनि राजाले विचार गरे– "यो **मल्लिका** कुशल पण्डितनी हो र आफूनै प्रियतर हुन्छ भन्दछे। मलाई पनि स्वयं प्रियतर संझी सेवा गर्दछे। मैले यो कुरा अवश्य पनि बुद्धलाई सुनाउनु पर्‍यो र जस्तो बुद्धले भन्नु हुनेछ उस्तै स्वीकार गर्नेछु।" यति सोचेर राजा बुद्धकहाँ गए[1]। त्यसैले अगाडिको पहिलो मूल सूत्रमा "यसपछि **प्रसेनजित्** कोशल राजा प्रासादबाट ओर्लेर जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए" भनी उल्लेख भएको हो। भगवानले भन्नुभएको कुरा सूत्रबाटै प्रष्ट भएको छ।

अर्को एकदिन राजाले **मल्लिकादेवीलाई** "मल्लिके! प्रेमको कारणले नै शोक सन्ताप हुन्छ भनी तिम्रा **श्रमण गौतम** भन्छन् रे" भनी भन्दा **मल्लिकादेवीले** "यदि भगवान यस्तो भन्नुहुन्छ भने त्यो कुरा त्यस्तै हो" भनी उत्तर दिइन्।

"मल्लिके! तिमी कस्ती हौलि! जुन कुरा **श्रमण गौतम** भन्दछन् उही कुरा स्वीकार्छ्यौ।"

"हो त, देव! जस्तै कुनै शिष्यले आफ्नो गुरूको कुरालाई शिरोपर गर्छ उस्तै म पनि गर्छु।"

यो सुनेर झर्को माने जस्तो गरी अलि रीस देखाई "अरे मल्लिके! जाऊ यहाँ नबस" भनी भने। अनि राजा रिसाए भन्ने ठानी "अब कुरा गर्नु ठीक छैन" भन्ने सोचिन्। अनि भगवानले यस्तो भन्नु

१. उदा. अ. क. पृ. १९३ : पियतरसुत्तवण्णना, सोणवग्गो; सं. नि. अ. क. I. पृ. ११० : मल्लिकासुत्तवण्णना, कोसलसंयुत्तं।

Downloaded from http://dhamma.digital/

भएको हो कि होइन भन्ने कुरा जान्नको निमित्त **नालिजङ्ग** भन्ने ब्राह्मणलाई भगवानकहाँ सोध्न पठाउँदा "हो" भन्ने कुरा थाहापाएपछि एक अवस्था विचार गरी उपरोक्त कुराबारे संझाउने विचार गरी **मल्लिकादेवीले** राजासँग यस्तो सोधिन्– "हे देव ! के तपाईलाई **वजिरी**[१] **कुमारी** प्यारी लाग्छे ?"

"देवी ! के भनेको **वजिरी** यति प्यारी छ भनी म भन्न सक्दिन ।"

"देव ! भनौ कि **वजिरी** कुमारी मरिन् र उनीबाट बियोग हुनुपर्‍यो भने तपाईलाई शोक सन्ताप हुनेछ त ?"

"देवी ! ऊ मरी भने मेरो ज्यान नै रहने छैन भने शोक सन्ताप नहोला भन्ने त सवालै उठ्दैन ।"

उपरोक्ताकारले **मल्लिकादेवीले** अनेक उदाहरण प्रस्तुत गरी राजालाई चित्त बुझाएकी थिइन् र राजाको मनमा बुद्ध प्रति भक्ति पनि जगाउन समर्थ भएकी थिइन् भन्ने कुरा अगाडि अनुदित दोस्रो सूत्रको मूल कथाबाट बुझ्न सकिन्छ । यसरी देवी पण्डिता थिइन् र राजा प्रति भित्री स्नेह राख्दथिन् ।

यस्तै गरी अर्को एक समयमा **मल्लिकादेवीले** आफ्नो पति **प्रसेनजित्** कोशल राजालाई सम्झाएका कुरा हामी धम्मपदट्ठकथामा हेर्न सक्छौं । जस्तै– एक समय राजा नगर घुम्न जादाँ अति सुन्दरी

१. राजाकी छोरी ।

Downloaded from http://dhamma.digital/

यौटी स्त्रीलाई देखी आसक्त भई सोधपूछ गराउँदा उसको पति भएको कुरा बुझी उसलाई मार्ने नियतले राजाले सो पुरुषलाई एक शय (१००) योजन टाढा भएको एक पोखरीबाट कमलको फूल र रातो माटो सूर्य अस्त हुनुभन्दा अगाडि नै राजदरवारमा ल्याइपुऱ्याउनु पर्छ अन्यथा तिम्रो ज्यान जानेछ भनी पठाए। राजाले यो हुन नसक्ने काम अह्राएबाट उसले थाहापायो कि यो सबै उसकी पत्नीको कारणले भएको हो । जेहोस् विचरा गरीबको सत्यताको कारणले सूर्यास्त हुनुभन्दा अगाडि नै उसले उपरोक्त वस्तु राजदरवारमा ल्याइपुऱ्यायो। उता राजाले सोच्नथाले कि मानिसहरूले असम्भव काम पनि गर्न सक्छन्। अनि राजाले राजदरवारको ढोका घाम झुल्कनुभन्दा अगावै थुन्न लगाएका मात्र होइनन् ढोकाको साँचो समेत आफूले लिइराखे । सो पुरुष घाम झुल्कनुभन्दा अगावै आइपुगेता पनि ढोका बन्द भएकोले सो पदार्थ ढोकामा झुण्डचाई ऊ **जेतवन विहारमा** शरण गयो । कामान्धताले राजालाई यस्तो सताएको थियो कि रातभर राजा निदाउनै सकेनन्। यस्तो हुँदा राजाले बडो भयानक नारकीय आवाज सुनेको स्वप्न देखेपछि "मरिने हो कि क्याहो" भन्ने कल्पनाले डराई बिउँझे। अनि तुरन्तै ज्योतिषी ब्राह्मणहरूलाई स्वप्नको अर्थ सोध्दा ब्राह्मणहरूले त्यसको अर्थ बताउन नसकेता पनि आफ्नो लाभको कारण बनाउन उनीहरूले राजालाई झन् तर्साउदै "देव ! बडो ठूलो भय छ, ज्यानको खतरा छ र यज्ञ गर्नुपर्छ" भनी भनेपछि अनेक शय बाछा, बाछी, स्त्री र पुरुष सहित प्राणीहरू यज्ञको निमित्त तयार पार्न लगाए । यसबेला यज्ञको लागि तयार पारिएका प्राणीहरूको रोदनशब्दद्वारा सारा

Downloaded from http://dhamma.digital/

राजदरबार थर्किएको थियो। यो आवाज सुनेर "के भएको रहेछ!" भन्ने विचारले राजाकहाँ गई "देव! किन यस्तो होहल्ला भएको हो?" भनी **मल्लिकादेवीले** सोध्दा राजाले "मल्लिके! तिमीलाई के छ र! मेरो कानमा विषधारी सर्प पसे पनि के थाहापाउँछ्यौ र! भनी भने। यो सुनेर देवीले बडो प्रेमपूर्वक "महाराज! यो के भन्नु भएको?" भनी सोधेपछि "मेरो ज्यानको खतरा छ रे! मेरो ज्यान नै ठूलो छ। त्यसैले महायज्ञ गर्नको निमित्त प्राणीहरू एकत्रित पारेको" भनी भनेपछि **मल्लिकादेवीले** "महाराज! तपाई सारै अन्धो हुनुहुँदो रहेछ। यदचपि तपाईले एकपाथीको भात खानुहुन्छ र दुइवटा राज्यमा राज्य गर्नुहुन्छ तैपनि तपाईको बुद्धि थोरै रहेछ" भनी भनिन्।

"किन यसो भनेको?"

"कुनै प्राणीलाई मारेर कुनै प्राणीको जीवन बचेको कुरा तपाईले कहीं देख्नु भएको छ र? अन्ध मूर्ख! ब्राह्मणहरूको कुरा सुनी किन महाजनहरूमाथि दुःख थुपार्नु हुन्छ? देवमनुष्यका शास्ता अग्रपुरुष हुनु भएका तथा अतीतानागतको कुरा जान्नुहुने **सर्वज्ञ बुद्ध** प्रमुख विहारमा बस्नु भएको छ। उहाँसँग एकचोटि सोधेर उहाँले भन्नुभए बमोजिम गर्नुहोस्।"

"यो कुरा ठीक हो" भनी राजाले बुद्धलाई सम्झे अनि **मल्लिकादेवीसँग** राजा तुरन्त भगवानकहाँ गए। मरण भयले भयभीत भएका राजाले केही भन्न नसकी भगवानलाई वन्दना गरी एक छेउमा बसेपछि भगवानले "महाराज! किन हतार हतार गरी आउनु

Downloaded from http://dhamma.digital/

भएको ?" भनी मधुर स्वरले सोध्नु हुदाँ केही भन्न नसकी राजा चुप लागेर नै बसे। अनि **मल्लिकादेवीले** "भन्ते ! राजाले जीवनमा खतरा हुने स्वप्न देख्नुभयो र त्यसबाट बच्नको लागि ब्राह्मणहरूको कुरा सुनी शयकडौं तथा हजारौं प्राणीहरू हत्यागरी यज्ञको तयारिगर्दै हुनुहुन्छ। राजालाई यो बितेको रात सारै लामो लागेको रहेछ" भनी भनिन्। अनि भगवानले राजासँग स्वप्नको कुरा सोध्नुभयो र राजाले बताउनुहँदा– "महाराज ! यसबाट तपाईलाई केही हुने छैन" भनी स्वप्नको अर्थ बताउनु भएपछि बाँधी राखेका सबै प्राणीहरू राजाले छाड्न लगाए। बन्धनबाट मुक्त भएका स्त्री पुरुष सबैले "आर्या मल्लिकाको दीर्घायु होस् ! जसको कारणले हामीले जीवन पायौं" भन्दै **मल्लिकादेवीको** जय जयकार गर्दै घर फर्के[1]।

अति प्रेमताको कारणले गर्दा **मल्लिकादेवीले** समय समयमा राजाबाट हेला तथा होच्याएको कुरा सुन्नुपर्थ्यो।

Dhamma.Digital

एक समय **मल्लिकादेवी** राजासँग प्रासादको माथिल्लो तलामा बसिरहेकी थिइन्। त्यसबखत केही तरुण भिक्षुहरू **अचिरवती नदीमा** पौडी खेलिरहेका थिए। ती भिक्षुहरूलाई देखेर "मल्लिके ! हेर, तिम्रा अरहन्तहरू पानीमा खेल्दैछन्" भनी राजाले भने। मल्लिकाले ती भिक्षुहरूको रक्षा गर्दै "देव ! अवश्य पनि **शास्ताले** यस विषयमा कुनै नियम

---

१. धम्म. प. अ. क. पृ. २७१–७९ : कुमुदुप्पलानीत दुग्गत सेवकवत्थु, **वालवग्गो।**

Downloaded from http://dhamma.digital/

बनाउनु भएको छैन होला" भनी भनिन्[1] ।

अर्को एक समय **मल्लिकादेवी** र **प्रसेनजित् कोशल** राजाको बीचमा श्रीविवाद भएको थियो । त्यसपछि राजाले उनी छन् वा छैनन् भन्ने कुराको पनि वास्ता गरेनन् । अनि **मल्लिकादेवीले** सोचिन् "शायद भगवानले राजा म माथि क्रुद्ध भएको कुरा थाहा पाउनु भएको छैन होला ।" अनि सो कुरा थाहा पाउनु भई "यिनीहरूलाई मेलमिलाप गराउनु पर्छ" भनी भिक्षुहरूका साथ **श्रावस्तीमा** गई राजदरबारको ढोकामा जानुभयो । राजाले देखेर भिक्षुहरू सहित **शास्तालाई** दरबारमा भित्र्याई आसनमा बसाली भोजनको लागि तयार गरी भगवानको भिक्षापात्रमा भिक्षा राख्न ल्याए । भगवानले भिक्षापात्र हातले ढाक्नुभई "महाराज ! **मल्लिकादेवी** खोइ त ?" भनी भन्नुहुँदा "भन्ते ! यशद्वारा मत्त भएकी त्यसको के खाँचो !" भनी राजाले भने ।

"महाराज ! स्वयंले यश दिई स्त्रीलाई उभोंराखी त्यसले गरेको अपराधलाई नसहनु राम्रो होइन ।"

**शास्ताको** यो कुरा सुनी राजाले **मल्लिकादेवीलाई** बोलाउन पठाए । उनी आएर **शास्तालाई** भोजन अर्पण गरिन् । **शास्ताले** मेलमिलाप गरेर बस्नुपर्छ भन्ने कुरा दुवैलाई सम्झाई मेलमिलाप सम्बन्धी गुणको कुरा प्रकाश पार्नुभई फर्केर जानुभयो । त्यहाँदेखि

---

१. पाचि. पा. पृ. १५३ : तेपञ्ञासमपाचित्तिय ।

Downloaded from http://dhamma.digital/

दुवैजना मिलेर बसे । भिक्षुहरूको बीचमा "भगवानले एकै वचनमा दुवैजनालाई मेलमिलाप गराउनुभयो" भन्ने कुरा चलेपछि यसै सम्बन्धमा भगवानले अहिले मात्र होइन अघि पनि एकै वचनमा यिनीहरूलाई मेलमिलाप गराएको थिएँ भन्नुभई **सुजाता जातकको**[1] कुरा प्रकाश पार्नुभयो ।

फेरि एक समयमा शयनागार सम्बन्धी दुइजनाको बीचमा झगडा भएको थियो । राजा रिसाएर रानी **मल्लिकालाई** हेर्दा पनि हेरेनन् । **मल्लिकाले** अघि जस्तै विचार गरिन्– "भगवानले राजा ममाथि रिसाइरहेको कुरा जान्नु हुन्न होला ।" भगवानले सो कुरा पनि जान्नुभई अघि जस्तै राजदरबारतिर जाँदा राजाले प्रासादमाथि लगी भोजन गराए । भोजनपछि एक छेउमा बसेका राजासँग "महाराज ! **मल्लिकादेवी** देखिन्न ?" भनी सोध्दा राजाले "यशद्वारा मात्तिएकी उसको के कुरा !" भनी सुनाएपछि भगवानले महाराज ! अघि तपाई एक रात मात्र **किन्नरीसँग** वियोग हुनुपर्दा शयौं वर्षसम्म रोई बस्नु भएको थियो" भनी भन्दा राजाको अनुरोधमा **तथागतले भल्लाटिय जातकको**[2] कुरा सुनाउनु भएपछि दुवैजना मिलेर बस्नथाले ।

जीवनको यात्रामा कहिले काहिं बेमेल जस्तो भएर ठाक-ठुक

१. जा. अ. क. III. पृ. १४, नं. ३०६.

२. जा. अ. क. V. पृ. १२१, नं. ५०४.

Downloaded from http://dhamma.digital/

हुने कुरा आश्चर्य होइन । साधारणतया **मल्लिकादेवी** स्वामी भक्तिनी थिइन् । पत्नीमा हुनुपर्ने 'अगाडि नै उठ्ने र पछाडि सुत्ने' भन्ने आदि कल्याणगुण उनमा थियो । त्यसैले उनको पतिभक्तिको बारेमा **श्रावस्ती** नगरमा ठूलो ख्याति थियो । यसै ख्यातिको कारणमा भगवानले एकदिन अहिले मात्र उनी व्रतसम्पन्ना पतिभक्तिनी होइनन् अघि पनि त्यस्तै थिइन् भनी **सम्बुलाजातकको**[१] कुरा प्रकाश पार्नुभयो ।

## मल्लिकादेवीकी छोरी

**मल्लिकादेवी** गर्भिणी भएको कुराबाट राजा बडो खुशी भए । देवी गर्भवती भएको समयदेखि राजाले अनेक प्रकारको दिवा स्वप्न देख्दै थिए । अनि प्रसव हुने समय आज भोलि जस्तो भएको बेलामा प्रसूतिघर आदिको व्यवस्था गर्न लगाई चाहिने पालोपहराको समेत व्यवस्था मिलाइदिएका थिए[२] । यसै बीच एकदिन **प्रसेनजित् कोशल** राजा **जेतवनमा** गई भगवानको एक छेउमा बसिरहेका थिए । त्यस-बखत राजदरबारबाट दूत आई राजालाई "**मल्लिकादेवीले** छोरी जन्माइन्" भन्ने खबर सुनाएको थियो । यो खबर सुनेर भगवानको अगाडि बसिरहेका **कोशल राजाको** मुख एकदमै अँध्यारो भएको थियो । "**मल्लिकाले** छोरा जन्माउली र मैले यस्तो यस्तो स्वागत

---

१. जा. अ. क. V. पृ. २३८, नं. ५१९.

२. सं. नि. अ. क. I. पृ. १२२ : मल्लिकासुत्तवण्णना, कोसलसंयुत्तं ।

Downloaded from http://dhamma.digital/

सम्मान गर्नेछु[1]" भन्ने आदि राजाको दिवास्वप्न जम्मै निरर्थक भएको कारणले यसरी मुख अँध्यारो पारेको देखेर भगवानले राजालाई आश्वासन दिनुहुँदै "महाराज ! स्त्री पनि कहिं कहिं पुरुषभन्दा श्रेष्ठ हुनसक्छे" भनी उपदेश सुनाउनु भएको थियो । जुन कुरा अगाडि अनुदित तेस्रो सूत्रबाट प्रष्ट भएको छ ।

## धर्मश्रवणमा अभिरूचि

एकदिन उद्यानमा गएको बेलामा राजाले भगवानलाई एक ठाउँमा बसिरहनु भएको देखे । भगवानको सतसंगत गरी त्यहाँ **छत्रपाणी** भन्ने एक उपासक पनि बसेका थिए । राजा भगवानकहाँ पुग्दा सो उपासकले आसनबाट उठी राजाको सम्मान गर्दा भगवानको अगौरव हुने भएकोले उनले राजाको सम्मान गरेनन् । यसबाट राजाको मन बिग्रेको थियो । यो जानेर भगवानले सो उपासकको वर्णना गर्नुहुँदै राजालाई कुरा सुनाउनु भएको थियो[2] । सो उपासक चाहिं अनागामी थिए[3] ।

एकदिन राजप्रासादको झ्यालमा बसिरहेको बेलामा सो

---

१. सं. अ. क. I. पृ. १२२ : मल्लिकासुत्तवण्णना, कोसलसंयुत्तं ।

२. पाचि. पा. पृ. २१० : तयासीतिमपाचित्तियं ।

३. धम्म. प. अ. क. पृ. २३२ : छत्तपाणी उपासकवत्थु, पुप्फवग्गो ।

Downloaded from http://dhamma.digital/

उपासक हातमा छाता लिई रथमा बसी गइरहेको देखेर बोलाउन पठाई उनलाई राजप्रासादका स्त्रीहरूलाई धर्म सिकाउने काम गर भनी भन्दा उनले कुनै भिक्षुलाई भन्नु ठीक हुनेछ भनी भनेका सुनी राजाले उनको कुरा ठीक हो भन्ने सम्झी भगवानकहाँ गई "भन्ते ! **मल्लिका र वासभखत्तिया** धर्मअध्ययन गर्न चाहन्छन्[१]" भनी भन्दा भगवानले **आनन्द स्थविरलाई** नियुक्त गर्नु भयो । त्यहाँ देखि **आनन्द स्थविर** राजदरबारका स्त्रीहरू बस्ने ठाउँमा गई समय समयमा धर्मोपदेश गर्न र अध्यापन गर्न लाग्नु भयो। एकदिन स्थविर पूर्वाण्ह समयमा राजप्रासादमा जानुभयो। त्यसबखत **प्रसेनजित् कोशल राजा मल्लिकादेवीसँग** सुतिरहेका थिए। टाढैबाट स्थविर आइरहेको देखेर हत्तरपत्त **मल्लिकादेवी** उठेर जाँदा फरिया खस्नगयो । यो देख्नेबित्तिकै **आनन्द स्थविर** त्यहीबाटै फनक्क फर्केर जानुभयो[२]। यो घटना हुनुभन्दा अगाडि भगवानले एकदिन **आनन्दसँग** "राजदरबारमा उपासिकाहरूले धर्मअध्ययन गर्छन् के ?" भनी सोध्दा स्थविरले "भन्ते ! गर्छन्" भनी भनेपछि "कसले राम्ररी ध्यान दिएर पढ्छ त ?" भनी सोध्दा स्थविरले "भन्ते ! **मल्लिकादेवीले** आदरपूर्वक तथा राम्ररी ध्यानदिएर पढ्छिन् पनि राम्ररी पाठ पनि बुझाउँछिन् । तर तपाईकी ज्ञाती छोरी **वासभखत्तियाले** न आदरपूर्वक पढ्छिन् न त राम्ररी पाठ नै सुनाउँछिन्" भनी भन्नुभयो। यसै कुराको कारणलाई लिएर भगवानले

---

१. धम्म. प. अ. क. पृ. २३४ : छत्तपाणी उपासकवत्थु, पुप्फवग्गो ।
२. पाचि. पा. पृ. २११ : तयासीतिमपाचित्तियं ।

Downloaded from http://dhamma.digital/

धम्मपदमा "**यथापि रुचिरं पुप्फं**...[१]" भन्ने गाथा सुनाउनु भयो।

एकदिन **जेतवनाराममा** गई भगवानसँग **मल्लिकादेवीले** केही प्रश्नहरू सोधेकी थिइन्। यस्तो प्रश्न सोध्नाको कारण उनको मनमा कुनै कारणद्वारा प्रभावित भएको हुनुपर्छ। सम्भवतः "यस्तो श्रीसम्पत्ति पाउँदा पनि म कुरूपिणी छुँ, यदि मेरो रूप सुरूप भएको भए कति राम्रो हुन्थ्यो होला" भन्ने जस्ता कल्पना उनी गर्दथिन् होलिन्। त्यसैले उनले भगवानसँग घुमाईफिराइकन यस किसिमका प्रश्नहरू सोधेको हुन सक्दछ। जब भगवानले विश्लेषणपूर्वक उत्तर दिनुभयो तब "त्यसोभए अघिल्लो जनममा म रिसाहलु थिएँ होली त्यसैले म अहिले दुर्वणी, कुरूपिणी...भएँ" भनी अगाडि अनुदित चौथो सूत्रले उल्लेख गरे अनुसार उनी रूपवर्णबाट नराम्री थिइन् भन्ने निश्चय गर्न सकिन्छ। त्यस सूत्र अनुसार उनले यो कुरा स्वीकारेको मात्र होइन बल्कि "अब उप्रान्त म क्रोधी हुने छैन" भन्ने प्रतिज्ञा पनि गरेकी थिइन्।

Dhamma.Digital

पालि साहित्य अनुसार फलफूलहरूको सुसम्पन्न **मल्लिकादेवीको** उदद्यानमा[२] एक धर्मशाला बनाइएको थियो भन्ने कुरा **मल्लिकाय आरामे पटिवसति**[३]" भन्ने शब्दबाट प्रमाणित हुन्छ।

---

१. धम्म. प. पा. पृ. २२, नं. ५१, पुप्फवग्गो।

२. दी. नि. अ. क. II. पृ. ४८ : पोट्ठपाद सुत्तवण्णना; म. नि. अ. क. III. पृ. १८२ : समणमुण्डकसुत्तवण्णना।

३. म. नि. II. पृ. २४७ : समणमुण्डकसुत्तं; दी. नि. I. पृ. १५० : पोट्ठपादसुत्तं।

Downloaded from http://dhamma.digital/

यस्तै यी **मल्लिकादेवीको** जीवनमा एउटा अद्भूत घटना घटेको कुरा धम्मपदट्ठकथामा उल्लेख भएको पाइन्छ। त्यो केहो भने—

एकदिन **मल्लिकादेवी** नुहाउने कोठाभित्र बसेर नुहाइरहँदा आफ्नै राजदरबारमा पालि राखेको आफूसँगै कोठाभित्र आएको एक ठूलो कुकुरले आफू निहुरिदा आएर असद्धर्म संसर्ग गर्न लाग्दा देवी त्यसको आस्वाद लिएकी थिइन्। संयोगबश प्रासादमाथि भ्र्यालमा बसिरहेका राजाले यो देखेर नुहाएर आएकी **मल्लिकादेवीलाई** "नाशहोस् तँ वसलीको ! किन यस्तो गरेकी ?" भनी भन्दा "महाराज ! मैले के गरें र ?" भनी सोध्दा "कुकुरसँग संसर्ग गरेकी होइनस् ?" भनी भनेपछि "होइन" भनी देवीले भन्दा "स्वयं मैले देखेको कसरी होइन भन्छेस्। तेरो कुरा म विश्वास गर्न सक्दिन; तँ वसलीको नाशहोस् !" भनी भने। अनि देवीले राजालाई आफ्नो कुरामा पत्यार गराउनको निमित्त यसो भनिन् "महाराज ! यो कोठाभित्र जानेलाई यो भ्र्यालमा बसेर हेर्दा जसलाई पनि यस्तै प्रकारले विपरीत देखिन्छ" भनी भ्रूटो बोलिन्। यो पनि भनिन् कि यदि तपाईले विश्वास गर्नुहुन्न भने तपाई त्यस कोठाभित्र जानुहोस् म यस भ्र्यालमा बसेर हेर्नेछु। मन्द बुद्धि भएका राजा "हुन्छ" भनी नुहाउने कोठाभित्र पसे। त्यस भ्र्यालमा बसेर "अन्धबाल महाराज ! किन बाख्रीसँग संसर्ग गर्नुभएको ?" भनेर **मल्लिकादेवीले** भनिन्। राजाले " भद्रे " मैले त्यसो गरेको छैन" भनी भन्दा देवीले "स्वयं मैले देखेको म तपाईको कुरा विश्वास गर्न सक्दिन" भनिन्। यो सुनेर मूर्ख राजाले "अवश्य पनि यो

Downloaded from http://dhamma.digital/

कोठामा पसेकोलाई यस झ्यालमा बस्नेले यस्तै विपरीत देख्दो होला" भनी **मल्लिकादेवीको** कुरालाई विश्वास गरे। तर **मल्लिकादेवीको** मनमा यस दुश्चरित्रताको गरुँगोपनले समाइ राख्यो। अनि यस्तो सोचिन् "यी मूर्ख राजालाई त मैले छकाएँ। किन्तु मैले चाहिं अधर्म गरें। राजालाई झूटो कुरा गरें। यो मेरो पाप कर्मलाई **शास्ताले** पनि दुइ अग्रश्रावकहरूले पनि जान्न सक्छन्। अहो ! कस्तो गरुँगो कर्म गरें !" भनी मनमा शोक गरिन्। मरणको बेलामा **मल्लिकादेवीको** मनमा यही गरुँगो कर्म अगाडि आई बसिरह्यो। जीवनमा गरेका त्यतिका कुशलकर्महरूमध्ये कुनै पनि कर्म उनले सम्झन सकिनन् र मृत्युपछि सात दिनसम्म अवीचि नरक भोग गरी त्यहाँबाट च्युत भई उनी तुषित भूवनमा उत्पन्न भइन्[1]। **मल्लिकादेवीको** मरण समयमा **प्रसेनजित् कोशल राजा जेतवनमा** थिए। त्यसैले अगाडि अनुदित पाँचौं सूत्रमा "अनि त्यस समय **मल्लिकादेवीको** मृत्यु भयो। एक पुरुष जहाँ **प्रसेनजित् कोशल राजा** थिए त्यहाँ गई राजाको कानमा **मल्लिकादेवी** परलोक भइन् भनी सुनायो" भनी उल्लेख भएको हो। यो खबर सुनी अति दुःखी भई झोक्रिएर बसेका राजालाई भगवानले सम्झाउँदै जराब्याधि मरण भनेको सबैको साझा हो यसमा शोक गरेर गर्नुपर्ने कामधाम नगरी बस्नु उचित छैन भनी भन्नुभयो। जुन कुरा अगाडि अनुदित पाँचौं सूत्रमा प्रष्ट भएको छ।

---

१. धम्म. प. अ. क. पृ. ४९८–९९ : मल्लिकादेवीयावत्थु, जरावग्गो।

Downloaded from http://dhamma.digital/

राजदरबारबाट फर्केपछि "**मल्लिका** कहाँ जन्मि होलिन् ?" भन्ने कुरा जान्ने राजाको मनमा उत्सुक भयो। अनि पछि बुद्धसँग यो कुरा सोध्नुपऱ्यो" भन्ने मनमा राखी राजा विहारमा गए। बुद्धको उपदेश सुन्दा सुन्दै राजाले सो कुरा सोध्न बिर्से। यस्तै गरी "सोध्छु" भन्ने मनमा राखी विहारमा जाँदा भगवानको कुरा सुन्दा सुन्दै सातदिनसम्म नै बिर्से। सातदिन पछि **मल्लिका** अवीचिबाट च्युत भई **तुषित भूवनमा** उत्पन्न भइन्। पछि जब राजाले यो प्रश्न सोधे तब बुद्धले **मल्लिकादेवी तुषित भूवनमा** उत्पन्न भएको कुरा बताउनु भएको थियो। यसै बखतमा उहाँले राजालाई धम्मपद, जरावग्गको "**जीरन्ती वे राजरथा सुचित्ता**..." भन्ने गाथा पनि सुनाउनु भएको थियो[१]।

पालि साहित्यमा पर्यवेक्षण गरी हेर्दा मल्लिकादेवीका सौतनीहरू यसप्रकार छन्—

(१) बिम्बिसारकी बहिनी[२],

(२) वासभखत्तिया[३],

---

१. धम्म. प. अ. क. पृ. ४९९ : मल्लिकादेवीयावत्थु, जरावग्गो।
२. धम्म. प. अ. क. पृ. २३६ : विसाखावत्थु, पुप्फवग्गो।
३. धम्म. प. अ. क. पृ. २१३ : विडूडभवत्थु, पुप्फवग्गो। बु. रा. भा–१, पृ. १५५ देखि हेर्नु।

Downloaded from http://dhamma.digital/

(३) **उब्बिरी**[1],

(४) **सोमा**[2] **र**

(५) **सकुला**[2] **।**

**मल्लिकादेवीकी** एउटी छोरी थिइन् ।

x x x

१. थेरी. गा. अ. क. पृ. ४३ : उब्बिरीथेरीगाथा ।

२–२. म. नि. अ. क. III. पृ. २४५ : कण्ण कत्थल सुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## १– आफूभन्दा प्यारो अरू कोही छैन

यस्तो मैले सुनें[१] ।

त्यस समय **प्रसेनजित् कोशल राजा मल्लिका**[२]**देवीसँग** प्रासादको माथिल्लो तलामा बसेका थिए । अनि **प्रसेनजित् कोशल राजाले मल्लिकादेवीसँग** यस्तो सोधे—

"**मल्लिके** ! तिमीलाई आफूभन्दा प्यारो लाग्ने अरू कोही छ के ?"

"**महाराज** ! छैन आफूभन्दा प्यारो लाग्ने मलाई अरू कोही पनि छैन । **महाराज** ! तपाईलाई आफूभन्दा प्यारो लाग्ने अरू कोही छ के ?"

"**मल्लिके** ! मलाई पनि आफूभन्दा प्यारो लाग्ने अरू कोही छैन् ।"

यसपछि **प्रसेनजित् कोशल राजा** प्रासादबाट ओर्ल्हीं जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि **भगवानलाई** अभिवादन

---

१. सं. नि. I. पृ. ७३ : मल्लिकासुत्तं, कोसलसंयुत्तं; अ. क. I. पृ. ११०; उदा. पा. पृ. ११८ : पियतरसुत्तं, अ. क. पृ. १९२.

२. मल्लिकादेवी प्रसेनजित् कोशल राजाका महिषीहरूमध्येकी एक हुन् ।

Downloaded from http://dhamma.digital/

गरी एक छेउमा बसे[1] । एक छेउमा बसेका **प्रसेनजित् कोशल राजाले** भगवानलाई यस्तो भने—

"**भन्ते** ! यहाँ म प्रासादको माथिल्लो तलामा **मल्लिकादेवीसँग** बसिरहेको बेलामा मैले **मल्लिकादेवीसँग** यस्तो भने– '**मल्लिके** ! तिमीलाई आफूभन्दा प्यारो लाग्ने अरू कोही छ के ?' भनी सोध्दा **मल्लिकाले** मलाई यस्तो जवाफ दिइन्– '**महाराज** ! छैन आफूभन्दा प्यारो लाग्ने मलाई अरू कोही छैन । **महाराज** ! तपाईलाई आफूभन्दा प्यारो लाग्ने अरू कोही छ के ?' **भन्ते** ! यस्तो सोध्दा मैले **मल्लिकालाई** यस्तो भने– '**मल्लिके** ! मलाई पनि आफूभन्दा प्यारो लाग्ने अरू कोही छैन् ।'

अनि **भगवानले** राजाको कुरा सुनी उनको मनसाय पनि बुझी निम्न गाथा भन्नुभयो—

"सब्बा दिसा अनुपरिगम्म चेतसा,
नेवज्झगा पियतरमत्तना क्वचि ।
एवं पियो पुथु अत्ता परेसं,
तस्मा नहिंसे परमत्तकामो'ति ॥"

---

१. राजाले मल्लिकासँग प्रश्न सोध्दा राजाको मनमा "मल्लिकाले म बाहेक प्रियतर अरु छैन भन्लिन् कि" भन्ने आशा लिएका थिए । किन्तु मल्लिकादेवीले राजाको मुख हेरी कुरा नगरी सत्य कुरा गरिन् । यसबाट आफूले आशा गरे अनुसार उत्तर सुन्न नपाउँदा केही खिन्न जस्तै भई राजा बुद्धकहाँ गएका हुन् ।

Downloaded from http://dhamma.digital/

**अर्थ—**

“सबै दिशातिर चित्त फैलाई हेरेता पनि आफूभन्दा प्रियतर कोही पाइने छैन। जस्तै एकलाई आफू प्यारो लाग्छ उस्तै अरूलाई पनि आफू नै प्यारो लाग्छ भन्ने बुझी आफ्नो हित चाहनेले अर्कालाई पनि आफू समान सम्झी हिंसा र पीडा नगर्नु।”

x x x

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## २– प्रेमबाट शोक उत्पन्न हुन्छ

यस्तो मैले सुनें[1] ।

एक समय **भगवान श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा** बस्नु भएको थियो।

त्यसबखत एक गृहपतिको प्रियमनाप एकलौटे छोराको मृत्यु भएको थियो। उसको मरणले गर्दा उसलाई न कामगर्न मनलाग्थ्यो न खान नै । ऊ चिहानमा गई "**कहाँ छ मेरो एकलौटे छोरा** ! कहाँ छ मेरो एकलौटे छोरा ! !" भन्दै रुन्थ्यो ।

एकदिन सो गृहपति भगवानकहाँ गई **भगवानलाई** अभिवादन गरी एक छेउमा बस्यो। एक छेउमा बसेको सो गृहपतिलाई भगवानले यसो भन्नुभयो—

"**गृहपति** ! तिम्रा इन्द्रियहरू आ-आफ्ना ठाउँमा राम्रोसँग बसेका छैनन् जस्तो लाग्छ। तिम्रा इन्द्रियहरू अन्यथा (= अस्वाभाविक) छन् कि क्याहो ?"

---

१. म. नि. II. पृ. ३५२ : पियाजातिकसुत्तं, अ. क. III. पृ. २३७.

Downloaded from http://dhamma.digital/

"**भन्ते** ! के भन्ने र ! मेरा इन्द्रियहरू किन अस्वाभाविक न हुन् त; जहाँ कि मेरो प्रियमनाप एकलौटे छोराको मरण भइसक्यो। उसको मरणले गर्दा मलाई न काम गर्न मन लाग्छ न खान नै। त्यसैले चिहानमा गई **कहाँ छ मेरो एकलौटे छोरा** ! 'कहाँ छ मेरो एकलौटे छोरा ! !' भन्दै म रुन्छु।"

"**गृहपति** ! यस्तै हुन्छ गृहपति यस्तै हुन्छ। यो शोक, सन्ताप, दु:ख-दौर्मनस्यहरू प्रेमबाटै उत्पन्न हुन्छ र प्रेमकै कारणले त्यसो हुन्छ।"

## जुवाडेको सहमति

"**भन्ते** ! कसलाई यस्तो हुन्छ र; कसलाई शोक, सन्ताप, दु:ख-दौर्मनस्यहरू प्रेमबाट उत्पन्न हुन्छन् र; कसलाई प्रेमको कारणले त्यस्तो हुन्छ र। प्रेमबाट र प्रेमको कारणले त आनन्द तथा सुख-सौमनस्य नै उत्पन्न हुन्छ।"

अनि सो गृहपति भगवानको कुरालाई अभिनन्दन नगरी उल्टो भगवानलाई गालि गरी आसनबाट उठी फर्केर गयो।

त्यस बखत केही **जुवाडेहरू** भगवानको अविदूरमा जुवा खेल्दै थिए। अनि सो गृहपतिले ती जुवाडेहरूकहाँ गई यस्तो भन्यो—

"**साथी हो** ! म श्रमण गौतमकहाँ गई अभिवादन गरी एक छेउमा बसें। एक छेउमा बसेको मलाई **श्रमण गौतमले** यस्तो भने–

Downloaded from http://dhamma.digital/

'**गृहपति** ! तिम्रा इन्द्रियहरू आ-आफ्नो ठाउँमा राम्रोसँग बसेका छैनन् जस्तो लाग्छ। तिम्रा इन्द्रियहरू अन्यथा छन् कि क्याहो ?" **साथीहो** ! अनि मैले श्रमण गौतमलाई यस्तो भने– "**भन्ते** ! के भन्ने र ! मेरा इन्द्रियहरू किन अन्यथा न हुन् त। जहाँ कि मेरो प्रियमनाप एकलौटे छोराको मरण भइसक्यो। उसको मरणले गर्दा मलाई न काम गर्न मन लाग्छ न खान नै। त्यसैले चिहानमा गई '**कहाँ छ मेरो एकलौटे छोरा** ! कहाँ छ मेरो एकलौटे छोरा !!' भन्दै म रुन्छु। अनि **भगवानले** मलाई '**गृहपति** ! यस्तै हुन्छ 'गृहपति ! यस्तै हुन्छ। यो शोक, सन्ताप, दुःख-दौर्मनस्यहरू प्रेमबाटै उत्पन्न हुन्छ र प्रेमकै कारणले त्यसो हुन्छ' भनी भन्नुभयो। अनि मैले '**भन्ते** ! कसलाई यस्तो हुन्छ र कसलाई शोक, सन्ताप, दुःख-दौर्मनस्यहरू प्रेमबाट उत्पन्न हुन्छन् र, कसलाई प्रेमको कारणले त्यस्तो हुन्छ र। प्रेमबाट र प्रेमको कारणले त आनन्द तथा सुख-सौमनस्य नै उत्पन्न हुन्छ।' भनी श्रमण गौतमका कुरालाई अभिनन्दन नगरी उल्टो **श्रमण गौतमलाई** नै गालि गरी आसनबाट उठी फर्केर आएँ।"

यो कुरा सुनी **जुवाडेहरूले** यसो भने– "**गृहपति** ! त्यस्तै हो, गृहपति ! त्यस्तै हो। प्रेमबाट र प्रेमको कारणले त आनन्द तथा सुख-सौमनस्य नै उत्पन्न हुन्छ।"

अनि सो गृहपति "**जुवाडेहरूसँग मेरो कुरा मिल्छ**" भन्दै फर्केर गयो। त्यसपछि यो प्रवृत्ति राजान्तःपुरसम्म पनि पुग्यो।

Downloaded from http://dhamma.digital/

# कोशल राजासँग कुराकानी

एकदिन **प्रसेनजित् कोशल राजाले मल्लिकादेवीलाई** आमन्त्रण गरे—

"**मल्लिके** ! प्रेमकै कारणले शोक, सन्ताप, दुःख-दौर्मनस्यहरू उत्पन्न हुन्छन्; प्रेमकै कारणले त्यस्तो हुन्छ' भन्ने यी कुराहरू तिम्रा **श्रमण गौतमले** भनेका हुन् ।"

"**महाराज** ! यदि **भगवानले** भन्नुभएको हो भने त्यो कुरा त्यस्तै नै हो ।"

"यी कस्ती **मल्लिका** रहिछिन् । **श्रमण गौतमले** जे कुरा भन्दछन् सो कुरा त्यस्तै हो भनी भन्छिन् तथा अनुमोदन पनि गर्छिन् ।"

"**महाराज** ! जस्तै कुनै शिष्यलाई गुरुले कुनै कुरा भन्दा शिष्यले त्यस कुरालाई 'आचार्य ! साँच्चै हो, आचार्य ! साँच्चै हो' भनी अनुमोदन गर्छ त्यस्तै यदि **भगवानले** भन्नुभएको हो भने सो कुरा त्यस्तै हो ।"

"**मल्लिके** ! तिमी यस्तै हौ । श्रमण गौतमले जे कुरा भन्छन् उही कुरा तिमी स्वीकार गर्छ्यौ ।"

"**महाराज** ! यदि **भगवानले** भन्नुभएको हो भने त्यो कुरा त्यस्तै नै हो ।"

"अरे **मल्लिके** ! हट जाऊ, यहाँ नबस ! नाश होऊ !"

Downloaded from http://dhamma.digital/

अनि **मल्लिकादेवीले नालिजङ्ग ब्राह्मणलाई** आमन्त्रण गरिन्—

"**ब्राम्हण** यता आऊ, तिमी जहाँ भगवान हुनुहुन्छ त्यहाँ जाऊ, त्यहाँ पुगेपछि भगवानको चरणकमलमा वन्दना गर । सु-स्वास्थ्य र कुशलक्षेमका कुरा पनि सोध– "भन्ते ! **मल्लिकादेवी** भगवानको चरणकमलमा वन्दना गर्छे तथा सु-स्वास्थ्य र कुशलक्षेमका कुरा पनि सोध्छे ।' पुनः यस्तो सोध– 'भन्ते ! भगवानले यस्तो कुरा (कसैलाई) भन्नुभएको छ कि– प्रेमकै कारणबाट शोक, सन्ताप... उत्पन्न हुन्छन् र प्रेमकै कारणले त्यस्तो हुन्छ ?' अनि भगवानले जे आज्ञा हुनेछ त्यो कुरा राम्ररी ग्रहण गरी मलाई भन्न आऊ । भगवानले निरर्थक कुरा भन्नुहुनेछैन ।"

"हवस्" भनी **नालिजङ्ग ब्राह्मण मल्लिकादेवीलाई** प्रत्युत्तर दिई जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गयो। त्यहाँ पुगेपछि भगवानसँग सम्मोदनीय कुराकानी गरी एक छेउमा बस्यो। एक छेउमा बसेको **नालिजङ्ग ब्राह्मणले** भगवानलाई यस्तो विन्ति गऱ्यो—

"**भन्ते** ! **मल्लिकादेवी** भगवानको चरणकमलमा वन्दना गर्छिन् । तपाईको सु-स्वास्थ्य र कुशलक्षेम पनि सोध्छिन् । यस्तो पनि भन्छिन् कि– प्रेमको कारणले नै शोक, सन्ताप...उत्पन्न हुन्छन् र प्रेमकै कारणबाट त्यस्तो हुन्छ भनी भगवानले (कसैलाई) यस्तो कुरा भन्नुभएको छ के ?"

"**ब्राह्मण** ! त्यस्तै हो, ब्राह्मण ! त्यस्तै हो । प्रेमकै कारणले

Downloaded from http://dhamma.digital/

शोक, सन्ताप... उत्पन्न हुन्छन् र प्रेमकै कारणबाट त्यस्तो हुन्छ । **ब्राह्मण** ! यी उदाहरणबाट पनि यो कुरा बुझ्नसक्नु पर्छ कि प्रेमकै कारणले शोक, सन्ताप...उत्पन्न हुन्छन् र प्रेमकै कारणबाट त्यस्तो हुन्छ।"

"**ब्राह्मण** ! यही **श्रावस्तीमा** अघि एक स्त्रीकी आमाको मृत्यु भयो। उसको मृत्युले गर्दा ऊ बहुलाई, विक्षिप्त चित्त गरी एक सडकबाट अर्को सडकमा र; एक दोबाटोबाट अर्को दोबाटोमा गई यस्तो भन्थी– 'मेरी आमालाई देख्यौ के ? मेरी आमालाई देख्यौ के ?' **ब्राह्मण** ! यस कुराबाट पनि बुझ्नसक्नु पर्छ कि प्रेमकै कारणले गर्दा शोक, सन्ताप...उत्पन्न हुन्छन् र प्रेमकै कारणबाट त्यस्तो हुन्छ।"

"**ब्राह्मण** ! यही **श्रावस्तीमा** अघि एक स्त्रीको बाबु खस्यो,... भाइ खस्यो,...बहिनी खसी,...छोरा खस्यो,...छोरी खसी,...लोग्ने खस्यो। उसको मृत्युले गर्दा ऊ बहुलाई विक्षिप्तचित्त गरी एक सडकबाट अर्को सडकमा र एक दोबाटोबाट अर्को दोबाटोमा गई यस्तो भन्थी– 'मेरी बाबुलाई देख्यौ के ? मेरी बाबुलाई देख्यौ के ?...मेरी छोरीलाई देख्यौ के ? मेरी छोरीलाई देख्यौ के ?' **ब्राह्मण** ! यस कुराबाट पनि बुझ्नसक्नु पर्छ कि प्रेमकै कारणले गर्दा शोक, सन्ताप...उत्पन्न हुन्छन् र प्रेमकै कारणबाट त्यस्तो हुन्छ।"

"**ब्राह्मण** ! यही **श्रावस्तीमा** अघि एक पुरुषकी आमा खसेकी थिई,...बाबु खसेको थियो,...भाइ खसेको थियो,...बहिनी खसेकी थिई,... छोरा खसेको थियो,...स्वास्नी खसेकी थिई । उसको मरणले गर्दा ऊ बहुलाई विक्षिप्तचित्त गरी एक सडकबाट अर्को सडकमा र

Downloaded from http://dhamma.digital/

एक दोबाटोबाट अर्को दोबाटोमा गई यस्तो भन्थ्यो– 'मेरी आमा देख्यौ के ? मेरी आमा देख्यौ के ?...मेरी स्वास्नी देख्यौ के ? मेरी स्वास्नी देख्यौ के ?' **ब्राह्मण** ! यस कुराबाट पनि बुझ्नसक्नु पर्छ कि प्रेमकै कारणले गर्दा शोक, सन्ताप...उत्पन्न हुन्छन् र प्रेमकै कारणबाट त्यस्तो हुन्छ ।"

"**ब्राह्मण** ! यही **श्रावस्तीमा** अघि एक स्त्री ज्ञातिकुलमा जाँदा उसका ज्ञातिहरूले उसलाई उसको पतिबाट हरण गरी अन्य पुरुषलाई दिन चाहन्थे । ऊ अन्य पुरुषसँग जान चाहन्नथी । अनि सो स्त्रीले यो कुरा आफ्नो पतिलाई सुनाई– '**आर्यपुत्र** ! यिनीहरूले मलाई तपाईबाट हरण गरी अन्य पुरुषलाई दिन चाहन्छन् । म त्यो चाहन्न ।' यसपछि सो पुरुषले 'परलोकमा दुवै साथमा बस्नेछौं' भन्ने विचार गरी सो स्त्रीलाई दुइ टुक्रा पारी आफ्नो पनि पेट चिरी हत्या गऱ्यो । **ब्राह्मण** ! यस कुराबाट पनि बुझ्नसक्नु पर्छ कि प्रेमकै कारणले गर्दा शोक, सन्ताप...उत्पन्न हुन्छन् र प्रेमकै कारणबाट त्यस्तो हुन्छ ।"

त्यसपछि **नालिजङ्घ ब्राह्मण** भगवानको भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी आसनबाट उठी जहाँ **मल्लिकादेवी** थिइन् त्यहाँ गई जे जति भगवानसँग कुराकानी भएको थियो ती जम्मै कुरा उसले **मल्लिकादेवीलाई** सुनायो ।

## मल्लिकाको पाण्डित्यता

अनि जहाँ **प्रसेनजित् कोशल राजा** थिए त्यहाँ गई **मल्लिकादेवीले** प्रसेनजित् **कोशल राजालाई** यसो भनिन्—

Downloaded from http://dhamma.digital/

(क) "**महाराज** ! के तपाईलाई **वजिरी**[1] **कुमारी** प्यारी लाग्छे ? यसमा तपाई के भन्नुहुन्छ नि ?"

"**मल्लिके** ! प्यारी लाग्छे। **वजिरी कुमारी** मलाई प्यारी लाग्छे।"

"**महाराज** ! यदि **वजिरी कुमारीको** मृत्युभई उसबाट तपाई वियोग हुन परेमा के तपाईलाई शोक, सन्ताप...दुःख-दौर्मनस्यता उत्पन्न हुनेछ त, यसमा तपाई के भन्नु हुन्छ नि ?"

"**मल्लिके** ! यदि **वजिरी कुमारीको** मरण भई म उसबाट विछोड हुन परेमा मेरो जीवन नै रहने छैन भने मलाई शोक, सन्ताप... नहोला भन्ने कुरै छैन।"

"**महाराज** ! यही कारणलाई जानी बुझी भगवान अरहत् सम्यक्सम्बुद्धले यस्तो भन्नुभएको हो कि– प्रेमकै कारणले गर्दा शोक, सन्ताप...उत्पन्न हुन्छन् र प्रेमकै कारणबाट त्यस्तो हुन्छ।"

(ख) "**महाराज** ! के तपाईलाई **वासभ क्षत्रिया** प्यारी लाग्छे ? यसमा तपाई के भन्नुहुन्छ नि ?"

"**मल्लिके** ! प्यारी लाग्छे। **वासभ क्षत्रिया** मलाई प्यारी लाग्छे।"

---

१. प्रसेनजित् कोशल राजाकी एक छोरी। म. नि. अ. क. III. पृ. २३७.

Downloaded from http://dhamma.digital/

"**महाराज** ! यदि **वासभ क्षत्रियाको** मृत्युभई उसबाट तपाई वियोग हुन परेमा के तपाईलाई शोक, सन्ताप... उत्पन्न हुनेछन् त, यसमा तपाई के भन्नु हुन्छ नि ?"

"**मल्लिके** ! यदि **वासभ क्षत्रियाको** मृत्युभई म उसबाट विछोड हुन परेमा मेरो जीवन नै रहने छैन भने मलाई शोक, सन्ताप... नहोला भन्ने कुरै छैन।"

"**महाराज** ! यही कारणलाई जानी बुझी भगवान अरहत् सम्यक्सम्बुद्धले यस्तो भन्नुभएको हो कि– प्रेमकै कारणले गर्दा शोक, सन्ताप...उत्पन्न हुन्छन् र प्रेमकै कारणबाट त्यस्तो हुन्छ।"

(ग) "**महाराज** ! के तपाईलाई **विडूडभ**[1] **सेनापति** प्यारो लाग्छ ? यसमा तपाई के भन्नुहुन्छ नि ?"

"**मल्लिके** ! प्यारो लाग्छ। **विडूडभ सेनापति** मलाई प्यारो लाग्छ।"

"**महाराज** ! यदि **विडूडभ सेनापतिको** मृत्युभई उसबाट तपाई वियोग हुन परेमा के तपाईलाई शोक, सन्ताप... उत्पन्न हुनेछन् त, यसमा तपाई के भन्नु हुन्छ नि ?"

"**मल्लिके** ! यदि **विडूडभ सेनापतिको** मृत्युभई म उसबाट

---

१. वासभ क्षत्रियाको तरफबाट जन्मेको कोशल राजाका छोरा। म. नि. अ. क. III. पृ. २३८.

Downloaded from http://dhamma.digital/

विछोड हुन परेमा मेरो जीवन नै रहने छैन भने मलाई शोक, सन्ताप... नहोला भन्ने कुरै छैन।"

"**महाराज** ! यही कारणलाई जानी बुझी भगवान अरहत् सम्यक्सम्बुद्धले यस्तो भन्नुभएको हो कि– प्रेमकै कारणले गर्दा शोक, सन्ताप...उत्पन्न हुन्छन् र प्रेमकै कारणबाट त्यस्तो हुन्छ।"

(घ) "**महाराज** ! के तपाईलाई म प्यारो लाग्छु ? यसमा तपाई के भन्नुहुन्छ नि ?"

"**मल्लिके** ! प्यारी लाग्छौ। **तिमी** मलाई प्यारी लाग्छचौ।"

"**महाराज** ! यदि मेरो मरण भई तपाई मबाट विछोड हुनु परेमा के तपाईलाई शोक, सन्ताप...उत्पन्न हुनेछन् त, यसमा तपाई के भन्नु हुन्छ नि ?"

"**मल्लिके** ! यदि तिम्रो मत्यु भई म तिमीबाट विछोड हुन परेमा मेरो जीवन नै रहने छैन भने मलाई शोक, सन्ताप... नहोला भन्ने कुरै छैन।"

"**महाराज** ! यही कारणलाई जानी बुझी भगवान अरहत् सम्यक्सम्बुद्धले यस्तो भन्नुभएको हो कि– प्रेमकै कारणले गर्दा शोक, सन्ताप...उत्पन्न हुन्छन् र प्रेमकै कारणबाट त्यस्तो हुन्छ।"

(ङ) "**महाराज** ! के तपाईलाई **काशी–कोशलवासीहरू** प्यारा लाग्छन् ? यसमा तपाई के भन्नुहुन्छ नि ?"

Downloaded from http://dhamma.digital/

“**मल्लिके** ! प्यारा लाग्छन् । **काशी–कोशलवासीहरू** मलाई **प्यारा लाग्छन् ।** **काशी–कोशलवासीहरूको** प्रभावले नै हामीले काशीकचन्दन प्रत्यनुभव गरिरहेकाछौं । माला, गन्ध, विलेपनादि धारण गरिरहेकाछौं ।”

“**महाराज** ! यदि **काशी–कोशलवासीहरूको** मरण भई तपाई उनीहरूबाट विछोड हुन परेमा के तपाईलाई शोक, सन्ताप...उत्पन्न हुनेछन् त ?”

“**मल्लिके** ! यदि **काशी–कोशलवासीहरूको** मृत्यु भई म उनीहरूबाट विछोड हुन परेमा मेरो जीवन नै रहने छैन भने मलाई शोक, सन्ताप... नहोला भन्ने कुरै छैन ।”

“**महाराज** ! यही कारणलाई जानी बुझी भगवान अरहत् सम्यक्सम्बुद्धले यस्तो भन्नुभएको हो कि– प्रेमकै कारणले गर्दा शोक, सन्ताप...उत्पन्न हुन्छन् र प्रेमकै कारणबाट त्यस्तो हुन्छ ।”

“**मल्लिके** ! आश्चर्य हो ! मल्लिके ! अद्भूत हो ! ! लाग्छ कि उहाँ भगवानले प्रज्ञाद्वारा खोतलेर हेर्नुहुन्छ । **मल्लिके** ! आऊ, हात-खुट्टा धुनलाई पानी देऊ ।”

अनि आसनबाट उठी उत्तरासङ्ग एकाँश गरी भगवान भएको दिशातिर हेरी हातजोरी तीनबार उदान प्रकट गर्दै **प्रसेनजित् कोशलराजाले** नमस्कार गरे—

Downloaded from http://dhamma.digital/

"उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धलाई नमस्कार छ। उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धलाई नमस्कार छ। उहाँ भगवान अरहत् सम्यक्सम्बुद्धलाई नमस्कार छ।"

x x x

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## ३– नारी पनि पुरुषभन्दा श्रेष्ठ हुनसक्छे

यस्तो मैले सुनें[१] ।

त्यस समय **प्रसेनजित् कोशल राजा** जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि **भगवानलाई** अभिवादन गरी एक छेउमा बसे । त्यस बखत जहाँ **प्रसेनजित् कोशल राजा** थिए त्यहाँ आई उनको कानमा "**मल्लिकादेवीले छोरी जन्माइन्**" भनी एक पुरुषले सुटुक्क भन्यो । यो कुरा सुनी प्रसेनजित् कोशल राजाको मन खुस्रुक्क भयो ।

**प्रसेनजित् कोशल राजाको मन** खुस्रुक्क भएको बुझी त्यसबेला **भगवानले** निम्न गाथा सुनाउनु भयो—

(१) "इत्थीपि हि एकच्चिया, सेय्या पोस जनाधिप ।
मेधावी सीलवती, सस्सुदेवा पतिब्बता ॥"

(२) "तस्सा यो जायति पोसो, सूरो होति दिसम्पति ।
तादिसा सुभगिया[२] पुत्तो, रज्जं पि अनुसासती'ति ॥"

---

१. सं. नि. I. पृ. ८५ : मल्लिकासुत्तं, कोसलसंयुत्तं, अ. क. I. पृ. १२२; सोमन र सिंहलमा 'धीतुसुत्तं' ।

२. स्याम र रोमनमा : 'सुभरिया' ।

Downloaded from http://dhamma.digital/

**अर्थ—**

१– "**जनाधिप** ! यहाँ कुनै कुनै स्त्री बुद्धिमानी, शीलवती, सासु ससुरालाई देव समान मान्ने तथा पतिव्रता भई पुरुषभन्दा पनि श्रेष्ठ हुनसक्छे।"

२– "त्यस्ती स्त्रीबाट जुन सन्तान जन्मिन्छ ऊ सूर-वीर तथा दिशाप्रमुख पनि हुनसक्छ। त्यस्ती सौभाग्यवतीको वालकले राज्यअनुशासन पनि गर्न सक्छ।"

x x x

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## ४– स्त्री कसरी कुरूपा हुन्छे ?

**भगवान** एक समय **श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा** बस्नु भएको थियो[1] ।

अनि **मल्लिकादेवी** जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एक छेउमा बसिन् एक छेउमा बसेकी **मल्लिकादेवी**ले भगवानसँग निम्न प्रश्नहरू सोधिन्—

(१) "**भन्ते** ! के हेतु के प्रत्यय होला जो कि यहाँ कुनै स्त्री दुर्वर्णी, कुरूपिनी, हेर्न पनि **घिन्लाग्दी हुन्छे** तथा दरिद्रीनी, व्यक्तित्व नभएकी, आफ्नो भन्ने केही नभएकी, भोगसम्पत्ति पनि नभएकी र **कुनै परिवार पनि नभएकी हुन्छे** ? (२) **भन्ते** ! के हेतु के प्रत्यय होला जो कि यहाँ कुनै स्त्री दुर्वर्णी, कुरूपिनी, हेर्न पनि **घिन्लाग्दी हुन्छे** तर धनी, महाधनी, महाभोगी, व्यक्तित्व भएकी र **परिवारहरू भएकी हुन्छे** ? (३) "**भन्ते** ! के हेतु के प्रत्यय होला जो कि यहाँ कुनै स्त्री अभिरूपिणी, दर्शनीया, व्यक्तित्व नभएकी, प्रासादिका तथा **परम-वर्ण सुन्दरताले सुसम्पन्ना हुन्छे** तर दरिद्रिनी, आफ्नो भन्ने केही नभएकी, भोगसम्पत्ति नभएकी र **कुनै परिवार पनि नभएकी हुन्छे** ?

---

१. अं. नि. ४ पृ. २१६ : मल्लिकादेवीसुत्तं, महावग्गो; अ. क. II. पृ ५६३.

Downloaded from http://dhamma.digital/

(४) “**भन्ते** ! के हेतु के प्रत्यय होला जो कि यहाँ कुनै स्त्री अभिरूपिणी, दर्शनीया, प्रासादिका तथा **परमवर्ण सुन्दरताले सुसम्पन्ना हुन्छे** तथा धनी, महाधनी, महाभोगी, व्यक्तित्व भएकी र **परिवार सुसम्पन्ना पनि हुन्छे** ?”

(१) “**मल्लिके** ! यहाँ कुनै स्त्री **रिसाहलु** तथा **क्रोधिनी हुन्छे** ऊ सानो कुरामा पनि ठुस्स पर्छे, कोप देखाउँछे, मुख बिगार्छे तथा सोही कुराहरूलाई मनमा लिई बस्छे र यसैकारणबाट रीस, द्वेष तथा अप्रसन्नता पनि प्रकट गर्छे। ऊ दानी पनि हुन्न, श्रमण-ब्राह्मणहरूलाई अन्न, पान, वस्त्र, यान, माला-गन्ध-विलेपन, शैय्या, वासस्थान तथा प्रदीपादि प्रदान गर्दिनन्। ऊ ईर्ष्यालु स्वभावकी हुन्छे अर्काको लाभ-सत्कार, गौरव-मान, वन्दना-पूजादिलाई हेर्न सक्दिनन्। चित्त खिन्न पार्छे र ईर्ष्या गर्छे। ऊ त्यहाँबाट च्यूत भई यहाँ (= मनुष्यलोकमा) आउँदा अथवा जहाँ जहाँ जन्मिछे त्यहाँ त्यहाँ **दुर्वणी, कुरूपिनी** तथा हेर्न पनि घिन्लाग्दी हुन्छे र दरिद्रिनी, आफ्नो भन्ने केही नभएकी, भोगसम्पत्ति पनि नभएकी, **कुनै परिवार पनि नभएकी** तथा **व्यक्तित्व पनि नभएकी** हुन्छे।”

(२) “**मल्लिके** ! यहाँ कुनै स्त्री **रिसाहलु** तथा **क्रोधिनी हुन्छे** ऊ सानो कुरामा पनि ठुस्स पर्छे, कोप देखाउँछे, मुख बिगार्छे तथा सोही कुरालाई मनमा लिई बस्छे र रीस, द्वेष तथा अप्रसन्नता पनि प्रकट गर्छे। तर ऊ **दानी** हुन्छे, श्रमण-ब्राह्मणहरूलाई अन्न, पान, वस्त्र, यान, माला-गन्ध-विलेपन, शैय्या, वासस्थान तथा **प्रदीपादि प्रदान गर्छे** ।

Downloaded from http://dhamma.digital/

**ऊ ईर्ष्यालु स्वभावकी हुन्न**, अर्काको लाभ-सत्कार, गौरव-मान, वन्दना-पूजादिलाई हेर्नसक्छे । चित्त खिन्न पार्दिनन् र **ईर्ष्या पनि गर्दिनन्** । ऊ त्यहाँबाट च्यूत भई यहाँ आउँदा अथवा जहाँ जहाँ जन्मिछे त्यहाँ त्यहाँ दुर्वणी, कुरूपिनी तथा हेर्न पनि **घिन्लाग्दी हुन्छे** तर ऊ धनी, महाधनी, महाभोगिनी, **परिवार सम्पन्ना** तथा **व्यक्तित्व पनि भएकी हुन्छे ।**

(३) "**मल्लिके** ! यहाँ कुनै स्त्री **रिसाहलु** तथा **क्रोधिनी हुन्न** । जति भनेता पनि ऊ ठुस्स पर्दिनन्, कोप देखाउँदिन, मुख पनि बिगार्दिनन् तथा सोही कुरालाई मनमा लिई बस्दिनन् । तर ऊ **दानी हुन्न**, श्रमण-ब्राह्मणहरूलाई अन्न, पान, वस्त्र, यान, माला-गन्ध-विलेपन, शैय्या, वासस्थान तथा **प्रदीपादि प्रदान गर्दिनन्** । **ऊ ईर्ष्यालु स्वभावकी हुन्छे**, अर्काको लाभ-सत्कार, गौरव-मान, वन्दना-पूजादिलाई हेर्न सक्दिनन् । चित्त खिन्न पार्छे र **ईर्ष्या गर्छे** । ऊ त्यहाँबाट च्यूत भई यहाँ आउँदा अथवा जहाँ जहाँ जन्मिछे त्यहाँ त्यहाँ अभिरूपिणी, दर्शनीया, प्रासादिका तथा **परमवर्ण सुन्दरताले सम्पन्ना हुन्छे ।** तर ऊ दरिद्रिनी, आफ्नो भन्ने केही नभएकी, भोगसम्पत्ति नभएकी, **कुनै परिवार पनि नभएकी** तथा **व्यक्तित्व पनि नभएकी हुन्छे ।**"

(४) "**मल्लिके** ! यहाँ कुनै स्त्री **रिसाहलु** तथा **क्रोधिनी हुन्न** । जति भनेता पनि ऊ ठुस्स पर्दिनन्, कोप देखाउँदिनन्, मुख पनि बिगार्दिनन् तथा सोही कुरालाई मनमा लिई बस्दिनन् । रीस, द्वेष तथा अप्रसन्नता पनि प्रकट गर्दिनन् । **ऊ दानी पनि हुन्छे** ।

Downloaded from http://dhamma.digital/

श्रमण-ब्राह्मणहरूलाई अन्न, पान, वस्त्र, यान, माला-गन्ध-विलेपन, **शैय्या**, वासस्थान तथा प्रदीपादि प्रदान गर्छे। **ऊ ईर्ष्यालु स्वभावकी हुन्न**, अर्काको लाभ-सत्कार, गौरव-मान, वन्दना-पूजादिलाई हेर्न सक्छे। चित्त खिन्न पार्दिनन् र ईर्ष्या पनि गर्दिनन्। ऊ त्यहाँबाट च्यूत भई यहाँ आउँदा अथवा जहाँ जहाँ जन्मिछे त्यहाँ त्यहाँ **अभिरूपिणी**, दर्शनीया, प्रासादिका तथा **परमवर्ण सुन्दरताले सम्पन्ना हुन्छे।** धनी, महाधनी, महाभोगी, **परिवार सम्पन्ना** तथा **व्यक्तित्व भएकी पनि हुन्छे।**"

(a) "**मल्लिके**! यही हेतु यही प्रत्यय हो जसले गर्दा यहाँ कुनै स्त्री दुर्वर्णी, कुरूपिनी, हेर्न पनि घिन्लाग्दी हुन्छे तथा दरिद्रिनी, आफ्नो भन्ने केही नभएकी, भोगसम्पत्ति पनि नभएकी, कुनै परिवार पनि नभएकी तथा **व्यक्तित्व पनि नभएकी हुन्छे**। (b) "**मल्लिके**! यही हेतु यही प्रत्यय हो जसले गर्दा यहाँ कुनै स्त्री दुर्वर्णी, कुरूपिनी, **हेर्न पनि घिन्लाग्दी** हुन्छे किन्तु **धनी, महाधनी, महाभोगी, परिवारहरू भएकी** तथा **व्यक्तित्व भएकी पनि हुन्छे**। (c) "**मल्लिके**! यही हेतु यही प्रत्यय हो जसले गर्दा यहाँ कुनै स्त्री **अभिरूपिणी, दर्शनीया**, प्रासादिका तथा परम वर्ण सुन्दरताले सुसम्पन्ना हुन्छे तर **दरिद्रिनी**, आफ्नो भन्ने केही नभएकी, भोग-सम्पत्ति नभएकी, **कुनै परिवार पनि नभएकी** तथा **व्यक्तित्व पनि नभएकी हुन्छे।** (d) "**मल्लिके** ! यही हेतु यही प्रत्यय हो जसले गर्दा यहाँ कुनै स्त्री **अभिरूपिणी**, **दर्शनीया**, प्रासादिका तथा परम वर्ण सुन्दरताले

Downloaded from http://dhamma.digital/

सुसम्पन्ना हुन्छे तथा धनी, महाधनी, महाभोगी, **परिवार सुसम्पन्ना** तथा **व्यक्तित्व पनि भएकी हुन्छे** ।"

यस्तो भन्नुभएपछि मल्लिकादेवीले भगवानलाई यस्तो भनिन्—

(a) "**भन्ते** ! अघिल्लो जनममा म **क्रोधिनी** तथा **रिसाहालु** थिएँ होला, सानो कुरामा पनि ठुस्स पर्थें होला, कोप देखाउँथें होला, मुख बिगार्थें होला र सोही कुरालाई मनमा लिई बस्थें होला तथा रीस, द्वेष, र अप्रसन्नता पनि प्रकट गर्दथें होला जसले गर्दा अहिले म **दुर्वर्णी, कुरूपिणी तथा हेर्न पनि घिनलाग्दी जस्ती भएँ** ।" (b) "**भन्ते** ! अघिल्लो जनममा म **दानी थिएँ होला**, श्रमण-ब्राह्मणहरूलाई अन्न, पान, वस्त्र, यान, माला-गन्ध-विलेपन, शैय्या, वासस्थान प्रदीपादि प्रदान गरें होला जसले गर्दा अहिले **म धनी**, **महाधनी तथा महाभोगिनी भएँ** ।" (c) "**भन्ते** ! अघिल्लो जनममा मैले **ईर्ष्या गरेको थिइन होला**, अर्काको लाभ-सत्कार, गौरव-मान, वन्दना-पूजादिलाई हेर्नसक्थें होला, चित्त खिन्नगर्दैनथें होला र ईर्ष्या लिन्नथें होला र जसले गर्दा अहिले **मेरा महान परिवारहरू भए । भन्ते** ! यो राजकुलमा क्षत्री कन्याहरू पनि ब्राह्मण कन्याहरू पनि तथा गृहपति कन्याहरू पनि छन् । म उनीहरूका ऐश्वर्याधिपति छु ।" (d) "**भन्ते** ! अब म आजदेखि **अक्रोधिनी हुनेछु र अरिसाहालु पनि** । धेरै भनेता पनि ठुस्सपर्ने छैन, कोप पनि देखाउने छैन र मुख बिगार्ने छैन । अनि सोही कुरालाई मनमा पनि लिइराख्ने छैन । रीस, द्वेष तथा अप्रसन्नता पनि प्रकट गर्ने छैन । श्रमण-ब्राह्मणहरूलाई अन्न, पान, वस्त्र, यान, माला-गन्ध-विलेपन, **शैय्या**, वासस्थान तथा प्रदीपादि प्रदान गर्नेछु । **ईर्ष्यालु**

Downloaded from http://dhamma.digital/

**स्वभावकी हुने छैन।** अर्काको लाभ-सत्कार, गौरव-मान, वन्दना पूजादिलाई हेर्नसक्ने, प्रसन्नहुने र **ईर्ष्यालु नलिने भई बस्नेछु।**"

"धन्य हो, **भन्ते** ! धन्य हो, **भन्ते** ! घोप्टेकोलाई उत्तानो पारिदिए झैं, ढाकिएकोलाई उघारिदिए झैं, बाटो भुलेकोलाई बाटो देखाइदिए झैं, अँध्यारोमा तेलको बत्ती राखिदिंदा आखाँ हुनेहरूले रूप देखे झैं भगवानले मलाई अनेक प्रकारले धर्म प्रकाश पारिदिनुभयो । **भन्ते** ! अब म भगवानको शरणमा पर्छु धर्म र भिक्षुसङ्घको पनि । **भन्ते** ! आजदेखि आजीवन शरणमा आएकी उपासिका हो भनी भगवानले मलाई ग्रहण गर्नुहोस् ।"

x x x

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## ५- मल्लिकादेवीको मृत्यु

भगवान एक समय श्रावस्तीस्थित **अनाथपिण्डिकको जेतवनाराममा** बस्नुभएको थियो[1]।

अनि **प्रसेनजित् कोशल राजा** जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गई भगवानलाई अभिवादन गरी एक छेउमा बसे । अनि त्यस समय **मल्लिकादेवीको** मृत्यु भयो। एक पुरुष जहाँ **प्रसेनजित्** कोशल राजा थिए त्यहाँ गई राजाको कानमा– "**मल्लिकादेवी** परलोक भइन्" भनी सुनायो। यति कुरा सुन्नेबित्तिकै **प्रसेनजित्** कोशल राजा दुःखी दुर्मन भई शीर झुकाई अधोमुख पारी शोक गर्दै केही नबोली चुपलागेर बसे।

**प्रसेनजित् कोशल राजा** दुःखी दुर्मन भई शीर झुकाई अधोमुख पारी शोक गर्दै केही नबोली चुपलागी बसेको देखी भगवानले यसो भन्नुभयो—

"महाराज ! यो लोकमा यी पाँच कुराहरू कुनै श्रमण, ब्राह्मण, देव, मार तथा ब्रह्माले पनि पाउन सक्दैनन् । कुन पाँच भने ?–

---

१. अं. नि–५, पृ. ३२१ : कोसलसुत्तं, मुण्डराजवग्गो; अ. क. II. पृ. ६०३.

Downloaded from http://dhamma.digital/

(१) **जरा** स्वभावको प्राणीले 'मलाई जरा नहोस्' भनी इच्छा गरेता पनि कसैले पाउन सक्तैन, (२) **ब्याधि** स्वभावको प्राणीले 'मलाई ब्याधि नहोस्' भनी इच्छा गरेता पनि कसैले पाउन सक्तैन, (३) **मरण** स्वभावको प्राणीले 'मेरो मरण नहोस्' भनी इच्छा गरेता पनि कसैले पाउन सक्तैन, (४) **क्षय** हुने स्वभावको प्राणीले 'मेरो क्षय नहोस्' भनी इच्छा गरेता पनि कसैले पाउन सक्तैन, र (५) **नाश** हुने स्वभावको प्राणीले 'मेरो नाश नहोस्' भनी इच्छा गरेता पनि कसैले पाउन सक्तैन।"

a. १– "महाराज ! **अश्रुतवान् पृथग्जनलाई** जराले जर्जरित पार्छ। जराले जर्जरित भई उसले 'न यो मलाई मात्र जराले जर्जरित पारेको हो अपितु जति आउने, जाने, च्युत हुने र उत्पन्न हुने सत्वहरू छन् ती सबै सत्वहरूलाई नै जराले जर्जरित पार्छ। यदि जराधर्मले जर्जरित पार्दा मैले शोक गरें, सन्ताप गरें, विलाप गरें, टाउकोमा हात राखी विरह गरें र सम्मोहित भएँ भने मैले खान-पान पनि गर्नसक्ने छैन, स्वास्थ्य पनि खराब हुनेछ, काम पनि चल्न सक्तैन, शत्रुहरू पनि हाँस्नेछन् र मित्रहरू पनि दु:खी हुनेछन्' भनी मनमा सोच्दैन बल्कि ऊ जरताले जर्जरित भएर शोक गर्छ, सन्ताप गर्छ, विलाप गर्छ, टाउकोमा हात राखी विरह गर्छ र सम्मोहित हुन्छ। महाराज ! यस्तालाई 'विषैली शोकरूपी बाँणले लागेर आफैले आफूलाई सन्तप्त पार्ने **अश्रुतवान् पृथग्जन**' भनी भन्दछन्।"

a. २– "महाराज ! फेरी **अश्रुतवान् पृथग्जनलाई** ब्याधिधर्मद्वारा रोग ग्रस्त हुन्छ...३–मृत्युधर्मद्वारा मृत हुन्छ,...४–क्षयधर्मद्वारा

Downloaded from http://dhamma.digital/

क्षय हुन्छ,...५–नाशधर्मद्वारा नाश हुन्छ। नाशधर्मद्वारा नाश हुँदा उसले 'न यो मेरो लागि मात्र नाश भएको हो अपितु जति आउने, जाने, च्युत हुने र उत्पन्न हुने सत्वहरू छन् ती सबै सत्वहरू नाशधर्मद्वारा नै नाश हुन्छन्। यदि नाशधर्मद्वारा नाश हुँदा शोक गरें,...सम्मोहित भएँ भने मैले खान-पान पनि गर्नसक्ने छैन र...मित्रहरू पनि दुःखी हुनेछन्' भनी मनमा सोच्दैन बल्कि ऊ नाशधर्मद्वारा नाश हुँदा शोक गर्छ...सम्मोहित हुन्छ। महाराज यस्तालाई 'विषैली शोकरूपी बाँणले लागेर आफैले आफूलाई सन्तप्त पार्ने **अश्रुतवान् पृथग्जन**' भनी भन्दछन्।"

b. १– "महाराज ! **श्रुतवान् आर्यश्रावकलाई** जराले जर्जरित पार्छ। जराले जर्जरित भई उसले 'न यो मलाई मात्र जराले जर्जरित पारेको हो अपितु जति आउने, जाने, च्युत हुने र उत्पन्न हुने सत्वहरू छन् ती सबै सत्वहरूलाई नै जराले जर्जरित पार्छ। यदि जराधर्मले जर्जरित पार्दा मैले शोक गरें...सम्मोहित भएँ भने मैले खान-पान पनि गर्नसक्ने छैन् र ...मित्रहरू पनि दुःखी हुनेछन्' भनी मनमा सोच्छ। अतएव जरताले जर्जरित भएता पनि शोक गर्दैन, सन्ताप गर्दैन, विलाप गर्दैन, टाउकोमा हात राखी विरह गर्दैन, सम्मोहित पनि हुँदैन। महाराज ! यस्तालाई 'विषैली शोकरूपी बाँणले लागेर आफूलाई सन्ताप पार्ने अश्रुतवान् पृथग्जन झैं नभई– विषैली बाँणलाई हटाउन सक्ने **श्रुतवान् आर्यश्रावक**' भनी भन्दछन्।"

b. २– "महाराज ! फेरी **श्रुतवान् आर्यश्रावकलाई** ब्याधि-धर्मद्वारा रोग ग्रस्त हुन्छ...३–मृत्युधर्मद्वारा मृत हुन्छ,...४–क्षयधर्मद्वारा

Downloaded from http://dhamma.digital/

क्षय हुन्छ,...५–नाशधर्मद्वारा नाश हुन्छ। नाशधर्मद्वारा नाश हुँदा उसले 'न यो मेरो लागि मात्र नाश भएको हो अपितु जति आउने, जाने, च्युत हुने र उत्पन्न हुने सत्वहरू छन् ती सबै सत्वहरू नाशधर्मद्वारा नै नाश हुन्छन्। यदि नाशधर्मद्वारा नाश हुँदा शोक गरें,...सम्मोहित भएँ भने मैले खान-पान पनि गर्नसक्ने छैन र...मित्रहरू पनि दुःखी हुनेछन्' भनी मनमा सोच्छ। अतएव नाशधर्मद्वारा नाश भएता पनि ऊ शोक गर्दैन,...न सम्मोहित नै हुन्छ। महाराज ! यस्तालाई 'विषैली शोकरूपी बाँणले लागेर आफैले आफूलाई सन्ताप पार्ने अश्रुतवान् पृथग्जन झैं नभई– विषैली बाँणलाई हटाउनसक्ने **श्रुतवान् आर्यश्रावक**' भनी भन्दछन्।"

"महाराज ! यिनै पाँच कुराहरू यो लोकमा कुनै श्रमण, ब्राह्मण, देव, मार तथा ब्रह्माले पनि पाउन सक्तैन।"

पुनश्च भगवानले यस्तो भन्नुभयो—

१. "न सोचनाय परिदेवनाय,<br>
अत्थोध लब्भा अपि अप्पको पि।<br>
सोचन्तमने दुक्खितं विदित्वा,<br>
पच्चत्थिका अत्तमना भवन्ति॥"

२. "यतो च खो पण्डितो आपदासु,<br>
न वेधती अत्थविनिच्छयञ्ञु।<br>
पच्चत्तिकास्स दुखिता भवन्ति,<br>
दिस्वा मुखं अविकारं पुराणं॥"

Downloaded from http://dhamma.digital/

३. "जप्पेन मन्तेन सुभासितेन,
अनुप्पदानेन पवेणिया वा ।
यथा यथा यत्थ लभेथ अत्थं,
तथा तथा तथ्य परक्कमेय्य ॥"

४. "सचे पजानेय्य अलब्भनेय्यो,
मया व अञ्जेन वा एस अत्थो ।
असोचमानो अधिवासयेय्य,
कम्मं दल्हं किन्ति करोमि दानी'ति ॥"

**अर्थ—**

१– "शोक गरी रोदन गरी केही पनि अर्थसिद्ध हुन सक्तैन। शोक गरी दुःखी भएको देखि बरू शत्रुहरू मात्रै खुशी हुन थाल्दछन् ।"

२– "जब पण्डित पुरुष आपद्कालमा पनि कारणाकारण बुझी अकम्पित भई बस्दछ तब कुनै मुखाकृति बिग्रेको नदेखि शत्रुको मन दुःखी हुन्छ ।"

३– "परम्परानुसार जप गर्नाले, मन्त्र पढ्नाले, शुभ-वचन बोल्नाले अथवा अनुदान दिनाले जराधर्मबाट बच्न सक्तैन बरू जरा भएर आउँदा जुन जुन ठाउँमा जस्तो जस्तो पर्न आउँछ त्यस्तो त्यस्तो ठाउँमा बुद्धि पुऱ्याई सम्यक् प्रयत्न गर्नुपर्छ ।"

Downloaded from http://dhamma.digital/

४– “यदि कुनै उपायबाट पनि बच्न सक्दैन भनी जानेमा, ‘म मात्र जरा जर्जरित भएको होइन, अरू पनि जर्जरित भएकै छन्’ भनी संझना गरी ‘जीवनको कर्म नै यस्तो दृढ (= बलियो) रहेछ। के गर्न सकुँला र !’ भनी शोक सन्ताप नगरी धैर्य राख्न सक्नुपर्छ।”

Downloaded from http://dhamma.digital/

# ९. (बन्धुल) मल्लिका

## प रि च य

### बन्धुल सेनापतिकी भार्या

**महाकोशल राजाका** छोरा **प्रसेनजित् कोशल, वैशालीका लिच्छवी कुमार महाली लिच्छवी** तथा **कुशीनगर मल्लराजाका** छोरा **बन्धुल** भन्ने यी तीनजना राजकुमारहरू एकै साथ **तक्षशिलामा** पढेका थिए । त्यसैले यिनीहरू परस्पर साथी थिए[1] ।

शिक्षा हासिल गरेर आएपछि **बन्धुल राजकुमारले कुशीनगरवासी मल्लिका** भन्नेकी छोरी **मल्लिकासँग** विवाह गरेका थिए[2] । यहाँ यी नै **मल्लिकाको** परिचय दिने प्रयास गरिएको छ । पालिसाहित्य अनुसार **प्रसेनजित् कोशल** नरेशकी रानीको नाम पनि '**मल्लिका**' नै भएको हुदाँ '**बन्धुल मल्लिका**' भनी चिनाइएको हो ।

---

१. धम्म. प. अ. क. पृ. २०८ : विडूडभवत्थु, पुप्फवग्गो ।

२. धम्म. प. अ. क. पृ. २१५ : विडूडभवत्थु, पुप्फवग्गो ।

Downloaded from http://dhamma.digital/

(बन्धुल) **मल्लिकाको** पति **बन्धुल** राजकुमार **कुशीनगरमा** बस्न नचाहेपछि उनी **श्रावस्तीका प्रसेनजित् कोशल** राजाकहाँ गएका थिए। अनि अति प्रसन्न भएका राजाले उनलाई सेनापति पदमा नियुक्त गरेका थिए। सेनापति पद पाएपछि कुशीनगरबाट आफ्ना बाबुलाई पनि ल्याई **श्रावस्तीमै** बसोबास गरे[१]।

**(बन्धुल) मल्लिकाले** कुनै सन्तान जन्माउन सकिनन्। थारी जस्तै भइन् भन्ने विचारले **बन्धुल सेनापतिले** उनलाई "आफ्नै माइती घरमा फर्केर जाऊ" भनी भने। (**बन्धुल**) **मल्लिका** बुद्धलाई राम्रोसँग चिन्दथिन्। उनी बुद्ध प्रति ठूलो आस्था राख्दथिन्। अनि उनले सोचिन् कि जानुभन्दा अगाडि बुद्धलाई भेटेर जानुपर्‍यो। यति सोचेर उनी **जेतवन विहारमा** गई भगवानलाई अभिवादन गरी एक छेउमा बसिन्। भगवानले "मल्लिके ! कहाँ जानकोनिमित्त तयारी ?" भनी सोध्नु भएपछि उनले "भन्ते ! स्वामीले मलाई माइतीघरमै गएर बस भनी पठाउँदै छन्" भनी भनिन्।

"किन नि ?"

"भन्ते ! म बाँझी भएँ। कुनै सन्तान जन्माउन सकिन, त्यसैले।"

"यदि यसै कारणले जान लागेकी हौ भने जानुपर्ने कारण छैन। फर्के पनि हुन्छ।"

अनि सन्तुष्ट भई **शास्तालाई** अभिवादन गरी उनी घर फर्किन्। **बन्धुल सेनापतिले** "किन फर्केकी ?" भनी सोध्दा उनले "**दशवल**

१. धम्म. प. अ. क. पृ. २०९ : विडूडभवत्थु, पुप्फवग्गो।

Downloaded from http://dhamma.digital/

**शास्ताले** रोक्नुभयो" भनी भनिन् । यो सुनेर **बन्धुलले** सोचे कि भविष्य जान्ने बुद्धले शायद कुनै कारण देख्नुभयो होला ।

केही समयपछि उनी गर्भिणी भइन् । त्यस अवस्थामा मनमा इच्छा (दोहलो[1]) उत्पन्न भयो । जुन इच्छाको बारेमा उनले आफ्ना स्वामीलाई बताइन् । अनि उनले सोधे– "के दोहलो (= इच्छा) भयो त ?"

"स्वामी ! **वैशाली गणराज्य** कुलकाले अभिषेक गरी नुहाउने मंगलपुष्करिणीमा नुहाई त्यसको पानी पिउने इच्छा भयो ।"

"हुन्छ, बेश छ" भनी हजार जनाले उठाउनु पर्ने धनुषबाँण लिएर **मल्लिकालाई** रथमा राखी **श्रावस्तीबाट** निस्की सेनापति **वैशालीमा** पुगे । अनि साथी **महाली लिच्छवीले** देखाइराखेको ढोकाबाट **वैशाली नगर** भित्र पसे । सो ढोकाको नजिकै **महाली** लिच्छवीको घर थियो । ढोकामा उनको रथले ठोकिएको आवाज सुनी **महाली लिच्छवीले** "आज लिच्छवीहरूलाई भय उत्पन्न हुनेछ" भनी भने । सो पुष्करिणीको भित्र र बाहिर कडा सुरक्षा गरिएको थियो । पालो पहराको मात्र होइन पुष्करिणी माथि समेत फलामे जालीले छोपेको थियो र कुनै चराचुरङ्गी समेत भित्र पस्न सक्दैनथे । **बन्धुल**

---

१. गर्भिणी अवस्थामा हुने कुनै खास इच्छालाई पालिसाहित्यले 'दोहलो' भनेको छ । यसलाई त्यसताकाको समाजले विशेष ध्यान दिन्थ्यो भन्ने कुरा पालिसाहित्यमा पाइन्छ ।

Downloaded from http://dhamma.digital/

**सेनापतिले** चाहिं पालेपहरा बसिरहेकालाई बेतको छडीले पिटी भगाएर पठाई फलामे जालीलाई तरवारले काटी पुष्करिणीमा भार्यालाई नुहाई आफू पनि नुहाई फेरी रथमा बसी गएको बाटैबाट फर्केर आए[१]।

**बन्धुल सेनापति** निकै पराक्रमी थिए। शिक्षा लिएर फर्केपछि उनले **कुशीनगरका** मल्लहरूका अगाडि आफ्नो पुरुषार्थको प्रदर्शन गरेका थिए। त्यसबखत **मल्ल राजकुमारहरूले** बाँसभित्र फलाम हाली काट्न लगाएका थिए। यी फलाम हालिएका बाँसका मुट्ठा बाँधी ठाडो पारेर राखेका थिए। **बन्धुल कुमार** असीहात जति आकाशमा उफ्री राखेका बाँसका मुट्ठाहरू तरवारले काट्दै जाँदा अन्तमा 'किणी' भन्ने आवाज निस्केको सुनेर "यो केको आवाज हो ?" भनी सोध्दा "बाँसभित्र राखेको फलामको आवाज हो" भनी भनेको सुनेर "हरे ! यस नगरमा मेरा कोही पनि हितैषी तथा विश्वासी रहेनछन्; यदि कसैले बाँसभित्र फलाम हालेको छ भनी बताएको भए मैले यस्तो आवाज नआउने गरी काट्ने थिएँ" भन्दै यसैबाट खिन्न भई उनी **श्रावस्तीमा** गएर बसेका थिए[२]।

**मल्लिकालाई श्रावस्तीमा** ल्याइपुऱ्याएपछि उनले सोह्र पटकसम्म जुम्ल्या छोराहरू जन्माइन्। यी सबै कुमारहरू बडा शूरवीर थिए। यिनीहरू प्रत्येकका एक एक हजार परिवार पनि थियो। आफ्नो बाबुसँग राजदरबारमा जाने बेलामा यिनीहरू परिवार साथ जान्थे।

---

१. धम्म. प. अ. क. पृ. २१५ : विडूडभवत्थु, पुप्फवग्गो।
२. धम्म. प. अ. क. पृ. २०८–०९ : विडूडभवत्थु, पुप्फवग्गो।

Downloaded from http://dhamma.digital/

एकदिन यसरी गइरहेका **बन्धुललाई** देखेर मुद्दामा न्याय नपाउनेहरूको एक दलले– न्यायाधीशले पक्षपात गरी निसाप छिनेको कुरा उनलाई सुनायो । उनी न्यायालयमा गई मुद्दा फेरि हेरी मालिकलाई नै मालिक बनाई निष्पक्षरूपले निसाप गरिदिए । महाजनहरूले **बन्धुल** सेनापतिको जय जयकार गरे । "यो के हो ?" भनी सोध्दा न्यायालयमा निसाप गरेको कुरा सुनाउँदा राजा खुशी भई न्यायालयका सबैलाई बरखास्त गरी **बन्धुल** सेनापतिलाई नै न्यायालयको सम्पूर्ण जिम्मा दिए । त्यहाँदेखि न्यायालयमा निष्पक्षरूपले न्याय हुन थाल्यो । न्यायालयका पुराना हाकीमहरूले पाइरहेको लाभसत्कारबाट च्युत भएपछि "**बन्धुल सेनापतिले** राज्य हत्याउने षडयन्त्र रचिरहेका छन्" भन्ने हल्ला मच्चाई राजदरबारमा चुकली लगाइदिए । यो कुरालाई राजाले विश्वास गरे । राम्ररी छानबिन गरेनन् । अनि राजाले "यिनीहरूलाई यहाँ मार्दा जनतामा उपद्रब मच्चिनेछ" भन्ने सोचेर बाहिर मार्न लगाउन पर्छ भन्ने ठानी राजाले यस्तो विचार गरे– "गुप्त मानिसहरू लगाएर प्रत्यन्तमा अशान्ति मच्चाउन लगाउनु पर्छ । अनि **बन्धुल सेनापतिलाई** उनका छोराहरू सहित त्यहाँ पठाउनु पर्छ ।" यति सोचेर "प्रत्यन्तमा गएर अशान्तिलाई शान्ति पारेर आऊ" भनी बन्धुल सहित उनका बत्तीसजना छोराहरूलाई पनि पठाए ।

## पति वियोग

अनि पछि राजाले खूब बलिया बलिया योद्धाहरूलाई "यिनी-

Downloaded from http://dhamma.digital/

हरूलाई मारेर आऊ" भनी पठाए । सेनापति आउँदै छन् भन्ने खबर सुन्नेबित्तिकै लगाएका मानिसहरू सबै भागेर गए । **बन्धुल** आफ्ना बत्तीसजना छोराहरूका साथ फर्किरहेको बेलामा ती योद्धाहरूले उनीहरूलाई बीच बाटामा निर्मम हत्या गरे[1]।

उता त्यसैदिन (**बन्धुल**) **मल्लिकाले** पाचँशय भिक्षुहरू सहित दुइ अग्रश्रावकहरूलाई भोजनको लागि निम्त्याएकी थिइन् । अनि पूर्वाण्ह समयमा "तपाईका स्वामी सहित बत्तीसजना छोराहरूलाई हत्यागरे" भन्ने पत्र हातमा पऱ्यो । पत्र पढेर अलिकता पनि चित्तलाई विचलित नगरी धैर्यतापूर्वक मल्लिकाले सो पत्र कम्मरको पटुकामा राखिन् । कसैलाई पनि यस सम्बन्धमा केही सुनाइनन् र भोजन गराउने काममा नै व्यस्त रहिन् । अनि भोजन कार्यमा व्यस्त भएका **मल्लिका** सहित उनका दासीहरूमध्ये एकले घिउको भाँडो ल्याउँदा स्थविरहरूको अगाडि खसेर फुट्यो । यो देखेर **धर्मसेनापति सारिपुत्र** स्थविरले "मल्लिके ! फुट्ने माटाका भाडाँ फुट्छन् नै यसमा चिन्ता लिनु पर्दैन" भनी भन्नुभयो । **मल्लिकाले** पटुकाबाट चिट्ठी निकाली "बत्तीसजना छोराहरू सहित मेरा पतिलाई हत्यागरे भन्ने यो पत्र पाएर त मैले केही चिन्ता गरिन भने यो माटोको भाँडो फुट्दा के चिन्ता लिनु !" भनी भनिन् । **धर्मसेनापतिले** त्यसबेला "**अनिमित्तमनञ्ञात**...[२]" भन्ने सूत्रको उपदेशद्वारा धर्मदेशना गर्नुभई आसनबाट उठी जानुभयो[३] ।

---

१. धम्म. प. अ. क. पृ. २१६–१७ : विडूडभवत्थु, पुप्फवग्गो ।

२. सुत्त. नि. पा. पृ. ३६० : सल्लसुत्तं, महावग्गो ।

३. धम्म. प. अ. क. पृ. २१७ : विडूडभवत्थु, पुप्फवग्गो ।

Downloaded from http://dhamma.digital/

त्यसपछि उनले आफ्ना बत्तीसवटी बुहारीहरूलाई बोलाई– "निरपराधी तिम्रा स्वामीहरू आफ्ना पूर्वकर्मको फल अनुसार मारिए। यसमा तिमीहरूले शोक सन्ताप नगर। राजामाथि पनि मन नबिगार। बरू मैत्री चित्त राख" भनी सम्झाईबुझाई अर्ति दिइन्। चरपुरुषहरूले उनको यो कुरा सुनेर राजाकहाँ गएर उनीहरू निरपराधी भएका कुरा सुनाए। राजालाई पश्चात्ताप लागी विरक्तिएर उनको घरमा गई **मल्लिकासँग** र उनका बुहारीसँग क्षमा मागेर **मल्लिकालाई** वरदान दिए। **मल्लिकाले** "महाराज! वरदान लिएको सम्झनुहोस्, चाहिने बेलामा माग्नेछु" भनी उत्तर दिएपछि राजा फर्केर गए। त्यसपछि मृत क्रिया आदि गरी नुहाई धुवाई उनी राजाकहाँ गएर "महाराज! तपाईले मलाई वरदान दिनु भएको छ। मलाई अरू केही चाहिन्न, मेरा बत्तीसवटी बुहारीहरूका साथ मलाई मेरो माइतीघरमा जाने आज्ञा दिनुहोस्" भनी भनिन्। राजाले स्वीकारे। उनले सबै बुहारीहरूलाई आ-आफ्नो माइतीघरमा पठाई आफू पनि आफ्नो माइतीघरमा **कुशीनगर** गइन्[1]।

## बुद्धको अन्तिम पूजा

यसरी उनी **कुशीनगरमा** बसिरहेको बेलामा उता भगवान बुद्ध पैंतालिस वर्षसम्म धर्म प्रचारको कार्यमा लागी असी वर्षको उमेरमा

१. धम्म. प. अ. क. पृ. २१८ : विडूडभवत्थु, पुप्फवग्गो।

Downloaded from http://dhamma.digital/

**कुशीनगरमा** आई मल्ल **राजाहरूको** शालोदयानको दुइवटा शालवृक्षको बीचमा महापरिनिर्वाण हुनुभयो[1] ।

अनि (**बन्धुल**) **मल्लिकाको** मनमा भगवानलाई आफ्नो **महालतापसाधन**[2] भन्ने आभरण-वस्त्र चढाउने इच्छाभयो। जुन पसाधन आफ्ना स्वामीको हत्यापछि उनले परिभोग नगरी राखेकी थिइन् । **विशाखा** महाउपासिकाको जस्तो यो महालतापसाधन-वस्त्र त्यसताका जम्बुद्वीपमा केवल तीनैजनासँग मात्र थियो। **विशाखा**, (**बन्धुल**) **मल्लिका** तथा **बनारस सेठकी छोरी**[3] । अनि सप्तरत्न जडित त्यो आभरण वस्त्र निकाल्न लगाई सुगन्धित पानीले सफापारी अरू पनि पुष्पधूपका साथ लगी परिनिर्वाण हुनु भएका बुद्धको शरीरमा ओढाइन् । भगवानको शरीरदेखि पैतालासम्म ढाकिएको थियो । यो अति शोभायमान देखिन्थ्यो । सप्तरत्न जडित यो **महालतापसाधन** खूब

---

१. विमा. व. अ. क. पृ. १३२ : मल्लिकाविमानट्ठकथा। यो विमानकथा लेखकको बु. वि. पृ. २२४ मा अनुवाद भएको छ।

२. 'महालतापसाधन' भनेको सप्तरत्न जडित एकप्रकारको आभरण वस्त्र हो। यसको सम्बन्धमा विस्तृत कुरा लेखकको बु. म. भा-१, पृ. ३४ मा वर्णित छ।

३. धम्म. प. अ. क. पृ. २५२ : विसाखावत्थु, पुप्फवग्गो। तर दी. नि. अ. क. I. पृ. ४१९ : महापरिनिब्बानसुत्तवण्णनाले चाहि बनारस सेठकी छोरी भन्ने ठाउँमा 'देवदानि चोरको घरमा' भनी उल्लेख गरेको छ।

Downloaded from http://dhamma.digital/

चम्किन्थ्यो। यो देखेर (**बन्धुल**) **मल्लिकाको** मन सारै प्रसन्न तथा प्रफुलित भएको थियो। त्यस बखत उनले यस्तो आभरण-वस्त्र लगाउन नपर्ने गरी आफ्नो शरीर आभरण विभूषित भएको जस्तो होस् भन्ने प्रार्थना पनि गरेकी थिइन्[1]।

यी **मल्लिकाको** नाम अंगुत्तरनिकाय अट्ठकनिपातको सामञ्ञवग्ग (पृ. ४२८) मा प्रमुख उपासिकाहरूको नामावलीमा समावेश भएको छ।

मृत्युपछि उनी **त्रयस्त्रिंश दिव्यलोकमा** उत्पन्न भइन्। त्यसै आभरण-वस्त्र पूजाको प्रभावद्वारा अरू देवताहरूकोभन्दा उनको विशेषता थियो।

एकदिन **नारद स्थविर** दिव्यलोकमा चारिका गरिरहनु भएको बेलामा उनको यो विशेषता देखेर अगाडि आएर अभिवादन गरी हातजोरी उभिइरहेको सो देवतासँग **नारद स्थविरले** "केको फलले यस्तो विशेषता पाएको हो?" भनी सोध्दा उनले[2]—

---

१. दी. नि. अ. क. I. पृ. ४१९ : महापरिनिब्बानसुत्तवण्णना; विमा. व. अ. क. पृ. १३२ : मल्लिकाविमानअट्ठकथा।

२. विमा. व. अ. क. पृ. १३२ : मल्लिकाविमानअट्ठकथा।

Downloaded from http://dhamma.digital/

"सोवण्ण जालं मणिसोण्ण चित्तितं,
मुत्ताचित्तं हेमजालेन छन्नं ।
परिनिब्बुते गोतमे अप्पमेय्ये,
पसन्नचित्ता अहमाभिरोपयिं ॥" भन्ने आदि गाथा भनी उत्तर दिइन् । जुन सूत्रको अनुवाद अगाडि गरिदिएको छु ।

x x x

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## त्रयस्त्रिंश देवलोकमा मल्लिका[1]

१– "पीत वस्त्र, पीत ध्वज र पीतालंकारद्वारा विभूषित तिम्रो सुन्दर पीतवर्ण पछ्यौरा आभरण विना पनि शोभायमान नै छ[2] ।"

२– "काञ्चनलता र हेमजालहरूले सिंगारिएका तथा अनेकौं रत्नहरूका चूरी र बाजुहरू लगाइराखेको तिम्रो वर्ण शोभायमान छ ।"

३– "सुवर्ण, लालमणि, मोती, वैदूर्य, मसारगल्ल तथा परेवाको आँखा जस्तै मणिहरूद्वारा चित्रित छयौ ।"

४– "त्यसबाट मयूर, हंसराज तथा कोइलीका आवाजहरू जस्तै

---

१. विमा. व. पा. पृ. ५६ : मल्लिकाविमानवत्थु, अ. क. पृ. १३२.

२. "पीतवत्थे पीतधजे, पीतालङ्कार भूसिते ।
पीतन्तराहि वग्गुहि, अपिलन्धा व सोभसि ॥"
विमा. व. पा. पृ. ५६.

Downloaded from http://dhamma.digital/

आवाज निस्कन्छ अनि **पञ्चाङ्गिक**[1] तूर्यनादको आवाज पनि सुनिन्छ।"

५– "नाना रत्नहरू जडित र नाना धातुहरूद्वारा सुविभाजित तिम्रो रथ पनि शोभायमान नै छ।"

६– "सो रथ काञ्चन बिम्बवर्ण छ जहाँ बसी तिमीले यो प्रदेश जम्मै प्रकाश पार्दैछचौ। हे देवते ! म सोच्दछु कि– के कर्मको फलद्वारा यस्तो पाएकी हौ ?"

(**देवता भन्दछिन्** )

७– "मणिसुवर्णादिद्वारा चित्रित सुवर्ण जाल र ठाउँ ठाउँमा मोतीहरू जडित हेमजालले छोपिएको जुन यो विमान हो– त्यो उही पुण्यको प्रभावको फल हो– जो मैले अप्रमेय हुनु भएका गौतम बुद्ध परिनिर्वाण भइसकेपछि उहाँको शरीरमा पूजाको भावनाले प्रसन्नतापूर्वक (आभरण) चढाएको थिएँ[2]।

---

१. पञ्चाङ्गिक भन्नाले तूर्यनादको पाँच बाजाहरू हुन्। जस्तै–(१) एकातिर मात्र छालाले ढाकेको बाजा=आततं, (२) दुवैतिर छालाले ढाकेको बाजा=विततं, (३) जम्मै भागमा छालाले ढाकेको बाजा=आततं-विततं, (४) हावाद्वारा बजाइने बाजा=सुसिरं तथा (५) झ्याली।

२. "सोवण्णजालं मणिसोण्ण चित्तितं,
मुत्ताचितं हेमजालेन छन्नं।

Downloaded from http://dhamma.digital/

८– "बुद्ध भगवानद्वारा वर्णित कुशलकर्मको प्रभावले आज म सुखी भई शोक दूर गरी तथा प्रमुदित भएकी छु।"

---

परिनिब्बृते गोतमे अप्पमेय्ये,
पसन्नचित्ता अहमाभिरोपयं ॥"
विमा. व. पा. पृ. ५७ : मल्लिकाविमानवत्थु; अ. क. पृ. ५७.

Downloaded from http://dhamma.digital/

# १०. मृगशाला उपासिका

## प रि च य

यी **मृगशाला** (मिगसाला) भन्ने उपासिका **श्रावस्तीस्थित जेतवनारामका** आसपास रहेको **'साधुक'** भन्ने गाउँमा बस्ने **पुराण** स्थपितकी छोरी र **ऋषिदत्त** (इसिदत्त) स्थपितकी भतिजी हुन् भन्ने कुरा अगाडि अनुदित **मिगसाला सुत्तद्वारा** ज्ञात हुन्छ । यिनका पिता **पुराण** स्थपित सकृदागामी थिए र काका **ऋषिदत्त स्थपित** पनि सकृदागामी फलमा पुगेका थिए भन्ने कुरा अगाडि अनुदित **अंगुत्तरनिकायका** मिगसाला सूत्रहरूले[१] उल्लेख गरेका छन्[२] ।

एकदिन **आनन्द स्थविर** आफ्नो घरमा आउनु भएको बेलामा **मृगशाला** (मिगसाला) उपासिकाले **पुराण स्थपित** र **ऋषिदत्त** (इसिदत्त) का सम्बन्धमा भगवानले प्रकाश पार्नुभएको कुरा बुझ्नै

---

१. अं. नि–६, पृ. ६२; अं. नि–१०, पृ. २०९.

२. सं. नि. अ. क. III. पृ. २१५ : थपतिसुत्तवण्णनाले चाहि ऋषिदत्त सकदागामी र पुराण स्थपित स्रोतापन्न भनी उल्लेख गरेको छ ।

Downloaded from http://dhamma.digital/

सकिन्न भनेकी थिइन्। जब यस सम्बन्धी कुरा **आनन्द स्थविरले** भगवानलाई सुनाउनु भयो तब भगवानले "सो आइमाइले यो कुरा के बुझ्न सक्ली र !" भनी भन्नु भएको थियो । जुन कुरा अगाडि अनुदित दुइवटा सूत्रहरूद्वारा प्रष्ट भएका छन् ।

x x x

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## १– व्यक्ति प्रमाण हुन सक्तैन

एकदिन **आयुष्मान आनन्द** पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी जहाँ **मृगशाला (मिगसाला) उपासिकाको घर हो** त्यहाँ जानुभयो[१]। त्यहाँ पुग्नु भएपछि बिछ्याइराखेको आसनमा बस्नुभयो।

अनि **मृगशाला उपासिका** जहाँ **आयुष्मान आनन्द** हुनुहुन्थ्यो त्यहाँ गइन्। त्यहाँ पुगेपछि **आयुष्मान आनन्दलाई** अभिवादन गरी एक छेउमा बसिन्। एक छेउमा बसेकी **मृगशाला उपासिकाले** आयुष्मान **आनन्दसँग** यस्तो भनिन्—

"**भन्ते आनन्द** ! भगवानले कस्तो प्रकारको धर्मदेशना गर्नुभएको होला जो कि बुझ्नै सकिन्न। उहाँ भन्नुहुन्छ कि– **ब्रह्मचारीको पनि अब्रह्मचारीको पनि–** दुवैको गति परलोकमा एकै समान हुन्छ। **भन्ते ! पुराण** भन्ने मेरा पिता **ब्रह्मचारी** थिए। उनी मैथुन-धर्म र ग्राम्य-धर्मबाट टाढा थिए, विरत थिए। उनको मृत्युपछि भगवानले

---

१. अं. नि–६, पृ. ६२ : मिगसालासुत्त, अ. क. II. पृ. ६७२.

Downloaded from http://dhamma.digital/

ब्याकरण (=प्रकट) गर्नुभयो कि उनी **सकृदागामी**[1] भई **तुषित लोकमा उत्पन्न भए। भन्ते** ! **ऋषिदत्त** भन्ने मेरा काका **अब्रह्मचारी थिए।** उनी स्व-दार सन्तुष्टी थिए। उनको मृत्युपछि भगवानले ब्याकरण गर्नुभयो कि उनी पनि **सकृदागामी भई तुषित लोकमै उत्पन्न भए। भन्ते आनन्द** ! कस्तो प्रकारले भगवानले धर्मदेशना गर्नुभएको होला जो कि बुझ्नै सकिन्न उहाँ भन्नुहुन्छ कि **ब्रह्मचारीको पनि अब्रह्मचारीको पनि–** दुवैको गति परलोकमा एकै समान हुन्छ।"

"**बहिनी** ! हो, भगवानले यस्तै ब्याकरण गर्नुभएको छ।"

अनि **आयुष्मान आनन्द मृगशाला उपासिकाको** घरमा भिक्षा ग्रहण गरी आसनबाट उठी फर्केर जानुभयो।

**आयुष्मान आनन्द** पिण्डाचारबाट फर्केर भोजनोपरान्त जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका **आयुष्मान आनन्दले** भगवानलाई निम्न कुराहरू सुनाउनु भयो—

"**भन्ते** ! यहाँ म पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी जहाँ **मृगशाला उपासिकाको घर हो त्यहाँ गएँ।** त्यहाँ पुगेपछि बिछ्याइराखेको आसनमा बसें। अनि **मृगशाला उपासिका**

---

१. यस लोकमा केवल एकै पटक मात्र जन्मलिई परिनिर्वाण हुने प्राणीलाई 'सकृदागामी' भन्दछन्।

Downloaded from http://dhamma.digital/

जहाँ म थिएँ त्यहाँ आइन्। मकहाँ आएपछि मलाई अभिवादन गरी एक छेउमा बसिन्। एक छेउमा बसेकी **मृगशाला उपासिकाले** मलाई यस्तो भनिन– "**भन्ते आनन्द** ! कस्तो प्रकारले भगवानले धर्मदेशना गर्नुभएको होला जो कि बुझ्नै सकिन्न । उहाँ भन्नुहुन्छ कि– **ब्रह्मचारीको पनि अब्रह्मचारीको पनि–** दुवैको गति परलोकमा एकै समान हुन्छ । **भन्ते आनन्द** ! **पुराण** भन्ने मेरा पिता **ब्रह्मचारी** थिए । उनी मैथुन-धर्म र ग्राम्य-धर्मबाट टाढा थिए, विरत थिए । उनको मृत्युपछि भगवानले ब्याकरण गर्नुभयो कि उनी **सकृदागामी** भई **तुषित लोकमा उत्पन्न भए । भन्ते** आनन्द ! **ऋषिदत्त** भन्ने मेरा काका **अब्रह्मचारी थिए ।** उनी स्व-दार सन्तुष्टी थिए । उनको मृत्युपछि भगवानले ब्याकरण गर्नुभयो कि उनी पनि **सकृदागामी भई तुषित लोकमै उत्पन्न भए । भन्ते आनन्द** ! कस्तो प्रकारले भगवानले धर्मदेशना गर्नुभएको होला जो कि बुझ्नै सकिन्न उहाँ भन्नुहुन्छ कि **ब्रह्मचारीको पनि अब्रह्मचारीको पनि–** दुवैको गति परलोकमा एकै समान हुन्छ ।' **भन्ते** ! यस्तोभन्दा मैले **मृगशाला उपासिकालाई** यसो भने– '**बहिनी** ! हो, भगवानले यस्तै ब्याकरण गर्नुभएको छ' ।"

"**आनन्द** ! मूर्ख, अव्यक्ता, आपँलाई आँप भन्न जान्ने[१] (अम्बका अम्बकसञ्ञा) **मृगशाला उपासिकाले–** पुरुषको तीक्ष्णातीक्ष्ण इन्द्रियसम्बन्धी ज्ञानको कुरालाई के जान्न सक्ली ! **आनन्द** ! यो लोकमा छ प्रकारका **पुरुषहरू** हुन्छन् । कुन् छ भने ?—

---

१. त्यसबखतको भाषाको उक्ति । भनाइको तात्पर्य 'यो आइमाइलाई' भनिएको हो ।

Downloaded from http://dhamma.digital/

१– "**आनन्द** ! यहाँ एक पुरुष सुसंयमी भई सुखपूर्वक बस्छ र सब्रह्मचारीसँग बस्नपाउँदा प्रसन्न हुन्छ तर उसले **सुन्नुपर्ने सुनेको हुन्न**, वीर्यद्वारा गर्नुपर्ने गरेको हुन्न, सम्यक्-दृष्टिद्वारा प्रतिवेध पनि गरेको हुन्न तथा सामयिक विमुक्ति पनि प्राप्त गरेको हुन्न[1] । ऊ शरीरछाडी मरणोपरान्त हीनतातिर जान्छ, विशेषतातिर जान्न; हीनतागामी नै हुन्छ, विशेषतागामी हुन्न ।"

२– "**आनन्द** ! यहाँ एक पुरुष सुसंयमी भई सुखपूर्वक बस्छ र सब्रह्मचारीहरूसँग बस्नपाउँदा प्रसन्न हुन्छ तर उसले **सुन्नुपर्ने सुनेको हुन्छ**, वीर्यद्वारा गर्नुपर्ने गरेको हुन्छ, सम्यक्-दृष्टिद्वारा प्रतिवेध पनि गरेको हुन्छ तथा सामयिक विमुक्ति पनि प्राप्त गरेको हुन्छ । ऊ शरीरछाडी मरणोपरान्त विशेषतातिर जान्छ, हीनतातिर जान्न; विशेषतागामी नै हुन्छ हीनतागामी हुन्न ।"

"**आनन्द** ! त्यहाँ प्रमाण गर्ने पुरुषहरूले यसरी प्रमाणित गर्छन्– 'यिनीमा पनि उही नै गुण छ उनीमा पनि उही नै गुण छ भने– यी दुइमध्येमा एक हीन र अर्को प्रणीत किन भए होला ?" **आनन्द** ! यस्तो विचार गर्नाले उसको दीर्घकालसम्म अहित र दुःख हुनसक्छ ।"

---

१. 'सामयिक विमुक्ति' भनी समय समयमा धर्मादि श्रवणद्वारा प्राप्त हुने प्रीतिप्रामोदयलाई भनिएको हो भनी मनो. र. पू. II. पृ. ६७२ : मिगसालासुत्तवण्णनाले उल्लेख गरेको छ ।

Downloaded from http://dhamma.digital/

"**आनन्द** ! त्यहाँ जो पुरुष सुसंयमी भई सुखपूर्वक बस्छ, जो पुरुष सब्रह्मचारीसँग बस्न पाउँदा प्रसन्न हुन्छ, जसले सुन्नुपर्ने सुनेको हुन्छ, वीर्यद्वारा गर्नुपर्ने गरेको हुन्छ, सम्यक्दृष्टिद्वारा प्रतिवेध पनि गरेको हुन्छ तथा सामयिक विमुक्ति पनि प्राप्तगरेको हुन्छ। **आनन्द** ! यो पुरुष त्यो[1] पुरुषभन्दा सुन्दरतर पनि उत्तमतर पनि हुन्छ। **किनभने ? आनन्द यो पुरुषले** धर्मको स्रोतलाई वहन गर्छ। यस बीचका अन्तरलाई तथागतले बाहेक अरू कसले बुझ्न सक्ला र ! **आनन्द** ! त्यसैले व्यक्तिहरूमा प्रमाण नमान, व्यक्तिहरूको प्रमाणलाई ग्रहण नगर। **आनन्द** ! व्यक्तिमा प्रमाण लिनेले गुणमा खाडल खन्छ। **आनन्द** ! मैले वा म जस्ता अरू कसैले मात्र व्यक्तिको प्रमाणलाई बुझ्न सक्छन्।"

३– "**आनन्द** ! यहाँ एक पुरुष क्रोधी तथा मानाभिभूत हुन्छ र समय समयमा उसको मनमा लोभधर्म पनि उत्पन्न हुन्छ। उसले **सुन्नुपर्ने सुनेको हुन्न**, वीर्यद्वारा गर्नुपर्ने गरेको हुन्न, सम्यक्दृष्टिद्वारा प्रतिवेध पनि गरेको हुन्न तथा सामयिक विमुक्ति पनि प्राप्तगरेको हुन्न। ऊ शरीरछाडी मरणोपरान्त हीनतातिर जान्छ, विशेषतातिर जान्न। हीनतागामी नै हुन्छ र विशेषतागामी हुन्न।"

४– "**आनन्द** ! यहाँ एक पुरुष क्रोधी तथा मानाभिभूत हुन्छ र समय समयमा उसको मनमा लोभ धर्म पनि उत्पन्न हुन्छ। तर उसले

---

१. माथि नं. १ मा उल्लिखित सुन्नुपर्ने नसुनेका पुरुषलाई 'त्यो' भनी भनिएको हो।

Downloaded from http://dhamma.digital/

**सुन्नुपर्ने पनि सुनेको हुन्छ**, वीर्यद्वारा गर्नुपर्ने पनि गरेको हुन्छ, सम्यक्दृष्टिद्वारा प्रतिवेध पनि गरेको हुन्छ तथा सामयिक विमुक्ति पनि प्राप्तगरेको हुन्छ । ऊ शरीरछाडी मरणोपरान्त विशेषतातिर जान्छ । हीनतातिर जान्न । विशेषतागामी नै हुन्छ । हीनतागामी हुन्न ।"

५– "**आनन्द** ! यहाँ एक पुरुष क्रोधी तथा मानाभिभूत हुन्छ । समय समयमा उसको वचीसंस्कार उत्पन्न हुन्छ । उसले **सुन्नुपर्ने पनि सुनेको हुन्न**, वीर्यद्वारा गर्नुपर्ने पनि गरेको हुन्न, सम्यक्दृष्टिद्वारा प्रतिवेध पनि गरेको हुन्न तथा सामयिक विमुक्ति पनि प्राप्तगरेको हुन्न । ऊ शरीरछाडी मरणोपरान्त हीनतातिर जान्छ । विशेषतातिर जान्न । हीनतागामी नै हुन्छ । विशेषतागामी हुन्न ।"

६– "**आनन्द** ! यहाँ एक पुरुष क्रोधी तथा मानाभिभूत हुन्छ । समय समयमा उसको वचीसंस्कार पनि उत्पन्न हुन्छ । तर उसले **सुन्नुपर्ने पनि सुनेको हुन्छ**, वीर्यद्वारा गर्नुपर्ने पनि गरेको हुन्छ, सम्यक्दृष्टिद्वारा प्रतिवेध पनि गरेको हुन्छ तथा सामयिक विमुक्ति पनि प्राप्तगरेको हुन्छ । ऊ शरीरछाडी मरणोपरान्त विशेषतातिर जान्छ । हीनतातिर जान्न । विशेषतागामी नै हुन्छ । हीनतागामी हुन्न ।"

"**आनन्द** ! त्यहाँ प्रमाणगर्ने पुरुषहरूले यसरी प्रमाणित गर्छन्– 'यिनीमा पनि उही नै गुण छ र उनीमा पनि उही नै गुण छ भने– यी दुइमध्येमा एक हीन र अर्को प्रणीत किन भए होलान् ?' "**आनन्द** ! यस्तो विचार गर्नाले उसको दीर्घकालसम्म अहित र दुःख हुनसक्छ ।"

"**आनन्द** ! यहाँ जो पुरुष क्रोध तथा मानाभिभूत हुन्छ, जसको मनमा समय समयमा वचीसंस्कार उत्पन्न हुन्छ, जसले सुन्नुपर्ने

Downloaded from http://dhamma.digital/

सुनेको पनि हुन्छ, वीर्यद्वारा गर्नुपर्ने गरेको पनि हुन्छ; सम्यक्दृष्टिद्वारा प्रतिवेध पनि गरेको हुन्छ तथा सामयिक विमुक्ति पनि प्राप्त गरेको हुन्छ । **आनन्द** ! यो पुरुष त्यो पुरुषभन्दा सुन्दरतर र उत्तमतर पनि हुन्छ। किन भने– **आनन्द** ! यो पुरुषले धर्मको स्रोतलाई वहन गर्छ। यस बीचका अन्तरलाई तथागतले बाहेक अरू कसले बुझ्न सक्ला र ! **आनन्द** ! त्यसैले व्यक्तिहरूमा प्रमाण नमान, व्यक्तिहरूको प्रमाणलाई ग्रहण नगर । **आनन्द** ! व्यक्तिमा प्रमाण लिनेले गुणमा खाडल खन्छ । **आनन्द** ! मैले वा म जस्ता अरू कसैले मात्र व्यक्तिको प्रमाणलाई बुझ्न सक्छन् ।"

"**आनन्द** ! मूर्ख, अव्यक्ता, आँपलाई आँप मात्र भन्न जान्ने मृगशाला उपासिकाले– पुरुषको तीक्ष्णातीक्ष्ण इन्द्रिय सम्बन्धी ज्ञानको कुरालाई के जान्न सक्ली ! आनन्द ! यिनै छ प्रकारका पुरुषहरू यो लोकमा हुन्छन् ।"

"**आनन्द** ! जुन रूपको शीलले **पुराण** (मृगशाला उपासिकाका पिता) युक्त थिए सोही रूपको शीलले **ऋषिदत्त** (मृगशालाका काका) पनि युक्त भएको भए– न **पुराणले ऋषिदत्तको** गति (= ज्ञान गति) जान्न सक्थे । **आनन्द** ! **ऋषिदत्त** जुन रूपको प्रज्ञाले युक्त थिए सोही रूपको प्रज्ञाले पुराण पनि युक्त भएका भए– न **ऋषिदत्तले** पुराणको गतिलाई जान्न सक्थे । **आनन्द** ! अतएव यिनीहरू एक एक अङ्गले हीन (= कमी, फरक) छन् ।"

x x x

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## २– लोकमा दशप्रकारका मानिसहरू छन्

एक समय भगवान **श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनाराममा** बस्नुभएको थियो[1] ।

अनि **आयुष्मान आनन्द** पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी जहाँ **मृगशाला उपासिकाको घर हो** त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि बिच्छाइराखेको आसनमा बस्नुभयो ।

**मृगशाला उपासिका** पनि जहाँ **आयुष्मान आनन्द** हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगेपछि आयुष्मान **आनन्दलाई** अभिवादन गरी एक छेउमा बसिन् । एक छेउमा बसेकी **मृगशाला उपासिकाले** आयुष्मान **आनन्दलाई** यस्तो भनिन्—

"**भन्ते आनन्द** ! कस्तो प्रकारले भगवानले धर्मदेशना गर्नुभएको होला जो कि बुझ्नै सकिन्न । उहाँ भन्नुहुन्छ कि **ब्रह्मचारीको पनि अब्रह्मचारीको पनि–** दुवैको गति परलोकमा एकै समान हुन्छ । **भन्ते** ! **पुराण भन्ने मेरा पिता ब्रह्मचारी थिए ।** उनी मैथुन-धर्म र ग्राम्य-धर्मबाट टाढा थिए । विरत थिए । उनको मृत्युपछि भगवानले व्याकरण गर्नुभयो कि उनी **सकृदागामी** भई **तुषितलोकमा उत्पन्न**

---

१. अं. नि–१०, पृ. २०९ : मिगसालासुत्तं, अ. क. II. पृ. ८४७.

Downloaded from http://dhamma.digital/

**भए। भन्ते** ! **ऋषिदत्त** भन्ने मेरा काका **अब्रह्मचारी थिए।** उनी स्व-दार सन्तुष्टी थिए। उनको मृत्युपछि भगवानले ब्याकरण गर्नुभयो कि उनी पनि **सकृदागामी भई तुषितलोकमै उत्पन्न भए। भन्ते आनन्द** ! कस्तो प्रकारले भगवानले धर्मदेशना गर्नुभएको होला जो कि बुझ्नै सकिन्न। उहाँ भन्नुहुन्छ कि **ब्रह्मचार पनि अब्रह्मचारीको पनि–** दुवैको गति परलोकमा एकै समान हुन्छ।"

"**बहिनी** ! हो, भगवानले यस्तै ब्याकरण गर्नुभएको छ।"

अनि **आयुष्मान आनन्द मृगशाला उपासिकाको** घरमा भिक्षा ग्रहण गरी आसनबाट उठी फर्केर जानुभयो।

**आयुष्मान आनन्द** पिण्डाचारबाट फर्केर भोजनोपरान्त जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नु भएका **आयुष्मान आनन्दले** भगवानलाई निम्न कुराहरू सुनाउनु भयो–

"**भन्ते** ! यहाँ म पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी जहाँ **मृगशाला उपासिकाको घर हो त्यहाँ गएँ।** त्यहाँ पुगेपछि बिछ्याइराखेको आसनमा बसें। अनि **मृगशाला उपासिका** जहाँ म थिएँ त्यहाँ आइन्। मकहाँ आएपछि मलाई अभिवादन गरी एक छेउमा बसिन्। एक छेउमा बसेकी **मृगशाला उपासिकाले** मलाई यस्तो भनिन्– "भन्ते आनन्द ! कस्तो प्रकारले भगवानले धर्मदेशना गर्नुभएको होला जो कि बुझ्नै सकिन्न। उहाँ भन्नुहुन्छ कि **ब्रह्मचारीको पनि अब्रह्मचारीको पनि–** दुवैको गति परलोकमा एकै

Downloaded from http://dhamma.digital/

समान हुन्छ। **भन्ते आनन्द** ! **पुराण** भन्ने मेरा पिता **ब्रह्मचारी** थिए। उनी मैथुन-धर्म र ग्राम्य-धर्मबाट टाढा थिए। विरत थिए। उनको मृत्युपछि भगवानले ब्याकरण गर्नुभयो कि उनी **सकृदागामी** भई **तुषितलोकमा उत्पन्न भए। भन्ते** आनन्द ! **ऋषिदत्त** भन्ने मेरा काका **अब्रह्मचारी थिए।** उनी स्व-दार सन्तुष्टी थिए। उनको मृत्युपछि भगवानले ब्याकरण गर्नुभयो कि उनी पनि **सकृदागामी भई तुषितलोकमै उत्पन्न भए। भन्ते आनन्द** ! कस्तो प्रकारले भगवानले धर्मदेशना गर्नुभएको होला जो कि बुझ्नै सकिन्न उहाँ भन्नुहुन्छ कि **ब्रह्मचारीको पनि अब्रह्मचारीको पनि–** दुवैको गति परलोकमा एकै समान हुन्छ।' **भन्ते** ! यस्तोभन्दा मैले **मृगशाला उपासिकालाई** यसो भने– '**बहिनी** ! हो, भगवानले यस्तै ब्याकरण गर्नुभएको छ'।"

"**आनन्द** ! मूर्ख, अव्यक्ता, आपँलाई आँप मात्र भन्न जान्ने **मृगशाला उपासिकाले–** पुरुषको तीक्ष्णातीक्ष्ण इन्द्रियसम्बन्धी ज्ञानको कुरालाई के जान्न सक्लिन् ? ! **आनन्द** ! यो लोकमा दश प्रकारका **पुरुषहरू** हुन्छन्। कुन् दश भने ?—

(१)– "**आनन्द** ! यहाँ **एक पुरुष दुश्शील हुन्छ।** उसले त्यो दुश्शीलतालाई अपरिशेषरूपले निरोध हुने चित्तविमुक्ति (= फल समाधि) र प्रज्ञाविमुक्ति (= फल ज्ञान) लाई यथार्थत जान्दैन। उसले **सुन्नुपर्ने (धर्म) पनि सुनेको हुन्न**, वीर्यद्वारा गर्नुपर्ने (काम) पनि गरेको हुन्न, सम्यक्दृष्टिद्वारा प्रतिवेध गर्नुपर्ने (धर्म) लाई पनि प्रतिवेध गरेको हुन्न तथा **सामयिक विमुक्तिलाई पनि लाभ गरेको हुन्न।**

Downloaded from http://dhamma.digital/

ऊ शरीरछाडी मरणोपरान्त हीनतातिर जान्छ, विशेषतातिर जान्न, हीनतागामी नै हुन्छ विशेषतागामी हुन्न ।"

(२)– "**आनन्द** ! यहाँ **एक पुरुष दुश्शील हुन्छ ।** उसले त्यो दुश्शीलतालाई अपरिशेषरूपले निरोध हुने चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई यथार्थत जान्दैन । तर उसले **सुन्नुपर्ने (धर्म) लाई सुनेको हुन्छ**, वीर्यद्वारा गर्नुपर्ने (काम) गरेको हुन्छ, सम्यक्‌दृष्टिद्वारा प्रतिवेध गर्नुपर्ने (धर्म) लाई प्रतिवेध गरेको हुन्छ तथा **सामयिक विमुक्तिलाई पनि लाभ गरेको हुन्छ ।** ऊ शरीरछाडी मरणोपरान्त विशेषतातिर जान्छ, हीनतातिर जान्न, विशेषतागामी नै हुन्छ र हीनतागामी हुन्न ।"

"**आनन्द** ! यहाँ प्रमाणगर्ने पुरुषहरूले यसरी प्रमाणित गर्छन्– 'यिनीमा पनि उही गुण छ र उनीमा पनि उही नै गुण छ भने– यी दुइमध्येमा एक हीन र अर्को प्रणीत किन भए होलान् ?' **आनन्द** ! यस्तो विचार गर्नाले उसको दीर्घकालसम्म अहित र दुःख हुनसक्छ ।"

"**आनन्द** ! यहाँ **जो पुरुष दुश्शील हुन्छ** तर उसले त्यो दुश्शीलतालाई अपरिशेषरूपले निरोध हुने चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई **यथार्थत जान्दछ ।** उसले **सुन्नुपर्ने पनि सुनेको हुन्छ**, वीर्यद्वारा गर्नुपर्ने पनि गरेको हुन्छ, सम्यक्‌दृष्टिद्वारा प्रतिवेध गर्नुपर्ने पनि प्रतिवेध गरेको हुन्छ र **सामयिक विमुक्ति पनि लाभ गरेको हुन्छ । आनन्द** ! यो पुरुष त्यो पुरुषभन्दा सुन्दरतर र उत्तमतर हुन्छ । किनभने ? **आनन्द** ! यो पुरुषले धर्मस्रोतलाई वहन गर्छ । यस बीचको अन्तरलाई

Downloaded from http://dhamma.digital/

तथागतले बाहेक अरू कसले बुझ्न सक्ला र ! **आनन्द** ! त्यसैले व्यक्तिहरूमा प्रमाण नमान र व्यक्तिहरूको प्रमाणलाई ग्रहण नगर । **आनन्द** ! व्यक्तिमा प्रमाण लिनेले गुणमा खाडल खन्छ । **आनन्द** ! मैले वा म जस्ता अरू कसैले मात्र व्यक्तिको प्रमाणलाई बुझ्न सक्छन् ।"

(३)– "**आनन्द** ! यहाँ **एक पुरुष शीलवान् हुन्छ ।** उसले त्यो शीलको अपरिशेषरूपले निरोध हुने चित्तविमुक्ति र प्रज्ञाविमुक्ति लाई **यथार्थत जान्दैन ।** उसले **सुन्नुपर्ने पनि सुनेको हुन्न**, वीर्यद्वारा गर्नुपर्ने पनि गरेको हुन्न, सम्यक्दृष्टिद्वारा प्रतिवेध गर्नुपर्नेलाई पनि प्रतिवेध गरेको हुन्न तथा सामयिक विमुक्तिलाई पनि लाभ गरेको हुन्न । ऊ शरीरछाडी मरणोपरान्त हीनतातिर जान्छ, विशेषतातिर जान्न, हीनतागामी नै हुन्छ र विशेषतागामी हुन्न ।"

(४)– "**आनन्द** ! यहाँ **एक पुरुष शीलवान्** हुन्छ **।** उसले त्यो शीलको अपरिशेषरूपले निरोध हुने चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई **यथार्थत जान्दछ ।** उसले सुन्नुपर्ने पनि सुनेको हुन्छ, वीर्यद्वारा गर्नुपर्ने पनि गरेको हुन्छ, सम्यक्दृष्टिद्वारा प्रतिवेध गर्नुपर्नेलाई पनि प्रतिवेध गरेको हुन्छ तथा सामयिक विमुक्तिलाई पनि लाभ गरेको हुन्छ**।** ऊ शरीरछाडी मरणोपरान्त विशेषतातिर जान्छ, हीनतातिर जान्न, विशेषतागामी नै हुन्छ र हीनतागामी हुन्न ।"

"**आनन्द** ! यहाँ प्रमाण गर्ने पुरुषहरूले यसरी प्रमाण गर्छन्– 'यिनीमा पनि उही गुण छ र उनीमा पनि उही नै गुण छ भने– यी

Downloaded from http://dhamma.digital/

दुइमध्ये एक हीन र अर्को प्रणीत किन भए होलान् ?' **आनन्द** ! यस्तो विचार गर्नाले उसको दीर्घकालसम्म अहित र दुःख हुनसक्छ ।"

"**आनन्द** ! यहाँ **जो पुरुष शीलवान् हुन्छ**– उसले त्यो शीलको अपरिशेषरूपले निरोध हुने चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई **यथार्थत जान्दछ ।** उसले सुन्नुपर्ने पनि सुनेको हुन्छ, वीर्यद्वारा गर्नुपर्ने पनि गरेको हुन्छ, सम्यक्दृष्टिद्वारा प्रतिवेध गर्नुपर्ने पनि प्रतिवेध गरेको हुन्छ र सामयिक विमुक्तिलाई पनि लाभ गरेको हुन्छ । **आनन्द** ! यो पुरुष त्यो पुरुषभन्दा सुन्दरतर र उत्तमतर हुन्छ । किनभने ? **आनन्द** ! यो पुरुषले धर्मस्रोतलाई वहन गर्छ । यस बीचको अन्तरलाई तथागतले बाहेक अरू कसले बुझ्न सक्ला र ! **आनन्द** ! त्यसैले व्यक्तिहरूमा प्रमाण नमान र व्यक्तिहरूको प्रमाणलाई ग्रहण नगर । **आनन्द** ! व्यक्तिमा प्रमाण लिनेले गुणमा खाडल खन्छ । **आनन्द** ! मैले वा म जस्ता अरू कसैले मात्र व्यक्तिको प्रमाणलाई बुझ्न सक्छन् ।"

Dhamma.Digital

(५)– "**आनन्द** ! यहाँ **एक पुरुष तीव्र रागी हुन्छ ।** उसले त्यो रागको अपरिशेषरूपले निरोध हुने चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई **यथार्थत जान्दैन ।** उसले सुन्नुपर्ने पनि सुनेको हुन्न, वीर्यद्वारा गर्नुपर्ने पनि गरेको हुन्न, सम्यक्दृष्टिद्वारा प्रतिवेध गर्नुपर्नेलाई पनि प्रतिवेध गरेको हुन्न तथा सामयिक विमुक्तिलाई पनि लाभ गरेको हुन्न । ऊ शरीरछाडी मरणोपरान्त हीनतातिर जान्छ, विशेषतातिर जान्न, हीनतागामी नै हुन्छ र विशेषतागामी हुन्न ।"

Downloaded from http://dhamma.digital/

(६)– "**आनन्द** ! यहाँ **एक पुरुष तीव्र रागी हुन्छ।** तर उसले त्यो रागको अपरिशेषरूपले निरोध हुने चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई **यथार्थत जान्दछ।** उसले सुन्नुपर्ने पनि सुनेको हुन्छ, वीर्यद्वारा गर्नुपर्ने पनि गरेको हुन्छ, सम्यक्दृष्टिद्वारा प्रतिवेध गर्नुपर्नेलाई पनि प्रतिवेध गरेको हुन्छ तथा सामयिक विमुक्तिलाई पनि लाभ गरेको हुन्छ। ऊ शरीरछाडी मरणोपरान्त विशेषतातिर जान्छ, हीनतातिर जान्न, विशेषतागामी नै हुन्छ र हीनतागामी हुन्न ।"

"**आनन्द** ! यहाँ प्रमाण गर्ने पुरुषहरूले यसरी प्रमाण गर्छन्– 'यिनीमा पनि उही नै गुण छ र उनीमा पनि उही नै गुण छ भने– यी दुइमध्येमा एक हीन र अर्को प्रणीत किन भए होलान् ?' **आनन्द** ! यस्तो विचार गर्नाले उसको दीर्घकालसम्म अहित र दुःख हुनसक्छ ।"

"**आनन्द** ! यहाँ **जो पुरुष तीव्र रागी हुन्छ** तर जसले त्यो रागको अपरिशेषरूपले निरोध हुने चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई **यथार्थत जान्दछ ।** उसले सुन्नुपर्ने पनि सुनेको हुन्छ, वीर्यद्वारा गर्नुपर्ने पनि गरेको हुन्छ, सम्यक्दृष्टिद्वारा प्रतिवेध गर्नुपर्नेलाई पनि प्रतिवेध गरेको हुन्छ तथा सामयिक विमुक्तिलाई पनि लाभ गरेको हुन्छ। **आनन्द** ! यो पुरुष त्यो पुरुषभन्दा सुन्दरतर र उत्तमतर हुन्छ । किनभने ? **आनन्द** ! यो पुरुषले धर्मस्रोतलाई वहन गर्छ। यस बीचका अन्तरलाई तथागतले बाहेक अरू कसले बुझ्न सक्ला र ! **आनन्द** ! त्यसैले व्यक्तिहरूमा प्रमाण नमान र व्यक्तिहरूको प्रमाणलाई ग्रहण नगर ।

Downloaded from http://dhamma.digital/

**आनन्द** ! व्यक्तिमा प्रमाण लिनेले गुणमा खाडल खन्छ। **आनन्द** ! मैले वा म जस्ता अरू कसैले मात्र व्यक्तिको प्रमाणलाई बुझ्न सक्छन् ।"

(७)– "**आनन्द** ! यहाँ **एक पुरुष क्रोधी हुन्छ ।** उसले त्यो क्रोधको अपरिशेषरूपले निरोध हुने चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई **यथार्थत जान्दैन ।** उसले सुन्नुपर्ने पनि सुनेको हुन्न, वीर्यद्वारा गर्नुपर्ने पनि गरेको हुन्न, सम्यक्‌दृष्टिद्वारा प्रतिवेध गर्नुपर्नेलाई पनि प्रतिवेध गरेको हुन्न तथा सामयिक विमुक्तिलाई पनि लाभ गरेको हुन्न। ऊ शरीरछाडी मरणोपरान्त हीनतातिर जान्छ, विशेषतातिर जान्न, हीनतागामी नै हुन्छ र विशेषतागामी हुन्न ।"

(८)– "**आनन्द** ! यहाँ **एक पुरुष क्रोधी हुन्छ ।** तर उसले त्यो क्रोधको अपरिशेषरूपले निरोध हुने चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई **यथार्थत जान्दछ ।** उसले सुन्नुपर्ने पनि सुनेको हुन्छ, वीर्यद्वारा गर्नुपर्ने पनि गरेको हुन्छ, सम्यक्‌दृष्टिद्वारा प्रतिवेध गर्नुपर्नेलाई पनि प्रतिवेध गरेको हुन्छ तथा सामयिक विमुक्तिलाई पनि लाभ गरेको हुन्छ। ऊ शरीरछाडी मरणोपरान्त विशेषतातिर जान्छ, हीनतातिर जान्न, विशेषतागामी नै हुन्छ र हीनतागामी हुन्न ।"

"**आनन्द** ! यहाँ प्रमाण गर्ने पुरुषहरूले यसरी प्रमाणित गर्छन्– 'यिनीमा पनि उही नै गुण छ र उनीमा पनि उही नै गुण छ भने– यी दुइमध्येमा एक हीन र अर्को प्रणीत किन भए होलान् ?' **आनन्द** ! यस्तो विचार गर्नाले उसको दीर्घकालसम्म अहित र दुःख हुनसक्छ ।"

Downloaded from http://dhamma.digital/

"**आनन्द** ! यहाँ **जो पुरुष क्रोधी हुन्छ** तर जसले त्यो क्रोधको अपरिशेषरूपले निरोध हुने चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई **यथार्थत जान्दछ।** उसले सुन्नुपर्ने पनि सुनेको हुन्छ, वीर्यद्वारा गर्नुपर्ने पनि गरेको हुन्छ, सम्यक्‌दृष्टिद्वारा प्रतिवेध गर्नुपर्नेलाई पनि प्रतिवेध गरेको हुन्छ तथा सामयिक विमुक्तिलाई पनि लाभ गरेको हुन्छ। **आनन्द** ! यो पुरुष त्यो पुरुषभन्दा सुन्दरतर र उत्तमतर हुन्छ। किनभने ? **आनन्द** ! यो पुरुषले धर्मस्रोतलाई वहन गर्छ। यस बीचको अन्तरलाई तथागतले बाहेक अरू कसले बुझ्न सक्ला र ! **आनन्द** ! त्यसैले व्यक्तिहरूमा प्रमाण नमान र व्यक्तिहरूको प्रमाणलाई ग्रहण नगर। **आनन्द** ! व्यक्तिमा प्रमाण लिनेले गुणमा खाडल खन्छ। **आनन्द** ! मैले वा म जस्ता अरू कसैले मात्र व्यक्तिको प्रमाणलाई बुझ्न सक्छन्।"

(९)– "**आनन्द** ! यहाँ **एक पुरुष औधत्य स्वभावको हुन्छ।** उसले त्यो औधत्यताको अपरिशेषरूपले निरोध हुने चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई **यथार्थत जानेको हुन्न।** उसले सुन्नुपर्ने पनि सुनेको हुन्न, वीर्यद्वारा गर्नुपर्ने पनि गरेको हुन्न, सम्यक्‌दृष्टिद्वारा प्रतिवेध गर्नुपर्ने पनि प्रतिवेध गरेको हुन्न, सामयिक विमुक्तिलाई पनि लाभ गरेको हुन्न। ऊ शरीरछाडी मरणोपरान्त हीनतातिर जान्छ, विशेषतातिर जान्न, हीनतागामी नै हुन्छ र विशेषतागामी हुन्न।"

(१०)– "**आनन्द** ! यहाँ **एक पुरुष औधत्य स्वभावको हुन्छ।** उसले त्यो औधत्यताको अपरिशेष निरोध हुने चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई **यथार्थत जान्दछ।** उसले सुन्नुपर्ने पनि सुनेको हुन्छ,

Downloaded from http://dhamma.digital/

वीर्यद्वारा गर्नुपर्ने पनि गरेको हुन्छ, सम्यक्दृष्टिद्वारा प्रतिवेध गर्नुपर्ने पनि प्रतिवेध गरेको हुन्छ तथा सामयिक विमुक्तिलाई पनि लाभ गरेको हुन्छ। ऊ शरीरछाडी मरणोपरान्त विशेषतातिर जान्छ, हीनतातिर जान्न, विशेषतागामी नै हुन्छ र हीनतागामी हुन्न।"

"**आनन्द** ! यहाँ प्रमाणगर्ने पुरुषहरूले यसरी प्रमाणित गर्छन्– 'यिनीमा पनि उही नै गुण छ र उनीमा पनि उही नै गुण छ भने– यी दुइमध्येमा एक हीन र अर्को प्रणीत किन भए होलान् ?' **आनन्द** ! यस्तो विचार गर्नाले उसको दीर्घकालसम्म अहित र दुःख हुनसक्छ।"

"**आनन्द** ! यहाँ **जो पुरुष औधत्य स्वभावको हुन्छ** तर उसले त्यो औधत्यताको अपरिशेषरूपले निरोधहुने चित्तविमुक्ति र प्रज्ञाविमुक्तिलाई **यथार्थत जान्दछ।** उसले सुन्नुपर्ने पनि सुनेको हुन्छ, वीर्यद्वारा गर्नुपर्ने पनि गरेको हुन्छ, सम्यक्दृष्टिद्वारा प्रतिवेध गर्नुपर्नेलाई पनि प्रतिवेध गरेको हुन्छ तथा सामयिक विमुक्तिलाई पनि लाभ गरेको हुन्छ। **आनन्द** ! यो पुरुष त्यो पुरुषभन्दा सुन्दरतर र उत्तमतर हुन्छ। किनभने ? **आनन्द** ! यो पुरुषले धर्मस्रोतलाई वहन गर्छ। यस बीचका अन्तरलाई तथागतले बाहेक अरू कसले बुझ्न सक्ला र ! **आनन्द** ! त्यसैले व्यक्तिहरूमा प्रमाण नमान र व्यक्तिहरूको प्रमाणलाई ग्रहण नगर। **आनन्द** ! व्यक्तिमा प्रमाण लिनेले गुणमा खाडल खन्छ। **आनन्द** ! मैले वा म जस्ता अरू कसैले मात्र व्यक्तिको प्रमाणलाई बुझ्न सक्छन्।"

"**आनन्द** ! मूर्ख, अव्यक्ता, आपँलाई आँप मात्र भन्न जान्ने

Downloaded from http://dhamma.digital/

**मृगशाला उपासिकाले–** पुरुषको तीक्ष्णातीक्ष्ण इन्द्रिय सम्बन्धी ज्ञानको कुरालाई के जान्न सक्लिन् ?”

“**आनन्द** ! जुन रूपको शीलले **पुराण** युक्त थिए। सोही रूपको शीलले **ऋषिदत्त** पनि युक्त भएका भए– **न पुराणले ऋषिदत्तको गतिलाई जान्न सक्थे। आनन्द** ! **ऋषिदत्त** जुन रूपको प्रज्ञाले युक्त थिए। सोही रूपको प्रज्ञाले **पुराण** पनि युक्त भएका भए– **न ऋषिदत्तले पुराणको गतिलाई जान्न सक्थे। आनन्द** ! यसरी यिनीहरू एक एक अङ्गले हीन (= कमी, फरक) छन्।”

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# ११. रोहिणी क्षत्री कन्या

## प रि च य

धम्मपदट्ठकथा (पृ. ६०६) अनुसार यी **रोहिणी क्षत्री कन्या अनुरुद्ध** स्थविरकी बहिनी हुन् ।

एक समय आयुष्मान **अनुरुद्ध** पाँचशय भिक्षुहरूका साथ **कपिलवस्तुमा** जानु भएको थियो । त्यसबखत **शास्ता** पनि **कपिलवस्तुमै** हुनुहुन्थ्यो ।

अनि स्थविर **कपिलवस्तुमा** आउनुभयो भन्ने खबर सुनेर उहाँका ज्ञान्ति-बन्धुहरू उहाँलाई भेट्न आए । परन्तु स्थविरकी बहिनी **रोहिणी क्षत्री कन्या** चाहिं आएकी थिइनन् । अनि स्थविरले "**रोहिणी** खोइ त ?" भनी ज्ञातिहरूसँग सोध्नुभयो ।

"भन्ते ! उनी घरमै छिन् ।"

"किन यहाँ नआएकी त ?"

"शरीरमा छ्वि रोग भएको हुँदा लाजले नआएकी हुन् ।"

Downloaded from http://dhamma.digital/

अनि स्थविरले “उनलाई बोलाउन पठाऊ” भनी बोलाउन पठाउनु भयो । मुखमा लगाइराखेका पट्टीहरू झिकेर आएका उनलाई स्थविरले यस्तो भन्नुभयो– “**रोहिणी** ! तिमी किन नआएकी हौ ?”

“भन्ते ! मेरो शरीरमा छवि रोग भएको हुनाले लाजले नआएकी हुँ ।”

“के तिमीले पुण्य गर्नु पर्दैन ?”
“भन्ते ! के गरुँ त ?”
“आसनशाला बनाऊ ।”
“भन्ते ! केले बनाउने ?”
“के तिमीसँग आफ्नो आभरण छैन ?”
“भन्ते ! छ ।”
“कति मूल्य जान्छ त ?”
“दशहजार जान्छ ।”
“त्यसोभए त्यही बेचेर आसनशाला बनाऊ ।”
“भन्ते ! कसले बनाइदेला नि ?”

अनि अगाडि बसिरहेका केही ज्ञातिहरूलाई हेरेर स्थविरले– “यो बनाउने कामको जिम्मा तिमीहरूको भयो” भनी भन्नुभयो ।

उनीहरूले त्यसलाई चाहिने काठ आदि सामान ल्याइदिए । स्थविरले आसनशाला बनाउँदै **रोहिणीलाई** यस्तो भन्नुभयो– “दुइतले शाला बनाई फलेक बिच्छ्याउन सिद्धिएपछि तिमीले दिनहुँ बढारी आसनहरू बिछ्याई गाग्रीमा पानी भरेर राख ।” “हवस्, हुन्छ” भनी

Downloaded from http://dhamma.digital/

आफ्नो आभरण बेचेर दुइतले शाला बनाई फलेक बिछ्छ्याउन सिद्धिएपछि दिनहुँ बढारी आसनहरू विछ्याई गाग्रीमा पानी पनि राख्न थालिन् । आसनशाला बढार्ने काम गर्दा गर्दै उनको चर्मरोग पनि निको हुन थाल्यो । आसनशाला सिद्धिएपछि बुद्ध सहित भिक्षुसङ्घलाई उनले प्रणीताकारले भोजन दान दिइन् । भोजन सिद्धिएपछि **शास्ताले अनुरुद्ध** स्थविरसँग "यो कस्को भोजन दान हो ?" भनी सोध्नुभयो ।

"भन्ते ! मेरी बहिनी **रोहिणीको** दान हो ।"

"उनी खोइ त ?"

"भन्ते ! घरमा छिन् ।"

अनि भगवानले उनलाई बोलाउन पठाउनु भयो । उनी आउन चाहन्नथिन् । परन्तु भगवानले बोलाउन पठाएको हुनाले आएर वन्दना गरी एक छेउमा बसिन् । अनि भगवानले "**रोहिणी** ! किन तिमी नआएकी हौ ?" भनी सोध्नुभएपछि "भन्ते ! मेरो शरीरको छवि कुरूप छ । त्यसैले लाजले नआएकी हुँ" भनी भनिन् ।

"**रोहिणी** ! तिमीलाई थाहा छ के के कारणले यस्तो भएको हो ?"

"भन्ते ! थाहा छैन ।"

"यो रोग तिम्रो क्रोधको कारणले भएको हो ।"

"भन्ते ! कहिले ?"

Downloaded from http://dhamma.digital/

"त्यसोभए सुन रोहिणी भन्नुभई **शास्ताले** अतीतको कुरा सुनाउनु भयो—

"अतीत समयमा **बाराणशीकी** अग्रमहिषीले एकजना राजाकी नर्टकी माथि ईर्ष्या र क्रोध गरी "यसलाई दुःख दिनेछु" भन्ने चिताएर कन्याउने फल ल्याएर ऊ सुत्ने खाट्मा त्यसको धूलो छरिदिइन् । उसलाई बोलाई ख्यालगरे जस्तो गरी उसको आँगमा पनि छरिदिइन् । त्यतिख्यैरै उसको शरीरबाट फोका फोका उठेर कन्याउनथाल्यो । वछ्यानमा गई सुत्दा त्यहाँ पनि कन्याउने धूलोले उसले दुःख पाई । त्यसबखत तिमी अग्रमहिषी थियौ ।"

"**रोहिणी** ! त्यसबखत तिमीले गरेको कर्मको प्रभावले अहिले यस्तो भएको हो । क्रोध भनेको अलिकता पनि गर्नुहुन्न त्यस्तै ईर्ष्या पनि" भनी भन्नुभई निम्न गाथा सुनाउनु भयो—

"कोधं जहे विप्पजहेय्य मानं...।"

यसको अनुवाद अगाडि गरिदिएको छु । धर्मदेशनाको अन्त्यमा धेरैले स्रोतापत्तिफलादि प्राप्त गरे । **रोहिणीले** पनि स्रोतापत्तिफल प्राप्त गरिन् । त्यसपछि उनको रोग निको पनि भयो र उनको शरीर सुन्दर भएर आयो ।

परलोक भएपछि उनी **त्रयस्त्रिंश** भवनको चारजना देवपुत्रको सीमान्तमा उत्पन्न भइन् । उनी सुन्दरी भएकोले उनलाई देखेर उत्पन्न भएको स्नेहको कारणले गर्दा "मेरो सिमानामा उत्पन्न भएको

Downloaded from http://dhamma.digital/

हुनाले मलाई अधिकार छ” भन्दै चारजना बीच झगडा भयो। पछि उनीहरू **शक्र देवेन्द्रकहाँ** गई यो कुरा सुनाए। उनलाई देख्ने बित्तिकै **शक्र** पनि उनीमाथि आशक्त भए। **शक्रले** उनीहरूसँग “यिनलाई देखेर तिमीहरूको मनमा कस्तो भयो ?” भनी सोध्दा एकले भन्यो– “संग्राममा बजाएको भेरी वादन जस्तै मेरो मन एक ठाउँमा बस्न सकेन।” दोस्रोले भन्यो– “पर्वतबाट आएको नदी जस्तै चाँडै दौडेर गयो।” तेस्रोले भन्यो– “यिनलाई देख्ने बित्तिकै गंगटाको आँखा जस्तै निस्केर आयो।” चौथाले भन्यो– “यिनलाई देख्ने बित्तिकै चैत्यस्थानमा फर फराई रहेको ध्वजा जस्तै चञ्चल भयो।” “यिनलाई देखेर तिमीहरूको मन यस्तो भयो। किन्तु म त यिनलाई पाएमा जिउने छु नत्र मर्नेछु” भनी **शक्रले** भने।

यो सुनेर उनीहरूले भने– “देव ! तपाईको मरण हामी चाहन्नौं। यति भनी उनलाई **शक्रको** जिम्मा लगाई दिए। उनी **शक्रको** अति प्रिया थिइन्।

x x x

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## क्रोध नगर

"कोधं जहे विप्पजहेय्य मानं,
सञ्ञोजनं सब्बमतिक्कमेय्य ।
तं नामरूपस्मिं असज्जमानं,
अकिञ्चनं नानुतपन्ति दुक्खा[1] ॥"

**अर्थ—**

"क्रोध नगर, अभिमान नगर, सबै संयोजनबाट पार तरेर जाऊ; नाम-रूपमा अल्झेर नबस, कुनै अल्झो नभएपछि दुःखबाट ताप हुने छैन ।"

१. धम्म. प. पा. पृ. ३८, गा. नं. २२१; अ. क. पृ. ६०६, कोधवग्गो ।

Downloaded from http://dhamma.digital/

# १२. वेलुकण्टकी नन्दमाता

## प रि च य

यी **वेलुकण्टकी नन्दमाता**, **दक्षिणागिरी** वा दक्षिणगिरी स्थित **वेलुकण्टक** भन्ने नगरवासिनी हुन् भन्ने कुरा अंगुत्तरनिकाय, सत्तकनिपातको नन्दमातासुत्त[१] अनुसार आयुष्मान **सारिपुत्र दक्षिणागिरीमा** चारिका गरिरहनु भएको बेलामा **वैश्रवण महाराजले** "आयुष्मान **सारिपुत्र मौद्गल्यायन** प्रमुख भिक्षुसङ्घ जलपान नगरिकनै **वेलुकण्टक** नगरमा आउनु हुनेछ" भनेबाट पुष्टि हुन्छ ।

आरक्षाको निमित्र नगरको चारैतिर घेरेर बाँस रोपेको हुनाले यस नगरको नाउँ '**वेलुकण्टक**' (= वेणुकण्टक) हुन गएको हो भनी अंगुत्तर अट्ठकथाले[२] समुल्लेख गरेको छ ।

पालिसाहित्य अनुसार **राजगृह** नगरको आसपासमा भएको यस

---

१. यस सूत्रको अनुवाद अगाडि गरेको छु ।

२. II. पृ. ७१७ : नन्दमातासुत्तवण्णना, सत्तकनिपात ।

Downloaded from http://dhamma.digital/

**दक्षिणागिरी**[1] **बाहेक उज्जेनि** (= उज्जैन) स्थित **वेदिस नगरमा** भएको प्रदेशलाई पनि '**दक्षिणागिरी**' भन्ने जनपद रहेको कुरा समन्तपासादिका (I. पृ.६०) मा उल्लेख भएको पाइन्छ।

**वेलुकण्टक** वा **वेलुकण्डक** नगरवासिनी भएकी हुनाले यिनलाई **नन्दमाता** मात्र नभनी '**वेलुकण्टकी नन्दमाता**' भनिएको हो।

पालिसाहित्यमा **नन्दमाता** भन्ने उपासिका अर्की भएकीले यिनलाई यसो भनेको हो। एउटी **नन्दमातालाई उत्तरा नन्दमाता**[2]' भनिएको छ भने अर्कीलाई '**वेलुकण्टकी नन्दमाता**' भनिएको छ। त्यसैले मैले पनि '**नन्दमाता**' मात्र नभनी '**वेलुकण्टकी नन्दमाता**' भन्ने नामलाई प्राथमिकता दिएको हुँ। मूलमा चाहि कहि कहिं '**नन्दमाता**' मात्र पनि प्रयोग भएको देखा परेको छ। **नन्दपुत्रको** माता भएकी हुनाले यिनको नाम '**नन्दमाता**' हुन गएको हो।

यिनको विवाह स्यानो छँदा नै भएको कुरा **नन्दमातासुत्तले** जनाएको छ। यिनी परम स्वामी भक्तिनी थिइन् भन्ने कुरा पनि मूल सूत्रबाटै बुझिन्छ। यिनी परिशुद्ध शीलवती, एकछाके, त्रिपिटकधारी भई अनागामी फलमा प्रतिष्ठिता थिइन्[3]। जतिञ्जेलसम्म इच्छा हुन्छ

---

१. हेर्नू लेखकको बु. ब्रा. भा–२, पृ. ५६ र ३९८ को पादटिप्पणीमा।

२. हेर लेखकको बु. म. भा–१, पृ. २९३.

३. सुत्त. नि. अ. क. II. पृ. १९१ : धम्मिकसुत्तवण्णना, चुल्लवग्गो।

Downloaded from http://dhamma.digital/

उतिञ्जेलसम्म यिनी ध्यानमा बस्न सक्छिन् भन्ने कुरा सूत्रमै उल्लेख भएको छ। यिनका ओरम्भागीय (= अधोभागीय) संयोजनहरू[1] क्षीण भइसकेका छन्। यस्तै ध्यानको प्रभावले गर्दा नै यिनको छोरालाई मारेको देख्दा पनि यिनको चित्तमा कुनै शोक सन्ताप उत्पन्न भएको लक्षण देखा परेको थिएन। यिनको पति मरेर यक्ष भएर उत्पन्न भएको कुरा जानेर पनि उनको चित्त खिन्न नभएको कुरा अगाडि अनुदित पहिलो सूत्रमा उल्लेख भएको छ। यस्ता आश्चर्य गुण हुने यी **नन्दमातालाई** बुद्धले पनि "यदि कुनै स्त्रीले प्रार्थना गर्ने हो भने **वेलुकण्टकी नन्दमाता** जस्ती हुनसकूँ" भनी प्रार्थना गर्नुपर्छ भनी प्रशंसा गर्नुभएको छ[2]। त्यस्तैगरी संयुक्तनिकायको एकधीतुसुत्तमा[3] पनि कुनै एकलौटी छोरी हुनेले "मेरी छोरी **वेलुकण्टकी नन्दमाता** जस्तै हुन सकोस्" भनी कामना गर्नुपर्छ भनी भन्नुभएको छ। अंगुत्तरअट्ठकथा, दुकनिपात वर्णनाले (पृ. ३३४) पनि **नन्दमातालाई** महर्द्धिकमध्ये अग्रछिन् भनी उल्लेख गरेको छ। धम्मपदट्ठकथाले भगवानका दुइ अग्रश्राविकाहरूमध्येमा एकजना **वेलुकण्टकी नन्द-**

---

१. यी संयोजन भनेका के के हुन् भन्ने कुरा लेखकको बु. गृ. भा–२, पृ. २०६ को पादटिप्पणीमा उल्लेख भएका छन्।

२. अं. नि–२, पृ. ८१ : आयाचनवग्गो; यो सूत्रको अनुवाद अगाडि चौथो सूत्रमा छ।

३. सं. नि. II. पृ. १९६, लाभसक्कारसंयुत्तं।

Downloaded from http://dhamma.digital/

**माताको** नाम उल्लेख गरेको छ[1] ।

एकदिन यिनी आरक्षा संविधान गरेको साततले प्रासादमाथि बसी समापत्ति बलद्वारा रात बिताई समापत्तिबाट उठीसकेपछि रात्रीको अवशान भागमा तृतीय मार्गफलमा पुगेकी यी आर्यश्राविका दुइशय पचास (२५०) गाथाले युक्त भएको पारायणसूत्र[2] (पारायनवग्ग) मधुर स्वरले गाउँदै[3] झ्याल खोली हावा खाँदै उभिइरहेकी थिइन्[4] । त्यसबखत **वैश्रवण महाराजा**, भगवानसँग केही प्रश्न सोध्ने विचारले आकाश मार्गद्वारा गइरहेको बेलामा उनको घरमाथि आकाशमा पुग्दा उनको मधुर स्वर सुनेर **नन्दमाताको** गायन नसिद्धिएसम्म रथबाट ओर्ली उहिं नजीकमा आई पर्खिरहे[5] । त्यसैले अगाडि अनुदित पहिलो सूत्रमा "...अनि **वैश्रवण महाराजा, नन्दमाता उपासिकाले** पारङ्गत

---

१. धम्म. प. अ. क. पृ. २१० : विडूडभवत्थु, पुप्फवग्गो । तर अंगुत्तरनिकाय, एककनिपातको एतदग्गवग्ग (पृ. २७) मा चाहि उत्तरानन्दमाताको नाम उल्लेख भएको पाइन्छ । जुन कुरा लेखकको बु. म. भा–१, पृ. ९४ मा अनुदित भएको छ ।

२. सुत्त. नि. पा. पृ. ४१९ : पारायनवग्गो; अ. क. II. पृ.४४४.

३. अं. अ. क. सत्तकनिपात पृ. ७१७ : नन्दमातासुत्तवण्णना ।

४. सुत्त. नि. अ. क. II. पृ. १९१ : धम्मिकसुत्तवण्णना ।

५. अं. नि. अ. क. II. पृ. ७१७ : नन्दमातासुत्तवण्णना; सुत्त. नि. अ. क. II. पृ.१९२ : धम्मिकसुत्तवण्णना । यस विषयमा लेखकको बु. गृ. भा–२, पृ. ४१६ मा पनि कारणहरू उल्लेख भएका छन् ।

Downloaded from http://dhamma.digital/

स्वरले सूत्र पाठ गरिरहेकी देखेर सूत्र पाठ नसिद्धिउञ्जेलसम्म पर्खिरहे" भनी उल्लेख भएको हो। अनि सूत्र पाठ सिद्धिएपछि **वैश्रवण महाराजाले नन्दमातालाई** 'मगध देशको **पासाणक चेतियामा** भगवानले सोह्र पारायणिक ब्राह्मणहरूलाई भन्नुभएको जस्तै गरी तपाईले पनि भन्नुभयो" भन्दै प्रशंसा गर्दै खूब जोर जोरले "साधु भगिनी साधु !" भन्दै अनुमोदन गरे[१]। यो आवाज सुनेर **वेलुकण्टकी नन्दमातालाई** आश्चर्य लाग्यो कि यस्तो सुरक्षित गरी राखेको घरमा आएर यसो भन्ने को होला ! यति मनमा लागेपछि उनले "यो कोहो ?" भनी सोध्दा **वैश्रवणले**, मार्गफलको हिसाबले आफूभन्दा उनी जेठी भएकीले सहोदर भाव प्रकट गरी 'भगिनी !' (=दिदी) भन्ने शब्द प्रयोग गरेका हुन्। पछि आयुको हिसाबले विचार गर्दा उनीभन्दा आफू जेठो भएकोले 'म तिम्रो भ्राता' (=दाइ) भनी भनेका हुन्[२]। त्यसैले अगाडि अनुदित पहिलो सूत्रमा "भगिनी ! म तिम्रो भ्राता **वैश्रवण** हुँ" भनी लेखिएको हो। अनि **नन्दमाताले** "राम्रै भयो, जहाँ आउनु योग्य छ उहीं आयौ, तिम्रो निमित्त यही धर्मश्रवणनै आतिथ्य सत्कार भयो" भनी भनिन्। **वैश्रवणले** म तिम्रो कुनै काम पनि गर्न चाहन्छु भनी भन्दा उनले आफ्नो खेतबाट धान ल्याएर भकारीमा राखिदेऊ भनी भनेपछि उनले साँढे बाह्रशय भकारीमा धान भरिदिए। "यी उपासिका बाँचुञ्जेल

---

१. अं. नि. अ. क. II. पृ. ७१८ : नन्दमातासुत्तवण्णना; सुत्त. नि. अ. क. II. पृ. १९२ : धम्मिकसुत्तवण्णना।

२. अं. नि. अ. क. II. पृ. ७१८; सुत्त. नि. अ. क. II. पृ. १९२.

Downloaded from http://dhamma.digital/

यी भकारीमा धान नसिद्धियोस्" भनी उनले अधिष्ठान पनि गरे । त्यहाँदेखि ती भकारीहरूमा कहिले पनि धान खालि भएन । त्यसैले मानिसहरूले त्यहाँदेखि "**नन्दमाताको** भकारी भैं होस्" भनी भन्नथाले[१]। यसपछि "भोलिपल्ट बिहानै आयुष्मान **सारिपुत्र मौद्गल्यायनहरू** भिक्षुसङ्घका साथ जलपान नगरिकनै **वेलुकण्टक** नगरमा आइपुग्नु हुनेछ, उहाँहरूलाई भोजन गराई सो पुण्य मलाई पनि देऊ" भनी **वैश्रवण महाराजा** भगवानकहाँ गए[२]।

आयुष्मान **सारिपुत्र मौद्गल्यायन** कुन बखत त्यहाँ आइपुग्नु भएको थियो भन्ने बारेमा यसरी **अंगुत्तर अट्ठकथाले**[३] समुल्लेख गरेको छ—

"वर्षावास सकिएपछि **श्रावस्तीबाट** अग्रश्रावकहरूलाई छाडेर **दक्षिणागिरीतिर** चारिका गर्ने विचारले भगवान निस्कनु भयो । **प्रसेनजित् कोशल राजा**, **अनाथपिण्डिक गृहपति**, **विशाखा महाउपासिका** तथा अरू धेरै जनाले **तथागतलाई** चारिका गर्ने कुरामा रोक्न सकेनन् । "**तथागतलाई** रोक्न सकेनन्" भनी कल्पना गर्दै **अनाथपिण्डिक** गृहपति एक ठाउँमा बसी सोचिरहेका थिए । अनि **पुण्णा** (= पूर्णा) भन्ने दासीले देखेर गृहपतिलाई यसो भने– "स्वामी ! किन तपाई मुख मलिन पारी चिन्तित भएर बस्नुभएको ?"

---

१. अं. नि. अ. क. II. पृ. ७१८ : नन्दमातासुत्तवण्णना, महोयञ्ञवग्गो ।
२. अं. नि. अ. क. II. पृ. ७१८; सुत्त. नि. अ. क. II. पृ. १९२.
३. II. पृ. ७१६ : नन्दमातासुत्तवण्णना, महायञ्ञवग्गो ।

Downloaded from http://dhamma.digital/

"पुण्णे ! तथागत चारिकार्थ निस्कनु भयो, मैले उहाँलाई रोक्न सकिन । उहाँ चाँडै फर्कनु हुन्छ वा हुन्न थाहा छैन ।"

"यदि **तथागतलाई** रोक्न सकें भने तपाईले मलाई के दिनुहुन्छ ?"

"यदि सक्यौ भने तिमीलाई स्वाधीन बनाई दिनेछु ।"

ऊ गएर शास्तालाई वन्दना गरी "भन्ते ! फर्कनुहोस्" भनी ।

"म फर्केमा तिमीले मलाई के दिनेछचौ त ?"

"भन्ते ! तपाईलाई यो थाहा भएकै कुरा हो कि म पराधीनमा छु । म केही दिन सक्दिन । किन्तु त्रिशरणमा गई पञ्चशील पालन गर्नेछु ।"

"साधु ! साधु ! !" भन्दै धर्म गौरवको कारणले भगवान एकै वचनमा फर्कनु भयो । त्यसैले भनिएको 'भिक्षु हो ! धर्म गौरव राख्ने **तथागत** हुनुहुन्छ ।' **शास्ता** फर्केर **जेतवन विहारमा** जानुभयो । मानिसहरूले **पुण्णा** दासीलाई हजार साधुवाद दिए । त्यहाँ भेलाभएका मानिसहरूलाई भगवानले धर्मोपदेश गर्नुभयो । अनेक हजार मानिसहरूले धर्मावबोध गरे । **पुण्णा** दासी पनि गृहपतिको वचन लिई पछि भिक्षुणीहरू बस्ने ठाउँमा गई भिक्षुणी भई । **सम्यक्सम्बुद्धले** आयुष्मान् **सारिपुत्र मौद्गल्यायनलाई** बोलाई 'जुन दिशामा म चारिकार्थ जान लागेको थिएँ । अब त्यो दिशामा तिमीहरू तिम्रा परिषद् लिएर जाऊ, म जाने छैन' भनी भन्नुभयो । यसरी चारिका गर्दै उहाँहरू **दक्षिणा-**

Downloaded from http://dhamma.digital/

**गिरीमा** आउनु भई त्यसपछि **वेलुकण्टक** नगरमा आइपुग्नु भएको हो।"

अनि **वेलुकण्टकी नन्दमाताले** उहाँहरूलाई निम्त्याई भोजन प्रदान गरिन्। भोजनपछि उहाँहरूले उनीसँग "हामीहरू यहाँ आइपुगेको कुरा तिमीले कसरी थाहा पायौ ?" भनी सोध्नुभयो। जुन कुरा अगाडि अनुदित पहिलो सूत्रमा उल्लेख भएको छ। अरू कुरा पनि अगाडिको दोस्रो सूत्रबाटै प्रष्ट भएको छ। त्यस समय **श्रावस्तीमा** बसिरहनु भएका भगवान बुद्धले **वेलुकण्टक** नगरमा **वेलुकण्टकी नन्दमाताले** छ अंगले युक्त भई दान दिइरहेको कुरा आफ्नो ध्यानदृष्टिले जान्नुभई भिक्षुहरूलाई छ अंगले युक्त भएर दान दिने भनेको कस्तो हो भन्ने विषयलाई लिएर भगवानले अगाडि अनुदित दुतीय सूत्रको उपदेश गर्नु भएको हो।

यसरी **वेलुकण्टकी नन्दमाताको** जीवनलाई भगवानले पनि प्रशंसा गर्नु भएको छ।

Dhamma.Digital

x x x

Downloaded from http://dhamma.digital/

# भिन्नाभिन्नै नन्दमाताहरू

(१) **नन्दमाता** – उत्तरानन्दमाता[1] र वेलुकण्टकी नन्दमाता।

(२) **नन्दमातासुत्तं** – यो त्यो सूत्र हो जसमा वेलुकण्टकी नन्दमाताको बारेमा कुरा उल्लेख भएको छ। यस सूत्रको अनुवाद अगाडि पहिलो सूत्रमा छ।

x x x

१. यसको कुरा लेखकको बु. म. भा–१, पृ. २६६–३०१ मा छ।

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## १– सप्त आश्चर्य गुणहरू

यस्तो मैले सुनें[१] ।

एक समय **आयुष्मान सारिपुत्र मौद्‌गल्यायनहरू** महत् भिक्षुसङ्घ सहित **दक्षिणागिरीमा**[२] चारिका गर्दै हुनुहुन्थ्यो ।

त्यसबखत **वेलुकण्टकी**[३] **नन्दमाता उपासिका** रात्रीको प्रत्यूष समयमा उठी **पारङ्गत स्वरले**[४] सूत्र-पाठ गर्दै थिइन् ।

त्यसबखत **वैश्रवण महाराजा** केही कामले उत्तरदिशाबाट दक्षिणदिशातिर जाँदै थिए । अनि वैश्रवण महाराजा, नन्दमाता उपासिकाले पारङ्गत स्वरले सूत्र-पाठ गरिरहेको देखी सूत्र-पाठ नसिद्धिउञ्जेल-सम्म पर्खिरहे । **पारङ्गत स्वरले** सूत्र-पाठ गरिसकेपछि **नन्दमाता उपासिका** चुपलागिन् । त्यसपछि पारङ्गत स्वरले सूत्र-पाठ

---

१. अं. नि–७, पृ. २०० : नन्दमातासुत्तं, महायञ्ञवग्गो; अ. क. II. पृ. ७१६.

२. राजगृहको दक्षिणपट्टिको पहाडतिर ।

३. नालन्दा पालिमा 'वेलुकण्डकी' छ ।

४. विमुक्ति रसयुक्त धर्मका सूत्रहरू सज्झायना गरिरहेको हुनाले 'पारङ्गत स्वरले' भनी भनिएको हो । मनो.र. पू. II. पृ. ७१७ :नन्दमातासुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

गरी **नन्दमाता उपासिका** चुपलागेको देखी **वैश्रवण महाराजाले** "साधु ! भगिनी, साधु ! भगिनी" भन्दै अनुमोदन गरे ।

"को हुन् यी भद्रमुखी ?"

"**भगिनी** ! म तिम्रै भ्राता **वैश्रवण राजा** हुँ ।"

"भद्रमुख ! त्यसोभए जुन सूत्र-पाठ मैले गरें सोही नै तिम्रो निम्ति आतिथ्य होस् ।"

"**भगिनी** ! ठीक छ, यो नै मेरो निम्ति आतिथ्य होस् । भोलि बिहानै **सारिपुत्र मौद्गल्यायन** प्रमुख भिक्षुसङ्घ जलपान नगरिकनै **वेलुकण्टक** (**नगर**) मा आउने छन् । ती भिक्षु सङ्घलाई दक्षिणा (= भिक्षा-भोजन) दिई सो पुण्य मेरोनिमित्त उद्देश्य गर । यो पनि मेरोनिम्ति आतिथ्य हुनेछ ।"

अनि त्यस रात बितिसके पछि **नन्दमाता उपासिकाले** आफ्नो घरमा प्रणीत खादनीय भोजनीय पदार्थहरू तयार पार्न लगाइन् । **सारिपुत्र मौद्गल्यायन** प्रमुख भिक्षुसङ्घ पनि जलपान नगरिकनै बिहानै **वेलुकण्टक** (**नगर**) मा आइपुग्नु भयो । **नन्दमाता उपासिकाले** एक पुरुषलाई बोलाइन्—

"अम्भो पुरुष ! तिमी आऊ, तिमी आराममा गई भिक्षुसङ्घलाई भोजन (= जलपान-भोजन) समयको सूचना देऊ– 'भन्ते ! समय भयो, आर्या नन्दमाताको घरमा भोजन तयार छ' ।"

Downloaded from http://dhamma.digital/

"हवस्, आर्या !" भनी नन्दमाताको कुरा सुनी आराममा गई भिक्षुसङ्घलाई सो पुरुषले समयको सूचना दियो– 'भन्ते ! समय भयो, आर्या नन्दमाताको घरमा भोजन तयार छ।'

अनि **सारिपुत्र मौद्गल्यायन** प्रमुख भिक्षुसङ्घ पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी जहाँ **नन्दमाताको घर हो** त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि बिच्छ्याइरहेको आसनमा बस्नुभयो। **नन्दमाता उपासिकाले** पनि **सारिपुत्र मौद्गल्यायन** प्रमुख भिक्षुसङ्घलाई प्रणीत खादनीय भोजनीय पदार्थहरू आफ्नै हातले समर्पित गरी सन्तृप्त गराइन्। भोजन सिद्धिए पछि **आयुष्मान् सारिपुत्रले** भिक्षा-पात्रबाट हात हटाइसके पछि **नन्दमाता उपासिका** एक छेउमा बसिन्। एक छेउमा बसेकी **नन्दमाता उपासिकासँग आयुष्मान् सारिपुत्रले** यस्तो सोध्नुभयो—

"**नन्दमाते** ! भिक्षुसङ्घ यहाँ आएका कुरा तिमीलाई कसले सुनायो ?"

१– "**भन्ते** ! यहाँ म रातको प्रत्यूष समयमा उठी **पारङ्गत स्वरले** (पारायनं सरेन) सूत्र-पाठ गरी चूपलागें। भन्ते ! त्यसबखत **वैश्रवण महाराजाले** मेरो सूत्र-पाठ सिद्धिएको बुझी– 'धन्य हो ! भगिनी, धन्य हो !! भगिनी' भन्दै अनुमोदन गरे। अनि मैले उनीसँग 'तिमी को हौ, भद्रमुखी ?' भनी सोधें। 'म तिम्रै भ्राता वैश्रवण महाराजा हुँ' भनी भने। 'भद्रमुख ! त्यसोभए जुन धर्मपर्याय मैले भनें सोही नै तिम्रोनिम्ति आतिथ्य होस्' भनी भन्दा उनले 'ठीक छ,

Downloaded from http://dhamma.digital/

**भगिनी** ! यो मेरो निम्ति आतिथ्य होस् । भोलि **सारिपुत्र मौद्गल्यायन** प्रमुख भिक्षुसङ्घ जलपान नगरिकनै **वेलुकण्टक**मा आउने छन् । ती भिक्षुसङ्घलाई दक्षिणा (= भिक्षा-भोजन) दिई सो पुण्य मेरो निम्ति उद्देश्य गर । यो पनि मेरो निम्ति आतिथ्य हुनेछ ।' भनी भने । भन्ते ! अतएव दान दिनु भन्दा अगाडि र दान दिइरहेको बेलामा जुन कुशल-चेतनाहरू मेरो मनमा उत्पन्न भए अनि दान दिइसकेपछि पनि जुन कुशल-चेतनाहरू मेरो मनमा उत्पन्न भए– ती जम्मै **वैश्रवण महाराजाको निम्ति होस् ।**"

"**नन्दमाता** ! आश्चर्य हो ! **नन्दमाता** ! अद्भूत हो ! ! जो कि तिमीले त्यत्रा शक्ति सम्पन्न, प्रतापी **वैश्रवण देवपुत्रसँग** आमनेसामने कुरागऱ्यौ !"

२– "**भन्ते** ! ममा यही मात्र आश्चर्य र अद्भूतको कारण भएको होइन । अर्को पनि ममा आश्चर्य तथा अद्भूतको कारण छ । **भन्ते** ! यहाँ नन्द भन्ने मेरो एकलौटे पुत्र मलाई अत्यन्त प्रिय तथा मनाप थियो । कुनै कारणवश उसलाई राजाका मानिसहरूले लछार पछार गरी मारिदिए । **भन्ते** ! वालकलाई समात्दा वा समात्नलगाउँदा; वधगर्दा वा वधगर्न लगाउँदा; मार्दा वा मार्न लगाउँदा मेरो मनमा कुनै विकृति भएको मलाई थाहाछैन ।"

"**नन्दमाता** ! आश्चर्य हो ! **नन्दमाता** ! अद्भूत हो ! ! जो कि तिमीले चित्तोत्पन्नलाई पनि परिशुद्धि गर्छ्यौ ।"

Downloaded from http://dhamma.digital/

३– "**भन्ते** ! ममा यति मात्र आश्चर्य र अद्भूतको कारण भएको होइन। अर्को पनि ममा आश्चर्य तथा अद्भूतको कारण छ। **भन्ते** ! यहाँ मेरो पति मरेपछि एक यक्ष योनीमा उत्पन्न भए। उनले मलाई पहिले कै स्वरूप देखाए। **भन्ते** ! त्यसबाट पनि मेरो चित्तमा कुनै विकृति भएको मलाई थाहाछैन।"

"**नन्दमाता** ! आश्चर्य हो ! **नन्दमाता** ! अद्भूत हो !! जो कि तिमीले चित्तोत्पन्नलाई पनि परिशुद्धि गर्छ्यौं।"

४– "**भन्ते** ! ममा यति मात्र आश्चर्य र अद्भूतको कारण भएको होइन। अर्को पनि ममा आश्चर्य तथा अद्भूतको कारण छ। **भन्ते** ! मेरो स्वामी स्यानो छँदै, म पनि स्यानी छँदै– उनले मलाई ल्याएका थिए, स्वामी प्रति मेरो चित्तले पनि अनाचार चिताएको मलाई थाहाछैन भने शरीरद्वारा अनाचार गर्ने कुरा त परै जावोस्।"

"**नन्दमाता** ! आश्चर्य हो ! **नन्दमाता** ! अद्भूत हो !! जो कि तिमीले चित्तोत्पन्नलाई पनि परिशुद्धि गर्छ्यौं।"

५– "**भन्ते** ! ममा यति मात्र आश्चर्य र अद्भूतको कारण भएको होइन। अर्को पनि ममा आश्चर्य तथा अद्भूतको कारण छ। **भन्ते** ! जबदेखि म उपासिकात्वमा घोषित भएँ तबदेखि जानी जानी कुनै शिक्षापदहरू अतिक्रमण (= उल्लंघन) गरेका कुरा मलाई थाहाछैन।"

"**नन्दमाता** ! आश्चर्य हो ! **नन्दमाता** ! अद्भूत हो !!"

६– "**भन्ते** ! ममा यति मात्र आश्चर्य र अद्भूतको कारण भएको

Downloaded from http://dhamma.digital/

होइन। अर्को पनि ममा आश्चर्य तथा अद्भूतको कारण छ। **भन्ते** ! यहाँ जतिञ्जेलसम्म इच्छा गर्छु उतिञ्जेलसम्म म (१) कामबाट अलग भई अकुशलबाट अलग भई– सवितर्क सविचार विवेकज प्रीतिसुखयुक्त **प्रथमध्यानमा** तल्लीन भई बस्नसक्छु। (२) वितर्क विचारलाई शान्तपारी अभ्यन्तर सम्प्रसादयुक्त भई चित्त एकाग्र गरी– अवितर्क अविचार विवेकज प्रीतिसुखयुक्त **द्वितीयध्यानमा** तल्लीन भई बस्नसक्छु। (३) प्रीतिलाई पनि छाडी उपेक्षी भई स्मृति सम्प्रजन्य भई शरीरद्वारा सुखानुभव गरी बस्नसक्छु– जसलाई आर्यहरूले 'उपेक्षी, स्मृतिमान्, सुखविहारी' भनी भन्दछन्। यस्तो **तृतीयध्यानमा** पनि तल्लीन भई बस्नसक्छु। (४) पहिले नै सौमनस्य दौर्मनस्यलाई अन्तगरी सुख दुःखलाई त्यागी दुःख र सुख नभएको उपेक्षा स्मृति परिशुद्ध भएको– **चतुर्थध्यानमा** पनि तल्लीन भई बस्नसक्छु।"

"**नन्दमाता** ! आश्चर्य हो ! **नन्दमाता** ! अद्भूत हो ! !"

७– "**भन्ते** ! ममा यतिमात्र आश्चर्य र अद्भूतको कारण भएको होइन। अर्को पनि ममा आश्चर्य तथा अद्भूतको कारण छ। **भन्ते** ! भगवानले जुन **पञ्चोरम्भागीय**[1] संयोजनहरूका कुरा भन्नुभएको छ– तिनीहरूमध्ये कुनै पनि संयोजनहरू ममा प्रहीण नभएको म देख्दिन।"

"**नन्दमाता** ! आश्चर्य हो ! **नन्दमाता** ! अद्भूत हो ! !"

---

१. सत्कायदृष्टि, विचिकित्सा, शीलब्रतपरामर्श, कामच्छन्द तथा ब्यापाद-संयोजनहरूलाई 'पञ्चोरम्भागीय संयोजन' भनी भन्दछन्।

Downloaded from http://dhamma.digital/

यसपछि **आयुष्मान् सारिपुत्रले नन्दमाता उपासिकालाई** धार्मिक कथाद्वारा सन्दर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पारी आसनबाट उठी फर्केर जानुभयो।

x x x

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## २– षडाङ्गपूर्ण–दान

एक समय **भगवान श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा** बस्नुभएको थियो[1]।

त्यस समय **वेलुकण्टकी**[2] **नन्दमाता** उपासिकाले **सारिपुत्र मौद्गल्यायन** सहित भिक्षुसङ्घलाई छ अङ्गले युक्तभई दानदिंदै थिइन्। त्यसबेला भगवानले **वेलुकण्टकी नन्दमाता** उपासिकाले **सारिपुत्र मौद्गल्यायन** सहित भिक्षुसङ्घलाई छ अङ्गले युक्तभई दान दिइरहेको कुरा अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा देख्नुभयो। अनि **भगवानले** भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"**भिक्षु हो** ! यी **वेलुकण्टकी नन्दमाता** उपासिकाले **सारिपुत्र मौद्गल्यायन** सहित भिक्षुसङ्घलाई छ अङ्गले युक्तभई दान दिंदैछिन्।

"**भिक्षु हो** ! कसरी छ अङ्ग युक्त दान हुन्छ भने ?– **भिक्षु हो** ! **दायकका तीन अङ्गहरू हुन्छन् र प्रतिग्राहकका तीन अङ्गहरू** हुन्छन्। दायकका तीन अङ्गहरू भनेका के हुन् भने– (१) **भिक्षु हो** !

---

१. अं. नि–६; पृ. ५१ : दानसुत्तं, अ. क. II. पृ. ६६६.

२. वेलुकण्डकी पनि भन्दछन्।

Downloaded from http://dhamma.digital/

यहाँ दानदिनुभन्दा अगाडि दायकको चित्त सुमन हुन्छ, (२) दानदिइरहने बेलामा पनि चित्त प्रसन्न हुन्छ तथा (३) दानदिइसके पछि पनि चित्त प्रमुदित हुन्छ। यिनै तीन दायकका अङ्गहरू हुन्। प्रतिग्राहकका तीन अङ्गहरू भनेका के हुन् भने– (१) **भिक्षु हो** ! यहाँ प्रतिग्राहकहरू वीतरागी हुन्छन् अथवा राग विनोदनार्थ प्रतिपन्न हुन्छन्, (२) वीतद्वेषी हुन्छन् अथवा द्वेष विनोदनार्थ प्रतिपन्न हुन्छन् तथा (३) वीतमोही हुन्छन् अथवा मोह विनोदनार्थ प्रतिपन्न हुन्छन्। यीनै तीन प्रतिग्राहकका अङ्ग हुन्।"

"यही नै **दायकका तीन अङ्गहरू तथा प्रतिग्राहकका तीन अङ्गहरू हुन्। भिक्षु** हो ! यिनै छ अङ्गले युक्त दान हुन्छ।"

"**भिक्षु हो** ! यसरी दिएको छ अङ्ग युक्त दक्षिणामा यति पुण्य छ, यस्तो स्वर्गदायी छ, यति सुखदायी छ, यति स्वर्गगामी छ; यति इष्ट छ, यति कान्त छ तथा यति हिताय सुखाय छ भनी प्रमाण लिन सजिलो छैन बल्कि असंख्येय, अप्रमेय तथा महापुण्यस्कन्ध छ भन्ने संख्यामा पुग्छ।"

"**भिक्षु हो** ! जस्तै महासमुद्रमा यति पाथी पानी छ, यति शय पाथी छ, यति हजार पाथी छ तथा यति लाख पाथी पानी छ भनी प्रमाण लिन सकिन्न बल्कि असंख्येय, अप्रमेय तथा महा जलस्कन्ध छ भन्ने संख्या हुन्छ। **भिक्षु हो** ! त्यस्तैगरी छ अङ्ग युक्त दक्षिणामा यति पुण्य छ...तथा यति हिताय सुखाय छ भनी प्रमाण लिन सजिलो छैन बल्कि असंख्येय, अप्रमेय, महापुण्यस्कन्ध छ भन्ने संख्यामा पुग्छ।"

Downloaded from http://dhamma.digital/

(**पुनश्च—**)

१. "पुब्बेव दाना सुमनो, ददं चित्तं पसादये ।
दत्वा अत्तमनो होति, एसा यञ्ञस्स सम्पदा ॥"

२. "वीतरागा[1] वीतदोसा, वीतमोहा अनासवा[1] ।
खेत्तं यञ्ञस्स सम्पन्नं, सञ्ञता ब्रह्मचारयो[2] ॥"

३. "सयं आचमयित्वान[3], दत्वा सकेहि पाणिभि ।
अत्तनो परतो चेसो, यञ्ञो होति महप्फलो ॥"

४. "एवं यजित्वा मेधावी, सद्धो मुत्तेन चेतसा ।
अब्यापज्जं[4] सुखं लोकं, पण्डितो उपपज्जती'ति ॥"

**अर्थ—**

१– "दानदिनुभन्दा अगाडि चित्त प्रसन्न गर्नू, दानदिने बेलामा पनि चित्त प्रसन्न राख्नु तथा दानदिइसके पछि पनि चित्त प्रमुदित पार्नू– यही नै यज्ञ (= दान) को सम्पत्ति हो ।"

---

१–१. स्याममा : 'वीतरागो वीतदासो वीतमोहो अनासवो' ।
२. सिंहल र स्याममा : 'ब्रह्मचारिनो' ।
३. स्याममा : 'आचरयित्वान' ।
४. सिंहल, स्याम र रोमनमा : 'अब्यापज्झं' ।

Downloaded from http://dhamma.digital/

२– "वीतरागी, वीतद्वेषी, वीतमोही, अनास्रवी तथा संयमी ब्रह्मचार ी नै यज्ञ (=दान) को सम्पन्न क्षेत्र हो।"

३– "अतएव हातखुट्टा धोई आफ्नै हातले उपरोक्त पुण्यक्षेत्रमा दानदिंदा आफ्नो तरफबाट पनि अर्काको (प्रतिग्राहकको) तरफबाट पनि त्यस दानको फल महान फल महान हुन्छ।"

४– "यसरी त्याग चेतनाले दानदिने श्रद्धालु मेधावी पण्डितपुरुष आरोग्यतापूर्वक सुगतिमा उत्पन्न हुन्छ।"

x x x

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## ३– मापदण्ड

यस्तो मैले सुनें[1]।

एक समय **भगवान श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा** बस्नुभएको थियो। त्यहाँ **भगवानले** भिक्षुहरूलाई "**भिक्षु हो** !" भनी आमन्त्रण गर्नुभयो। "भदन्त" भनी भिक्षुहरूले भगवानलाई प्रत्युत्तर दिए। अनि भगवानले भिक्षुहरूलाई यस्तो भन्नुभयो—

"लाभसत्कार तथा यशकीर्ति भनेको अति दरुण, कटु तथा खरो हुन्छ। त्यसैले तिमीहरूले 'उत्पन्न भएको लाभसत्कार र यशकीर्तिलाई छाडनेछौं र उत्पन्न भएको लाभसत्कार र यशकीर्तिलाई चित्तले समात्न लगाउने छैनौं' भनी सिक्नुपर्छ।"

(१) "श्रद्धालु एक पुत्रीको उपासिकाले आफ्नी प्यारी तथा मनपर्ने पुत्रीको असल कामना गर्ने हो भने– 'आर्या ! तिमी **खुज्जुत्तरा उपासिका र वेलुकण्टकी नन्दमाता** जस्ती हुन सकोस्' भनी कामना गर्नुपर्छ।"

---

१. सं. नि. II. पृ. १९६ : एकधीतुसुत्तं, लाभसक्कारसंयुत्तं; अ. क. II. पृ. १५६.

Downloaded from http://dhamma.digital/

(२) "**भिक्षु हो** ! मेरा श्राविका उपासिकाहरूमध्येमा **खुज्जुत्तरा उपासिका र वेलुकण्टकी नन्दमाता** नै मापदण्ड हुन् तथा प्रमाणकर पनि हुन् ।"

(क) 'आर्या ! यदि तिमी घरबार छाडी अनगारिका भई प्रब्रजित हुन चाहन्छचौ भने **क्षेमा** र **उत्पलवर्णा भिक्षुणीहरू** जस्तै हुन सकोस् ।"

(ख) 'भिक्षु हो ! मेरा श्राविका भिक्षुणीहरूमध्येमा **क्षेमा र उत्पलावर्णा भिक्षुणीहरू** नै मापदण्ड हुन् तथा प्रमाणकर पनि हुन् ।"

(ग) 'आर्या ! तिमीलाई शैक्षत्व[१] प्राप्त नभइकन लाभसत्कार तथा यशकीर्ति प्राप्त नहोस् ।' **भिक्षु हो** ! यदि भिक्षुणीलाई शैक्षत्व प्राप्त नभइकन लाभसत्कार तथा यशकीर्ति प्राप्तभयो भने उनलाई बिघ्न हुनसक्छ ।'

"**भिक्षु हो** ! यसप्रकार– लाभसत्कार तथा यशकीर्ति भनेको अति दरुण, कटु तथा खरो हुन्छ । अनुत्तरयोगक्षेम प्राप्तिकोनिमित्त बिघ्नकारक हुन्छ । अतएव तिमीहरूले 'उत्पन्न भएको लाभसत्कार र यशकीर्तिलाई छाडनेछौं तथा उत्पन्न भएको लाभसत्कार र यशकीर्तिलाई चित्तले समात्न लगाउने छैनौ' भनी सिक्नुपर्छ ।"

x x x

---

१. 'शैक्षत्व' भनेको कस्तो हो भन्ने बारेका कुरा लेखकको बु. म. पृ. २१६ को पादटिप्पणीमा उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## ४– आयाचना

"भिक्षु हो ! श्रद्धालु उपासिकाले सम्यक्रूपले आयाचना गर्ने हो भने यसप्रकार आयाचना गर्नुपर्छ– 'त्यस्ती हुन सकौं जस्ती **खुज्जुत्तरा उपासिका** र **वेलुकण्टककी नन्दमाता** छन्'[१] ।

"भिक्षु हो ! मेरा श्राविका उपासिकाहरूमध्येमा **खुज्जुत्तरा** उपासिका र वेलुकण्टककी **नन्दमाता** उपासिका नै तुलादण्ड हुन् तथा प्रमाणकर हुन् ।"

---

१. अं. नि–२, पृ. ८१ : आयाचनावग्गो, अ. क. I. पृ. ३३४; अं. नि–४, पृ. १७५.

Downloaded from http://dhamma.digital/

# १३. श्रद्धा उपासिका

## प रि च य

यी **श्रद्धा** भन्ने उपासिका **श्रावस्तीवासी** हुन् । यिनमा के ठीक के बेठीक र के उचित के अनुचित भनी बुद्धिले सोच्न सक्ने शक्ति थिएन । यिनमा मूढ-श्रद्धा भरिएको थियो । त्यसैले यिनले यस्तो विश्वास गर्थिन् कि जसले मैथुन दान दिन्छ उसले श्रेष्ठ दान दिएको हुन्छ । त्यस्तै अन्धविश्वासले गर्दा उनले त्यस्तै इन्द्रिय संयममा बलियो नभएको भिक्षुलाई प्रलोभन गराएकी थिइन् । उनले के गरेकी थिइन् भन्ने कुरा अगाडि अनुदित मूल सूत्रमा नै प्रष्ट उल्लेख भएको छ ।

x x x

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## अन्धभक्ति

त्यस समय **श्रावस्तीमा** मुग्धा प्रसन्ना **श्रद्धा** नामकी उपासिका थिइन्[1]। "जसले मैथुन-दान दिन्छ उसले श्रेष्ठ-दान दिएको हुन्छ" भन्ने कुरामा उनी विश्वास गर्दथिन्। अनि भिक्षुलाई देखेर उनले भनिन्– "भन्ते ! आउनुहोस्, मैथुन गरौं।"

"भगिनी ! भइहाल्यो यो उचित छैन (**न कप्पति**)।"

"भन्ते ! आउनुहोस्, तिघ्राका बीचमा सुम्सुम्याउनुहोस्। यसो गर्दा तपाईलाई दोष (= **आपत्ति**) लाग्ने छैन। भन्ते ! आउनुहोस्, हातले चलाएर मोचन गर्नेछु। यसरी तपाईलाई दोष लाग्ने छैन।"

ती भिक्षुले त्यसै गरे। अनि उनलाई "के म **पाराजिका** त भइन ?" भन्ने शङ्का लागेपछि उनले भगवानसँग सोधे। भगवानले "भिक्षु ! **पाराजिका** त भएका छैनौ किन्तु **संघादिशेष** दोष लागेको छ" भनी भन्नुभयो।

---

१. पारा. पा. पृ. ४९ : विनीतवत्थु; पठमपाराजिकं।

Downloaded from http://dhamma.digital/

# १४. सुजाता (बुहारी)

## प रि च य

'**सुजाता**' नाम लिने बित्तिकै पाठकहरूको मनमा बौद्धसाहित्यसँग परिचित भएका भगवान बुद्धलाई क्षीर प्रदान गर्ने '**सुजाता**' भन्ने लाग्न सक्छ। तर यो होइन। जसको परिचय दिने प्रयास यहाँ गरिएको छ सो **सुजाता विशाखा** महाउपासिकाकी बहिनी हुन्। पालिसाहित्यमा **सुजाता** भन्ने कति छन् भन्ने बारेमा मैले बु. म. भा–१, पृ. १४ मा संग्रह गरिसकेको छु।

यिनी **अंग देशकी भद्रीय नगरवासी धनञ्जय सेठकी** छोरी हुन्। यिनी **विशाखा** महाउपासिकाकी बहिनी हुन् । यिनको विवाह बडो धुमधामका साथ **अनाथपिण्डिक** महाजनको छोरा **काल**[१]

---

१. पालिसाहित्यमा 'काल' भन्नेसँग विवाह भएको कुरा लेखेको छैन। केवल अनाथपिण्डिकको छोरासँग भन्ने मात्र छ। 'काल' भन्ने छोरा बाहेक अनाथपिण्डिकको अरू छोरा नभएकाले मैले कालको नाम राखिदिएको हुँ।

Downloaded from http://dhamma.digital/

भन्नेसँग भएको थियो । धनी कुलकी भएकीले यिनी सारै घमण्डी थिइन् । दिदी हुने **विशाखाको** जस्तो सुविनीत स्वभाव यिनमा थिएन । सासु, ससुरा, पति आदिलाई यिनी सम्मान गर्दैन थिन् । उनीहरूको वचन नसुन्ने मात्र होइनन् उनीहरूलाई गिन्ति पनि गर्दैनथिन् । यिनी क्रोधी मात्र होइनन् कठोर भाषिणी पनि थिइन् । घरका मानिसहरूलाई गालिगलोत मात्र होइन पिट्दै हिड्न पनि हिच्किचाउन्नथिन् । कुनै प्रति गर्नु पर्ने कर्तव्य पनि पालन गर्दैनथिन् । बडो उच्छ्रिखल स्वभावकी थिइन्[१] ।

एकदिन भिक्षुसङ्घ सहित **अनाथपिण्डकको** घरमा भगवान जानु भई धर्मोपदेश गरिरहनु भएको थियो । त्यसबेला **अनाथपिण्डककी** बुहारी **सुजाता** घरका नोकरहरूसँग झगडा गरी कराइरहेकी थिइन् । हल्लागुल्लाको आवाज सुनेर अगाडि बसिरहेका **अनाथपिण्डकसँग** "यो केको हल्लागुल्ला हो ?" भनी भगवानले सोध्दा **अनाथपिण्डकले** "भन्ते ! बुहारी **सुजाता** साह्रै दुर्विनीता छे । उसैको यो आवाज हो । ऊ न बुद्धलाई आदर गर्छे न सङ्घलाई । श्रद्धा भनेको अलिकता पनि छैन । रातदिन झगडा मात्र गरिरहन्छे" भनी भने । अनि भगवानले "त्यसोभए उनलाई बोलाऊ" भनी

---

१. जा. अ. क. I–II. पृ. ६१० : सुजाताजातकं, नं. २६९; अं. नि. अ. क. II. पृ. ७२४ : भरियासुत्तवण्णना, सत्तकनिपात, अब्याकतवग्गो ।

Downloaded from http://dhamma.digital/

भन्नुभयो । बोलाए पछि उनी आएर वन्दना गरी एक छेउमा बसिन्[1] । एक छेउमा बसेकी **सुजातासँग** भगवानले "सुजाता ! यहाँ सात प्रकारका भार्याहरू छन् । त्यसमध्ये तिमी कुन प्रकारकी भार्या हौ ?" भनी सोध्नु भएपछि उनले "भन्ते ! भगवानले भन्नुभएको यो संक्षेप कुराको अर्थ म बुझ्न सक्दिन । कृपया भगवानले विस्तृतरूपमा बताउनु भए बेश हुने थियो" भनी अनुरोध गरेपछि **शास्ताले** "त्यसोभए राम्ररी सुन" भनी अगाडि अनुदित सूत्रको कुरा बताउनु भयो । **शास्ताले** सात प्रकारका भार्याहरूका कुरा सुनाउँदा सुनाउँदै **सुजाता** स्रोतापन्न भइन्[2] । अन्तमा **सुजाता** त्यहाँदेखि सुविनीता भइन् । उनले भगवानसँग क्षमा पनि मागिन् । उनले यो पनि भनिन् कि अब उप्रान्त मलाई दास समान भार्या भनी सम्झनुहोस् । उनी शरण-शीलमा पनि प्रतिष्ठित भइन्[3] ।

अनि भगवान **जेतवनमा** जानु भएपछि भिक्षुहरूले "भगवानले एकै उपदेशद्वारा **सुजातालाई** विनीत पार्नु भयो" भनी कुरा गरे ।

---

१. अं. अ. क. II. पृ ७२४ : भरियासुत्तवण्णनामा चाहिं अघिनै आएर एक ठाउँमा उभिएर अनाथपिण्डिकले बुद्धलाई के कुरा सुनाउँदा रहेछन् भनी लुकेर सुनिरहेकी थिइन् भनी उल्लेख भएको छ ।

२. जा. अ. क. I-II. पृ. ६१२ : सुजाताजातकं, नं. २६९.

३. जा. अ. क. I-II. पृ. ६१० : सुजाताजातकं, नं. २६९; अं. अ. क. II. पृ. ७२४ : भरियासुत्तवण्णना, अब्याकतवग्गो ।

Downloaded from http://dhamma.digital/

**शास्ताले** यसै प्रसंगमा “भिक्षु हो ! अहिले मात्र होइन अघि पनि उनलाई मैले एकै उपदेशद्वारा विनीत पारेको थिएँ” भन्नुहुँदै **सुजाता जातकको**[१] कुरा सुनाउनु भयो ।

x x x

Dhamma.Digital

१. जा. अ. क. I-II. पृ. ६१०, नं. २६९.

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## सात प्रकारका भार्याहरू

एकदिन **भगवान** पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी जहाँ **अनाथपिण्डिक गृहपतिको घर हो** त्यहाँ जानुभयो[1] । त्यहाँ पुगेपछि बिच्छ्याइराखेको आसनमा बस्नुभयो ।

त्यसबखत **अनाथपिण्डिक गृहपतिको घरमा** मानिसहरू चिच्च्याउँदै कराउँदै थिए । अनि **अनाथपिण्डिक गृहपति** जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका **अनाथपिण्डिक गृहपतिसँग भगवानले** (**यस्तो**) **सोध्नुभयो**—

"**गृहपति** ! तिम्रो घरमा मानिसहरू माछा समात्न लागेका माझीहरू झैं चिच्च्चयाउँदै कराउँदै छन् नि क्याहो ?"

"**भन्ते** ! यी घरकी बुहारी **सुजातालाई** धनी कुलबाट ल्याएको हुँ । ऊ न सासुको कुरा सुन्छे, न ससुराको कुरा सुन्छे, न पतिको कुरा सुन्छे, न त भगवानलाई नै सत्कार गौरव, मान तथा पूजा गर्छे ।"

---

१. अं. नि–७, पृ. २२३ : भरियासुत्तं, अब्याकतवग्गो; अ. क. II. पृ. ७२३.

Downloaded from http://dhamma.digital/

अनि **भगवानले** घरकी बुहारी **सुजातालाई** आमन्त्रण गर्नुभयो—

"**सुजाते** ! यता आऊ ।"

"**हवस्, भन्ते** !" भन्दै घरकी बुहारी **सुजाता** भगवानको कुरा सुनी जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एक छेउमा बसिन् । एक छेउमा बसेकी घरकी बुहारी **सुजातासँग** भगवानले (यस्तो) सोध्नुभयो—

"**सुजाते** ! पुरुषका सात प्रकारका भार्याहरू हुन्छन् । कुन सात भने ?– (१) **वधक समान भार्या**, (२) **चोर समान भार्या**, (३) **मालिकनी समान भार्या**, (४) **माता समान भार्या**, (५) **भगिनी समान भार्या**, (६) **सखी समान भार्या तथा** (७) **दासी समान भार्या ।**"

"**सुजाते** ! पुरुषका यिनै सात प्रकारका भार्याहरू हुन्छन् । यिनीहरूमध्ये तिमी कुन प्रकारकी भार्या हौ ?"

"**भन्ते** ! भगवानले संक्षेपरूपमा भन्नुभएको यी कुराहरूको अर्थ मैले विस्तारपूर्वक बुझ्न सकिन । **भन्ते** ! अतएव भगवानले त्यस्तो किसिमले उपदेश गर्नुभए बेश हुने थियो जुन किसिमले उपदेश गर्नुहुँदा भगवानले संक्षेपरूपमा भन्नुभएको उपदेशको अर्थ विस्तारपूर्वक म बुझ्न सकूँ ।"

"**सुजाते** ! त्यसोभए सुन । राम्ररी मन लगाऊ । भन्नेछु ।"

Downloaded from http://dhamma.digital/

“**हवस्, भन्ते** !” भनी घरकी बुहारी **सुजाताले** भगवानलाई प्रत्युत्तर दिएपछि भगवानले यस्तो भन्नुभयो—

१. “पदुट्ठचित्ता अहितानुकम्पिनी,
अञ्ञेसु रत्ता अतिमञ्ञते पतिं ।
धनेन कीतस्स वधाय उस्सुका,
या एवरूपा पुरिसस्स भरिया ।
‘वधा[1] च भरिया ति च’ सा पवुच्चति ॥”

**अर्थ—**

१– “जो स्त्री प्रदुष्ट चित्त राखी अहितानुकम्पी भई पतिलाई अवहेलना गरी अरू (पुरुष) प्रति अनुरक्त हुन्छे र धनले किनेका (स्त्री) लाई जो हिंसागर्न चाहन्छे– त्यस्ता प्रकारका पुरुषकी भार्यालाई ‘**वधकी पनि भार्या पनि**’ भनिन्छ ।”

२. “यं इत्थिया विन्दति सामिको धनं,
सिप्पं वणिज्जं च कसिं[2] अधिट्ठहं[2] ।
अप्पं पि तस्स[3] अपहातुमिच्छति,

---

१. सिंहल, स्याम र रोमनमा : ‘वधका’ ।
२–२. स्याममा : ‘कसिमधिट्ठहि’ ।
३. स्याममा : ‘तस्मा’ ।

Downloaded from http://dhamma.digital/

या एवरूपा पुरिसस्स भरिया ।
'चोरी[1] च भरिया ति च' सा पवुच्चति ॥"

**अर्थ—**

२– "जो स्त्रीले शिल्प, वाणिज्य, कृषि आदिद्वारा कमाइल्याएको स्वामीको धन परिभोग गर्छे जसले त्यस धनसम्पत्तिबाट चोरीगरी लिन चाहन्छे– त्यस्ता प्रकारका पुरुषकी भार्यालाई '**चोरनी पनि भार्या पनि**' भनिन्छ ।"

३. "अकम्मकामा अलसा महग्घसा,
फरुसा च चण्डी दुरुत्तवादिनी ।
उट्ठायकानं[2] अभिभुय्य वत्तति,
या एवरूपा पुरिसस्स भरिया ।
'अय्या च भरिया ति च' सा पवुच्चति ॥"

**अर्थ—**

३– "जो स्त्री कामगर्न चाहन्न, जो महा अलसी हुन्छे, जो पुरुष भाषिणी हुन्छे, जो चण्ड स्वभावकी हुन्छे, जो मुखाले स्वभावकी हुन्छे तथा जसले उत्साही पुरुषहरूलाई दबाउँन खोज्छे– त्यस्ता प्रकारका पुरुषकी भार्यालाई '**मालिकनी पनि भार्या पनि**' भनिन्छ ।"

---

१. स्याममा : 'चोरा' ।
२. सिंहलमा : 'उट्ठायकामं' ।

Downloaded from http://dhamma.digital/

४. "या सब्बदा होति हितानुकम्पिनी,
माता व पुत्तं अनुरक्खते पतिं ।
ततो धनं सम्भतमस्स रक्खति,
या एवरूपा पुरिसस्स भरिया ।
'माता च भरिया ति च' सा पवुच्चति ॥"

**अर्थ—**

४– "जो स्त्री सदैव हितानुकम्पिनी हुन्छे, आमाले छोरालाई हेरचाह गर्ने झैं जसले स्वामीलाई हेरचाह गर्छे र जसले ल्याएको धनसम्पत्तिको पनि सुरक्षा गर्छे– त्यस्ता प्रकारका पुरुषकी भार्यालाई '**आमा पनि भार्या पनि**' भनिन्छ ।"

५. "यथा पि जेट्ठा भगिनी कनिट्ठका[1],
सगारवा होति सकम्हि सामिके ।
हिरीमना भत्तुवसानुवत्तिनी,
या एवरूपा पुरिसस्स भरिया ।
'भगिनी च भरिया ति च' सा पवुच्चति ॥"

**अर्थ—**

५– "जेठी कान्छी दिदी बहिनीहरूले परस्पर गौरव राखे झैं जसले आफ्नो स्वामी प्रति गौरव राख्छे जो लज्जालुभई स्वामीको

१. सिंहलमा : 'कणिट्ठा'; स्याममा : 'कनिट्ठा' ।

Downloaded from http://dhamma.digital/

वशमा बस्छे– त्यस्ता प्रकारका पुरुषकी भार्यालाई ‘**बहिनी पनि भार्या पनि**’ भनिन्छ ।”

६. “या चीध दिस्वान पतिं पमोदति,
सखी सखारं व चिरस्समागतं ।
कोलेय्यका सीलवती पतिब्बता,
या एवरूपा पुरिसस्स भरिया ।
‘सखी च भरिया ति च’ सा पवुच्चति ॥”

**अर्थ—**

६– “चिरकाल पछि भेटिने साथी देख्दा प्रमुदित हुने साथी झैं जो स्त्री कुलीन हुन्छे, शीलवती हुन्छे तथा पतिव्रता हुन्छे– त्यस्ता प्रकारका पुरुषकी भार्यालाई ‘**सखि पनि भार्या पनि**’ भनिन्छ ।”

७. “अक्कुद्धसन्ता वधदण्डतज्जिता,
अदुट्ठचित्ता पतिनो तितिक्खति ।
अक्कोधना भत्तुवसानुवत्तिनी,
या एवरूपा पुरिसस्स भरिया ।
‘दासी च भरिया ति च’ सा पवुच्चति ॥”

**अर्थ—**

७– “आफूलाई कूट-पीट गरी तर्जन गरेता पनि जो स्त्री स्वामी प्रति न रिसाइ शान्त हुन्छे जो मन नबिगारी तथा अक्रोधिनीभई

Downloaded from http://dhamma.digital/

स्वामीको वशमा बस्छे– त्यस्ता प्रकारका पुरुषकी भार्यालाई '**दासी पनि भार्या पनि**' भनिन्छ ।"

८. "या चीध भरिया 'वधका' ति वुच्चति,
'चोरी च अय्या ति च' या[१] पवुच्चति ।
दुस्सीलरूपा फरुसा अनादरा,
कायस्स भेदा निरयं वजन्ति ता ॥"

**अर्थ—**

८– "जुन स्त्रीहरू यहाँ '**वधका**, **चोरी** तथा **मालिक्नी**' समान हुन्छन्– त्यस्ता दुश्शीली, पुरुष भाषिणी तथा स्वामी प्रति अनादर गर्ने भार्याहरू शरीरछाडी मृत्युपछि नर्कमा जान्छन् ।"

९. "या चीध 'माता भगिनी सखी' ति च,
'दासी च भरिया ति च' सा पवुच्चति ।
सीले ठितत्ता चिररत्तसंवुता,
कायस्स भेदा सुगतिं वजन्ति ता'ति ॥"

**अर्थ—**

९– "जुन स्त्रीहरू यहाँ '**माता**, **भगिनी** तथा **सखी**' समान

१. स्याम र रोमनमा 'सा' ।

Downloaded from http://dhamma.digital/

हुन्छन् र 'दासी' समान पनि हुन्छन्– त्यस्ता शीलवती चिरकाल संयमी भार्याहरू शरीरछाडी मृत्युपछि सुगतिमा जान्छन् ।"

"**सुजाते** ! पुरुषका सात प्रकारका भार्याहरू यीनै हुन् । त्यसमध्ये तिमी कुन प्रकारकी (भार्या) हौ ?"

"**भन्ते** ! भगवानले मलाई आजदेखि '**दासी समानकी भार्या हो**' भनी स्वीकार गर्नुहोस् ।"

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# १५. सुन्दरी परिब्राजिका

## प रि च य

### भगवानको लाभसत्कार

अगाडि अनुदित पहिलो सूत्रमा उल्लेख भए अनुसार भगवान तथा भिक्षुसङ्घको लाभसत्कार देखेर सहन नसकी **सुन्दरी** परिब्राजिकाकहाँ गई अन्य **तीर्थियहरूले** जे जस्तो गरे ती सबै कुरा मूल सूत्रमै प्रष्टसँग उल्लेख भएका छन् ।

त्यसबखत भगवान तथा उहाँका भिक्षुसङ्घलाई निक्कै लाभसत्कार को ओहिरो लागेको थियो । महिनौं पर्खेर बस्दा पनि दानदिने मौका नपाएको कुरा **महावग्गपालिमा** उल्लेख भएको पाइन्छ । जस्तै—

"एक समय भगवान **राजगृह** नजिकको **अन्धकविन्द**[1] भन्ने गाउँतिर साँढे बाह्रशय भिक्षुहरूका साथ चारिका गर्दै हुनुहुन्थ्यो ।

---

१. हेर लेखकको बु. गृ. भा–१, पृ. १७५ को पादटिप्पणीमा ।

Downloaded from http://dhamma.digital/

त्यसबखत जनपदका मानिसहरू गाडामा नून, तेल, चामल आदि खादय पदार्थ राखी जहिले मौका पाइनेछ उहिले दान दिनेछु भन्दै भगवानको पछि पछि लाग्दै हिडिंरहेका थिए । क्रमैसँग भगवान **अन्धकविन्दमा** पुग्नुभयो। क्रमैसित पर्खंदा पर्खंदा पनि दान दिने पालो पाउन नसकेपछि एक ब्राह्मणको मनमा यस्तो लाग्यो– 'पर्खंदा पर्खंदा दुइ महीना बितिसक्दा पनि मैले पालो पाउन सकेको छैन । म भने एक्लो मानिस छु । मेरो घरको काम धेरै नोक्सान भइसक्यो । अत: भोजन पकाउने ठाउँमा हेर्नुपऱ्यो। जो त्यहाँ छैन सो पदार्थ दिनेछु।' यति सोचेर उनी भोजनालयमा हेर्न जादाँ उनले यागु र गुलियो लड्डु देखेनन्। अनि **आनन्द** महास्थविर मार्फत् भगवानको अनुमति लिई उनले ती वस्तुहरू तयार पारी भगवान सहित भिक्षुसङ्घलाई अर्पण गरे। भगवानले उनलाई यागुको दशगुणको बारेमा अनुमोदनधर्मोपदेश सुनाउनु भयो[1] ।"

अर्को उदाहरण—

"**चुन्द** ! आजकल यो लोकमा जति **शास्ताहरू** छन् तिनीहरू कसैले पनि मैले जस्तो लाभसत्कार पाएको देख्दिन। जति सङ्घहरू आजकल यो लोकमा छन् ती कसैले पनि मेरो सङ्घले जति लाभसत्कार पाएको म देख्दिन[2] ।"

---

१. महा. व. पा. पृ. २३७ : यागुमधुगोलकानुजानना, भेसज्जक्खन्धकं ।

२. दी. नि. III. पृ. ९८ : पासादिकसुत्तं । यस सूत्रको अनुवाद लेखकको बु. प. भा–१, पृ. २९६ मा उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital/

चार असंख्य र एकलाख कल्प अघिदेखि पूरा गर्दै आउनु भएको पुण्यसम्भारको फल "अब उप्रान्त हामीले फल दिन सक्ने छैनौं" भन्ने जस्तो गरी सबै दिशातिर महामेघ सहित महान वर्षा हुने जस्तै गरी सबै पारमीको पुण्यफल एकै पिण्डगरी दिने जस्तो गरी त्यस समयमा भगवानले धेरै धेरै लाभसत्कार प्राप्त गर्नुभएको थियो। यति मात्र होइन अझ हातमा खादच-भोज्य तथा पुष्प धुपादि लिई क्षत्री, ब्राह्मण आदि "**बुद्ध** कहाँ हुनुहुन्छ ? **भगवान** कहाँ हुनुहुन्छ ? **देवातिदेव** कहाँ हुनुहुन्छ ?" आदि भन्दै भगवानलाई खोजेर हिड्छन्। शयकडौं गाडामा खादच-भोज्य राखी गाडाले गाडा छुनेगरी लाम लगाई गाउतौं[1] टाढासम्म बसेर पनि दान दिने मौका नपाएर महीनौं बिताउँदै भगवानको पछि पछि पनि लागेर जान्थे[2]। त्यसैले अगाडि अनुदित पहिलो सूत्रमा "भगवान सत्कृत्य, गुरुकृत्य...हुनुहुन्थ्यो" भनी उल्लेख भएको हो।

## अन्य तीर्थियहरूको ईर्ष्या

अन्य **तीर्थियहरूको** लाभसत्कारबाट परिहीन भई सूर्यको अगाडि जुनकिरी निस्तेज भए जस्तै भएका थिए[3]। त्यसैले उनीहरूले सहन

---

१. कति टाढालाई एक गाउत भनिन्छ भन्ने कुरा लेखकको बु. म. भा–१, पृ. ३८ को पादटिप्पणीमा उल्लेख भएको छ।

२. उदा. अ. क. पृ. ७७ : सक्कारसुत्तवण्णना, मुचलिन्दवग्गो।

३. धम्म. प. अ. क. पृ. ७१० : सुन्दरी परिब्बाजिकावत्थु, निरयवग्गो।

Downloaded from http://dhamma.digital/

नसकेका हुन् । यस्तो बिघ्न अलाभी भएपछि के गरौं भन्ने लागेपछि बुद्ध प्रति कुनै लाञ्छना लगाई बुद्धको बथ्वाइँ गरेका शायद त्यो लाभसत्कार हामीकहाँ आउनेछ भन्ने ठानी उनीहरू त्यस नगरबासी **सुन्दरी** भन्ने परिब्राजिका बस्ने ठाउँमा गएका हुन् ।

**सुन्दरी** भन्ने त्यसको नाम हो । त्यसबखत **श्रावस्तीमा** भएका परिब्राजिकाहरूमध्ये यो परिब्राजिका अत्यन्त सुन्दरी तथा दर्शनीया थिई। यो स्वेतवस्त्रधारी परिब्राजिका थिई[1] । त्यसैले उसलाई सुन्दरी भनेका हुन् । ऊ **सुन्दरी** भए जस्तै युवती तथा असंयमी पनि थिई । त्यसैले उनीहरू उसकहाँ गएका हुन् ।

**सुन्दरीकहाँ** जानुभन्दा अगाडि एकत्रित भई **तीर्थियहरूले** यस्तो कुरा गरे– "**श्रमण गौतम** उत्पन्न भएदेखि हामीहरू विनाश हुन थाल्यौं । लाभसत्कारबाट पनि पतन भयौं । हामी छौं वा छैनौं भनेर पनि कसैले वास्ता राखेनन्[2] । के कारण देखेर यी लोकवासीहरूले **श्रमण गौतम** माथि प्रसन्न भई यत्रो उदारतापूर्वक सम्मान गरेका होलान् ?"

त्यसमध्ये एउटाले भन्यो– "उच्च कुलीन भएकोले ।" अर्कोले भन्यो– "उनी जन्मिंदा धेरै आश्चर्यजनक घटनाहरू घटेकाले ।" अर्कोले भन्यो– "**कालदेवललाई** बन्दना गराउँदा उनको खुट्टा फर्केर उनको

१. सुत्त. नि. अ. क. II. पृ. ३६६ : दुट्ठट्ठकसुत्तवण्णना, अट्ठकवग्गो ।

२. उदा. अ. क. पृ. १८० : सुन्दरी सुत्तवण्णना, मेघियवग्गो; धम्म. प. अ. क. पृ. ७१० : सुन्दरी परिब्बाजिकावत्थु, निरयवग्गो ।

Downloaded from http://dhamma.digital/

जटामा परेको हुनाले ।" अर्कोले भन्यो– "रोपाइँको समयमा जमुनाको रूखको छाँया नसरेको हुनाले ।" फेरी अर्कोले भन्यो– "अभिरूप तथा दर्शनीय भएकाले ।" अझै अर्कोले भनयो– "चार निमित्त (= दृश्य) देखेर त्यत्रो राज्य श्रीसम्पत्ति त्यागेर प्रब्रजित भएको हुनाले ।" यसरी उनीहरूले आफूले जानेका तथा सुनेका कारणहरूबारे चर्चा गरे । तर उनीहरूले बुद्धका अनेक नैसर्गिक तथा विशुद्ध लाकोत्तर गुणको प्रभावले भएको हो भन्ने कुरा चाहिं सम्झन सकेनन् । यसरी भगवानलाई लाभसत्कार भएको कारण के होला भनी खोज्दा पनि यथार्थ कारण पत्ता लगाउन नसकी केवल ईर्ष्या र डाहको कारणले "कसरी **श्रमण गौतमको** लाभ-सत्कारलाई विनाश पार्ने" भन्ने कुरा मात्र उनीहरूले सोचे । त्यसमध्ये एक कटुभाषी पुरुषले यस्तो भन्यो– "हे पुरुष हो ! यो लोकमा स्त्रीको सुखमा नफस्ने प्राणीहरू कुनै छैनन् । यी **श्रमण गौतम** अभिरूप दर्शनीय तथा तन्नेरी पनि छन् । आफ्नो रूप समान रूप हुने स्त्री पाएमा अनुरक्त हुनसक्छन् । अनुरक्त नभएपछि उनीमाथि महाजनहरूको आशंका त हुनसक्छ । अतः हामीहरूले **सुन्दरी** परिब्राजिकालाई यस काममा लगाउन पर्छ ताकि **श्रमण गौतमको** अपयश फैलियोस् ।"

यो सुनेर "तिमीले ठिकै भन्यौ" भनी सबैले भने र "यस्तो गर्दा अपयशद्वारा हैरान तथा भयभीत भई **श्रमण गौतम** टाउको पनि ठाडो पार्न सक्ने छैनन् र कतै भागेर जानेछन्" भनी भने । सबैको एक राय भएपछि उनीहरू **सुन्दरी परिब्राजिकाकहाँ** गएका हुन्[१] ।

---

१. उदा. अ. क. पृ. १८० : सुन्दरी सुत्तवण्णना, मेधियवग्गो ।

Downloaded from http://dhamma.digital/

उनीहरू सबै आएका देखेर **सुन्दरीले** "किन तपाईहरू एकसाथ आउनु भएको हो ?" भनी सोधी। केही नबोली उनीहरू आरामको एक छेउमा गई बसे। त्यहाँ गएर उसले बार बार सोध्दा पनि उनीहरूले केही नबोलेको देखेर उसले "तपाईहरूमाथि मैले के अपराध गरें र ? किन मसँग केही नबोल्नु भएको ?" भनी सोधी।

"हामीलाई दु:खकष्ट दिंदा पनि तिमी चुपलागेर बसेकीछ्यौ।"

"तपाईहरूलाई कसले दु:ख कष्ट दियो र ?"

"देख्दिनौ ? हामीहरूको सबै लाभसत्कार हरण गरी हामीलाई लाभसत्कारबाट वञ्चित गर्दै **श्रमण गौतम** हिडदै छन्।"

"त्यसो भए यस विषयमा मैले के गर्नुपर्‍यो त ?"

"तिमी सँधै **जेतवनमा** गएर महाजनहरूलाई यस्तो यस्तो भन" भनी सिकाए।

उसले स्वीकारेपछि उनीहरूले फेरी जोड दिएर भने– "साँच्चै तिमीले यो काम गर्न सक्छचौ त ? ज्ञातिहरूको हित गर्न सक्छचौ त ?"

"किन नसक्नु नि। आफ्ना ज्ञातिहरूका निमित्त ज्यान पनि दिन सक्छु।"

"यदि ज्ञातिहरूको निमित्त ज्यान पनि दिन सक्छचौ भने जस्तो गर्दा **श्रमण गौतमको** अपयश फैलिने हो त्यसो गर। तिमी अभिरूपिणी

Downloaded from http://dhamma.digital/

र तरुणी पनि छचौ । अतः सँधै **जेतवनमा** गएर **श्रमण गौतमको** अपयश फैलाऊ[१] ।

## सुन्दरीको हत्या

करौंतीमा फूलको लता खेलाउने झैं यौवन मदमत्तताले गर्दा बहुला तथा प्रचण्ड हात्तीको सूँडलाई हातले समात्ने झैं मृत्युलाई टाउकोमा थाप्ने झैं **तीर्थियहरूको** कुरा सुनी मालागन्ध विलेपन आदि लिएर **शास्ताको** धर्मोपदेश सुनी महाजनहरू फर्केर आउने बेलामा यो अज्ञानी **सुन्दरी जेतवन विहारतिर** जानथाली ।

अनि मानिसहरूले "यसबेला कहाँ जान्छचौ ?" भनी सोध्दा "**श्रमण गौतमकहाँ** जाँदैछु । म उहाँसँग एउटै **गन्धकुटीमा** बस्छु र भिक्षुहरूसँग पनि अभिरमण गर्छु" भन्दै **जेतवन** भित्र गई जेतवनको ढोका थुन्ने बेलामा त्यहाँबाट बाहिर निस्की समीपको एक तीर्थिय आराममा बसी भोलिपल्ट बिहान सबेरै **जेतवनकै** बाटो गरी आउन थाली । अनि महाजनहरूले "**सुन्दरी** ! कहाँ गएकी थियौ ?" भनी सोध्दा "**श्रमण गौतमसँग** एउटै गन्धकुटीमा बसी अभिरमण गराई

---

१. उदा. अ. क. पृ. १८१ : सुन्दरीसुत्तवण्णना, मेधियवग्गो; धम्म. प. अ. क. पृ. ७१० : सुन्दरीपरिब्बाजिकावत्थु, निरयवग्गो; जा. अ. क. I- II. पृ ६५२–५३ : मणिसूकरजातकं, नं. २८५.

Downloaded from http://dhamma.digital/

आएकी हुँ" भन्छे[1] । **सुत्तनिपात अट्ठकथा** (पृ. ३६६) ले चाहिं बिहान सबेरै **जेतवनमा** गई फूल आदि टिपने जस्तो गरी हिंडछे भनी उल्लेख गरेको छ ।

**सुन्दरीको** यस कथाद्वारा बुद्धको निक्कै अपवाद भएको थियो र यतिले पनि चित्त नबुझेपछि **सुन्दरीको** हत्या गराएको थियो भनी **अपदानट्ठकथा** (पृ. ९९) ले उल्लेख गरेको छ ।

यसरी आवत जावत गरिरहेको आधा महीना[2] बितेपछि ती **तीर्थियहरूले** "**सुन्दरीलाई** काटी जेतवन समीपको फूलहरू फाल्ने खाडलमा राखी छोपेर आऊ" भनी धूर्तहरूलाई पैसा दिए । उनीहरूले त्यसै गरिदिए । अनि "**सुन्दरी** देखिन्न नि" भनी होहल्ला मच्चाई राजदरबार गई **प्रसेनजित् कोशल राजालाई** बिन्ति गरे ।

राजाले "तिमीहरूको कहाँ आशंका लाग्छ ? भनी सोध्दा उनीहरूले "आजकल ऊ **जेतवनमै** बस्ने गर्थी र उहींबाट ऊ गायब भई" भने ।

"त्यसोभए त्यहाँ गएर खोज" भनी राजाले वचन दिएपछि **जेतवनमा** गई खोज तलास गरे जस्तो गरी छोपीराखेको ठाउँबाट **सुन्दरीको** मृत शरीर निकालेर खाटमा राखी नगरमा ल्याई "**श्रमण**

---

१. उदा. अ. क. पृ. १८१; धम्म. प. अ. क. पृ. ७१०; जा. अ. क. I-II. पृ. ६५३.

२. सुत्त. नि. अ. क. पृ. ३६६ : दुट्ठट्ठकसुत्तवण्णना, अट्ठकवग्गो ।

Downloaded from http://dhamma.digital/

**गौतमका** श्रावकहरूले **श्रमण गौतमको** पापकर्म छोप्नको लागि **सुन्दरीलाई** मारी फूलहरू फाल्ने खाडलमा गाडेका रहेछन्" भन्दै कराउँदै राजाकहाँ गई उनीहरूले बिन्ति गरे। राजाले उनीहरूलाई "नगरमा घुमाउन लैजाओ" भनी भने। उनीहरू सो शबलाई सडक सडकमा घुमाई "हेर **श्रमण गौतमको** काम !" भन्दै अनेक प्रकारले निन्दा गरी फेरी राजदरबारमै फर्के। राजाले **सुन्दरीको** शबलाई मशानमा पाले बस्ने सत्तलमा सुरक्षापूर्वक राख्न लगाए[1]।

**श्रावस्तीवासी** आर्यश्रावकहरू बाहेक अरू सबैले "हेर, हेर ! श्रमण शाक्यपुत्रहरूको काम !!" भनी नगर भित्र, नगर बाहिर तथा उपवनहरूमा भिक्षुहरूलाई गालि गर्दै हिड्न थाले[2]। यो कुरा सुनी भिक्षुहरूले **तथागतसँग** बिन्ति गरे। **तथागतले** "त्यसो भए तिमीहरूले पनि यसो भन" भनी निम्न गाथा बताउनु भयो[3]—

"अभूतवादी निरयं उपेति,
यो चापि कत्वा नकरोमी'ति चाह।
उभोपि ते पेच्च समा भवन्ति,
निहीनकम्मा मनुजा परत्थ॥"

---

१. उदा. अ. क. पृ. १८२; धम्म. प. अ. क. पृ. ७११; जा. अ. क. I-II. पृ. ६५३.

२. अप. दा. अ. क. पृ. ९९ : बुद्धापदान अट्ठकथा।

३. उदा. अ. क. पृ. १८२; जा. अ. क. I-II. पृ. ३५३; धम्म. प. अ. क. पृ.७११.

Downloaded from http://dhamma.digital/

यसको अर्थ अगाडि अनुदित पहिलो सूत्रमा उल्लेख भएको छ।

मानिसहरूले गालि गर्दा जब भिक्षुहरूले उक्त गाथा मैत्रीपूर्वक भन्न थाले तब बुद्धिमान मानिसहरू चुपलागे। यति मात्र होइन साधारण मानिसहरूको मनमा पनि **तीर्थियहरूको** प्रचारमाथि आशंका उत्पन्न हुनथाल्यो र विरक्त पनि हुनथाल्यो। उनीहरूले यस्तो पनि सोच्नथाले– "यी **तीर्थियहरूले** जुन अपवादको कुरा सुनाउँदै छन्– यो हामीहरूले देखेका छैनौं। सुनेको कुरा सत्य पनि हुन सक्छ असत्य पनि। यी **तीर्थियहरू** भिक्षुहरूका अहितकामी तथा अनर्थकारी हुन्। अतः यिनीहरूको मात्र कुरा सुनेर बोल्नु उचित छैन। श्रमणहरूको जीवन बुझ्न गाह्रो छ। त्यहाँदेखि मानिसहरूले त्यस अपवादमाथि ध्यान दिएनन्[१]।

## बुद्धको अधिक लाभ

राजाले **सुन्दरी** मार्ने मानिस पत्ता लगाउने कामको जिम्मा गुप्तचरलाई दिए।

एकदिन **सुन्दरी** मारे बापत पाएको पैसाले धूर्तहरूले मदिरापान गरी परस्पर झगडा गर्दा "एकै पटकमा **सुन्दरीलाई** काटी फूलफाल्ने खाडलमा फाली तिमी अहिले मदिरापान गरी खूब घमण्ड गर्छौ। हुन देऊ, हेरौंला!" भनी तिनीहरूमध्ये एक जनाले भन्यो। गुप्तचर

१. उदा. अ. क. पृ. १८३ : सुन्दरीसुत्तवण्णना, मेधियवग्गो।

Downloaded from http://dhamma.digital/

पुरुषले उसलाई समातेर राजाकहाँ लगे । अनि राजाले उनीहरूसँग "तिमीहरूले **सुन्दरीलाई** मारेका हौ ?" भनी सोधे ।

"देव ! हो ।"
"कसले मार्न लगाएको त ?"
"देव ! अन्य **तीर्थियहरूले** ।"

राजाले **तीर्थियहरूलाई** बोलाउन पठाई उनीहरूबाट "मार्न लगाएका हौ ?" भन्ने साबिती बयान सुनिसके पछि राजाले उनीहरूलाई "**सुन्दरीको** मृत शरीर लिएर 'श्रमण गौतममाथि अपवाद फैलाउने विचारले हामीले **सुन्दरीलाई** मार्न लगाएका हौ। यसमा न **गौतमको** दोष छ न त **गौतमका** श्रावकहरूको नै। यसको दोषी हामी नै हौं' भनी नगर परिक्रमा गर" भनी नगर घुम्न पठाए । उनीहरूले त्यस्तै गरे । महाजनहरूले सत्य कुरा थाहापाए। ती **तीर्थियहरूले** प्राण दण्ड भोगे । त्यहाँदेखि बुद्ध तथा भिक्षुसङ्घको लाभसत्कार झन् झन् बढ्न थाल्यो[१] ।

यसपछि भगवानकहाँ गई प्रसन्नता प्रकट गर्दै "भन्ते ! अब त्यो अपवादको अन्त्य भयो" भनी भिक्षुहरूले विन्ति गरे । त्यसैले अगाडि अनुदित पहिलो सूत्रमा "आश्चर्य हो ! भन्ते ! अद्भूत हो ! भन्ते ! भगवानले यो कति सुभाषित गर्नुभएको हो......" भनी उल्लेख भएको हो ।

---

१. उदा. अ. क. पृ. १८३–८४; जा. अ. क. I-II. पृ. ६५३–५४; धम्म. प. अ. क. पृ. ७११–१२.

Downloaded from http://dhamma.digital/

यो काम **तीर्थियहरूको** हो भनी किन भगवानले अगावै भन्नु नभएको त ? आर्यहरूलाई यो कुराको आवश्यकता थिएन। पृथगजनहरू मध्ये जसले यो कुरामा विश्वास गर्दैन त्यसले उनीहरूको दीर्घकालिक अहित हुन सक्छ भन्ने कुरा बुझी भगवानले भन्नु नभएको हो। यस्तो कुराको विषयमा भविष्यवाणी गर्ने आदत पनि बुद्धमा छैन। परदयाको कारणले यस्ता कुराबाट के कति अकुशल सिद्ध हुन्छ भन्ने विषयतिर नै विचार गर्नुहुन्छ। गरेको कर्मले मौका पायो भने त्यसलाई कसैले रोक्न सक्दैन। झूटो आरोप त निमित्त (= हेतु) मात्र हुन गएको हो भन्ने कुरा बुझ्नुभई उहाँ चुपलागेर बस्नु भएको हो। त्यसैले भनिएको हो—

"न अन्तलिक्खे न समुद्दमज्झे,<br>
न पब्बतानं विवरं पविस्स।<br>
न विज्जती सो जगतिप्पदेसो,<br>
यत्थट्ठितो मुञ्चेय्य पापकम्मा'ति ॥"

**अर्थ—**

"आकाश, समुद्र तथा पर्वतको गुफा जहाँ गएर बसेता पनि आफूले गरेको पापको फलबाट बच्न सकिंदैन।"

अनि त्यसबखत यी सबै कारणलाई बुझ्नुभई भगवानले यो उदान गाथा प्रकट गर्नुभयो[1]। जुन गाथा अगाडि अनुदित पहिलो सूत्रमा उल्लेख भएको छ।

---

१. उदा. अ. क. पृ. १८४ : सुन्दरीवण्णना, मेघियवग्गो।

Downloaded from http://dhamma.digital/

# कर्मको अवशेष भाग

त्यस्तो बिघ्न पारमी पुरागरी पुण्यसम्भारले भरिपूर्ण भएका **तथागतलाई** कस्तो कर्मको प्रभावद्वारा यसरी झूठो आरोप सुन्न परेको होला त भन्ने विषयमा **उदानट्ठकथा** (पृ. १८४) ले मात्र होइन **अपदानट्ठकथा** (पृ. ९८) ले पनि यस्तो लेखेको छ—

"अतीत समयमा उहाँ भगवान **बोधिसत्व** छँदा **मुनाली** भन्ने धूर्त भएर जन्मिनु भएको थियो। कुसंगतको कारणले गर्दा धेरैजसो मूर्खतापूर्ण काम गर्दै हिड्नुहुन्थ्यो। एकदिन उहाँले चीवर पहिरिरहनु भएको **सुरभी** भन्ने **प्रत्येक बुद्धलाई** देख्नुभयो। त्यसै समयमा उहाँसँग एक स्त्री पनि थिई। अनि सो धूर्तले "यी श्रमण अब्रह्मचारी हुन्" भनी झूठो आरोप लगायो। त्यसै कर्मको प्रभावले अनेक जन्मसम्म नरकादि भोग गरी अहिले बुद्ध हुनु भएर पनि अपरापर्य कर्मको प्रभावले **सुन्दरीको** कारणबाट यस्तो झूठो आरोप सुन्न परेको हो[1]।"

यसै कुरालाई **अपदानपालिले** यसरी उल्लेख गरेको छ—

१. "मुनालि नामाहं धुत्तो, पुब्बे अञ्ञासु जातिसु।
पच्चेकबुद्धं सुरभिं, अब्भाचिक्खिं अदूसकं॥"

२. "तेन कम्मविपाकेन, निरये संसरिं चिरं।
बहूवस्ससहस्सानि, दुक्खं वेदेसि वेदनं॥"

---

१. उदा. अ. क. पृ. १८४; अप. दा. अ. क. पृ. ९८.

Downloaded from http://dhamma.digital/

३. "तेन कम्मावसेसेन, इध पच्छिमके भवे ।
अब्भक्खानं मया लद्ध, सुन्दरिकाय कारणा[1] ॥"

**अर्थ—**

१– "अघि एक जन्ममा **मुनाली** धूर्त भएको म नीच कुलमा जन्मेको थिएँ। निर्दोषी **सुरभी** भन्ने **प्रत्येकबुद्धलाई** झूठो आरोप लगाएँ।"

२– "त्यस कर्मको प्रभावद्वारा धेरै समयसम्म नरकमा आवागमन गरें। धेरै हजार वर्षसम्म दुःख भोगें।"

३–"त्यस कर्मको अवशेषले गर्दा यस अन्तिम जन्ममा **सुन्दरीको** कारणबाट मैले भूठो आरोप सुन्न पर्‍यो।"

अर्को एक जन्ममा **बोधिसत्व** ब्राह्मण कुलमा जन्मी धेरैको सम्मान प्राप्तगरी पूजित तपस्वी भई धेरैका आचार्य भएका थिए। त्यसबखत उहाँकहाँ एक पञ्चाभिज्ञ र अष्टसमापत्तिलाभी तपस्वी आएको देखेर ईर्ष्याको कारणले गर्दा उनलाई "कामभोगी, ढोंगी" भनी झूठो आरोप लगाई गालिगरी शिष्यहरूलाई पनि त्यस्तै भनाएका थिए। त्यसैको प्रभावले पनि अहिले **सुन्दरीको** तरफबाट यस्तो अपवाद सुन्न परेको हो भनी **अपदानट्ठकथा** (पृ. ९९) ले लेखेको छ। यसै कुरालाई

१. अप. दा. पा. I. पृ ३७५ : पुब्बकम्मपिलोतिकबुद्धअपदानं, अवटफलवग्गो।

Downloaded from http://dhamma.digital/

**अपदानपालि** ( I. पृ. ३७६) ले "**ब्राह्मणो सुतवा आसिं**..." आदि भनी लेखेको छ ।

त्यस दिन बुद्धचक्षुद्वारा लोकमा हेर्नु भएको बेलामा **तथागतले** "आज **तीर्थियहरूद्वारा** अपयश फैलाउने छन्" भनी जान्नुभई "महाजनहरूले उनीहरूको कुरामा विश्वास राखी म प्रति पापचिताई अपायादि जान नपरोस्" भन्ने विचारले **गन्धकुटीमै** बस्नुभयो र **श्रावस्तीमा** जानु भएन । भगवानको **गन्धकुटी** बन्द भएको देखेर भिक्षुहरू मात्र भिक्षाटनार्थ **श्रावस्तीमा** गए । उनीहरूलाई मानिसहरूले गालिगलोत गरेको सुनेर बुद्धकहाँ गई **आनन्द** स्थविरले "भन्ते ! **तीर्थियहरूले** महा अपयश फैलाउँदै छन्; यहाँबाट अन्त कतै जाऔं; जम्बुद्वीप अति विशाल छ" भनी बिन्ति गर्नुभयो ।

भगवानले "**आनन्द** ! यदि त्यहाँ पनि यस्तैगरी अपयश फैलिएको खण्डमा कहाँ जाने त ?" भनी सोध्नुहुँदा उहाँले "फेरी अन्त जाने" भनी भन्दा भगवानले "**आनन्द** ! न आत्तियौ, पर्खेर बस; यो हल्ला एक हप्ताभन्दा बढता टिक्ने छैन" भनी भन्नुहुँदै उहाँले "**वदन्ति वे दुट्ठमना**...[1]" भनी दुट्ठट्ठकसुत्तको धर्मोपदेश गर्नुभयो ।

यो गाथाद्वारा उपदेश गर्नुभई **शास्ताले** "**आनन्द** ! यस्तो किसिमले गालि गर्दा भिक्षुहरूले के भन्छन् त ?" भनी सोध्नुहुँदा उहाँले "भन्ते ! केही भन्दैनन्" भनी भन्नुभएपछि भगवानले "**आनन्द** ! म शीलवान् हुँ" भनी सबै ठाउँमा चुपलागेर बसेर काम चल्दैन ।

१. सुत्त. नि. पा. पृ. ३९०; अट्ठकवग्गो ।

Downloaded from http://dhamma.digital/

यो लोकमा नबोलिकन कसैले कुरा बुझ्न सक्दैन। यो लोकमा पण्डित अपण्डित दुवै छन्। अतः **आनन्द**! ती भिक्षुहरूले यस्तो प्रत्युत्तर दिनुपर्छ" भनी "**अभूतवादी निरयं उपेति**..." भनी भन्नुभएको हो। आनन्दले भिक्षुहरूलाई सो कुरा सिकाइदिनुभयो। जब राजाले चरपुरुषद्वारा हत्याराको पत्ता लगाए तब उनीहरूलाई प्राणदण्ड दिए। मानिसहरूले पनि **तीर्थियहरू** माथि धूलो फ्याकी ढुंगाले हान्दै "भगवानको अपयश फैलाउने यिनीहरूलाई धिक्कार छ!" भनी घृणा गर्न थाले[१]।

एकहप्ता बितेपछि **सुन्दरीको** मृत शरीर फ्याक्न लगाई सन्ध्या समयमा **प्रसेनजित् कोशल राजा** विहारमा गई भगवानलाई अभिवादन गरी "भन्ते! यस्तो अपयश फैलिंदा मलाई केही भन्नुपर्थ्यो" भनी भन्दा भगवानले "महाराज! म शीलवान् हुँ, म गुणवान् हुँ भनी अर्कालाई भनेर हिड्नु आर्यविनय अनुसार अनुरूप छैन। यो आर्यधर्म पनि होइन" भनी भन्नुभई यसै कारणलाई लिएर उहाँले **दुट्ठट्ठकसूत्रमा "यो अत्तनो सीलवतात्ति जन्तु**...[२]" भन्ने आदि गाथाद्वारा धर्मोपदेश गर्नुभयो। धर्मदेशना सुनेर प्रसन्नभई भगवानलाई अभिवादन गरी राजा फर्केर गए[३]।

---

१. सुत्त. नि. अ. क. II. पृ. ३६७–६८ दुट्ठट्ठकसुत्तवण्णना, अट्ठकवग्गो।

२. सुत्त. नि. पा. पृ. ३९० : अट्ठकवग्गो।

३. सुत्त. नि. अ. क. II. पृ. ३६९–७० दुट्ठट्ठकसुत्तवण्णना, अट्ठकवग्गो।

Downloaded from http://dhamma.digital/

एकदिन धर्मसभामा कुरा चल्यो– "आबुसो ! **तीर्थियहरूले** बुद्ध प्रति लगाउन खोजेको कलंक उनीहरूमाथि नै पऱ्यो । बुद्धलाई झन् महान लाभसत्कार प्राप्तभयो ।" त्यसबखत **शास्ता** त्यहाँ आइपुग्नु भई "भिक्षु हो ! के कुरा गरिरहेका हौ ?" भनी सोध्दा उनीहरूले **उक्त कुरा बताएपछि** "भिक्षु हो ! बुद्ध प्रति कलंक लगाउन सक्दैनन् । यो त मणिलाई मैलो पार्ने जस्तै हो । अघि पनि मणिलाई मलिन पार्न खोज्दा मलिन पार्न सकेनन्" भनी भन्नुभएपछि भिक्षुहरूले "कहिले ?" भनी सोधेपछि भगवानले **मणीसूकरजातक** प्रकाश पार्नुभयो । जसको अनुवाद अगाडि दोस्रो सूत्रमा गरिदिएको छु ।

x x x

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# विभिन्न सुन्दरी नामहरू

(१) **सुन्दरी–** यिनी अनोमदस्सी (= अनोमदर्शी) बुद्धकी अग्रश्राविका थिइन् । बु. वं. पा. पृ. ३३७ : अनोमदस्सीबुद्धवंसो; जा. अ. क. I-II. पृ. ३४ : दूरेनिदान ।

(२) **सुन्दरीथेरी–** यी थेरी वाराणशीवासी सुजाता ब्राह्मणीकी छोरी हुन् । सुन्दरी भएकीले यिनको नाम सुन्दरी भन्ने रहन गएको हो । यिनको भाइ बितेपछि यिनको पिता मिथिलामा बस्नु भएका बुद्धकहाँ गई प्रव्रजित भएपछि यिनी पनि पछि प्रव्रजित भएका थिइन् । प्रव्रजित भएर शिक्षामाणविका छँदा नै यिनले प्रतिसम्भिदा ज्ञान सहित अरहत्व प्राप्त गरेकी थिइन् । थेरी. गा. अ. क. पृ. १७८ :सुन्दरी थेरी अट्ठकथा; थेरी. गा. पा. पृ. ४४३ : वीसतिनिपातो ।

(३) **सुन्दरी नन्दा–** यी सुन्दरी नन्दा भिक्षुणी थिइन् । यिनका चार दिदी बहिनीहरू थिए । जस्तै – (१) नन्दा, (२) नन्दवती, (३) थुल्लनन्दा र (४) आफू । यी सुन्दरी नन्दा मृगार सेठका नाती साल्हसँग[१] बिग्रिन् । पछि गर्भिणी भएर यिनले चीवर छाडेकी थिइन् । पाचि. पा. पृ. २८३ : पठमपाराजिकं, भिक्खुनीविभङ्गो ।

१. हेर लेखकको बु. गृ. भा–३, पृ. ३२३ मा 'साल्ह मृगार नाती' ।

Downloaded from http://dhamma.digital/

(४) **सुन्दरी नन्दा–** यिनी शुद्धोदन महाराजा तथा प्रजापति गौतमीकी छोरी हुन् । यिनलाई 'नन्दा' पनि 'सुन्दरी नन्दा जनपद कल्याणी' पनि भन्दछन् । यस विषयमा विस्तृत कुरा लेखकको बु. श्रावि. च. भा–१, पृ. ३९६ मा लेखिएको छ ।

(५) **सुन्दरी, सुन्दरीका–** यिनी स्वेतवस्त्रधारी एक परिब्राजिका हुन् । यिनकै कुरा यहाँ लेखिएको छ ।

(६) **सुन्दरिक भारद्वाज–** यी सुन्दरिक नदीमा अग्निहोत्र गरिरहने सुन्दरिक भारद्वाज हुन् । यिनको कुरा 'सुन्दरीकमुत्तं' मा उल्लेख भएको छ । सुत्त. नि. पा. पृ. ३३४; म. नि. I. पृ. ५२ वत्थुसुत्तंमा पनि छ । हेर लेखकको बु. ब्रा. भा–३, पृ. ९४ मा ।

(७) **सुन्दरिक भारद्वाजसुत्तं–** यो सूत्र सुत्तनिपातपालि पृ. ३३४ मा छ । यस सूत्रलाई सुत्तनिपात अट्ठकथाले 'पुरलासुत्तं' भनी उल्लेख गरेको छ । सुत्त. नि. अ. क. II. पृ. २२६.

(८) **सुन्दरिकसुत्तं–** यो त्यो सूत्र हो जुन सूत्रमा सुन्दरिका नदीको तीरमा अग्निहोत्र गरिरहेका सुन्दरिक भारद्वाजले भगवानकहाँ गई "तपाई के जातिको हुनुहुन्छ ?" भनी सोधेका कुरा छन् । यसको उत्तरमा भगवानले जात नसोध आचरणबारे सोध भनी भन्नुभएको छ । सं. नि. I. पृ. १६६ : ब्राह्मणसंयुत्तं ।

(९) **सुन्दरीका–** कोशल राज्यमा भएको एक नदीको नाम हो । यस नदीमा नुहाउनाले पाप पखालिन्छ भन्ने त्यसताकाका

Downloaded from http://dhamma.digital/

ब्राह्मणहरूको विश्वास थियो। यस्तो कुरा म. नि. अ. क. I. पृ. १६० वत्थुसुत्तवण्णनामा उल्लेख भएको छ। यस नदीको तीरमा बसी सुन्दरिक भारद्वाजले अग्निहोत्र गर्थे। जुन कुरा माथि (८) सुन्दरिकसुत्तं र (७) सुन्दरिक भारद्वाजसुत्तंमा पाइन्छ। म. नि. I. पृ. ५२ : वत्थुसुत्तमा चाहिं यसलाई 'बाहुक नदी' लेखेको छ।

x x x

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## १– सुन्दरीको हत्या

यस्तो मैले सुनें[१] ।

एक समय भगवान **श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा** बस्नु भएको थियो । त्यस समयमा भगवान सत्कृत्य, गरुकृत्य, मानित, पूजित तथा सम्मानित हुनुहुन्थ्यो । उहाँ चीवर, भोजन, शयनासन न ग्लान प्रत्यय आदि परिष्कारहरूको लाभी हुनुहुन्थ्यो । भिक्षुसङ्घ पनि सत्कृत्य, गरुकृत्य, मानित, पूजित तथा सम्मानित थियो । भिक्षुसङ्घ चीवर, भोजन, शयनासन न ग्लान प्रत्यय आदि परिष्कारहरूको लाभी थियो । अन्यतीर्थिय परिब्राजकहरू असत्कृत्य, अगरुकृत्य, अमानित, अपूजित तथा असम्मानित थिए । उनीहरू चीवर, भोजन, शयनासन न ग्लानप्रत्यय र परिष्कारहरूको अलाभी थिए ।

अनि भगवानको र भिक्षुसङ्घको सत्कारलाई सहन नसकी **सुन्दरी** परिब्राजिकाकहाँ गई ती अन्यतीर्थिय परिब्राजिकहरूले भने– “के तिमी ज्ञातिहरूको हित गर्न चाहन्नौ ?”

---

१. उदा. पा. पृ. ११३ : सुन्दरीसुत्तं, मेधियवग्गो; अ. क. पृ. १८०.

Downloaded from http://dhamma.digital/

"आर्य ! के गर्नुपर्‍यो ? म के गर्न सक्दिन र ? ज्ञातिहरूको हितको लागि जीवन पनि परित्याग गरेकीछु।"

"भगिनी ! त्यसोभए तिमी सधैं **जेतवनमा** जाऊ।"

"आर्य ! हुन्छ भनी ती अन्य तीर्थिय परिब्राजकहरूको कुरा सुनेर **सुन्दरी परिब्राजिका** सधैं **जेतवनमा** जान थालिन्। जब धेरै मानिसहरूले "**सुन्दरी** परिब्राजिकालाई सधैं **जेतवनमा** गइरहेकी देख्दछौं" भनी भन्नथाले तब यो कुरा ती अन्य तीर्थिय परिब्राजकहरूले पनि थाहापाए। अनि उनलाई मारी **जेतवनको** खाल्टोमा (परिखामा) गाडेर **प्रसेनजित् कोशल राजाकहाँ** गई यसो भने– "महाराज ! जो ती **सुन्दरी परिब्राजिका** थिइन् उनी देखिन्नन्।"

"तिमीहरू कहाँ शंका गर्छौ त ?"
"महाराज ! **जेतवनमा**।"
"त्यसोभए **जेतवनमा** हेर।"

अनि ती अन्य तीर्थिय परिब्राजकहरूले **जेतवनमा** खोजेर गाढिराखेको खाल्टोबाट उनको शरीर निकाली खाट्मा राखी **श्रावस्तीका** सडकबाट सडक, चौबाटोबाट चौबाटोमा घुमाई मानिसहरूद्वारा यसरी होहल्ला गराउन थाले—

"हेर आर्यहो ! श्रमण शाक्यपुत्रहरूको काम ! यी श्रमण शाक्यपुत्रहरू निर्लज्जी, दुश्शीली, पापधर्मी, मृषावादी तथा अब्रह्मचारी हुन्। यस्ताले हामी धर्मचारी, समचारी, ब्रह्मचारी, सत्यवादी, शीलवान्

Downloaded from http://dhamma.digital/

तथा कल्याणधर्मी हौं' भनी भन्दछन्। यिनीहरूमा श्रामण्यत्व र ब्रह्माण्यत्व छैन। यिनीहरूको श्रामण्यत्व र ब्रह्माण्यत्व नाश भइसक्यो। कहाँबाट यिनीहरूमा श्रामण्यत्व र ब्रह्माण्यत्व! यिनीहरू श्रामण्यत्व र ब्रह्माण्यत्वबाट दूर छन्। यिनीहरू कस्ता पुरुष होलान्। जब यौन सम्बन्ध स्थापना गर्दछन् तब स्त्रीलाई हत्या गरिदिन्छन्!!"

त्यसबखत **श्रावस्तीमा** भिक्षुहरूलाई देखेबित्तिकै असभ्य परुष वाचाद्वारा गालि र परिभाष गर्दै यसरी दुःख दिन थाले—

"यी श्रमण शाक्यपुत्रहरू निर्लज्जी, दुश्शीली, पापधर्मी, मृषावादी तथा अब्रह्मचारी हुन्। यिनीहरू कस्ता पुरुष होलान्! यौन सम्बन्ध स्थापना गरिसकेपछि स्त्रीलाई हत्या गर्छन्!!"

अनि पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भिक्षुहरू भिक्षाटन्को लागि **श्रावस्तीमा गए**। **श्रावस्तीमा** भिक्षाटन् गई त्यसपछि भोजन सिध्याएर जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गई भगवानलाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका ती भिक्षुहरूले भगवानसँग बिन्तिगरे कि– "भन्ते! अहिले **श्रावस्तीमा** भिक्षुहरूलाई देखेबित्तिकै असभ्य, परुष वाचाद्वारा मानिसहरूले गालि गर्छन् र परिभाष गर्दै यसरी दुःख दिन्छन्– "यी श्रमण शाक्यपुत्रहरू निर्लज्जी, दुश्शीली, पापधर्मी, मृषावादी र अब्रह्मचारी हुन्। यिनीहरू कस्ता पुरुष होलान्। यौन सम्बन्ध स्थापना गरिसकेपछि स्त्रीलाई हत्या गर्छन्!!"

"भिक्षु हो! यो अपवाद शब्द एक हप्ता भन्दा अधिक रहने

Downloaded from http://dhamma.digital/

छैन । एक हप्तापछि यो लोप भएर जानेछ । भिक्षु हो ! जसले असभ्य, पौरुष वाचाद्वारा... गालि गर्छ उसलाई तिमीहरूले यो गाथा सुनाओ—

"अभूतवादी निरयं उपेति,
यो चा पि कत्वा न करोमी ति चाह ।
उभो पि ते पेच्च समा भवन्ति,
निहीन कम्मा मनुजा परत्था'ति[१] ॥"

**अर्थ—**

"मृषा बोल्ने पुरुष नरकमा जान्छ र जसले गरेर पनि 'गरिन' भन्दछ ऊ पनि नरकमै जान्छ। नीचकाम गर्ने यी दुवै पुरुषहरू परलोक गई नरकमै उत्पन्न हुन्छन् ।"

भगवानकहाँ यो गाथा सिकेर गएपछि जसले भिक्षुहरूलाई असभ्य, पौरुषवाचाद्वारा... गालि गर्छ उसलाई भिक्षुहरूले यो गाथा सुनाउन थाले । पछि मानिसहरूलाई यस्तो लाग्यो– "यी श्रमण शाक्यपुत्रहरू निर्दोषी हुन् र यिनीहरूले गरेका होइनन् । यिनीहरू शपथ गर्दैछन् ।" त्यो शब्द धेरै दिनसम्म रहेन । एक हप्ता मात्र रह्यो । एक हप्तापछि लोप भएर गयो ।

अनि भिक्षुहरू जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ गएर

---

१. यो गाथा धम्मपदको निरथवग्गोमा पनि उल्लेख भएको छ। गाथा नं. ३०६.

Downloaded from http://dhamma.digital/

भगवानलाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका ती भिक्षुहरूले भगवानसँग यस्तो भने—

"आश्चर्य हो भन्ते ! अद्भूत हो भन्ते ! भन्ते ! भगवानले यो कति सुभाषित गर्नु भएको हो– 'भिक्षु हो ! यो शब्द धेरै दिनसम्म रहने छैन। एक हप्ता मात्र रहने छ। एक हप्तापछि लोप हुनेछ।' भन्ते ! भगवानले कति सुभाषित गर्नु भएको ! भन्ते ! त्यो शब्द अब लोप भयो।"

अनि भगवानले यो कुरा बुझ्नुभई त्यसबेलामा यो उदान प्रकट गर्नुभयो—

"तुदन्ति वाचाय जना असञ्ञता,
सरेहि सङ्गामगतं व कुञ्जरं।
सुत्वान वाक्यं फरुसं उदीरितं,
अधिवासये भिक्खु अदुट्ठचितो'ति ॥"

**अर्थ—**

"संग्राममा गएको हात्तीलाई बाँणले प्रहार गरे जस्तै असंयमी पुरुषहरूले वचनरूपी बाँणले प्रहार गर्छन्। अतः पौरुष वचन सुनेर भिक्षुले मैत्रीपूर्वक सहन सक्नुपर्छ।"

x x x

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## २– मणिसूकर जातक[1]

१. "दरिया सत्तवस्सानि, तिंसमत्ता वसामसे ।
हञ्छेम मणिनो आभं, इति नो मन्ततं अहु ॥"

२. "याव याव निघंसाम, भिय्यो वोदायते मणि ।
इदञ्चदानि पुच्छाम, किं किच्चं इधमञ्ञसि ॥"

३. "अयं मणि वेलूरियो, अकाचो विमलो सुभो ।
नास्स सक्का सिरिं हन्तु, अपक्कमथ सूकरा'ति ॥"

**अर्थ—**

१– "हामी तीसजना यो गुफामा सात वर्ष बसिसक्यौं र हामीमा यस्तो कुरा भयो कि– मणिको तेज नाश गरौं ।"

२– "जति जति हामीले मणिलाई घर्षण गर्‍यौं त्यति त्यति झन् टल्किदै छ । त्यसको तेज नाश गर्न अब यहाँ के गर्नु पर्ला भन्ने कुरा हामी सोध्दछौं ।"

---

१. जा. पा. I. पृ. ७९, नं. २८५; अ. क. I-II. पृ. ६५२.

Downloaded from http://dhamma.digital/

३– "हे सूंगुर हो ! यो मणि वैदूर्य मणि हो, माटो होइन; यसको तेजलाई नाश गर्न सकिन्न बरू तिमीहरू त्यहाँबाट अन्यत्र जाऊ ।"

---

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# १६. सुपब्बा उपासिका

## प रि च य

यी **सुपब्बा** भन्ने उपासिका **राजगृहवासी** हुन्। **श्रावस्तीवासी** श्रद्धा उपासिका जस्तै यिनी पनि अन्धविश्वासी र मूढ श्रद्धावान् थिइन्। यिनले पनि त्यस्तो विश्वास गर्दथिन् कि जसले मैथुन-दान दिन्छ उसले श्रेष्ठ-दान दिएको हुन्छ। **श्रावस्तीवासी श्रद्धा** उपासिकाले झैं यिनले पनि एक भिक्षुलाई फसाएकी थिइन्।

x x x

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## मुग्ध श्रद्धा

त्यस समय **राजगृह नगरमा** मुग्ध प्रसन्ना **सुपब्बा** नामकी उपासिका थिइन्[1] ।– "जसले मैथुन-दान दिन्छ उसले श्रेष्ठ-दान दिएको हुन्छ" भन्ने कुरामा उनी विश्वास गर्थिन् । अनि भिक्षुलाई देखेर उनले भनिन्– "भन्ते ! आउनुहोस्, मैथुन गरौं ।"

"भगिनी ! भइहाल्यो, यो उचित छैन (**नेतं कप्पति**) ।"

"भन्ते ! आउनुहोस्, तिघ्राका बीचमा सुम्सुम्याउनुहोस् । यसो गर्दा तपाईलाई दोष (= **आपत्ति**) लाग्ने छैन । भन्ते ! आउनुहोस्, नाभिस्थानमा,...पेटमा,...काखीमा,...गर्धनमा,...कानको प्वालमा,... कपालको जरा जरामा,...औंलाको कापमा सुम्सुम्याउनुहोस् । यस्तो गर्दा तपाईलाई दोष (= **आपत्ति**) लाग्ने छैन ।"

"भगिनी ! भइहाल्यो, यो उचित छैन ।"

"भन्ते ! आउनुहोस् हातले चलाएर मोचन गर्नेछु । यस्तो गर्दा तपाईलाई दोष (= **आपत्ति**) लाग्ने छैन ।"

---

१. पारा. पा. पृ. ४९ : विनीतवत्थु, पठमपाराजिकं ।

Downloaded from http://dhamma.digital/

अनि सुपब्बाले भने जस्तै भिक्षुले गरे । त्यसपछि “के म पाराजिकात भइन ?” भन्ने उनलाई शंका लागेपछि उनले भगवानसाग सोधे। भगवानले “भिक्षु  पाराजिका त भएका छैनौ किन्तु तिमीलाई संघादिशेष दोष लागेको छ” भनी भन्नुभयो ।

---

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# १७. सुभद्दादेबी

## प रि च य

अगाडि लेखिएकी **सुभद्दा** (= सुभद्रा) भन्ने देबी **सुदर्शन** चक्रवर्ति राजाकी अग्रमहिषी हुन्।

**कुशीनगरमा** भगवान बुद्ध परिनिर्वाण हुने कुरा सुनेपछि **आनन्द महास्थविरले** “यस्तो स्यानो गाउँमा परिनिर्वाण नहुनुहोस् जम्बुद्वीप विशाल छ र धेरै ठूल-ठूला अरू शहरहरू छन्” भनी भन्नुहुँदा भगवानले “यो **कुशीनगर** अघि अति विशाल थियो । यहाँ **सुदर्शन** (सुदस्सन) भन्ने चक्रवर्ति राजा बस्दथे” भनी **दिघनिकाय** II. पृ. १३० मा **महासुदस्सन सूत्रको** देशना गर्नुभएको थियो ।

महासुदर्शन राजाकी भार्या **सुभद्दा** (सुभद्रा) देबी अभिरूपा, दर्शनीया तथा प्रासादिका थिइन् र अत्यन्त सुन्दरी पनि थिइन्। उनी न अग्ली, न पुड्की, न पातली, न मोटी, न काली, न सेती थिइन्। मनुष्यसुन्दरताबाट उत्तीर्ण दिव्य सुन्दरताले युक्त थिइन् । उनको कायस्पर्श द्वारा कपास र सिमलको भुवा जस्तै नरम अनुभव हुन्थ्यो । शीत कालमा

Downloaded from http://dhamma.digital/

उनको स्पर्श न्यानो र गर्मीको समयमा शीतल हुन्थ्यो। उनको शरीरबाट चन्दनको बास र मुखबाट कमलफूलको बास आउँथ्यो। घरका परिवार-हरूमध्ये सबैभन्दा अघि उठ्ने र सबैभन्दा पछि सुत्ने गुण उनमा थियो। के गनुपर्छ भन्ने विचार गरी मनपर्दो तरिकाले आचरण गर्ने स्वभाव तथा प्रियवादिनी थिइन्[1]।

यी **सुभद्रा** देबीका चौरासीहजार स्त्री परिवारहरू थिए। धेरै दिनपछि एकदिन यिनी राजा **सुदर्शनको** दर्शनार्थ **धर्मप्रसादको महाब्यूह कूटागार** (= घर) मा गएकी थिइन्। त्यसबखत राजाले उनीसँग धर्मप्रासादको अगाडितिर सुवर्णमय तालको वनमा भेटेका थिए। त्यसबखत राजाको अनुहार विशेषरूपले प्रफुल्लित भएको देखेर रानीको मनमा "शायद राजा आजै मर्छन् कि क्याहो" भन्ने आशंका हुँदा राजालाई उनले "महाराज! बाँच्नुमा आशा राख्नुहोस्" भनी भन्दा राजा अप्रसन्न भएका थिए।

राजाले रानीलाई भने कि रानी! "तिमीले मलाई बाँच्ने आशा राख्नुपर्छ भन्ने होइन बरू 'यो सबै अनित्य हो। सबैसँग वियोग हुनुपर्छ।' अतः मनमा आशा राखी न मर्नुहोस्। आशा राखेर मर्नाले दुःख भोग्नुपर्छ" इत्यादि भनी भन्नुपर्थ्यो। यो सुनेर रानीले गहभरी आँसु पारिन्। त्यसपछि देबीले त्यस्तै भनिन्। यत्तिकैमा राजा **सुदर्शन** परलोक भई **ब्रह्मलोकमा** उत्पन्न भए।

x x x

---

१. दी. नि. II. पृ. १३४ : महासुदस्सनसुत्तं।

Downloaded from http://dhamma.digital/

# विभिन्न सुभद्दा नामहरू

(१) **सुभद्दा**– यिनी रेवत बुद्धकी अग्रश्राविका हुन् । बु. वं. पा. पृ. ३३२ : रेवतबुद्धवंसो ।

(२) **सुभद्दा**– यिनी सुजात बुद्धकी अग्र उपस्थायिका हुन् । बु. वं. पा. पृ. ३४९ : सुजातबुद्धवंसो ।

(३) **सुभद्दा**– यिनी तिस्सबुद्ध बुद्ध हुनुभन्दा अगाडिकी पत्नी हुन् । बु. वं. पा. पृ. ३५९ : तिस्सबुद्धवंसो ।

(४) **सुभद्दा**– (चुल्लसुभद्दा, महासुभद्दा)– यिनीहरू अनाथपिण्डिक सेठकी छोरीहरू हुन् । हेर लेखकको बु. गृ. भा–१, पृ. २६.

(५) **सुभद्दा**– यिनी सुभद्दा कुण्डलकेसा हुन् । थेरी.गा. अ. क. पृ. २२५ : सुमेधा थेरीगाथा अट्ठकथा, महानिपातवण्णना ।

(६) **सुभद्दा**– यिनी रज्जुमाल विमानकथामा वादचवादन गर्नेहरूमध्येकी एक हुन् । हेर लेखकको बु. वि. पृ. २४७ : रज्जुमाल विमानकथा ।

(७) **सुभद्दा**– यिनी भद्राकी बहिनी हुन् । भद्रा बाँझी भएपछि आफ्नी बहिनी सुभद्रालाई ल्याएकी थिइन् । दान

Downloaded from http://dhamma.digital/

पुण्य गरी सुभद्रा निर्माणरति देवलोकमा उत्पन्न भइन्। बु. वि. पृ. २६८ : विहारविमानकथा।

(८) **सुभद्दा**– यिनी दासीविमान अट्ठकथामा वादचवादन गर्नेहरूमध्येकी एक हुन्। विमा. व. अ. क. पृ. ७५.

(९) **सुभद्दा**– यिनी महासुदस्सन जातकमा उल्लिखित सुभद्रा हुन्। जा. अ. क. I-II. पृ. २८९, नं. १९; यो कुरा लेखकको बु. श्रावि. च. भा–१, पृ. ६९१ मा पनि उल्लेख भएको छ।

(१०) **सुभद्दा**– यिनी मद्दराष्ट्रकी राजमहिषीको कोखमा जन्मेकी राजकुमारी हुन्। पछि यिनी बाराणशी राजाकी अग्रमहिषी भएकी थिइन्। यिनले पूर्वजन्मको ईर्ष्याको कारणले गर्दा छद्दन्त बोधिसत्वलाई मार्न लगाएकी थिइन्। लेखकको जा. सं. भा–३, पृ. २२५ : छद्दन्तजातक।

(११) **सुभद्दा**– यिनी महासुदर्शन राजाकी महारानी हुन्। यिनकै कुरा अगाडि लेखेको छु।

x x x

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## महासुदर्शनलाई हेर्न गइन्

“**आनन्द** ! धेरै वर्ष पछि **सुभद्दा** (सुभद्रा) देबीलाई यस्तो लाग्यो– “राजा **महासुदस्सन** (महासुदर्शन) लाई नदेखेको धेरै समय भयो । अतः राजा **महासुदर्शनकहाँ** जानुपर्‍यो[1] ।” **आनन्द** ! अनि **सुभद्रादेबीले** स्त्रीहरूलाई सम्बोधन गरिन्– “हे सखी हो ! आऊ, शीर नुहाऊ र पहेँलो वस्त्र लगाऊ । धेरै दिनदेखि राजा महासुदर्शनलाई देखेको छैन । राजा महासुदर्शनको दर्शन गर्न जाऔं ।” आनन्द ! अनि ती स्त्रीहरू **सुभद्रादेबीको** कुरा सुनी नुहाई पहेँलो वस्त्र लगाएर उनीकहाँ गए । **आनन्द** ! अनि **सुभद्रादेबीले** परिणायकरत्न (= मंत्री) लाई आमन्त्रण गरिन्– “हे मन्त्री ! चतुरंगिणी सेना तयार पार । धेरै दिनदेखि राजा **महासुदर्शनलाई** देखेकी छैन । राजा महासुदर्शनको दशनार्थ जानेछौं ।” **आनन्द** ! अनि “हवस्” भनी मन्त्रीले **सुभद्रादेबीको** कुरा सुनी चतुरंगिणी सेना तयार पारी सुभद्रादेबीलाई “चतुरंगिणी सेना तयार पारिसकें अब जस्तो चाहनु हुन्छ

---

१. दी. नि. पा. II. पृ. १४४ : महासुदस्सन सूत्रबाट, अ. क. II. पृ. ४४७.

Downloaded from http://dhamma.digital/

गर्नुहोस्” भनी सूचित गरे । आनन्द ! अनि चतुरंगिणी सेना र ती स्त्रीहरूको साथ **सुभद्रादेबी** जहाँ ‘**धर्मप्रासाद**’ हो त्यहाँ गइन् । त्यहाँ गएर धर्मप्रासाद चढी जहाँ **महाब्यूह कूटागार** हो त्यहाँ गइन् । त्यहाँ गएर महाब्यूह कटागारको दैलो समाती उभिइरहिन् । **आनन्द** ! अनि आवाज सुनेर **महाब्यूह कूटागारबाट** निस्कँदा राजा **महासुदर्शनले सुभद्रादेबीको** दैलो समाति उभिइरहेकी देखे । देखेर सुभद्रादेबीलाई भने– “देबी ! यहीं बस । भित्र नजाऊ ।” **आनन्द** ! अनि राजा **महासुदर्शनले** एक पुरुषलाई आमन्त्रण गरे– “हे पुरुष ! महाब्यूह कूटागारबाट सुवर्णमय आसन ल्याई सुवर्णमय ताल बनमा बिच्छ्याऊ ।” “हवस्, देव” भनी उसले आसन ल्याएर सुवर्णमय ताल बिच्छ्यायो । **आनन्द** ! अनि राजा **महासुदर्शन** दाहिनेतिरबाट कोल्टो परी सिंहशय्या गरी खुट्टामाथि खुट्टाराखी स्मृति (= होस) राखी लेटे । आनन्द ! अनि **सुभद्रादेबीको** मनमा यस्तो लाग्यो– “राजा महासुदर्शनका इन्द्रियहरू प्रसन्न छन् । छविवर्ण परिशुद्ध छ । राजा **महासुदर्शन** परलोक नहुन् ।” यति सोचेर राजा महासुदर्शनलाई यस्तो **बिन्ति गरिन्**–

“हे देव ! तपाईका चौरासीहजार नगरहरू छन् जसमध्ये **कुशावती नगर** प्रमुख छ । देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईका यी चौरासिहजार प्रासादहरू छन् जसमध्ये ‘**धर्मप्रासाद**’ प्रमुख छ । देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईका यी चौरासिहजार

Downloaded from http://dhamma.digital/

कूटागार[१]हरू छन् जसमध्ये '**महाब्यूह कूटागार**' प्रमुख छ। देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईका दुवैतिर तकिया भएका सुवर्णमय...आदि यी चौरासिहजार आसनहरू छन्। देव यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस्। हे देव ! तपाईका यी सुवर्ण अलंकृत चौरासिहजार हात्तीहरू छन् जसमध्ये '**उपोसथ हात्ती**' प्रमुख छ। देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईका यी सुवर्ण अलंकृत चौरासिहजार घोडाहरू छन् जसमध्ये '**वलाहक अश्वराज**' प्रमुख छ। देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईका यी सिंहचर्म...आदि राखिएका चौरासिहजार रथहरू छन् जसमध्ये '**वैजयन्त**' (वेजयन्त) रथ प्रमुख छ। देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस्। हे देव ! तपाईका यी चौरासिहजार मणिरत्नहरू छन् जसमध्ये '**मणिरत्न**' प्रमुख छ । देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस्। हे देव ! तपाईका यी चौरसिहजार स्त्रीहरू छन् जसमध्ये '**स्त्रीरत्न**' प्रमुख छ। देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईका यी चौरासिहजार गृहपतिहरू छन् जसमध्ये '**गृहपति रत्न**' प्रमुख छ। देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस्। हे देव ! तपाईका यी चौरासिहजार क्षत्री अनुयायीहरू छन् जसमध्ये '**परिणायक रत्न**'

---

१. जुन घरको माथि गजुर छ अथवा जुन घर पगोडा ढाँचाको छ त्यस्तो घरलाई 'कूटागार' भनिन्छ।

Downloaded from http://dhamma.digital/

प्रमुख छ । देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईका यी चौरासिहजार गाईहरू छन् । देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईका यी कोटिसहश्र रेशमका, कपासका र ऊनका वस्त्रहरू छन् । देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् । हे देव ! तपाईका यी चौरासिहजार उत्तम भोजनहरू छन् जुन बिहान बेलुकी ल्याइन्छन् । देव ! यसमा अनुराग राखी जिउनुमा आशा राख्नुहोस् ।"

"**आनन्द** ! यस्तो भन्दा राजा **महासुदर्शनले सुभद्रादेबीलाई** यस्तो भने– "देबी ! धेरै समयसम्म तिमीले मलाई प्रेमपूर्वक व्यवहार गरेकी थियौ । परन्तु आज यो अन्तिम अवस्थामा तिमीले मलाई अप्रियतापूर्वक व्यवहार गऱ्यौ ।"

"देव ! कसरी मैले व्यवहार गनुपऱ्यो त ?"

"देबी ! तिमीले यसरी मलाई व्यवहार गर– 'देव ! सबै मनपरेका प्रियवस्तुहरूबाट वियोग हुनुपर्छ र अलग हुनुपर्छ । देव ! त्यसैले तपाई आशा राखेर नमर्नुहोस् । आशा सहित मर्नेलाई दुःख हुन्छ र आशा राखी मर्नेको निन्दा हुन्छ । देव ! यी तपाईका चौरासिहजार नगरहरू छन् जसमध्ये **कुशावती नगर** प्रमुख छ । देव ! यसमा आशा छाड्नुहोस् र जिउनुमा आशा नराख्नुहोस् । देव ! तपाईका यी चौरासिहजार प्रासादहरू...गाईहरू छन् । देव ! यसमा आशा छाड्नुहोस् र जिउनुमा आशा नराख्नुहोस्...' ।"

Downloaded from http://dhamma.digital/

"**आनन्द** ! यसोभन्दा **सुभद्रादेबीले** रुँदै आँसु खसालिन्। **आनन्द** ! अनि आँसु पुछ्दै **सुभद्रादेबीले** राजा **महासुदर्शनलाई** यस्तो भनिन्– "देव ! सबै मनपरेका प्रिय वस्तुहरूबाट वियोग हुनुपर्छ र अलग हुनुपर्छ। देव ! त्यसैले आशा राखी नमर्नुहोस्। आशा सहित मर्नेलाई दुःख हुन्छ आशा राखी मर्नेको निन्दा हुन्छ। देव ! यी तपाईका चौरासिहजार नगरहरू ...गाईहरू छन्। देव ! यसमा आशा छाड्नुहोस् र जिउनुमा आशा नराख्नुहोस्...।"

"**आनन्द** ! अनि राजा **महासुदर्शनको** चाँडैनै मृत्यु भयो। गृहपति वा गृहपति पुत्रले असल खाना खाएर भात लाग्ने जस्तै **महासुदर्शनलाई** मरणान्तिक वेदना भयो र मृत्युपछि राजा महासुदर्शन सुगति ब्रह्मलोकमा उत्पन्न भए।"

---

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# १८. सुमना राजकुमारी

## प रि च य

### पूर्वकथा

जहाँ जन्मे पनि '**सुमना**' भन्ने नाम रहोस् भनी प्रार्थना गर्दै आएकी यी **सुमना राजकुमारी** हुन् ।

**विपश्वी** सम्यक्सम्बुद्धको पालामा एकदिन सेनापतिले बुद्ध सहित भिक्षुसङ्घलाई भोजन गराउने दिनमा "मैले भोजन प्रदान नगरेसम्म अरू कसैले पनि बुद्धलाई भोजन चढाउन पाउने छैन" भनी घोषणा गरी "यहाँबाट कसैलाई पनि भोजन चढाउन नपठाउनू" भनी पालोपहरा राखेका थिए ।

त्यसदिन त्यस नगरकी श्रेष्ठी भार्या रोइरहेकी थिइन् । उनकी छोरी पाँचशय सखीहरूका साथ कृडा गरी घर फर्कंदा "छोरी ! यदि तिम्रो पिता रहेको भए आज मैले **विपश्वी बुद्धलाई** सर्वप्रथम भिक्षादान दिन सक्ने थिएँ" भनी रुँदै छोरीलाई भनिन् । अनि उनले

Downloaded from http://dhamma.digital/

उनकी आमालाई यसो भनिन्– "आमा ! नरुनुहोस् त्यसको उपाय म गर्नेछु जस्तो उपाय गर्दा बुद्धले हाम्रो भिक्षा पहिले ग्रहण गर्नुहुनेछ।" यति भनी धेरै मूल्य जाने सुनको भाँडो भरी पानी नहाली पकाएको मधुपायस राखी बिर्कोले ढाकी त्यसमाथि सुमन-फूलमालाहरूले सजाई बाहिरबाट हेर्दा फूलको डल्लो जस्तो बनाई अरू साथीहरूलाई पनि फूलका मालाहरू लिन लगाई आफू स्वयंले त्यो पायस भएको सुनको भाँडो टाउकोमा राखी बुद्ध भएको ठाउँमा गइन् । बीच बाटामा सेनापतिका पालेहरूले "अम्मे ! यहाँबाट उता जान मनाहि छ" भनी भन्दा उनले "किन ?" भनी सोधेपछि पालेहरूले "सेनापतिले दान नदिएसम्म कसैलाई दान दिन यहाँबाट नपठाउनू" भनेका छन् भनी भने ।

"काका ! के त तपाईले मेरो हातमा कुनै खादयभोज्य पदार्थ देख्नु हुन्छ ?"

"देख्दिन, फूलमालाहरू मात्र देख्दछु ।"

"के त तपाईका सेनापतिले फूलमाला पनि चढाउन हुन्न भनेका छन् त ?"

"यसो त भनेका छैनन् ।"

"त्यसोभए छाडिदिनु होस् त" भनी उनी भगवानकहाँ गई सो पायस भएको फूलको डल्लो भगवानलाई चढाउँदा भगवानले त्यहाँ भएका सेनापतिका मानिसलाई लिन लगाउनु भयो । भगवानलाई

Downloaded from http://dhamma.digital/

वन्दना गर्दै उनले "भगवान ! जुनसुकै योनिमा घुमफिर गर्न पर्दा पनि त्रास लिनुपर्ने जीवनमा जन्म लिन नपरोस् । यो सुमन-फूल जस्तै प्रियंकर हुनसकूँ र मेरो नाम पनि जहाँ जन्मे पनि '**सुमन**' भन्ने रहोस्" भनी प्रार्थना गरिन् । भगवानले "सुखिनी होऊ" भनी आशिर्वाद दिनु भएपछि वन्दना तथा प्रदक्षिणा गरी उनी फर्केर गइन् । पछि सेनापतिको घरमा गई भगवान आसनमा बस्नु भएपछि सेनापतिले यागु आदि भोजन चढाउन ल्याउँदा उहाँले भिक्षापात्र ढाक्नुभयो ।

"भन्ते ! सबै भिक्षुहरू बसिसके" भनी भन्दा उहाँले "सेनापति ! हामीलाई एक भिक्षापात्र प्राप्त भएको छ" भनी सो फूलको डल्लो खोल्न लगाई त्यसमा भएको पायस प्रथमतः राख्न लगाई पछि सेनापतिको भोजन ग्रहण गर्नुभयो । भोजनपछि अनुमोदन गरी उहाँ फर्कनु भयो ।

"फूलको डल्लो दिएर जाने केटी को हो" भनी सेनापतिले सोधपुछ गराउन लगाउँदा त्यस नगरकी श्रेष्ठीकी छोरी भन्ने कुरा बुझेपछि "यस्ती बुद्धिमानी छोरी घरमा हुनेलाई स्वर्गलोक दुर्लभ हुने छैन" भन्ने ठानी उनलाई आफ्नो घरमा ल्याए । अनि उनले सेनापतिबाट र आफ्नो घरबाट पनि धन लिएर जीवनभर दानपुण्य गरिन् । त्यहाँबाट च्यूतभई उनी **कामावचार देवलोकमा** उत्पन्न भइन् । उत्पन्न भएको बेलामा घुँडासम्म सुमन-फूलको वृष्टि भयो । देवताहरूले उनलाई **सुमनादेवपुत्री** भन्ने नामाकरण गरे । एकानब्बे कल्पसम्म देवमनुष्य लोकमा घुमिरहँदा कहीले पनि सुमन-फूलको वृष्टिबाट उनी विमुख भइनन् र

Downloaded from http://dhamma.digital/

सधै उनको नाम **सुमना** भन्ने नै रहेको थियो[1]।

## वर्तमान कुरा

वर्तमान समयमा उनी **कोशल**[2] **राजाकी** अग्रमहिषीको कोखमा जन्मेकी थिइन्। उनका पाँचशय सखीहरू पनि **कोशल** राज्यमै जन्मेका थिए। उनी जन्मिदा सुमन-फूलको वृष्टि भएको थियो। त्यसैले "आफ्नो नाम आफैले लिएर आएकी" भन्दै **कोशल राजाले** उनको नाम '**सुमना**' भन्ने राखे। राजाले यो पनि विचार गरे कि यी कुमारी परापूर्वकालमा धेरै पुण्य गरेर आएकी होलिन्। यिनी एक्लै मात्र जन्मेकी होइन होलिन् अरू पनि जन्मेका होलान् भनी नगरमा त्यसदिन जन्मिने बालिकाहरूको खोजीगर्दा पाँचशय बालिकाहरू जन्मेको कुरा थाहा पाए। अनि ती सबैलाई आफ्नै खर्चले पालनपोषण गर्न लगाए। महीनाको एकपल्ट ती बालिकाहरूलाई ल्याई **सुमना राजकुमारीसँग** भेट गराउनू भन्ने आज्ञा पनि दिए।

उनी सातवषकी हुँदा **अनाथपिण्डिक** महाजनले **जेतवन विहार** तयार गरी भगवानलाई खबर पठाए। भिक्षुसङ्घका साथ

---

१. अं. अ. क. II. पृ. ५९३–९४ : सुमनासुत्तवण्णना, पंचकनिपात, सुमनावग्गो।

२. डा. मललसेकरले आफ्नो D. P. P. II. पृ. १२४५ मा यिनी प्रसेनजित् पिता कोशल हुन् भन्ने कुरा संकेत गरेका छन्। सूलपालि र अट्ठकथामा यसबारे प्रष्ट भएको देखिंदैन।

Downloaded from http://dhamma.digital/

भगवान बुद्ध श्रावस्ती आउनुभयो। त्यसबखत **अनाथपिण्डिक महाजनले कोशल राजाकहाँ** गई "महाराज ! शास्ता **श्रावस्तीमा** आउँदै हुनुहुन्छ। उहाँको आगमन हामीहरूको निमित्त पनि तपाईहरूको निमित्त पनि मंगल नै हो। अतएव उहाँलाई बाटो हेर्नको निमित्त **सुमना राजकुमारी** सहित उनका पाँचशय बालिकाहरूलाई पूर्णघट लिन लगाई पठाउनु भए बेश हुने थियो" भनी निवेदन गरे। राजाले "हुन्छ" भनी स्वीकृति दिई छोरी **सुमना राजकुमारी** सहित उनका पाँचशय परिवार बालिकाहरूलाई पूर्णघट लिन लगाई **दशवलको** बाटो हेर्न पठाए।

राजाको आज्ञा बमोजिम उनीहरू गई **तथागतलाई** फूलमाला चढाई वन्दना गरी एक छेउमा उभिइरहे। **शास्ताले** उनलाई धर्मोपदेश गर्नुभयो। पाँचशय कुमारीहरूका साथ उनी पनि स्रोतापन्न भइन्। त्यो उपदेश सुनेर अरू पनि पाँचशय बालिकाहरू, पाँचशय स्त्रीहरू तथा पाँचशय पुरुषहरू पनि स्रोतापन्न भए। यसरी त्यो दिन त्यस यात्राको बीचमा दुइहजार प्राणीहरूले स्रोतापत्ति फल प्राप्त गरे[1]।

अघि **काश्यप बुद्धको** पालामा दुई भिक्षुहरू थिए। तीमध्ये एक **साराणीय धर्म** अर्थात् दान दिने कार्यमा पनि रतभई बस्दथे। यौटाले पाएको वस्तु अरूलाई दिनहुन्न भन्ने विचारले दान नदिई केवल भोजनालयको काम गरी बस्दथे। अनि **साराणीय धर्म** पालन गर्नेले साराणीय धर्म पालन नगर्नेलाई "आवुसो ! नदिनेलाई केही फल हुन्न।

---

१. अं. अ. क–५, II. पृ. ५९५ : सुमनासुत्तवण्णना, सुमनावग्गो।

Downloaded from http://dhamma.digital/

अतः आफूले पाएको वस्तु अरूलाई पनि दिएर भोजन गनुपर्छ" भनी भने। अर्कोले "आवुसो ! तिमीलाई थाहाछैन आफूले पाएको वस्तु अरूलाई दिई दानवस्तु विनाश गर्नुहुन्न। आफूलाई यापन हुने प्रमाणले भिक्षा ग्रहण गरी भोजनालयको नियम पालन गरी बस्नुपर्छ" भनी भने। उनीहरूमध्येमा यौटाले अर्कोलाई आफ्नो कुरा सुनाउन सकेन। दुवैजना आ-आफ्नो व्रत पालन गरी बसे। त्यहाँबाट च्यूतभई उनीहरू दुवैले **कामावचर देवलोकमा** उत्पन्न भए। त्यहाँ **साराणीय धर्म** पालन गर्नेको र पालन नगर्नेकोभन्दा पाँचकारणमा[1] विशेषता थियो। यसरी उनीहरू देवलोकमा र मनुष्यलोकमा विचरण गर्दै एक बुद्धको समय बितिसकेपछि अहिले **कोशल** राजाकी अग्रमहिषीको कोखमा **साराणीय धर्म** पूरा गर्नेको जन्म भयो। अर्कोचाहिको महिषीकी सेविकाको कोखमा जन्म भयो। यी दुवैजनाको जन्म एकै दिनमा भएको थियो।

छैटीको दिनमा श्रीशयनमा राखी आमाहुनेहरू बाहिर बसी छैटीको तयारी गर्दै थिए। श्रीशयनमा सुतिरहेका **साराणीय धर्म** पालन गरी आएका दुधे बालकले आँखा खोलि हेर्दा चँदुवा भएको सुन्दर ढँगले सजाएको उच्च खाटमा आफूलाई देखेर "कुनै राजकुलमा जन्में होला" भन्ने ठानी "आफ्नो साथी कहाँ जन्मेको रहेछ" भनी विचार गर्दा उहीं एक होचो खाटमा ऊ सुतिरहेको देखे। अनि उनले सोचे कि भोजनालयको नियम पालन गर्नेछु भनी मेरो कुरा नमान्दा अहिले होचो खाटमा सुत्नुपर्‍यो। अब यसलाई निग्रह गर्नुपर्‍यो भनी उनले

१. आयु, वर्ण, सुख, बल तथा आधिपत्यता।

Downloaded from http://dhamma.digital/

"सौम्य ! तिमीले मेरो वचन सुनेनौ" भन्दा उनले "के भयो त ?" भने।

"हेर, मचाहिं झल्लर भएको चँदुवाले युक्त सजिसजाऊ भएको असल खाटमा सुतेको छु। तिमीचाहिं होचो तथा सारो काठको खाट्मा सुतिरहेका छौ।"

"तिमी यसमा किन घमण्ड गर्छौ ? यी खाटलाई बाँसले बनाई त्यसमाथि कपडाले बेरिराखेको छ। यी सबै पृथ्वीधातु हुन् नि।"

त्यस समय **सुमना राजकुमारी** मेरो भाइको कोठाभित्र कोही छैन भनी कोठामा जानको निमित्त आइरहेको बेलामा दैलो बाहिर पुग्दा भित्रबाट "धातु, धातु" भन्ने शब्द सुनेर "धातु धातु भनी कुरा गर्ने यिनीहरू अवश्य पनि श्रमण देवकुलका हुनुपर्छ। यिनीहरू पुण्यवान् पनि हुनुपर्छ" भनी विचार गरिन्। यस्तो पनि विचार गरिन् कि यदि यी दुधेवालहरूले कुरा गरिरहेको कुरा आमाबाबुलाई मैले सुनाएँ भने "यिनीहरू अमनुष्य रहेछन्" भनी यिनीहरूलाई बाहिर लैजान सक्छन्। बरू यो कुरा शंका निवारण गर्नसक्ने मनुष्यहरूमा मणि समान हुनु भएका मेरा पिता **महागौतम दशबललाई** नै सुनाउने छु" भनी घरका कसैलाई पनि यो कुरा बताइनन्। यति सोचेर बिहानको खाना खाई राजाकहाँ गई **दशबलको** उपस्थानमा जानेछु भनिन्। राजाले पाँचशय रथहरू तयार पार्न लगाए।

जम्बुद्वीपमा तीनवटी कुमारीहरूले आफ्ना पिताहरूबाट पाँचशय रथ पाएका थिए। ती हुन्– (१) **बिम्बिसार** राजाकी छोरी **चुन्दी**

Downloaded from http://dhamma.digital/

**राजकुमारी**, (२) **धनञ्जय** सेठकी छोरी **विशाखा कुमारी** तथा (३) यी **सुमना राजकुमारी ।**

अनि गन्ध मालादि हातमा लिई पाँचशय आफ्ना स्त्रीहरूका साथ रथमा बसी **सुमना राजकुमारी** बुद्धकहाँ गइन् । त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एक छेउमा बसिन् । एक छेउमा बसेकी **सुमना राजकुमारीले** भगवानसँग प्रश्न सोधिन् । त्यसैले अगाडि अनुदित पहिलो सूत्रमा "भन्ते ! भनौं कि यहाँ सम्म श्रद्धा, समशील तथा सम प्रज्ञा भएका दुइ श्रावकहरू छन् । तीमध्ये एक दाता हुन्छ , अर्को दाता हुन्न । ...देवता हुने उनीहरूका बीचमा कुनै विशेषता हुनसक्छ के ?" भनी उल्लेख भएको हो । **सुमना राजकुमारीले** भगवानसँग छलफल गरेकी थिइन् । यी सबै कुराहरू मूल सूत्रमै प्रष्टसँग उल्लेख भएका छन् । पछि राजकुमारी भिक्षुणी भई अरहत् भएको कुरा **थेरीगाथाअट्ठकथाबाट**[1] बुझिन्छ ।

अंगुत्तर निकाय र अट्ठकनिपात **सामञ्ञवग्गमा** प्रमुख उपासिकाहरूको नामावलीमा यिनको नाम समावेश भएको पाइन्छ ।

x x x

---

१. पृ. १७ : सुमनाथेरीया गाथावण्णना, एककनिपात ।

Downloaded from http://dhamma.digital/

# विभिन्न सुमनाहरू

(१) **सुमना–** यिनी **अनोमदस्सी** बुद्धकी अग्रश्राविका हुन्। बु. वं. पा. पृ. ३३७ : अनोमदस्सीबुद्धवंसो; अं. अ. क. I. पृ. ८५ : एककनिपातवण्णना; धम्म. प. अ. क. पृ. ६५ : अग्गसावकवत्थु; जा. अ. क. I-II. पृ. ३४ : दूरेनिदान ।

(२) **सुमना–** यिनी चाहि **सुमेध बुद्ध**, बुद्ध हुनुभन्दा अगाडिकी आफ्नी पत्नी हुन् । बु. वं. पा. पृ. ३४६ : सुमेधबुद्धवंसो ।

(३) **सुमना–** यिनी **सिद्धत्थ बुद्ध**, बुद्ध हुनुभन्दा अगाडिकी आफ्नी पत्नी हुन् । बु. वं. पा. पृ. ३५७ : सिद्धात्थबुद्धवंसो । नालन्दा पालिमा चाहि 'सोमनस्स' भनी उल्लेख भएको छ। त्यस्तै गरी बु. वं. अ. क. पृ. १८५ मा पनि उल्लेख भएको छ ।

(४) **सुमना–** यिनी महाउम्मग्ग जातकका **सिरिवड्ढ** भन्ने सेठकी भार्या हुन् । जा. अ. क. VI. पृ. २९८, नं. ५४६.

(५) **सुमना–** यिनी चम्पेय जातकमा उल्लिखित चम्पेय नागराजाकी माणविका हुन् । जा. अ. क. V. पृ. १३५, नं. ५०६.

(६) **सुमना–** यिनी विमानवत्थु अट्ठकथा, चतुरित्थिविमानवण्णनामा उल्लिखित मकुल सुमनफूल दान दिने हुन्। विमा. अ. क. पृ. १५८.

Downloaded from http://dhamma.digital/

(७) **सुमना–** यिनी कपिलवस्तुमा शाक्यराजकुलमा जन्मेर पछि सिद्धार्थ बोधिसत्वको रनवासिनी थिइन् । महाप्रजापतिले घर छाड्दा यिनी पनि साथमा गएकी थिइन् । भिक्षुणी भइसकेपछि ध्यान गरिरहँदा बुद्धले आभा प्रकाश गरी अगाडि बसिरहेको जस्तो गरी देखाउँदा यिनी अरहत् भएकी थिइन् । थेरी. गा. पा. पृ. ४०६ : बुड्ढपब्बजित सुमनाथेरीगाथा; थेरी. गा. अ. क. पृ. १६.

(८) **सुमना–** यिनी अनाथपिण्डिक सेठकी कान्छी छोरी हुन् । धम्म. प. अ. क. पृ. ९४ : सुमनादेवीवत्थु, यमकवग्गो; बु. गृ. भा–१, पृ. २६.

(९) **सुमना–** यिनी अङ्ग देशको भद्दिय नगरका **धनञ्जय** सेठकी पत्नी हुन् । धम्म. प. अ. क. पृ. २३५ : विसाखावत्थु, पुप्फवग्गो; धम्म. प. अ. क. पृ. ३५३ : मेण्डकसेट्ठिवत्थु, मलवग्गो; बु. म. भा–१, पृ. २०.

(१०) **सुमना–** यिनी **सुमन** भन्ने राजकुमारकी पत्नी हुन् । यिनकै कोखमा **निग्रोध** (न्यग्रोध) कुमारको जन्म भएको थियो । पछि निग्रोध कुमारलाई **महावरुण महास्थविरले** श्रामणेर बनाउनु भएको थियो । यिनै श्रामणेरलाई देखेर सम्राट् **अशोक** बुद्धधर्ममा दिक्षित भएका थिए । सम. पा. I. पृ. ३९ : ततीयसंगीतिवण्णना, बाहिरनिदानकथा ।

Downloaded from http://dhamma.digital/

(११) **सुमना–** (सुमना राजकुमारी) यी राजकुमारी कोशल राजाकी छोरी हुन् । यस विषयमा डा. मललसेकरले आफ्नो D.P.P. II. पृ. १२४७ मा **प्रसेनजित्** कोशलकी बहिनी हुन् भनी लेखेका छन् । थेरी. गा. अ. क. पृ. १८ : बुड्ढपब्बजिताय सुमना गाथा वण्णनामा चाहिं '**महाकोसलरञ्ञो भगिनि**' अर्थात् महाकोशल राजा (= प्रसेनजित् कोशलको पिता) की बहिनी भनी उल्लेख भएको छ । अं. अ. क. II. पृ ५९३ : सुमनसुत्तवण्णनामा केवल कोशलकी छोरी भनी उल्लेख भएको छ । उहीं पृ. ५९४–९५ मा सातवर्ष हुँदा श्रावस्तीमा आउनु भएको बुद्धको बाटो हेर्न यिनी गएकी थिइन् । पछि कोशल राजाकी अग्रमहिषीको कोखमा जन्मेका बालकको कोठामा जाँदा यिनले 'मेरा भाइ (**भातिकानं सन्तिके**) कहाँ कोही छैन' भनी भनेकी छन् । अं. अ. क. II. पृ. ५९४.

भगवान बुद्धले **कोशलराजासँग** सर्वप्रथम भेट गर्नुहुन्दा जब प्रसेनजित्ले यति तन्नेरा पनि बुद्ध हुन सक्छन् र भनी भन्दा बुद्धले चारव्यक्तिलाई तन्नेरी भनी ठान्न हुन्न भनी सं. नि. पा. I. पृ. ६७ को दहरसुत्तको[1] उपदेश गर्नु भएको बेलामा यी **सुमना राजकुमारी** पनि उपस्थित भएकी थिइन् र

१. यस सूत्रको अनुवाद लेखकको बु. रा. भा–१, पृ. १८६ मा भएको छ । अट्ठकथामा चाहिं यस विषयमा केही उल्लेख भएको छैन ।

Downloaded from http://dhamma.digital/

प्रव्रजित हुने इच्छा भएर पनि बजैको सेवा शुश्रूषा गरिरहने विचारले यिनी प्रव्रजित भइनन्। पछि बजैको मृत्युपछि उनले परिभोग गरेका धेरै अनर्ध वस्तुहरू **प्रसेनजितले** भिक्षुसंघलाई प्रदान गर्ने बेलामा पनि यिनी उपस्थित भएकी थिइन् र त्यसबखत बुद्धको उपदेश सुनी यिनले अनागामीफल प्राप्त गरेकी थिइन्। अनि उसैबखत उनी भिक्षुणी भएर अरहत्फल प्राप्त गरेकी थिइन् भनी उपरोक्त अट्ठकथाले (पृ. १८) उल्लेख गरेको छ। त्यसपछि भगवानले उनलाई सुनाउनु भएको गाथा नै उनले पछि आफूले भनेकी थिइन् भनी उहीं उल्लेख भएको छ। यो गाथा अगाडि अनुदित दोस्रो सूत्रमा उल्लेख गरेको छु।

यसरी यी **सुमना राजकुमारी प्रसेनजित् कोशलकी** छोरी हुन् वा **महाकोशलकी** छोरी हुन् भन्ने बारे निश्चय गर्न अझ गहिरिएर खोज गर्नु जरूरी छ। यसो हुनाको कारण कहीं महाकोशलकी बहिनी भए कहीं कोशलकी छोरी भन्ने उल्लेख भएको हुनाले हो। अथवा सुमना भन्ने नामका बेग्ला बेग्लै व्यक्ति हुन कि ? प्रसेनजित् कोशलकी छोरी हुन् भन्ने उल्लेख भएको भए कारण प्रष्ट हुने थियो।

प्रसेनजित्की बजै परलोक भएको सूत्र र त्यसपछि अनर्घ वस्तुहरू सङ्घलाई प्रदान गरेका कुराहरूको अनुवाद लेखकको बु. रा. भा–१, पृ. २५५ मा '**बजैको मृत्यु**' भन्ने शीर्षकमा र पृ. २५७ मा 'सङ्घलाभ' भन्ने शीर्षकमा भएको

Downloaded from http://dhamma.digital/

छ। यी सूत्रहरूको अट्ठकथामा चाहिं **सुमना राजकुमारी** उपस्थित भएकी थिइन् भन्ने कुरा उल्लेख भएको छैन। यिनै सुमना राजकुमारीको कुरा यहाँ अगाडि उल्लेख भएको छ।

x x x

Downloaded from http://dhamma.digital/

**मूल सूत्र—**

## १– दानद्वारा सबैको उपकार हुन्छ

एक समय भगवान **श्रावस्तीस्थित अनाथपिण्डिकको जेतवनाराममा** बस्नु भएको थियो[1] ।

अनि **सुमना**[2] **राजकुमारी** पाँचशय रथहरू र पाँचशय राजकुमारीहरू-द्वारा परिवृत भई जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गइन् । त्यहाँ पुगेपछि भगवानलाई अभिवादन गरी एक छेउमा बसिन् । एक छेउमा बसेकी **सुमना राजकुमारीले भगवानसँग (यस्तो) सोधिन्—**

१– "**भन्ते** ! भनौ कि यहाँ समश्रद्धा, समशील तथा समप्रज्ञा भएका दुइ श्रावकहरू छन् । तीमध्ये एक दाता हुन्छ र अर्को **दाता हुन्न** । उनीहरू शरीरछाडी मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भएमा– देवता हुने उनीहरूका बीचमा कुनै विशेषता हुनसक्छ के ?"

"**सुमने** ! **हुनसक्छ**" भनी **भगवानले** भन्नुभयो । **सुमने** ! जो **दाता हुने हो** त्यो देवता हुँदा उसले त्यो **दाता नहुनेको भन्दा** पाँच

---

१. अं. नि–५, पृ. २९९ : समनसुत्तं, अ. क. II. पृ. ५९३.

२. सुमना राजकुमारी कोशल राजाकी छोरी हुन् । मनो. र. पू. II. पृ ५९४ : सुमनासुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

कारणहरूमा विशेषता प्राप्त गर्छ– (१) दिव्य-आयुमा विशेषता प्राप्त गर्छ, (२) दिव्य-वर्णमा विशेषता प्राप्त गर्छ, (३) दिव्य-सुखमा विशेषता प्राप्त गर्छ, (४) दिव्य-यशमा विशेषता प्राप्त गर्छ तथा (५) दिव्य-आधिपत्यमा विशेषता प्राप्त गर्छ।

"**सुमने** ! **जो दाता हुने हो** त्यो देवता हुँदा उसले त्यो **दाता नहुनेकोभन्दा** यिनै पाँच कारणहरूमा विशेषता प्राप्त गर्छ।"

२– "**भन्ते** ! यदि उनीहरू यस आत्मभावमा आई मनुष्यभई जन्मेमा उनीहरूका बीचमा कुनै विशेषता हुन सक्छ के ?"

"**सुमने** ! **हुनसक्छ**" भनी **भगवानले** भन्नुभयो। **सुमने** ! **जो दाता हुने हो** उसले मनुष्य हुँदा त्यो **दाता नहुनेकोभन्दा** पाँच कारणहरूमा विशेषता प्राप्त गर्छ– (१) मानुषीय-आयुमा, (२) मानुषीय-वर्णमा, (३) मानुषीय-सुखमा, (४) मानुषीय-यशमा तथा (५) मानुषीय-आधिपत्यमा[1] विशेषता प्राप्त गर्छ।

"**सुमने** ! **जो दाता हुने हो** त्यो मनुष्य हुँदा उसले त्यो **दाता नहुनेकोभन्दा** यिनै पाँच कारणहरूमा विशेषता प्राप्त गर्छ।"

---

१. यो मनुष्यलोकमा महाकाश्यप, बक्कुल तथा आनन्द महास्थविर झैं आयुले, महागतिम्ब अभय स्थविर र भण्डागार अमात्य झैं रूपले, राष्ट्रपाल कुलपुत्र, सोण श्रेष्ठीपुत्र तथा यश कुलपुत्र झैं सुखले तथा धर्माशोक राजा झैं यश र आधिपत्यले विशेषता प्राप्त गर्छ। अं. अ. क. II. पृ. ५९६ : सुमनासुत्तवण्णना, पञ्चकनिपात, सुमनावग्गो।

Downloaded from http://dhamma.digital/

३– "**भन्ते** ! यदि उनीहरू दुवै घरबार छाडी अनगारिक भई प्रव्रजित भएमा प्रव्रजित भएका तिनीहरूका बीचमा कुनै विशेषता हुनसक्छ के ?"

